# DIRECTORATE OF DISTANCE EDUCATON

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS - NEPALI

## SEMESTER-IV

## कृति र कृतिकार विशेष अध्ययन

## NEP (DE)-PG-C-403

# BLOCK – 1

**UNIVERSITY OF NORTH BENGAL**
Postal Address:
The Registrar,
University of North Bengal,
Raja Rammohunpur,
P.O.-N.B.U.,Dist-Darjeeling,
West Bengal, Pin-734013,
India.
Phone: ( O ) +91 0353-2776331/2699008
Fax:( 0353 ) 2776313, 2699001
Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in
Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted,in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages. This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# कृति र कृतिकार विशेष अध्ययन

**BLOCK-1**

एकाइ – **1,** नेपाली साहित्यका अमर साहित्यकार भानुभक्त आचार्यका कृतिबारे विशेष अध्ययन ।**...................................................7**

एकाइ – **2,**भानुभक्त आचार्यको जीवन र दर्शन ।**..........................35**

एकाइ – **3,** भानुभक्त आचार्यको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता । **........................................53**

एकाइ–**4,**भानुभक्त आचार्यको विशेष साहित्यिक योगदान । **..............77**

एकाइ–**5,**भानुभक्त आचार्यका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता ।**..................................................................93**

एकाइ–**6,**नेपाली साहित्यका अमर साहित्यकार ज्ञानदिल दासका कृतिबारे विशेष अध्ययन ।**..................................................115**

एकाइ–**7,**ज्ञानदिल दासको जीवन र दर्शन । **............................139**

**BLOCK-2**

एकाइ – ८, ज्ञानदिल दासको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता

एकाइ – ९, ज्ञानदिल दासको विशेष साहित्यिक योगदान

एकाइ – १०, ज्ञानदिल दासका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता

एकाइ – ११, नेपाली साहित्यका अमर साहित्यकार मोतिराम भट्टका कृतिबारे विशेष अध्ययन

एकाइ – १२, मोतिराम भट्टको जीवन र दर्शन

एकाइ – १३, मोतिराम भट्टको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता

एकाइ – १४, मोतिराम भट्टको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता

# BLOCK-1 कृति र कृतिकार विशेष अध्ययन

यस अन्तर्गत रहेको यस प्रभाग - १ लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – १, नेपाली साहित्यका अमर साहित्यकार भानुभक्त आचार्यका कृतिबारे विशेष अध्ययन ।**

यस एकाइमा भानुभक्त आचार्यद्वारा लिखित कृतिहरूबारेमा विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ भानुभक्तका फुटकर कविताहरू, रामायण महाकाव्य, प्रश्नोत्तर माला कविता सङ्ग्रह, भक्तमाला, बधुशिक्षा आदि कृतिहरूमा निहित साहित्यिक मूल्यलाई मुख्य आधार गरी यस एकाइलाई अध्ययन – विश्लेषण गरिने छ ।

**एकाइ – २, भानुभक्त आचार्यको जीवन र दर्शन ।**

यस एकाइमा भानुभक्त आचार्यको जीवन र दर्शनबारे विस्तृत रूपमा चर्चा गरिने छ । यस अध्ययन गर्नार्थ भानुभक्त आचार्यको जन्म तथा मृत्यु, परिवार, शिक्षा – दिक्षा, पेशा, सेवा तथा संलग्नता, सम्मान तथा पुरस्कार तथा भानुभक्त आचार्यको कृतिगत दर्शन इत्यादि कुराहरूलाई मुख्य आधार गरी विस्तृत अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – ३, भानुभक्त आचार्यको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता ।**

यस एकाइमा भानुभक्त आचार्यको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनताबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ कविका प्रमुख कृतिहरूलाई आधार गरी विस्तृत अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – ४, भानुभक्त आचार्यको विशेष साहित्यिक योगदान ।**

यस एकाइमा भानुभक्त आचार्यको विशेष साहित्यिक योगदानबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ भानुभक्त आचार्यको साहित्यिक यात्रा, भानुभक्त आचार्यको साहित्यिक योगदान, उनको कवि व्यक्तित्व तथा अन्यान्य क्षेत्रमा उनको सहभागिता आदि कुराहरूलाई मुख्यरूपमा आधार गरी त्यसको विवेचना यस एकाइमा गरिने छ ।

**एकाइ – ५, भानुभक्त आचार्यका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता ।**

यस एकाइमा भानुभक्त आचार्यका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषताबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ भानुभक्त आचार्यका रचनाहरू, भानुभक्त आचार्यका रचनाहरूको संरचनात्मक विशेषता तथा भानुभक्त आचार्यका रचनाहरूको शैलीगत विशेषता आदि कुराहरूलाई आधार गरी त्यसको विवेचना यस एकाइमा गरिने छ ।

**एकाइ – ६, नेपाली साहित्यका अमर साहित्यकार ज्ञानदिल दासका कृतिबारे विशेष अध्ययन ।**

यस एकाइमा नेपाली साहित्यका अमर साहित्यकार ज्ञानदिल दासका कृतिबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ ज्ञानदिल दासको साहित्यिक परिचय, ज्ञानदिल दासका साहित्यिक कृतिहरू, टुङ्ना भजन काव्य, उदयलहरी तथा निर्गुण भजन आदि कुराहरूलाई आधार गरी त्यसको विवेचना यस एकाइमा गरिने छ ।

**एकाइ – ७, ज्ञानदिल दासको जीवन र दर्शन ।**

यस एकाइमा नेपाली साहित्यका अमर साहित्यकार ज्ञानदिल दासका कृतिबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्नार्थ आदि कुराहरूलाई ज्ञानदिल दासको जीवन, जन्म तथा मृत्यु, परिवार, शिक्षा – दिक्षा, पेशा, सेवा तथा संलग्नता, सम्मान तथा पुरस्कार, ज्ञानदिल दासको कृतिगत दर्शन आधार गरी त्यसको विवेचना यस एकाइमा गरिने छ ।

# एकाइ – 1, नेपाली साहित्यका अमर साहित्यकार भानुभक्त आचार्यका कृतिबारे विशेष अध्ययन ।

**संरचना**

1.0 उद्देश्य

1.1 परिचय

1.2 भानुभक्त आचार्यको साहित्यिक परिचय

1.3 भानुभक्त आचार्यका साहित्यिक कृतिहरू

1.3.1 फुटकर कविताहरू

1.3.2 रामायण महाकाव्य

1.3.3 प्रश्नोत्तर माला कविता सङ्ग्रह

1.3.4 भक्तमाला काव्य

1.3.5 बधुशिक्षा

1.4 उपसंहार

1.5 सार

1.6 अनुशीलनी

1.7 अतिरिक्त अध्ययन

1.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 1.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- नेपाली साहित्य संसारमा भानुभक्त आचार्यको स्थान
- भानुभक्त आचार्यका साहित्यिक कृतिहरू
- फुटकर कविताहरूको विवेचना

- रामायण महाकाव्य विशद् चर्चा
- प्रश्नोत्तर माला कविता सङ्ग्रह
- भक्तमाला काव्य
- बधुशिक्षा

## 1.1 परिचय

नेपालीमा पहिलो महाकाव्य लेखेकाले भानुको निधनको 23 वर्षपछि अर्थात् 1948 सालमा मोतीराम भट्टले कवि भानुभक्ताचार्यको जीवन चरित्र छपाए । 'कविताको मर्म जानेर भाषा पद्य लेख्ने प्रथम कवि हुन्' भनेर मोतीरामले आदिकवि किटे पनि त्यसको पुष्टि इतिहास शिरोमणि बाबुरामले यसरी गरेका छन्, 'यिनको रामायण काव्यमा लालित्य, सरलता र विचारको मौलिकताले भरिएकाले हाम्रा भाषाका आदिकवि भनेर यिनलाई नै कान्छी औँलामा गन्न सकिन्छ ।' भानुभक्तलाई महाकवि देवकोटाले 'शुक्रतारा सुन्दर हाम्रा नेपाली हे प्रथम ध्वनि' भनेर पुकारेका छन् भने महानन्द सापकोटाले 'भानुभक्तलाई आदिकवि भन्नु अरू कविको अनादर होइन' भनेर आदिकविको विवादलाई किनारा लगाइदिएका छन् ।

भानुभक्त जन्मसिद्ध आशुकवि थिए । घाँसीको प्रेरणाले रामायण लेख्न प्रतिबद्ध भए । मोतीरामको घाँसी र कुवाको सत्यतामाथि इतिहास शिरोमणि बाबुराम आचार्यले प्रश्न नउठाएका होइनन् । तर, व्रतराज आचार्यले रम्घाबाट तीन कोस पश्चिममा पर्ने कुर्लुंगबेसीको कुवा गरिब किसान चुमनारायण पन्थले खनाएको र भानुभक्त ससुराली जाँदा सोही कुवामा भलाकुसारी भएको समेत ठोकुवा गरेका भेटिन्छन् ।

व्यास नगरका पूर्वमेयर ताराप्रसाद श्रेष्ठको अग्रसरतामा बनेको घाँसीकुवा पार्कलाई नै आधिकारिक मानेर भानुभक्त चलचित्रमा छायांकन भएको छ । सोही बेलामा कथेको 'भरजन्म घाँसतिर', 'गजाधर सोतीका घर बूढी', कुमारीचोकमा थुनिँदा लेखेको 'रोज रोज दर्शन पाउँछु' र पहिलोपटक राजधानी छिर्दा गौरवान्वित भएर लेखेको कविता 'अमरावती कान्तिपुरी नगरी' नेपाली साहित्य संसारमा कालजयी बनेका छन् ।

रामायणको बालकाण्ड 1998 तिर रचेलगत्तै उनले अयोध्याकाण्ड र अरण्यकाण्ड लेखे । 1911 सालमा झ्यालखाना बसेर किष्किन्धाकाण्ड र सुन्दरकाण्ड लेखे । छुटेपछि युद्धकाण्ड र उतरकाण्ड लेखेर रामायण पूरा गरे । यिनले प्रश्नोत्तरमाला, भक्तमाला र वधूशिक्षा पनि रचे । प्रश्नोत्तरमाला शंकराचार्यद्वारा रचित ग्रन्थको अनुवाद हो भने वधुशिक्षा सासूबुहारीको झगडाले रातभर सुत्न नपाएपछि नीतिशिक्षा लेखेका हुन् । अनि, भक्तमाला बुढ्यौलीको भक्तिभाव हो । भानुदय रम्घाबाट भए पनि दार्जीलिङको आकाशमा आलोकित हुन पुग्यो । सन् 1982 मा भाग्यमणि प्रधानले कालेबुङमा रामायण मात्र भित्र्याएको होइन, बरू चौबाटोमा श्लोक पाठ गरे । सर्वप्रथम मोतीरामले सन् 1891 मा काशीमा छपाएको जीवनचरित्रको दोस्रो संस्करण नेपाली साहित्य सम्मेलनले सन् 1927 मा प्रकाशित गर्‍यो । सन् 1954 मा दार्जीलिङमा भानुका हनुमान सूर्यविक्रम ज्ञवालीले रामायण छपाए । त्यसै गरी 1997 सालमा भानुस्मारक ग्रन्थ पनि प्रकाशित भयो । २००६ सालमा चौरस्तामा पहिलो सालिक ठ्डयाइयो भने २००३ सालमा मोतीचन्द्र प्रधानको अध्यक्षतामा भानु जयन्ती मनाइयो । सूर्यविक्रमले भट्याएको जातीय कविको नारालाई पारसमणि र धरणिधरले द्यौसी भन्दै विद्यालयमा घोकाएका थिए भन्ने जानकारी पाइन्छ । दार्जीलिङको यो होस्टेलाई गोपाल पाँडेले २०१० सालमा जयन्ती र २016 सालमा सालिक नेपाली शिक्षा परिषद्को नाममा हैँसे भनेका थिए । यिनको रामायण अंग्रेजी, बंगाली, आसामी, मैथिलमा अनूदित पाइन्छन् । सिक्किम र बंगालमा राज्यस्तरमा बिदा दिएर अगस्ट महिनाभर जयन्ती मनाएर रामायणमय बनाइन्छ ।

वास्तवमा भानुभक्त नेपाली साहित्यका वाल्मीकि हुन् र रमायाण नेपाली साहित्यको पहिलो महाकाव्य हो । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीव्रो भएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ ।

## 1.2 भानुभक्त आचार्यको साहित्यिक परिचय

भानुभक्त आचार्यको जन्मस्थान तनहुँको चुँदी, रम्घा हो। वि असार 1871 .सं.29 गते पिता धनञ्जय र माता धर्मावतीदेवीको पुत्रको रुपमा उनी जन्मिएका थिए। भानुको हजुरबुबाको नाम श्रीकृष्ण आचार्य हो। उनको शिक्षाको थालनी आफ्नै

घरको पिंढी पाठशालामा बाजे श्रीकृष्ण आचार्यबाट भएको थियो। पछि बाजेको काशीवास हुँदा उनी वनारस गएर संस्कृत व्याकरण र साहित्य अध्ययन गरेको पाइन्छ। पोखरामा ज्योतिष विद्यामा पारङ्‌त भएका अघौर्का त्रिपाठीहरूको नाम प्रसिद्ध थियो। सम्भवतः तिनीहरूकै गुरुकुलमा भानुभक्तले ज्योतिष शास्त्र अध्ययन गरेको र पौराणिक साहित्य अध्ययनका निम्ति उनी वाग्लुङका वद्रिनाथ पन्तसँग गरेको अभिलेख प्राप्त भएको छ। तर वनारसमा अध्ययन गर्दा भने भानुभक्तसँग अरु कुनै व्याक्तिले परिचय माग्दा उनले जवाफ दिएको कविता यस्तो छ :

‘पहाडको अति वेश देश तनहुँ श्रीकृष्ण व्राह्मण थिया
खूप उच्चाकुल आर्यवंशी हुनगै सत्कर्ममा मन दिया
विद्यामा पनि जो धुरन्धर भई शिक्षा मलाई दिया
उन्कै नाती म भानुभक्त हुँ यो जानी चिन्ही लिया ।’

मोतीराम भट्टले 1948 सालमा भानुभक्त आचार्यलाई आदिकवि लेखे, तर उनले लेखेको त्यो 'आदिकवि' त्यतिसारो चलेन । 1997 सालमा जुद्धशमशेर राणाले 'भानुभक्तलाई आदिकवि भने पनि हुन्छ' भन्ने हुकुम दिएपछि मात्र तमामको जिभ्रोमा भानुभक्त आदिकवि हुन थाले । भानुभक्त आचार्यले जीवनमृत्युसँग जुधेर पनि आफ्ना हितकारी धर्मदत्त सुब्बाको आग्रहमा रामायण उत्तर काण्डको 'रामगीता'को नेपाली भाषामा अनुवाद गरे । वास्तवमा त्यस बेला उनी कालज्वरले मरणासन्न भएका थिए । तर पनि उनले आफ्ना छोरा रमानाथलाई 'रामगीता' टिपाएर नै छाडे । अन्ततः त्यस कृतिको निर्माणपछि अर्थात् 1925 साल असोज 6 गते भानुभक्तले आफ्ना भौतिक आँखा चिम्ले ।

## 1.3 भानुभक्त आचार्यका साहित्यिक कृतिहरू

एकदेव उपाध्यायले, आदिकवि भानुभक्त लिखित पुरानो सातकाण्ड रामायण, जसको सम्पादन बाबू सोमनाथजीले गर्नुभएको र जयनेपाल प्रकाशनले 2०46सालमा प्रकाशन गरेको, यस रामायणमा आदिकवि भानुभक्त आचार्यको संक्षिप्त जीवनीमा प्रकाश पार्नु भए बमोजिम उनको, ‘प्रथम पद्यचाहिँ शिखरिणी चन्द्रमा बनाइएको दश हरफहरू नै हुन जसले उनको आफ्नै जन्मपत्रिकाको बयान गर्दछ’, भन्ने पाइन्छ । उनले 1898 सालसम्ममा बालकाण्ड रामायण तयार

पारेका थिए भनिन्छ । उनका बाबु पाल्पा मालमा खरदार थिए । खरदार पदमा रहँदा हिसाब कितावमा फरक परेकोले बाबुको मृत्यु पछि भानुभक्तलाई 19०6 सालतिर हिसाव फस्र्योट गर्ने अड्डाले समात्यो र 5 महिनासम्म नजरबन्दमा राख्यो भन्ने कुरा एकदेवजीले लेख्नुभएको छ तर नरेन्द्रराज प्रसाईद्वारा लेखेको एक लेखमा भानुभक्तले 37 वर्षको उमेरमा आफै सरकारी जागिर खाएका थिए । हाकिमले दुई वर्षमा नै उनको जागिर खोसेको र रकम हिनामिनाको अभियोगमा कुमारी चोकमा थुनेको भनिएको छ । उनी नजरबन्दमा परेका अवसरमा रामायणका अयोध्या, अरण्य, किष्किन्धा र सुन्दर काण्डको रचना गरेका थिए । नजरबन्दबाट निस्केपछि उनले युद्धकाण्ड र उत्तर काण्ड लेखेका थिए । यसरी उनले 191० सालतिर सम्पूर्ण रामायणको रचना गरिसकेका थिए । उनका कृतिहरूमा **रामायण, बधूशिक्षा, भक्तमाला, प्रश्नोत्तरी, रामगीताको साथै केही फुटकर कविताहरू** पनि हामीले अध्ययन गर्न पाएका छौं, जो अति गहन भावना सहित सरल भाषामा लेखिएका देखिन्छन् ।

## 1.3.1 फुटकर कविताहरू

भानुभक्तले नेपाली भाषामा तीन दर्जनभन्दा बढी फुटकर कविता लेखेका पाइन्छन् । उनका फुटकर कविता सबै नै मौलिक रचना मानिन्छन् । आदिकविका फुटकर कविताको मात्र अध्ययन गर्ने हो भने पनि उनको प्रतिभा अहिलेसम्मका कुनै कविसँग तुलना गर्न सकिँदैन। कान्तिपुर शहरको प्रशंसामा बनाएको ‘चपला अबला...’

“चपला अबलाहरु एक् सुरमा,

गुनकेसरिको फुल ली शिरमा।

हिडन्या सखि लीकन ओरिपरी

अमरावति कान्तिपुरी नगरी।।

यति छन् भनि गन्नु काहाँ धनि ञाँ,

खुसि छन् बहुतै मनमा दुनिञाँ।

जनकी यसरी सुखकी सगरी,

अलकापुरि कान्तिपुरी नगरी।।...”

Notes

प्रस्तुत कवितामा कविले तीनताकको कान्तीपूर र अहिलेको काठमाण्डु सहरलाई स्वर्गसित तुलना गरेका छन् । बिहानै सड़कमा अप्सराहरू झैं नेपाली नारीहरू मित्रहरू शिरमा गुनकेशरीको फूल लगाई मन्दिरतिर पूजा पाठ गरेको दृश्य वर्णन कविले गरेका छन् । यसबाहेक काठमाण्डौ सहर चारैकोणबाट सुख र समृद्धिले भरिपूर्ण रहेको अनि राजधानी कान्तिपुरलाई स्वर्गको राजधानी अमरावतीसँग र बालाजुलाई स्वर्गको रमणीय स्थलसँग तुलना गर्दै नेपाललाई स्वर्ग र नेपालीलाई देवताको रूपमा उभ्याउनु नै प्रस्तुत कविताको मूल आशय रहेको बुझिन्छ ।

यसरी नै गिरिधारिको मुद्दा सदरमा पुगेपछि न्यायाधीशलाई लेखेको 'न मृत्यु टर्न्या...' लगायतका कविता कालजयी छन्। 'बिन्ती डिट्ठा–विचारीसँग...' पद्य लेखेर उनले त्यतिबेला पनि चलिरहेको भोलिवादलाई शालीन रूपमा व्यंग्य गरेका पाइन्छ । 'रोज् रोज् दर्शन पाउँछू...' कविता लेखेर कुमारीचोकमा थुनिँदाको पीडालाई सभ्य किसिमले व्यंग्य गरेका देखिन्छ। 'धनी म छैन...' होस् वा गजाधर् सोतीकी घरबुढीलाई ठेगानमा लगाउन बनाएको कविता 'गजाधर् सोतीका घर बुढि...' यी सबै कविका फूटकर कविताहरू कालजयी मानिन्छन्। परिस्थिति हेरेर जुनसुकै विषयलाई तत्काल हृदयस्पर्शी ढंगबाट प्रस्तुत गर्नु उनको विशेषता थियो।

"भर्–जन्म घाँसतिर मन् दिइ धन कमायो

नाम् क्यै रहोस् पछि भनेर कुआ खनायो।

घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो

मो भानभक्त धनि भैकन आज यस्तो।।

मेरा इनार न त सत्तल पाटि क्यै छन्

जो धन् र चीजहरु छन् घरभित्र नै छन्।

यस् घाँसिले कसरि आज दिएछ अर्ती

धिक्कार हो मकन बस्नु नराखि कीर्ति।।"

प्रस्तुत अतिलोकप्रिय कवितामा भानुभक्तले आफ्नो साहित्य लेखनको प्रेरणा स्रोत घाँसी जस्तो निम्नवर्गीय तर उच्च सोंच राख्ने पात्रबाट भएको भन्ने भाव व्यक्त भएको पाइन्छ ।

## 1.3.2 रामायण महाकाव्य –

भानुभक्तको रामायणः रचनाकाल र प्रकाशनः-

कवि भानुभक्त आचार्यको रामायण उनले कहिलेदेखि लेखन शुरू गरे अनि कहिले समाप्त गरे भन्ने कुरामा विद्वानहरू एकंत छैनन्। मोतीराम भट्टअनुसार भानुभक्तले रामायणको लेखन तनहुँमा नै थालेको अनि बालकाण्ड विसं 1898 तिर सिद्धाएको मान्छन् भने नरनाथ आचार्यले अयोध्याकाण्ड किष्किन्धाकाण्ड अनि सुन्दरकाण्ड कुमारीचोकमा पाँच महिनाजति थुनमा परेकोबेला विसं 1911 तिर अनि युद्धकाण्ड र उत्तरकाण्ड थुनाबाट बाहिर आएपछि सोही वर्ष काठमाड़ौंमा नै रचना गरेको कुरा उल्लेख गरेका चन्। मोतीराम बट्टले रामगीताको केही अंश भानुभक्तको जीवनकालको अन्ततिर लेखिएको अनुमान लाएका छन्। यसरी हेर्दा भानुभक्तले सातकाण्ड रामायणको रचना गर्न झण्डै 27 वर्षको समय लिएको बुझिन्छ।

भानुभक्तको रामायणको खोज अनि प्रकाशन गर्ने श्रेय मोतीराम भट्टलाई जान्छ। उनले सर्वप्रथम विसं 1941 मा बालकाण्डको खोज गरी प्रकाशित गराए अनि पछि सं 1944 मा सातै काण्डको प्रकाशन गरी रामायण नेपाली समाजसमश्र प्रस्तुत गरे। यसअघि विसं 1942 मा नै प0 डमरूवल्लभ पोखऱ्यालको अग्रसरतामा बानुभक्तीय सातकाण्डी रामायम प्रकाशित भिसकेको कुरो मोतीराम भट्टले स्वीकारेका छन्। यस प्रकार बानुभक्तको रामायम नेपाली समाज अगाडि ल्याउनमा मोतीराम अनि डमरूवल्लभ दुवैको हात रहेको देखिन्छ।

स्रोत र मौलिकताः-

भानुभक्तीय रामायणको स्रोत संस्कृत अद्यात्म रामायणलाई मानिन्छ। महाकवि बाल्मिकीकृत रामायणकै परम्परामा पछि अनेक रामायणहरूको रचना गरियो, जसमा द्यात्म रामायण, अद्‌भूत रामायण, अग्निध रामायण, आनन्द रामायम आदि प्रसिद्ध छन्। वेदान्त दर्शनका आधारमा केही भिन्न रूपमा रामभक्तिको प्रतिपादन भएको अध्यात्म रामायणको रबनाकाल सम्भवतः ईश्वीको पन्ध्रौं शताब्दीमा भएको मानिएको छ अनि यसको रचयिता रामानन्द हुन् भनिन्छ।

भानुभक्त आचार्यको नेपाली भाषाको रामायण रामानन्दकृत संस्कृत अध्यात्म रामायणको आख्यानको साथै उक्ति प्रस्तुति र संरचना पनि एकै प्रकारको देखिए तापनि यसका रूपान्तरका क्रममा त्यस मूल अध्यात्म रामायणका क्रमिक

Notes

पधहरू तिनका भाव, विचार र आशय तथा अभिप्रायको पर्याप्त संक्षेप र टाउं ठाउँमा केही विस्तार र संयोजनसेत गरिएको पाइन्छ। यसर्थ  भानुभक्तीय रामायण महाकाव्यात्मक आयामको रूपान्तरित पधाख्यान हो भन्ने विचार विभिन्न अध्ययनकर्ता र विद्वान समालोचकहरूले व्यक्त गरेका छन्। भानुभक्तीय रामायण अध्यात्म रामायणको हुबहु नकल वा अनुवाद नभएर आफ्नै प्रकारले बावानुदित अनि संयोजित भएकोले कतिपय विद्वानहरू यसलाई मौलिकता अनि अनुवादको दोसाँधको रूपान्तरण मान्छन्।

खासगरी यस रामायण रूपान्तरणमा पाइने भानुभक्तीय मौलिक सृजनात्मकताका यी मुख्य पक्षहरूतर्फ पनि विध्दानहरूले ध्यानकर्षण गराएका छन्-

1) भानुभक्तीय रामायणको नेपाली भाषा र त्यसको शैली यान्त्रिक अनुवादको जस्तो कृत्रिम नभई प्रायः मौलिक प्रतिभाषूर्ण छ र उनका शब्दचयन, वाक्य गठन, वाग्धारा, उखान, टुक्का, उक्ति विन्यास र छन्दयोजनाका साथै कथा-खथा, चरित्र चित्रण, परिवेशको छनौट तथा भाव र चिन्तन आदिका विन्यासमा पर्याप्त मात्रामा मौलिक, सृजनात्मक छाप रहेको छ।

2) यो नेपाली रामायण संस्कृत अध्यात्म रामायणको रूपान्तर हो भन्ने थाहा नपाउने सामान्य नेपाली पाठक वा स्रोताका निम्ति यो ग्रन्थ पुरै मौलिक कृतिका रूपमा आस्वादित हुन्छ र यसमा पाइने कथारसको सहज प्रवहले मूल कृति मौलिक कृतिसरह अत्यन्त लोकप्रिय रहेको छ।

3) यस रामायणमा बानुभक्तको उनका देश, समाज तथा युगको नेपाली बिम्व वा प्रतिबिम्ब प्रशस्त मात्रामा रहेको छ। खार गरी यहाँ अँगालिएको संक्षिप्तीकरण र केही मात्रामा थपघट र संयोजनतर्फ उन्मुख चयनले पनि यसलाई मौलिकतातर्फ उन्मुख गराएका छन् भने मूल ध्यात्म रामायणको सात काण्डको विभाजनलाई मात्र लिई मूल कृतिको 65 सर्गको अन्तर्विभाजनलाई छोडिदिनु पनि यस रामायणको मौलकतातर्फको एक सचेत पाइला मानिन्छ।

यसो त भारतमा विभिन्न भाषी कविहरूले संस्कृत रामांयणकै आधारमा आफ्नो रामायणको रचना गरेका छन्। गोस्वामी, तुलसीदासले बाल्मिकी रामायण, अध्यात्म रामायण अनि पुराणहरूलाई धार बनाएका छन्। वगालका कवि कृतिवासले संस्कृतमा यिनै रामकाव्यहरूलाई आफ्नो रामायणको आधार

बनाएका छन्। भानुभक्तले पनि त्यही परम्पराको निर्वाह गर्दै रामानन्दकृत अध्यात्म रामायणाई अघि राख्दा आफ्नो रामायणको रचना गरेका छन्। उनले 43०8 श्लोक, 36 सर्ग अनि 14 थरी छन्दमा लेखिएको द्यात्म रामायणलाई आफ्नै प्रकारले 1319 श्लोकमा समाप्त गरेका छन्। कथाको परिवेश अनि संरचवा पनि आफ्नै प्रकारको छ। भाषा सरल, सहज र प्रवाहमय छ। यिनै विविध विशेषताहरूको कारणले बानुभक्तीय रामायणलाई प्रायः मौलिक महाकाव्यकै रूपमा हेरिने गरिन्छ।

रामायणको प्रणयण गर्दा कविले देखाएको स्वतन्त्रता, कलापक्ष, विचारपक्ष र घटनाहरूको सारसंक्षेप उतार्नुमा कविको मौलिक सृजनशीलता परिलक्षित हुन्छ। भानुभक्तको रामायणमा प्रमुख ध्येय रामको कथालाई इतिवृत्तात्मक र सरस रूपले भन्नु हो। त्यसर्थ हुवहु अनुवाद नभएर धेरै ठाउँमा मूललाई छोट्याइएको वा छाड़िएका नै छन्। यस क्रममा कहीँ कहीँ कवि मूलको शब्द,भाव र आशयलाई आफ्नो मौलिक बुद्धि र रूचिअनुसार परिवर्तित पनि पार्छन्। उनी कुनै प्रसङ्ग, प्रकृतिवर्णन, वादविवाद, प्रेम-विरह-मिलन इत्यादिमा धेरबेर अडदैनन्, खुरूखुरू दुतगतिले अगाड़ि बड्दै जान्छन्। इतिवृत्तलाई टाकटुक पारेर लेखिसिद्धयाउने ग्रन्थलाई ठूलो आकार दिनबाट बच्ने प्रयासमा कविको ध्याउन्न भए पनि रामगाथालाई सुगठित कथारूप प्रदान गर्नमा तथा त्यसमा रोचकता र मर्मस्पर्शिताको आधारमा गर्नुसक्नु उनको कलात्मक सिद्धहस्तताको परिचायक हो औ उनको मौलिक काव्यकारिताको दसी हो भन्न सकिन्छ।
कविको लिकता, विशेषतः थप वाक्य, टुक्का र शब्दहरू अनेक छन्दका प्रयोग, मूल वर्णनको संक्षेपीकरण अथवा त्याग, केही थप सलाना परिवर्तन आदिमा पाइएको छ। अनुवादकको रूपमा भानुभक्तको प्रतिभा उनकै समकालीन रघुनाथको अनुवादसँग दाँज्दा पनि देखा पर्छ। रघुनाथले मूललाई जस्ताको तस्तै उतार्नको निम्ति आफ्नो भाषालाई दूषित बनाए भने भानुभक्तले आफ्नो भाषालाई जीवन पूर्ण बनाउन मूलको धेरै ठाउँमा वास्ता गरेनन्। त्यसै गरि भानुभक्तीय रामायणको दँजाइबाट पनि भानुभक्तीय रामायणको मौलकतालाई निफन्न सकिन्छ। तुलसीदास र भानुभक्तमा फरक यो पाइन्छ कि पहिलोले मूललाई विशदता दिए भने दोस्रोले पार्यः जसो संक्षेपीकरण गरेका देखिन्छ।

मूल अध्यात्म रामायममा रामजन्मको वयान मधुमासे सिते पक्षं नवग्यां कर्कट शुभ देखि आरम्भ गरी श्रीवत्सहारकेयुरनयूपुरादिविभूषणः सम्म 6 श्लोकहरूमा छ।

तर भानुभक्त यसलाई छोट्याएर कौशल्या जननी गराई भगवान श्रीराम पैदा भया। देखिन् श्री प्रभुको चतुर्भुज स्वरूप सब माइका ताप् गया। तयि दुई चरणमा नै सक्छन्। तिथि, बार, लग्न इत्यादिको बेहोरा दिँदैनन् र रमका आभूषणहरूको चर्चा गर्दैनन्। मुख्यकुरा मात्र भन्छन्। कविले आफ्नो काव्यमा यस्ता प्रसङ्गहरू मात्र होइन रोचक र रमणीय प्रसङ्गहरू, प्रकृति चित्रणजस्ता स्थललाई पनि छोट्याउँछन्। राम-विवाह, धनुभङ्ग, राम वनगमन, सीताहरणपछि रामको विलाप, रावणवधपछि रामसीताको मिलन इत्यादि इत्यादि रमाइला र करूण दुवै थरी प्रसङ्गहरूमा कवि संक्षेपीकरण गर्दै हिँड़ेका पाइन्छन्। उनी पात्रहरूको हर्षविषाद्बाट अभिभृत भएर पनि त्यसको वर्णनलाई लामो पार्नतिर लाग्दैनन्। प्रकृतिलाई आलम्बन वा उद्दीपनका रूपमा उनी यसो मनोहर पार्छन्। मूलमा पम्पासरोवरको सुन्दर वर्णन विस्तारसाथ गरिएको छ-

"क्रोशमात्रं सुवस्तीर्णमगाधामलशम्बरम्।
उत्फुल्लाम्बुजकल्हारकुमुदोत्पलमण्डितम्।
हंसकारण्डवाकीर्ण चक्रवाकादिशोभितम्।
जलकुककुटकोयष्टिकौञ्चनादोपनादितम्।
नानापुश्पलताकीर्ण नानाफलसमावृतम्।
सतां मनः स्वच्छजलं पद्मकिञ्जल्कवासितम्।"

भानुभक्त यसलाई पूर्ण रूपमा राख्तैनन्। मूलको चित्रण तलमाथि पार्दै आफ्नो मौलिक कल्पनासमेत प्रयोग गरेर यसलाई प्रस्तुत गर्छन्-

"माछा कच्छप चल्दछन् कमलको सप् गिर्छ केसर यहाँ।

केसरले जव छोपियो पनि भन्या देखिन्छ जल् पो कहाँ।

नीला लाल सफेद कमल पनि अनेक रडका भयाका तहाँ।

बोल्छन् हंस चकोर सारसहरू लाटाक्कस्पारा जहाँ।"

यस पाउको दोस्रोचरणमा कविको मौलिक भाव भएको पाइन्छ। तर योबन्दा सफल दृश्याङ्कन लङ्काको उपवनको प्रसङ्गमा थोरै भए पनि उनी गर्छन्-

"वरिपरि तही तीरैमा पनि वृक्ष फल फुल।

भरि छ जउन बन्मा गर्दछन् पक्षिले शुल।

Notes

भ्रमरहरू लताका फृलमा हल्लि हल्लि।

धुनुनु धुनुनु गर्दै हिँड्दछन् वल्लि वल्लि।।"

मूलमा यस्तो चित्रात्मकता छैन। कविको कल्पना यहाँ मुखरित भएको पाइन्छ। उसरी नै रावणक्रो वाटिकाको वर्णन  पनि कवि भानुभक्तले आफ्नो रामायण काव्यभित्र अति नै संक्षेपमा गरेका छन्। यधपि यो वर्णन सजीव छ-

"फल फुलले अति भार भएर रूखका सबका ति हाँगा पनि।

लच्क्याका ब्रममा र पक्षि बहुतै रूखमा वस्या पनि।।"

कवि अध्यात्म रामायणका अनुगामी भए पनि प्रकृतिलाई हेर्ने उनको आफ्नै दृष्टि छ र उनी  दृष्टि संवेदना र श्रुतिसंवेदना दुवैबाट संवेदित भई दृष्य र ध्वनिको अङ्कन र ध्वनन गर्छन् भन्ने समालोचक डा0 केशवप्रसाद उपाध्यायको मन्तव्य रहेको पाइन्छ। ज्ञानपत्रमा पनि उनी मूलभन्दा छोटकरीमा लेख्छन्, तर कथात्मक वा मानवीय (लौकिक) हर्षविषादको अभिव्यक्तिको तुलनामा केही बढ़ी रूचि देखाउँछन्। उपदेशात्मक पक्षप्रति विशेष आग्रहको फलस्वरूप अध्यात्म रामायणमा नभएको रावण-लक्षण मिलन पनि कवि भानुभक्तले आफ्ना रामायणमा गराएको पाइन्छ। कवि भानुभक्तले आचार्य कथापक्ष र ज्ञानपक्षहरूमध्ये दोस्रोप्रति विशेष अनुराग प्रकट गरे पनि दुवैलाई छोट्याउनमा र सुन्दर दृश्य एवं मार्मिक स्थललाई चित्रित गर्नमा कुशलता देखाई कृतिलाई रोचक र मौलिक तुल्याएका छन्। यस अतिरिक्त उनले मूलका कथनहरूमा संशोधन गर्नमा पनि आफ्नो स्वतन्त्र वृत्तिको परिचय दिएका छन्। समग्रमा समालोचक रमेश श्रेष्ठसित भन्न सकिन्छ कि भानुभक्तीय रामायणको मौलिकता यसको अनुवादमा छ। प्रसङ्गहरू घटाई-थपी नेपाली समाजका अवाल वृद्ध-वनिताले लय हालेर भाका मिलाई गराउन सक्ने सरस भाषामा दर्सनका गूढ कुराहरूलाई व्यक्त गर्न सक्नुमा नै भानुभक्तीय रामायणको मौलिकता रहेको छ भन्नुमा दुईमत नहोला। भानुभक्तको रामायण मूलतः रामलाई लिएर राम-सीताको दर्श स्थापना गरेर रामालई भगवानको अवतार मानेर रामको स्तुति गाइएको काव्य हो। यस दृष्टिले रामायण एउटा सगुण भक्ति काव्य भए तापनि यसको उत्तरकाण्ड तथा कविका भक्तिमाला तथा प्रश्नोत्तरमाला जतातते आत्मा-परमात्मा, तत्त्व ज्ञान वैराग्यट मोक्ष आदि विषयहरू देखिएकाले बानुभक्तको समग्र रचनाहरू अध्ययन

गर्दा निर्गुणको उपासना गरिएको अद्वैत वेदान्त दर्शन नै उनको रचनाको मुक्य दर्शन हो भन्ने सकिन्छ।

### 1.3.3 प्रश्नोत्तर माला कविता सङ्ग्रह -

भानुभक्तको कृतिहरूमध्ये सामाजिकता, बौद्धिकता र चिन्तनशीलताका हिसावले 'प्रश्नोत्तरमाला' लाई पनि उत्कृष्ट रचना मान्न सकिन्छ । उनका रचनाहरू पढेर भन्न सकिन्छ उनी उच्च विचारका भावनाशील कवि हुन् । उनी समाज सुधारमा विश्वास गर्ने कवि हुन् । तत्कालीन समाजका अगुवाहरूले सोच्ने दृष्टि र चिन्तनलाई आधार मानेर यिनले कविता लेखेका देखिन्छ । नेपालीको जातीय विकासको निम्ति, नेपालको भाषालाई सम्वद्र्धन र संरक्षित गर्नका लागि भानुभक्तले आफ्नो काव्य–कृतिबाट अथक प्रयत्न गरेको देखिन्छ । साहित्य लेखन भनेको सचेत, संवेदनशील मनको अभिव्यक्तिपूर्ण लेखाइ हो । अझ काव्य–लेखन त उत्कृष्ट लेखाई र बौद्धिक संरचना मानिन्छ । समाज वृत्तका लागि, देशको अवस्था स्थितिको लागि र मानव जातिका लागि भावनात्मक संवेग पोख्ने दृष्टि पनि साहित्य हो । भानुभक्तले सोचेका र कवितामा लेखेका कुुराहरूले पनि जीवन र जगतका कुराहरू कसरी तरङ्गित हुन्छन् सो को प्रमाण बोल्छन् । लोककै हित गर्ने भावनासहित साहित्यमा प्रवेश गरेका भानुभक्त, लोक कल्याणकारी कार्य नै साहित्य हो सम्झेर कविता लेख्दै आएका भानुभक्तका सबै कवितामा लोकको भलो गर्ने भावना मुखरित छन् । भानुभक्त समग्रमा अध्यात्म चेत बोकेका कवि हुनाका साथै सामाजिक व्यङ्ग्यकार कवि पनि हुन् । यिनी बेथितिका विरोधी छन् । प्रशासनका कर्मचारीहरूले व्यवहारमा देखाउने भोलिवादका यिनी कट्टर विरोधी छन् । अर्थलोलुपहरूका यिनी विरोधी, सामाजिक सचेतना व्याप्त त्यसताकाका चेतनशील युवा भानुभक्तमा संस्कारयुक्त भावना र विचारहरू रहनु आश्चर्यका विषय मान्नु हुँदैन । आफूले भोगेको, देखेको र नराम्रो सम्झेको यथार्थलाई उनी नलुकाइकन व्यङ्ग्य कथेर कवितामा सरल ढङ्गले आफ्नो विचार पोख्दछन् । सरल भाषाका धनी कवि भानुभक्तका कवितामा तत्कालीन समाजका लागि उपयुक्त विचार दर्शन व्याप्त छन् ।

भानुभक्तको चर्चा गर्दा भन्न सकिन्छ उनले नेपाली साहित्य र भाषामा एउटा सुन्दर उल्लेखयोग्य गन्तव्य दिए । भानुभक्तको चेतनशीलता, विचारमा देखिने उच्चता, सामाजिक भावनामा पोख्दै आएको काव्यात्मक ऊर्जाशीलता र विशेषता उल्लेख

गर्न लायक छन् । यही वृत्तमा राखेर भानुभक्तको संवेदनशीलताबारे छलफल गर्न गर्नसकिन्छ । प्रश्नोत्तरमाला भानुभक्तको विचार श्रृङ्खला जस्तै बनाइएको कविता कृति हो भन्न सकिन्छ । 48 अध्यायमा विभाजित 4–4 लाइनमा लेखिएको प्रश्नोत्तरमालामा श्रीरामको पाऊ नै मुख्य नाउँ हो भने कविता संप्रेषित छन् । श्रीरामका भक्त भानुभक्त आचार्यले वैराग्यले मानिसलाई बन्धनमा पार्छन् र मुक्तिको लागि वाधा दिन्छन् भन्दै नरक र स्वर्गको तुलना गरेर कविता यसरी लेख्छन् ।

ठूलो नरक कुन् छ भनेर जान्नू ?

यही शरीरै छ भनेर मान्नू ।

कस्तो स्वभाव स्वर्ग भनेर जान्नू ?

तृष्णा छुट्या स्वर्ग भनेर मान्नू ।।3।।

नरक त आफ्नै गतिविधिले पु¥याउँछन्, स्वर्ग पुग्नु भनेको आफ्नो तृष्णा छोड्न सक्नु हो । कविताको भावार्थमा 'स्वर्ग' र 'नरक' आफूभित्र नै हुन्छन् उनको ठम्याई र दृष्टि छ । ज्ञान नै सबैथोक हो । मान्छेको मोक्ष हुनु र नहुनुमा यही ज्ञानले नै भूमिका खेल्छन्, उनको निष्कर्ष छ; त्यसैले उनी लेख्छन् ः

कुन हो सहज मोक्ष गरायिदिन्या ?

ज्ञान् हो अरूको किन नाम लीन्या ।।5।।

सत् असत्को पहिचान गर्न सक्ने मात्र विवेकशील हुन्छन्; उनी कवितामा व्याख्या गर्छन् । शत्रु–मित्र पनि आफैभित्र रहन्छन् । आफ्नो दशै इन्द्रिय शत्रु पनि हुन्, मित्र पनि हुन् । त्यसैले त उनी कवितामा लेख्छन् ः

कस्लाई खूब मित्र भनेर मान्नू ?

जीत्या तिनै इन्द्रिय मित्र जान्नू ।।7।।

आदर्श मात्र छैनन् भानुभक्तका प्रश्नोत्तरमालामा व्यावहारिक दृष्टि र विचार पनि संप्रेषित छन् । चारलाइन तल उच्चारण भएका कविता अंशले व्यावहारिक दृष्टि र

विचारहरू कविको कस्तो छ स्पष्ट बु्झ्न सकिन्छ । मान्छे कस्तो रहनुपर्छ, कस्तो रहँदा मान्छेको मुहारमा सुन्दरता खुल्छ ? उनी कवितामा मान्छेको सुन्दरताबारे यसरी लेख्छन् ः

दरिद्र नाऊँ नरमा छ कस्को ?

विशाल तृष्णा घरमा छ जस्को ।

कुन् हो धनी सब् नरले कह्या को ?

सन्तोषले जो छ खुसी रह्या को ?

सन्तोषम् परम सुखम्का हिमायती देखिन्छन् उनी । तृष्णा हुनेहरू नै दरिद्र हुन्छन् । जो सन्तोषले बाँच्न जान्छन् उनीहरू त हुने हुन् धनी भन्छन् उनी । विचारमा विशालता रहनुले नै भानुभक्तको गहनता आँकलन गर्न सकिन्छ । मलाई लाग्छ; भानुभक्त समाजमा चेतना संप्रेषित गर्न रूचाउने व्यावहारिक कवि हुन् ।

प्रत्येक कविता अंशमा व्यावहारिकता झल्किन्छन् । त्यसैले उनी लेख्छन्, कवितात्मक भावनामा यसरी कविताका हरफहरू 'जिउँदै म¥याको भनि नाउँ छ कस्को ? उद्यम् विना बित्तछ काल जस्को ।' कवितामा आफैले प्रश्न गर्छन् र कवितामा आफै जवाफ लेख्छन् अनि यस्तै कवितालाई उनी 'प्रश्नोत्तरमाला' को नाम दिन्छन् । उनी 'प्रश्नोत्तरमाला' कवितामा लेख्छन्—कामदेवको वशमा रहनेहरू सबैको दृष्टिमा तुच्छ रहन्छन् । हितको उपदेश दिनेहरू त गुरूहरू हुन्; उनको दृष्टिमा अपयश भनेको मृत्युतुल्य हुन्छ । सेवा गर्नेहरू नै शिष्य कहलिन्छन्; जन्मनु भनेको नै मर्नु पनि हो त्यसैले उनी कवितामा लेख्छन् — "संसार हो जन्मनु मर्नु पत्र्या ।" शीलस्वभाव नै मान्छेको आभूषण हो । तीर्थ भनेको शुद्ध मन हो । मानवीय स्वभावलाई उत्कण्ठा दिन र मान्छेमा सत्–निष्ठाका विउ–विजन हुर्काउन प्रश्नोत्तरमालामा भानुभक्त कविले निकै उच्च कोटीका ज्ञान–संज्ञान संप्रेषित गरेका छन् । 'पापमा अगाडि कहिल्यै नसर्नू ।', 'स्वधर्म थामीकन शास्त्र पढ्नु', 'सबदेखि सानो म छु भन्नु जुन् हो' आदि–आदि अमृततूल्य भाव–दृष्टिहरू कवितामा लेखेका छन् । सबैजसो कविता–अंशहरूमा व्यावहारिक ज्ञानका चेतना बाँड्न अथक प्रयत्न गरेको देखिन्छ । 'विद्या नभएका मूर्खहरू उनका दृष्टिमा पशुतूल्य हुन्छन् । खत–पापि–निच्का नगिचै नपर्नू सज्जनहरूको

कर्तव्य हो उनी कवितामा औंल्याउँछन् । सत्–धर्म नै मानवीय कर्म हो । उनी 'प्रश्नोत्तरमाला' मा व्याख्या गर्छन् । भानुभक्तका कवितामा सत्–ज्ञान व्याप्त रहेको कविता मानिन्छ यो 'प्रश्नोत्तरमाला' । 'धनमा लागेर मतिभ्रष्ट गर्नेहरू छोटाहरू हुन् । जुनसुकै घटनामा र बखतमा पनि चूप लागेर बस्छन् उनीहरू नै लाटाहरू हुन् । सज्जनहरूको सुचरित्र नै उत्तम गुण हो । विद्या नै गहना हो । प्राणीको हित् गर्नु सत्य हो ।' यी आदि खालका वाणी वचनहरूले प्रमाणित गर्छ भानुभक्त तत्कालीन समाजका अगुवा बुद्धिजीवी हुनाका साथै प्रतिष्ठित कवि हुन् । यिनका काव्यरचना कर्मले यही कुरा बताउँछ ।

## 1.3.4 भक्तमाला काव्य –

**भक्तमाला** काव्यका लेखक आदिकवि भानुभक्त आचार्य हुन् । भक्तमाला काव्य पूर्वीय दर्शनका मान्यतामा आधारित आध्यात्मिक काव्य हो । प्रस्तुत काव्यमा पूर्वीय दर्शनका साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त आदिका प्रभाव रहेको पाइन्छ । पूर्वीय दर्शनका कर्म, मोक्ष आदिको प्रसङ्ग र सन्दर्भ विभिन्न परिवेश र परिस्थितिमा आएका छन् । पूर्वीय दर्शनको मान्यता अनुरूपका प्रसङग र सन्दर्भमा जीवन र भौतिकताको क्षण भङ्गुरता, स्वर्ग र नरकको चर्चा, ईश्वरको ध्यान र चिन्तनबाट नै जीवनको सार्थकता आदि कुराको उद्‌घटान कर्मवाद आदि विविध पक्षहरूको चर्चा काव्यमा भएको देखिन्छ ।

यस काव्यका प्रत्येक श्लोकमा पूर्वीय दर्शनका मान्यता अनुरूप जीवनमा मानिसले विषय वासनालाई त्यागेर ईश्वरभक्तिमा लाग्नुपर्ने भावलाई ज्यादै रूपमा प्रस्तुत गरिएको छ । सीताराम भन्नु ईश्वरीय अंश वा ईश्वरीय स्वरूप हो भन्ने कुरालाई काव्यांशको प्रथम श्लोकमा यसरी प्रस्तुत गरिएको छ ।

**प्रतिज्ञा मैले यो यमसित गर्याँ जन्मि अब ता।**
**सिताराम् भज्न्या छू विषयहरूमा छाडि ममता।।**
**प्रतिज्ञा सो बिर्सीकन जन धनै खोजि डुलियो।**
**सिताराम् भज्न्या हो शिव शिव उसै आज भुलियो।।1।।**

प्रस्तुत काव्यांशमा जीवन के हो? भन्ने मर्मलाई उजागर गर्ने चेष्टा गरिएको छ । मानिसले पृथ्वीमा जन्म लिएपछि सम्पूर्ण आध्यात्मिक गुण, तत्वहरूलाई बिर्सिएर भौतिकताको मोहमा पर्दछ । भौतिकतालाई नै सर्वस्व ठान्दै, त्यसैलाई शाश्वत सत्य मान्दछ । तर पूर्वीय पुराणका अनुसार मानिस आमाको गर्वमा रहदासम्म ईश्वरलाई पुकार गर्दै आफूलाई त्यस नारकीय कुण्डबाट बाहिर निकाली दिएमा वा

निस्कन पाएमा आफूल अहोरात्र ईश्वरको भजन गर्ने, ईश्वरलाई सम्झने र आध्यात्मिक मार्गमा लाग्ने प्रतिज्ञा गरेपनि पृथ्वीमा आएपछि सबै कुरालाई बिर्सिएर भौतिकताको मोहका पछि दौडन्छ । विषयवासनाको मोहमा रम्न थाल्दछ । धन सम्पत्तिको मोहमा परेर सम्पूर्ण कुरा बिर्सिएर भौतिकतालाई नै सत्य देख्दछ । दुखलाई सुख र अज्ञानतालाई ज्ञान मान्न पुग्दछ । जब समय समाप्त हुँदै जान्छ, अनि बल्ल होस्, खुल्छ र हतार हतारमा ईश्वरलाई जप्न पुग्दछ । यसरी मानिस भौतिकतामा भुलेर जीवनको शाश्वत पक्षलाई बिर्सिन्छ । अज्ञानतालाई ज्ञानरूपी चक्षुका माध्यबाट हटाएर समयमा नै सीतारामरूपी ईश्वरलाई भज्दै जीवनलाई सार्थक बनाउनु पर्दछ भन्ने आशय कविताको रहेको र पूर्वीय आस्तिक दर्शनको मान्यता अनुरूप नै प्रस्तुत कवितांश आएको हुनाले दुवैमा समानता रहेको कारणले गर्दा यसमा पूर्वीय दर्शनको प्रभाव रहेको पाइन्छ ।

भक्तमाला काव्यमा भौतिकताको वशमा परेर सम्पूर्ण ईश्वरीय कुरा बिर्सिएर जाने हो भने जीवनको साथ कसरी रहन्छ र भोलिका दिनमा यसका दूतहरूले के भन्ला भन्ने पूर्वीय दर्शनको स्वर्ग, नर्क, ईश्वर आदि आशयलाई यसरी व्यक्त गरिएको देखिन्छ –

**गयो बालक् काल्को वय पनि उसै बालरसले।**
**यसै रित्ले यौवन् पनि बितिगयो मोहवशले।।**
**भयो वृद्धावस्था अझ पनि भजीदैन मनले।**
**कसो गर्नन् ख्वामित् मकन यमका दूतहरूले।।3।।**

प्रस्तुत काव्यांशमा मानिसले कसरी अनाहकमा नै जीवनका समय खेरफालेको हुन्छ र पछि उसलाई बितेका समयको उत्तर दिनेसमेत अवसर मिल्दैन भन्ने आशय यसमा रहेको छ । मान्छे जन्मेपछि ज्ञानमार्ग र भक्तिमार्गमा लाग्नुपर्ने त्यसो गर्दैन । अज्ञानताका कारणले मानिस भौतिक मार्गमा लाग्दछ । बालरसमा नै मानिसको बाल्यकाल बित्दछ भने बाल्यकाल जसरी नै मानिसको यौवनावस्था पनि बित्दछ । यौवनावस्थामा पनि मानिसले भक्तिमार्गको बाटोलाई नसमातेर भौतिकतापछि विभिन्न प्रकारका मोहको वशमा परेर सीताराम रूपी ईश्वरलाई सम्झदैन । यौवनावस्थामा मात्र नभएर वृद्धावस्थामा पनि मानिस ईश्वरलाई भज्ने मोक्षको मार्गलाई समात्ने, दुःखरूपी संसारबाट मुक्त हुने, अज्ञानतालाई हटाउने, आत्मालाई चिन्ने पुरूष र प्रकृतिको भेद ज्ञान छुट्याउने, ज्ञान नआउने हुनाले उसले पछुताउनु पर्दछ । जब मानिस जीवनको अन्तिम अवस्थामा पुग्दछ अनि बल्ल उसका ज्ञानरूपी चक्षुहरू खुल्दछन् । त्यस समयमा पुग्दा ढिला भइसकेको

हुन्छ र पछुताउनु बाहेक अरू कुनै कुरा उसँग रहेको हुँदैन र ईश्वरलाई के जवाफ दिने? ईश्वलले के भन्लान र यमराजका दूतहरूले मलाई के गर्लान भन्ने सोचेर मानिस अत्तालिन्छ । यसरी जीवनको अमूल्य समयलाई खेर फाल्नु हुँदैन भन्ने आशयको भाव प्रस्तुत काव्यांशको रहेको पाइन्छ । पूर्वीय आस्तिक दर्शनले जसरी जीवन नाशवान वस्तु हो, आत्मा, अजर अमर छ, भौतिक वस्तु क्षणभङ्गुर हुन्छन्, दुःखमय जीवनलाई कसरी मुक्त पार्न सकिन्छ भन्ने आशय र प्रस्तुत काव्यांशको आशयका बीजमा समानता रहेको हुनाले प्रस्तुत श्लोकमा पूर्वीय दर्शनको प्रभाव रहेको पाइन्छ ।

यसरी नै भक्तमाला काव्यमा कर्म सम्बन्धी चर्चा पनि भएको छ । संसारका जति पनि भौतिक वस्तु छन् ती सबै नाशवान र क्षणभङ्गुर छन् । सम्पत्तिको त के कुरा स्वयम यो शरीर पनि नाशवान छ । अजर अमर त मानिसले गरेको कार्य मात्र छ भन्ने आशय निम्न कवितांशमा रहेको पाइन्छ –

**जगत्मा पृथ्वीका अधिपति बडा दौलाथि थिया।**
**मरण्का वेलामा बुझिलिनु ति क्या लीकन गया।।**
**निरन्तर यै सम्झी हरि भजि रहोस् शुद्ध मनले।**
**परन्तू हक् मर्न्यै छ त बटुलि क्या गर्नु धनले।।6।।**

यसरी नै प्रस्तुत काव्यमा मोक्षका सम्बन्धमा पनि चर्चा गरिएको भेटिन्छ । ईश्वरलाई भुलेर भौतिकताका पछि लाग्दा मानिसले मुक्ति पाउन सक्दैन भन्ने आशयका साथै दश इन्द्रियहरूलाई वशमा राखेर ईश्वरलाई सम्झन सकेमा मात्रै सम्पूर्ण जनले दुःखरूपी सागरबाट मुक्ति हुनसक्ने आशयलाई काव्यांशमा यसरी व्यक्त गरिएको छ –

**मुरारे स्वामित् का चरणतलमा मन् न धरि ता।**
**बडो दुर्लभ् देख्याँ सकल जनको मुक्ति गति ता।।**
**विचार् गर्छू क्यारूँ मन पनि बलैले हरि लिया।**
**दशेन्द्री डाँकूले बिच बिच पसी दुख् पनि दिया ।। 13 ।।**

समग्रमा भन्न सकिन्छ प्रस्तुत काव्य **भक्तमाला** भक्तिरसमा ओतप्रोत भएको काव्य हो । समय छँदैमा मानिसले अज्ञानतालाई हटाएर ज्ञानको माध्यमबाट भक्तिमार्गमा लागेर ईश्वरको भजन गर्नु सबै भन्दा ठूलो बुद्धिमानी हुन्छ भन्ने आशयको भाव यस काव्यांशमा रहेको देखिन्छ ।

Notes

### 1.3.5 बधुशिक्षा –

एक् थोक् भन्छु न मान्नु दुःख हे मित्र तारापति ।

तिम्रा ई जति छन् जहानहरू ता जुभmन्या रह्या छन् अति ।।

सून्याँ दन्तबझान आज घरको कर्कर् गर्¥याको जसै ।

भर्रात् जाग्रान झैं भयो मकन ता लागेन आँखा कसै ।।1।।

धन् इज्जत् र घरबार देख्छु बढिया छैनन् कुनै चीज् कमी ।

बूहारी यदि कर्कशा हुन गया क्या घर् गरौला तिमी ।।

साह्रै झोक उठयो मलाइ र बधूशिक्षा बनाया पनी ।

यस्ले पत्नि, बुहारि, छोरीहरूको तालिम् गरौला भनी ।।2।।

हुन त म अतिथी हूँ यस् बिनूँ के छ खाँचो ।

तर पनि त म भन्छु मित्र ह्वौ जानि सांँचो ।।

घर चतुरत्नि गर्छन् बुद्धिमान्ले अगाडी ।

बखत चुकि दिंदामा हुन्छ काहांँ पछाडी ।।2।।

मूलतः तारापतिका घरमा सासू बुहरी बीचको झगडाले गर्दा **वधूशिक्षा** को जन्म भएको पाइन्छ । यो वधूशिक्षाले तत्कालिन लोकमान्यतालाई दर्शाउने काम गरेको छ । घरमा झगडा हुनु कहिल्यै पनि राम्रो त हुँदै होइन तर पनि पाहुना आएका बेला झगडा हुनु भनेको सासू बुहारीको मात्र नभएर घरकै गोपनीयता भङ्ग हुन जान्छ । यसको लागि बखत् चुक्नु अगावै घरलाई व्यवस्थित गर्नलाई भानुभक्तले उपदेश सहितको यो पत्र दिएका थिए –

उपदेश

प्रातःकाल महाँ उठेर पहिले ध्यान् ईश्वरैको गरून् ।

सो ईश्वर पति हुन् भनेर पछि त्यो भक्ती पतीमा धरून् ।।

भक्तीले पति ईश्वरै भनि बुभूmन् पाऊ–तलैमा परून् ।

पूजा हो पतिको भनेर घरका काम्मा अगाडी सरून् ।।1।।

बधु शिक्षाको यो पहिलो श्लोक हो । यस श्लोकमा सर्बप्रथम प्रातःकालमा उठेर ईश्वरको पूजा अनि पति पूजाको साथै पतिको पूजाको लागि गर्ने काम होस् भन्ने छ कविको । यो कविको आफ्नो धारणा नभएर त्यस समयको लोकले गर्दै आएको परम्परा, संस्कृति र पतिलाई नाथ सम्झने प्रचलनलाई यहाँ प्रष्ट्याइएको थियो, भन्न सकिन्छ । समाजमा देखिएका विकृतिहरूलाई औंल्याउनु र समाजलाई सुमार्गमा डो¥याउनु पनि साहित्यकारको दायित्व हो । झट्पट् स्नान गरेर शुद्ध जलले सब् देह निर्मल् गरी ।

जस्तो पुग्दछ सोहि माफिक असल् धोती कटीमा धरी ।।

सासूका चरण विन्द युगमा पूजेर पाऊ परून् ।

मैले काम गरुँ क्या अह्राउनु हवस् यो ताहिं बिन्ती गरून् ।।2।।

नेपाली समाजमा सासू र बुहारीको सम्बन्ध सौहार्दपूर्ण नभएर, आजको समयमा पनि कटु नै देखिन्छ । नुहाउनु, स्वच्छ हुनु मान्यजनबाट आशीर्वाद लिनु भनेको अवश्य राम्रो काम हो । आदरभावको साथमा घरमूलीबाट मार्गदर्शन लिएर काम गर्नु पनि राम्रो हो । आज पनि हाम्रो धर्मसंस्कारमा मान्य जनमा पाऊ पर्ने काम चलनमा छ । आजको जमानामा पाऊ पर्नु राम्रो मानिदैन तर यो संस्कारबाट हाम्रो समाज मुक्त हुन सकेको छैन । भानुभक्तको यी कविताहरू धेरै आलोचित छन् । यी कवितामा भानुभक्तले आफ्ना धारणामात्र नराखेर त्यस समयमा समाजले(लोकले) अपनाउँदै आएका समाजले मान्यता दिएका कर्महरूको अवलम्बन् गर्नु र कवितामा उतार्नु अस्वभाविक होइन । खुट्टा नढोगाई कन पनि शिष्ट आचारणको अवलम्वन गराउनु, अनुशासित र मर्यादित समाजको सिर्जना गराउनु पनि एउटा साहित्यकारको दायित्व भित्रै पर्दछ ।

मान्छे छन् घरका सबै जति जना तिन्लाई ढोग् भेट् गरी ।

चाकरलाइ अह्राउनू खुशि हुँदै मीठा वचन्ले गरी ।।

माटो पानी खराउ ओटन रुमाल् धोती दतीउन् धरी ।

स्नान् गत्र्या अखढा जहाँ छ तहीं गै राखुन् तयारी गरी ।।3।।

यहाँ कविले मानवीय व्यवहार सबैले सबै ठाउँमा गर्नु पर्छ भन्ने धारणालाई राखेका छन् । नोकर चाकर राख्नु सामन्ती संस्कार हो भन्ने जनमास पनि कम छैन तर आज पनि हामीले अखबारका पाना पल्टाउँदा घर–कामदार (महिलार पुरुष)लाई

चरम यातना दिएको कोठामा थुनेको, भोकभोकै काम गराएको आदि आदि पढ्न पाउँछौ । यस्तो गर्न नपाउने कानुनी प्रावधान पनि छ तर गरिबको घरमा नोकर चाकर कहाँ हुन्छ र ती नै धनाढ्यहरू पहुँचवाला तथा पूजीपतिहरूको घरमा आज पनि अधोषित चाकरहरू(नोकरहरू ) छन् । संसारमा दासप्रथा, कमारा कमारी राख्ने चलन, कमैया प्रथा, हलीया प्रथा आदिलाई नारामा र कानुनमा उन्मुलन हुँदै गएका छन् तर पनि तिनको गास बास कपासको व्यवस्था हुन सकेको छैन । त्यसो हुँदा आज पनि यी प्रथा यी संस्कार कुनै न कुनै रूपमा जीवत छन् । यस्ता प्रथामा ती चाकरलाई मीठो वचन गरियोस् भन्ने मानवीय व्यवहारलाई कवितामा पस्कनुलाई अन्यथामा लिन हुँदैन । माटोको प्रयोग हिजो गरिन्थ्यो भने आज पैसा हुनेले सावुनको प्रयोग गर्छन् नहुनेले माटो खरानीको प्रयोग गरिन्छ । खराउको ठाउँमा चप्पल, झाडन, रुमाल, अनि दतिउनका ठाउँमा दन्त मञ्जन र ब्रुसको प्रयोग भएको छ तर कामको हिसाबमा उस्तै उस्तै हो । हरेक घरमा जस्ले सजावट गर्न चाहान्छ प्राय यी काम महिलाले नै गरेको पाइन्छ ।

पूजाको सरजाम् गरून् पति पूजा गर्छन् प्रभूको भनी ।

पूजामा खतडा कदापि नपरोस् कुनै कुराले पनी ।।

कस्तै अल्मलमा रहोस् घरमहाँ आया जगाया अलक् ।

जोगी जञ्गमले भन्या मुठी दिनू ढीलो नगर्नू पलक् ।।4।।

घरघरमा पूजा गर्ने चलनमा पूजाका सामाग्रीहरु जोड्ने कामहरू पनि हुन्छन् । यो काम महिलाले नै गर्नु पर्छ भन्ने त होइन तर यसमा पनि सामाजिक परिपाटीमा महिला अग्रसरता देखिन्छ । पञ्चायन देवताको पूजा पनि धेरै घरमा गर्ने गरिन्छ । हाम्रो धर्मसंस्कारमा अलग जगाए पछि भिक्षा दिनु पर्छ भन्ने धारणा र भगवान योगीको रूपमा आउनु हुन्छ भन्ने कपोलकल्पित धारणा जस्तो लाग्छ । शारीरिक सक्षम व्यक्तिलाई मुठी दिनु धर्म म ठान्दिन। यस्ता ठगहरूलाई त समाजले काममा सरिक बनाउनु पर्दछ । कर्मयोगी बनाउनु पर्छ ।

घर्सब् झारि बढारि नित्य त्यसले लिप्तै र पोत्तै रहोस् ।

चाकर् सब् थलिया गया कहीं, भन्या आफै तयारी रहोस् ।।

स्वामीका चरणविन्द युगको भक्तिले. पान गरून् ।

निर्मल् देह गराउनकन उ जल् केही शरीरमा छरून् ।।5।।

माथीका सब्दशब्दले सधैं गरिने नित्य क्रियामा आदिकविले सरसफाइमा जोड दिएका छन् भने सम्भ्रान्त घरहरुमा आज पनि कामगर्ने बालबालिक तथा मानिस राख्ने चलन छ । गुरुको र पतिको चरणको जल खुवाउने प्रथा आजको युगमा पनि प्रचलनमा छ । जल पनि शरीरमा छरिन्छ । यसमा लेख्दा हामीले भानुभक्तको नचाहिने कुरा लेखे भन्नुभन्दा पनि त्यस बेलाको समाजले अपनाएको मान्यता हो र त्यो मान्यता ब्राह्मणको छोराको ब्रतबन्ध गराउँदा गुरुको चरणको जल खुवाउने र विवाहमा दुलहीलाई दुलहाको जल खुवाउने र चरणमा ढोग गराउने चलन आज पनि जीवित छ र अनिवार्य छ । महिलाहरूले ब्रत बस्दाका दिन स्वेच्छाले पतिका चरणको जलपान गरेको आज पनि पाइन्छ ।

जो इच्छा पतिको छ त्यो बुझि उसै माफिक् सबै काम गरून् ।

जुन स्थान हो चिजको उही लगि उ चिज् राख्न्या स्वभाव् पो धरून् ।।

स्त्रीको खालि निघार् कदापी नरहोस् खाली निधार् भै जति ।

गर्छन् कर्म फलै हुँदैन तिनका टीको लगाया जती ।।6।।

पति र पत्नी बीचमा साझा समझदारी अवस्य हुनु पर्दछ । एकले अर्काको भावलाई सजिलै बुभ्mन सकेमा मात्र जीवन सफल मार्गमा चल्छ तर यहाँ आदिकविले पतिको धारणलाई बढी महत्व दिनु भएको छ । सबै काम स्थान विशेषमा हुनु पर्दछ भन्ने धारण र निधारमा टिका लगाउनु भन्ने धारणालाई पनि अन्यथाको रूपमा हेर्नु हुन्न । टिका लगाउनु एकातिर हिन्दु संस्कार हो । हिन्दु नारीहरूले विवाहाको दिन दुलाहा द्वारा सिउँदोमा तीन औंलाको चिम्टीले 7 पटक सिन्दुर दान लिन्छन् र विवाह सम्पन्न हुन्छ । यो टिका ऐभाती नारीको पहिचान हो भने अर्को तिर वैज्ञानिक उपलब्धी पनि छ भनिन्छ । सिन्दुरमा पारा बढ्ता हुने र यसले विद्युतीय उर्जालाई नियन्त्रण गर्ने र मर्मस्थललाई बचाउने भन्ने कुराहरू पनि कितावहरूमा पढ्न पाइन्छ ।

तस्मात् नित्य टिका लगाई पहिले धर्नँधा पछाडी गरून् ।

पूजाको सरजाम् तयार् गरि सकी भान्छा विषे मन् धरून् ।।

भान्छाको सरजाम चाकर गरून् भाँडा सफाई गरी ।

खाना चीज भण्डारमा पसि झिकुन् आफै अगाडी सरी ।।7।।

Notes

यो बधुशिक्षा भानुभक्तले साधारण खानदानको नभएर त्यसवेलाका ख्यातीप्राप्त धन्याढ्यहरूको लागि लेखेको देखिन्छ । जसका घरमा नोकार चाकर राख्न सक्ने क्षमतावानका बुहारी, ती घरमा बुहारीले नै भान्साको काम गर्न पाउनेहरूको लागि मात्र यो बधुशिक्षाका उपरोक्त पंक्तिहरू कार्यन्वयनमा जान सक्छन् । विशेष नेपाली समाजको परम्परामा चली आएको एउटा अभ्यास हेर्दा ठूलाबडामात्र नभएर सर्बसाधारणका भण्डार ढोकाको चापी सासूको हातमा हुन्थ्यो अझै पनि यो चलन कतै कतै जीवितै छ र बुहारीहरूले भण्डारमा चियाउनसम्म नसकिने जमाना पनि थियो । त्यस्ता घरका बुहारीको लागि यो वधू शिक्षाले सासूको मन पगाली दियो भनेमात्र, बुहारीलाई राहत हुन्थ्यो कि ?

रोगी बालक बृद्ध कोहि घरमा हुन्छन् तिन्को पनि ।

धत् जानीकन तम्तयार चिज गरून् खान्या छ यस्तो भनी ।।

यस्ता रीत् सित चीज् वनाइ बढिया सासू–ससूरा–पति ।

लाई ख्वाइ सकेर फेरि घरका खाउन् जहान् छन् जति ।।8।।

यी उपरोक्त श्लोकले रोगी बालक बृद्धको देखभाल खानाको लागि, आदर सत्कार सबै सबै बाट यथास्थानमा हुनु राम्रो हो । आजको काम आजै होस् र जो बस्तु जहाँछ त्यो त्यही स्थानमा रहनु पनि राम्रो हो । बधूशिक्षामा लेखिएका यी कर्तव्यबोधी यथार्थतामा समय सापेक्षको परिवर्तनले गर्दा आज यी अक्षर स लागु नभए पनि अधिकांस कुराहरू व्यवहारमा छन् । श्लोक 9, 1०, 11,मा जुठाभाँडा राख्न नहुने, खाना खाएको ठाउँलाई लिपपोत गर्नु पर्ने, दुना टपरीको ठाउँमा पेपर ल्पेटको स्थान ओटी सकेको अवस्थामा पनि दूना, बोहोताको महत्व घटेको छैन । यसको लागि आजका नवयुवतीमा भन्दा बृद्ध महिलाहरूले यस्ता काममा अग्रसरता देखाएको पाइन्छ । आज पनि धर्मको नाममा लाख बत्ती बाल्नको लागि महिलाहरूले ज्योति काटी रहेको पाउँछौं । गाउँ घरमा दूना वोहोताले आज पनि महत्वपूर्णस्थान लिएको देख्न पाइन्छ ।

यसरी नै भानुभक्तले नारीलाई अति कठोर नियमको परिधिभित्र राख्न चाहेको देखिन्छ । अनुशासित बनाउनु अति राम्रो हो तर अर्कोतिर नारी हाँस्नु समेत नहुने, हाँस्ने नारी वेश्या हुन सक्दछन्, वेश्या नभए पनि एक्लै हाँस्न नहुने अर्को संगी चाहिने संगीसँग हाँस्दा घरको काम नासिने समय व्यर्थमा खेर जाने जस्ता अभिव्यक्ति द्वारा नारीलाई कठोर नियमको परिधिभित्र बाँधिएको देखिन्छ ।

हाँस्दैमा नारी वेश्या हुन्छे भन्नु, युक्तिसङ्गत देखिदैन । हाँस्नु स्वास्थको लागि पनि आवश्यक छ तर नारीको हँसाइमा नारीबाटै कति छिचरिएकी हो, महिलाको लागि यो सुहाउने कुरो होइन भन्ने आवाजहरू पनि यदा कदा आजको समयमा पनि सुन्नमा आएको पाइन्छ ।

हाँस्नू छैन कदापि नारिहरुले बेश्या हुने हाँस्तछन् ।

बेश्या लौ नहउन् तथापि घरको काम् ती सबै नास्तछन् ।।

एक्लै हाँस्न हूँदैन कोहि नभई अर्को सँगी भो जसै ।

हाँस्तैमा दिन जान्छ एहि रितले सब् काम बित्छन् तसै ।।19।।

मानिस्को त बताउँ क्या अब विचारृ पक्षी पशूको पनी ।

पाल्याको छ भन्या तुरुन्त बुझ्नू क्या आज खायो भनी ।।

जस्सै भो कसिंगर् बढार्नु घर भर् काहीं नराखोस् रती ।

स्त्रीले जान्नु बिचार राखि मनमा एस्तो बताऊँ कती ।।2०।।

समग्रमा भन्न सकिन्छ साहित्य समाजको दर्पण हो । समाजमा भए घटेका घटनाहरू नैं साहित्यकारले लेखेका हुन्छन् । **बधुशिक्षा** मा भानुभक्तका अभिव्यक्तिहरू वधूलाई आदर्श नारी वनाउनको लागि जुन प्रयास गरिएको देखिन्छ, यी हरेक काममा वधूलाई अग्रपंक्तिमा उभ्याउन खोजीएको छ । यी मार्गदर्शनहरू अति कठोर छन् र सर्बसाधारणमा व्यवहार मूलक देखिदैनन् । समयको गतिसँग समाजको गतिशीलता पनि अघि बढेको हुन्छ । आजको धारणा भनेको समतामूलक समाजको सिर्जना गर्नु हो । नारी पुरुषमा कुनै भेदभाव छैन । प्रकृतिले महिलापुरुषको अनिवार्य जो स्वयम्ले गर्नै पर्ने कार्य बाहेकका काम (समाजले विभाजन गरेका काम) जो कोहीले पनि काम गर्न मिल्छ । हुन त भानुभक्तले लोक कल्याणकारी शिक्षा दिन खोजीएको हो भनेका छन् तर तत्कालिन समयको यथार्थतालाई चित्रण गरेकोमा आजको परिवर्तित समय र समाजमा तुलना गर्दा धेरै फरक देखिनु त्यति असान्दर्भिक होइन । त्यस समयको लोकले मान्दै आएका मूल्य र मान्यतासँग यी धारणालाई तुलना गर्दा निश्चय पनि भानुभक्तका यी मार्गदर्शन कार्यन्वयन योग्य नै छन् भन्न सकिन्छ । किनकि भानुभक्तले यी लेख्ने सायमा सतीप्रथा, बहुविवाह, बाल विवाह धनीहरुले घरमा नोकर राख्ने चलन जायज नै मानिन्थ्यो । भानुभक्तले नेपाली साहित्यलाई दरविलो

पार्न जुन योगदान दिएका छन् । त्यसको ऋण न त नेपाल सरकारले नै तिर्न सकेको छ न त हामी पाठकले नै व्यवहारमा उतार्न सकेका छौं । झट्टहेर्दा बधुशिक्षाका कठोर मार्गदर्शन सुपाच्य देखिदैनन् । नारीमाथि लादिएको यो मार्गदर्शनमा आलोचना भानुभक्तले खेप्न परेको पनि छ तर पनि तेत्रायुगदेखि भानुभक्तका लेखनकालसम्मको सामाजिक तथा लोक चलनलाई भानुभक्तले टपक्कै टिपेर नेपाली समाजलाई दर्शाको यस महत्वपूर्ण ऐतिहासिक दस्तावेजले मानवीय संवेदनशीलता, अनुशासनशीलता, कर्तव्यवोधलाई आत्मसाथ गर्ने जुन शिक्षा प्रदान गरेको छ ,तत्कालिन समयसापेक्ष नै थिए र कतिपय यसमा प्रदान गरेका मार्गदर्शनहरू आज पनि लोकसम्मत छन् र व्यवहारमा छन् भन्न सकिन्छ ।

## 1.4 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, भानुभक्त आचार्यको जन्मस्थान तनहुँको चुँदी, रम्घा हो। वि. सं. 1871, 29 गते  पिता धनञ्जय र माता धर्मावतीदेवीको पुत्रको रुपमा उनी जन्मिएका थिए। भानुको हजुरबुबाको नाम श्रीकृष्ण आचार्य हो। उनको शिक्षाको थालनी आफ्नै घरको पिंढी पाठशालामा बाजे श्रीकृष्ण आचार्यबाट भएको थियो। पछि बाजेको काशीवास हुँदा उनी वनारस गएर संस्कृत व्याकरण र साहित्य अध्ययन गरेको पाइन्छ।

रामायणको बालकाण्ड 1998 तिर रचेलगत्तै उनले अयोध्याकाण्ड र अरण्यकाण्ड लेखे । 1911 सालमा झ्यालखाना बसेर किष्किन्धाकाण्ड र सुन्दरकाण्ड लेखे । छुटेपछि युद्धकाण्ड र उतरकाण्ड लेखेर रामायण पूरा गरे । यिनले प्रश्नोत्तरमाला, भक्तमाला र वधूशिक्षा पनि   रचे । प्रश्नोत्तरमाला शंकराचार्यद्वारा रचित ग्रन्थको अनुवाद हो भने वधुशिक्षा सासूबुहारीको झगडाले रातभर सुत्न नपाएपछि नीतिशिक्षा लेखेका हुन् । अनि, भक्तमाला बुढ्यौलीको भक्तिभाव हो । भानुदय रम्घाबाट भए पनि दार्जीलिङको आकाशमा आलोकित हुन पुग्यो । सन् 1982 मा भाग्यमणि प्रधानले कालेबुङमा रामायण मात्र भित्र्याएको होइन, बरू चौबाटोमा श्लोक पाठ गरे । सर्वप्रथम मोतीरामले सन् 1891 मा काशीमा छपाएको जीवनचरित्रको दोस्रो संस्करण नेपाली साहित्य सम्मेलनले सन् 1927 मा प्रकाशित गर्‍यो । सन् 1954 मा दार्जीलिङमा भानुका हनुमान सूर्यविक्रम ज्ञवालीले रामायण छपाए । त्यसै गरी 1997 सालमा भानुस्मारक ग्रन्थ पनि प्रकाशित भयो । २००६ सालमा चौरस्तामा पहिलो सालिक ठ्डयाइयो भने २००३

सालमा मोतीचन्द्र प्रधानको अध्यक्षतामा भानु जयन्ती मनाइयो । सूर्यविक्रमले भट्याएको जातीय कविको नारालाई पारसमणि र धरणिधरले द्यौसी भन्दै विद्यालयमा घोकाएका थिए भन्ने जानकारी पाइन्छ । दार्जीलिङ्को यो होस्टेलाई गोपाल पाँडेले 2०1० सालमा जयन्ती र 2०16 सालमा सालिक नेपाली शिक्षा परिषद्को नाममा हैँसे भनेका थिए । यिनको रामायण अंग्रेजी, बंगाली, आसामी, मैथिलमा अनूदित पाइन्छन् । सिक्किम र बंगालमा राज्यस्तरमा बिदा दिएर अगस्ट महिनाभर जयन्ती मनाएर रामायणमय बनाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीव्रो भएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ । वास्तवमा भानुभक्त नेपाली साहित्यका वाल्मीकि हुन् र रमायाण नेपाली साहित्यको पहिलो महाकाव्य हो । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ ।

## 1.5 सार

यस प्रखण्डमा **नेपाली साहित्यका अमर साहित्यकार भानुभक्त आचार्यका कृतिबारे विशेष अध्ययन** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

- भानुभक्त आचार्यको जन्मस्थान तनहुँको चुँदी, रम्घा हो। वि असार 1871 .सं. 29 गते पिता धनञ्जय र माता धर्मावतीदेवीको पुत्रको रुपमा उनी जन्मिएका थिए। भानुको हजुरबुबाको नाम श्रीकृष्ण आचार्य हो। उनको शिक्षाको थालनी आफ्नै घरको पिंढी पाठशालामा बाजे श्रीकृष्ण आचार्यबाट भएको थियो।

- मोतीराम भट्टले 1948 सालमा भानुभक्त आचार्यलाई आदिकवि लेखे, तर उनले लेखेको त्यो 'आदिकवि' त्यतिसारो चलेन । 1997 सालमा जुद्धशमशेर राणाले 'भानुभक्तलाई आदिकवि भने पनि हुन्छ' भन्ने हुकुम दिएपछि मात्र तमामको जिभ्रोमा भानुभक्त आदिकवि हुन थाले ।

- उनका कृतिहरूमा **रामायण, बधूशिक्षा, भक्तमाला, प्रश्नोत्तरी, रामगीताको साथै केही फुटकर कविताहरू** पनि हामीले अध्ययन गर्न पाएका छौं, जो अति गहन भावना सहित सरल भाषामा लेखिएका देखिन्छन् ।

Notes

- भानुभक्तले नेपाली भाषामा तीन दर्जनभन्दा बढी **फुटकर कविता** लेखेका पाइन्छन् । उनका फुटकर कविता सबै नै मौलिक रचना मानिन्छन् ।

- भानुभक्तको **रामायण** को खोज अनि प्रकाशन गर्ने श्रेय मोतीराम भट्टलाई जान्छ। उनले सर्वप्रथम विसं 1941 मा बालकाण्डको खोज गरी प्रकाशित गराए अनि पछि सं 1944 मा सातै काण्डको प्रकाशन गरी रामायण नेपाली समाजसमश्र प्रस्तुत गरे।

- भानुभक्तको कृतिहरूमध्ये सामाजिकता, बौद्धिकता र चिन्तनशीलताका हिसावले **'प्रश्नोत्तरमाला'** लाई पनि उत्कृष्ट रचना मान्न सकिन्छ ।

- **भक्तमाला** काव्यका लेखक आदिकवि भानुभक्त आचार्य हुन् । भक्तमाला काव्य पूर्वीय दर्शनका मान्यतामा आधारित आध्यात्मिक काव्य हो ।

- **बधुशिक्षा** मा भानुभक्तका अभिव्यक्तिहरू वधूलाई आदर्श नारी वनाउनको लागि जुन प्रयास गरिएको देखिन्छ, यी हरेक काममा वधूलाई अग्रपंक्तिमा उभ्याउन खोजीएको छ ।

## 1.6 अनुशीलनी

(क) भानुभक्त आचार्यको साहित्यिक दिंदै उनले नेपाली साहित्यको विकासमा पुर्याएको योगदानबारे चर्चा गर्नुहोस् ।

(ख) भानुभक्त आचार्यलाई किन आदिकवि भनिएको हो? उनको रामायणको अनुवादले नेपाली समाजलाई के कस्ता शिक्षा दिन चाहेका छन्, सो सविस्तार व्याख्या गर्नुहोस् ।

(ग) भानुभक्त आचार्यद्वारा लिखित फुटकर कविताहरू माथि समीक्षात्मक लेख प्रस्तुत गर्नुहोस् ।

(घ) भक्तमालाको मूल भाव स्पष्ट पार्नुहोस ।

(ङ) नेपाली समाजमा वधुशिक्षा महत्त्वबारे विवेचना गर्नुहोस् ।

## 1.7 अतिरिक्त अध्ययन

इन्द्रबहादुर राई – **भानुभक्तीय कृति अध्ययनहरू**

भानुभक्त ग्रन्थावली – **पारसमणि प्रधान**

दयाराम श्रेष्ठ – **प्रारम्भिक कालको नेपाली साहित्यःइतिहास र परम्परा**

ताना शर्मा – **भानुभक्तदेखि तेस्रो आयामसम्म**

बालचन्द्र शर्मा – **भानुभक्त**

ज्ञानमणि नेपाल – **नेपाली साहित्यमा आदिकविको समस्या**

सुमन ढकाल – **कवि भानुभक्त र उनका केही साहित्यिक पक्ष**

भद्रवीर अधिकारी – **नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान**

यस अतिरिक्त **नेपाली साहित्यका अमर साहित्यकार भानुभक्त आचार्यका कृतिबारे विशेष अध्ययन** - बारेमा अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 1.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

1. भानुभक्त आचार्यको साहित्यिक परिचय ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. फुटकर कविताहरू ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1.3.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. रामायण महाकाव्य ।

..........................................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1.3.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. प्रश्नोत्तर माला कविता सङ्ग्रह ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1.3.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. भक्तमाला।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1.3.4 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

6. बधुशिक्षा।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 6 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 1.3.5 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 2,भानुभक्त आचार्यको जीवन र दर्शन ।

**संरचना**

2.0 उद्देश्य

2.1 परिचय

2.2 भानुभक्त आचार्यको जीवन

2.2.1 जन्म तथा मृत्यु

2.2.2 परिवार

2.2.3 शिक्षा – दिक्षा

2.2.4 पेशा, सेवा तथा संलग्नता

2.2.5 सम्मान तथा पुरस्कार

2.3 भानुभक्त आचार्यको कृतिगत दर्शन

2.4 उपसंहार

2.5 सार

2.6 अनुशीलनी

2.7 अतिरिक्त अध्ययन

2.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 2.0 उद्धेश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- नेपाली साहित्यको आदिकवि भानुभक्त आचार्यको जीवन
- जन्म तथा मृत्यु
- कविको परिवार
- कविको शिक्षा – दिक्षा

- कवि पेशा, सेवा तथा संलग्नता
- कविलाई प्राप्त सम्मान तथा पुरस्कार
- भानुभक्त आचार्यको कृतिगत दर्शनको विवेचना

## 2.1 परिचय

भानुभक्त नेपाली साहित्यका वाल्मीकि हुन् र रमायाण नेपाली साहित्यको पहिलो महाकाव्य हो । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीव्रो भएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ । भानुभक्तलाई महाकवि देवकोटाले 'शुक्रतारा सुन्दर हाम्रा नेपाली हे प्रथम ध्वनि' भनेर पुकारेका छन् भने महानन्द सापकोटाले 'भानुभक्तलाई आदिकवि भन्नु अरू कविको अनादर होइन' भनेर आदिकविको विवादलाई किनारा लगाइदिएका छन् । भानुभक्त जन्मसिद्ध आशुकवि थिए ।

भानुभक्त आचार्य, नेपाली साहित्यको प्राथमिक कालअन्तर्गत रामभक्ति धाराका मूर्धन्य कवि हुन् । उनले रामायण महाकाव्य, प्रश्नोत्तरमाला, भक्तमाला र बधूशिक्षा लघुकाव्य तथा प्रशस्त फुटकर कविता रचना गरी नेपाली भाषालाई काव्य भाषाका रूपमा विकसित गर्न महत्त्वपूर्ण योगदान दिएका छन् । फलतः नेपाली भाषासहित्यका अन्वेषक र समालोचकहरूले भानुभक्तलाई आदिकविको सम्मान प्रदान गरेका छन् । साहित्य जगत्बाट प्रारम्भ भएको यो अभियानलाई 1998 मा राणा प्रधानमन्त्री जुद्धशमशेरले पनि अनुमोदन गरेका छन् ।

भानुभक्तका काव्यकृति प्रकाशित गरी प्रचार गर्ने तथा भानुभक्तको जीवनी लेखेर उनलाई चिनाउने प्रथम व्यक्ति मोतीराम भट्ट (वि.सं. 1932–1952) हुन् । त्यसपछि देश विदेशका थुप्रै प्रकाशकहरूले भानुभक्तका काव्यकृति प्रकाशन गर्न थालेका छन् । नेपालमा प्रजातन्त्रको स्थापना हुनुअघि नै भानुभक्तको रामायण लाखौँ प्रति छापिई नेपालीहरूका घर घरमा पुगेको छ । फलतः धेरै नेपाली रामायण पढेर साक्षर भएका छन् र नेपाली समाजमा साँस्कृतिक एकताको सूत्र बलियो बन्दै गएको छ । भारतीय नेपाली समाजमा भानुभक्तको रामायण जातीय एकताको आधार बनेको छ र यसले नेपाली भाषालाई साहित्यिक भाषाको स्थान दिलाउन सहयोग पुऱ्याएको छ ।

भानुभक्तलाई सम्मान गर्ने परम्परा भारतीय नेपाली समाजबाट प्रारम्भ भएको हो । उनीहरूले उन्नाइसौँ शताब्दीको अन्तिम दशकमा नै भानुभक्तलाई जातीय कविको सम्मान प्रदान गरी जयन्ती मनाउन थालेका छन् र केही समयपछि सालिग स्थापना गर्न थालेका छन् । नेपालमा पनि सात सालको जनक्रन्तिपछि भानुभक्तलाई सम्झन थालिएको छ । यसै क्रमममा भानुभक्तका गाउँलेहरूले २००8 मा चुँदी रम्घामा भानु पुस्तकालय स्थापना गरी भानुभक्तका दुर्लभ कृतिहरूको संरक्षण प्रारम्भ गरेका छन् भने सोही समयदेखि भानु पुस्तकालय सहायक समितिले काठमाडौंमा कार्यालय स्थापना गरी पुस्तकालयलाई सहयोग गर्न थालेको छ । यिनै समितिहरूको सक्रियतामा चुँदी रम्घामा स्थापनाका निम्ति २०16 मा भानुभक्तको प्रतिमा निर्माण गरिएको छ तर स्मारक निर्माणमा बिलम्ब हुन गएका कारण उक्त प्रतिमा २०23 मा मात्र चुँदी रम्घामा स्थापना हुन सकेको छ । काठमाडौंमा भने नेपाली शिक्षा परिषद्को सक्रियातामा २०11 बाट भानुजयन्ती मनाउन थालिएको छ र २०16 मा नै भानुभक्तको सालिग स्थापना भएको छ ।

पृथ्वी राजमार्ग निर्माण भएपछि साहित्यकारहरू चुँदी रम्घा पुग्न थालेका छन् । यसै क्रमममा नेपाली शिक्षा परिषद्को आग्रहमा नेपाल सरकारले २०32 मा चुँदी रम्घामा भानु स्मृति भवन र अतिथि भवन निर्माण गरेको छ भने उक्त भवनको उद्घाटन र त्यसको व्यवस्थापनका निम्ति कर्मचारीहरूको प्रवन्ध मिलाउने कार्यमा भानु सेवा समिति (भानु प्रतिष्ठानको पूर्वरूप) सक्रिय रहेको छ । चुँदी रम्घाको विकासका निम्ति यही समितिको पहलमा २०53 मा नेपाल सरकारले भानु जन्मस्थल विकास समिति पनि गठन गरेको छ । भानुभक्त सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिहरूमा समन्वय गर्ने उद्देश्यले २०59 मा भानु सेवा समितिलाई भानु प्रतिष्ठानमा परिवर्तन गरिएपछि यो संस्था काठमाडौमा भानुभक्त अध्ययन केन्द्र स्थापना गरी अन्तराष्ट्रिय सम्पर्कका निम्ति क्रियाशील बन्ने प्रयत्नमा लागेको छ ।

भानु जन्मस्थलको विकासका निम्ति प्रारम्भिक कार्यहरू थालनी भएको देखिए पनि उक्त क्षेत्रलाई साहित्यिक तीर्थस्थलका रूपमा विकसित गर्नका निम्ति स्थायी योजना भने अझ पनि कार्यान्वयन हुन सकेको छैन । फलतः चुँदी रम्घाको पहिलो साहित्यिक संस्था भानु पुस्तकालय र भानु प्रतिष्ठानको संयुक्त आयोजनामा चुँदी रम्घामा भानु स्मृति सङ्ग्रहालय स्थापना गर्ने उद्देश्यले यो प्रस्ताव निर्माण गरिएको छ ।

घाँसीको प्रेरणाले भानुभक्त रामायण लेख्न प्रतिबद्ध भए । मोतीरामको घाँसी र कुवाको सत्यतामाथि इतिहास शिरोमणि बाबुराम आचार्यले प्रश्न नउठाएका होइनन् । तर, व्रतराज आचार्यले रम्घाबाट तीन कोस पश्चिममा पर्ने कुर्लुंगबेसीको कुवा गरिब किसान चुमनारायण पन्थले खनाएको र भानुभक्त ससुराली जाँदा सोही कुवामा भलाकुसारी भएको समेत ठोकुवा गरेका भेटिन्छन् । रामायणको बालकाण्ड 1998 तिर रचेलगत्तै उनले अयोध्याकाण्ड र अरण्यकाण्ड लेखे । 1911 सालमा झ्यालखाना बसेर किष्किन्धाकाण्ड र सुन्दरकाण्ड लेखे । छुटेपछि युद्धकाण्ड र उतरकाण्ड लेखेर रामायण पूरा गरे । यिनले प्रश्नोत्तरमाला, भक्तमाला र वधूशिक्षा पनि रचे । प्रश्नोत्तरमाला शंकराचार्यद्वारा रचित ग्रन्थको अनुवाद हो भने वधुशिक्षा सासूबुहारीको झगडाले रातभर सुत्न नपाएपछि नीतिशिक्षा लेखेका हुन् । अनि, भक्तमाला बुढ्यौलीको भक्तिभाव हो ।

## 2.2 भानुभक्त आचार्यको जीवन

### 2.2.1 जन्म तथा मृत्यु –

नेपाली साहित्यमा आदिकविको श्रेय प्राप्त मूर्धन्य कवि भानुभक्त आचार्यको जन्म वि. सं. 1871 29 गतेको दिन नेपालको तनहुँ जिल्लाको चुँदी, रम्घा भन्ने गाउँमा भएको थियो । नेपाली साहित्य समाजको अनेक थरीले सेवा पुर्याएपछि अन्तमा **रामगीता** कृतिको निर्माणपछि अर्थात् 1925 साल असोज 6 गते कालज्वरोको कारणले उनले आफ्ना भौतिक आँखा चिम्ले ।

### 2.2.2 परिवार –

पिता धनञ्जय र माता धर्मावतीदेवीको पुत्रको रुपमा उनी जन्मिएका थिए। भानुको हजुरबुबाको नाम श्रीकृष्ण आचार्य हो।

यसरी नै भानुभक्तको "आचार्य कुल परम्परा" को परिचयबारे भन्नु पर्दा नेपालमा भएका व्राह्मणहरूको थर कोही योग्यताको आधारमा छन्, कोही दजेनी आधारमा छन् र प्रायःजसो स्थान विशेषको आधारमा पाइन्छन्। आचार्य भनेको मन्त्र सुनाउने वा वेद पढाउने गुरु, वैदिक यज्ञ आदिको अध्यक्ष वा संस्कृत विद्यातर्फको उच्च उपाधि हो। थरमा आचार्य भनिए पनि नेपालमा दुई प्रकारका गोत्र भएका आचार्य छन्- कौडिन्य गोत्रीय आचार्य र गर्ग गोत्रीय आचार्यझ् भानुभक्त कौडिन्य गोत्रीय, त्रि्रवर, यजुवेदीय उपाध्याय व्राह्मण हुन्। त्यसैले उनले आफ्ना बाजे

श्रीकृष्णको परिचय दिँदा 'उच्च कुलका आर्यवंशी' भनेका छन्। अहिले पनि चुँदी, रम्घाका आचार्य वंशका परिवार विभिन्न विषयका विद्वान् र प्राध्यापक छन्। भानुभक्त वि.सं. 1871 असार 29 गते वृहत् नेपालमा जन्मिएका थिए। वि.सं. 1872 मा सुगौली सन्धीबाट नेपाल सानो भएकाले भानुभक्तको जीवनयात्रा सानु नेपालमा भएको थियो। त्यस वखतको नेपालमा कुनै प्रकारका विद्यालय, महाविद्यालय थिएनन्। त्यसैले शैक्षिक दृष्टिले देश अन्धकारमा थियो।

यसैगरी उनको व्रतवन्ध, विवाहबारे भन्नु पर्दा भानुभक्तको व्रतवन्ध सात वर्षको उमेरमा 1878 मा भएको थियो। बाजे श्रीकृष्ण आचार्यले गायत्री मन्त्र दिएका थिए। व्रतवन्धपछि उनले बाजेसँग आफ्नै घरको पिंढी पाठशालामा कौमदी, रुद्री र वेद पढ्न थालेका थिए। यसपछि 1886 मा बाजेसँग काशीवास गर्न जाँदा कोश, व्याकरण र साहित्यका साथै ज्योतिषसमेत अध्ययन गरेका थिए। काशीवास जानुभन्दा डेढ वर्षअघि विवाह गरेकी श्रीमती चन्द्रकान्ताको स्र्वर्गरोहण भएकाले 1886 मा पुनः मानुङ गाउँको विद्याधर खनालकी छोरी चन्द्रकलादेवीसँग उनले दोस्रो विवाह गरेका थिए। काशीबाट फर्केपछि 189० देखि भानुभक्तले गृहस्थी जीवन सुरु गरेका थिए। यसैबीच, मानुङ गाउँमा ससुराली जाने सन्दर्भमा बुर्लुङ वेसी, वुल्दीखोला किनारामा विश्राम गर्दा घाँसी चामुनारायण पन्तसँग भानुभक्तको भेट भएको थियो। महाकवि लक्ष्मीप्रसाद देवकोटाले लक्ष्मी निबन्ध सङ्ग्रहमा लेखेका छन्- 'भानुभक्त ढुङ्गाको तकियामा सुतेर व्युझिदा फूलको हृदय भेट्टाए। घाँसीमा उनको परमेश्वर बोल्यो। सच्चा नेपाली हृदयलाई ब्युझाइदियो र सुन्दर देशमा बोलाएर लग्यो।'

## 2.2.3 शिक्षा – दिक्षा –

उनको शिक्षाको थालनी आफ्नै घरको पिंढी पाठशालामा बाजे श्रीकृष्ण आचार्यबाट भएको थियो। पछि बाजेको काशीवास हुँदा उनी वनारस गएर संस्कृत व्याकरण र साहित्य अध्ययन गरेको पाइन्छ। पोखराको गुरुकुलमा भानुभक्तले ज्योतिष शास्त्र अध्ययन गरेका र पौराणिक साहित्यको अध्ययनका निम्ति उनी वाग्लुङका वद्रिनाथ पन्तसँगको संयोगबाट प्राप्त गरेका थिए ।

## 2.2.4 पेशा, सेवा तथा संलग्नता –

उनका बाबु पाल्पा मालमा खरदार थिए । खरदार पदमा रहँदा हिसाब किताबमा फरक परेकोले बाबुको मृत्यु पछि भानुभक्तलाई 19०6 सालतिर हिसाव फस्र्योट गर्ने अड्डाले समात्यो र 5 महिनासम्म नजरबन्दमा राख्यो भन्ने कुरा एकदेवजीले

लेख्नुभएको छ तर नरेन्द्रराज प्रसाईद्वारा लेखेको एक लेखमा भानुभक्तले 37 वर्षको उमेरमा आफै सरकारी जागिर खाएका थिए । हाकिमले दुई वर्षमा नै उनको जागिर खोसेको र रकम हिनामिनाको अभियोगमा कुमारी चोकमा समेत थुनिएको कुरो जान्न  पाइन्छ ।

### 2.2.5 सम्मान तथा पुरस्कार –

मोतीराम भट्टले 1948 सालमा भानुभक्त आचार्यलाई आदिकवि लेखे, तर उनले लेखेको त्यो 'आदिकवि' त्यतिसारो चलेन । 1997 सालमा जुद्धशमशेर राणाले 'भानुभक्तलाई आदिकवि भने पनि हुन्छ' भन्ने हुकुम दिएपछि मात्र तमामको जिभ्रोमा भानुभक्त आदिकवि हुन थाले । उनी सम्पूर्ण नेपाली समाजका शीर हुन । नेपाल लगायत विश्वभरि कै नेपाली समाज बाहेक अन्य जातिका कवि भानुभक्त आचार्यलाई भक्तिभाव र सम्मानको श्रेय प्राप्त भएको देखिन्छ । उनकै नाउँमा विभिन्न साहित्यिक पुरस्कार, बाटा घाटा, चोक, स्कूल, साहित्य संस्थान इत्यादि पनि स्थापित गरी कविलाई दिनरात स्मरण गरिएका तथ्यहरू लछेप्रै पाइन्छ ।

## 2.3 भानुभक्त आचार्यको कृतिगत दर्शन

भानुभक्तका चर्चित पुस्तकहरुमा रामायण (191०), प्रश्नोत्तरमाला (191०), भक्तमाला (1921), बधुशिक्षा (1919), रामगीता 1)925। छन् आदि (

भानुभक्त आचार्यको चर्चा हुँदा प्रायः उनको रामायणकै चर्चा हुने गरेको पाइन्छ । हुनतः सर्वसाधारणलाई निकै प्रभाव परेकै कारणले वा भाषाको राम्रो प्रयोगकै कारणले पनि यस कृतिको चर्चा भएको हुनुपर्छ । बुढापाकादेखि, बालबालिका र गाउँले सर्वसाधारणले समेत बुझ्ने सरल भाषाकै कारणले पनि यस ग्रन्थको व्यापक चर्चा भएको हुनुपर्छ । रामायणमार्फत् नै भानुभक्तको राष्ट्रिय पहिचान बनेकोमा दुईमत छैन । 2०० वर्ष अघि तनहुँ जिल्लाको एउटा ब्राह्मण कुलमा जन्मेका भानुभक्त आचार्य यही पुस्तकबाट नै सामाजिक, धार्मिक प्रतीकजस्तो भइसकेका छन् । भानुभक्त मेधावी बालकका रूपमा त्यसताका उनका गाउँमा चिनिन्थे । तर पनि उनी 22 वर्षका हुँदा मात्र 'घाँसी' सँग सम्वाद भएपछि मात्र ज्ञान खुलेको जस्तो देखाइएको छ । घाँस काटेर बचाइएको पैसाबाट कुवा खन्ने इच्छा घाँसीले बताएपछि भानुभक्त आफू धनी भएर पनि केही सामाजिक कार्यहरू गर्न नपाउँदाका हैरानीहरू कवितामा व्यक्त गरेर मार्मिकता पोखेर आफ्नो

संवेदनशीलता देखाएका छन् । अनि कविता लेख्ने आफ्नो दृढता व्यक्त गरेका छन् भानुभक्तले ।

भानुभक्तका रचनाहरू पढेर भन्न सकिन्छ उनी उच्च विचारका भावनाशील कवि हुन् । उनी समाज सुधारमा विश्वास गर्ने कवि हुन् । तत्कालीन समाजका अगुवाहरूले सोच्ने दृष्टि र चिन्तनलाई आधार मानेर यिनले कविता लेखे । नेपालीको जातीय विकासको निम्ति, नेपालको भाषालाई सम्वद्र्धन र संरक्षित गर्नका लागि भानुभक्तले आफ्नो काव्य–कृतिबाट अथक प्रयत्न गरेको देखिन्छ । साहित्य लेखन भनेको सचेत, संवेदनशील मनको अभिव्यक्तिपूर्ण लेखाइ हो । अझ काव्य–लेखन त उत्कृष्ट लेखाई र बौद्धिक संरचना  मानिन्छ । समाज वृत्तका लागि, देशको अवस्था स्थितिको लागि र मानव जातिका लागि भावनात्मक संवेग पोख्ने दृष्टि पनि साहित्य हो । भानुभक्तले सोचेका र कवितामा लेखेका कुराहरूले पनि जीवन र जगतका कुराहरू कसरी तरङ्गित हुन्छन् सो को प्रमाण बोल्छन् । लोककै हित गर्ने भावनासहित साहित्यमा प्रवेश गरेका भानुभक्त, लोक कल्याणकारी कार्य नै साहित्य हो सम्झेर कविता लेख्दै आएका भानुभक्तका सबै कवितामा लोकको भलो गर्ने भावना मुखरित छन् । भानुभक्त समग्रमा अध्यात्म चेत बोकेका कवि हुनाका साथै सामाजिक व्यङ्ग्यकार कवि पनि हुन् । यिनी बेथितिका विरोधी छन् । प्रशासनका कर्मचारीहरूले व्यवहारमा देखाउने भोलिवादका यिनी कट्टर विरोधी छन् । अर्थलोलुपहरूका यिनी विरोधी, सामाजिक सचेतना व्याप्त त्यसताकाका चेतनशील युवा भानुभक्तमा संस्कारयुक्त भावना र विचारहरू रहनु आश्चर्यका विषय मान्नु हुँदैन । आफूले भोगेको, देखेको र नराम्रो सम्झेको यथार्थलाई उनी नलुकाइकन व्यङ्ग्य कथेर कवितामा सरल ढङ्गले आफ्नो विचार पोख्दछन् । सरल भाषाका धनी कवि भानुभक्तका कवितामा तत्कालीन समाजका लागि उपयुक्त विचार दर्शन व्याप्त छन् । भानुभक्तको चर्चा गर्दा भन्न सकिन्छ उनले नेपाली साहित्य र भाषामा एउटा सुन्दर उल्लेखयोग्य गन्तव्य दिए । यहाँ भानुभक्तको चेतनशीलता, विचारमा देखिने उच्चता, सामाजिक भावनामा पोख्दै आएको काव्यात्मक ऊर्जाशीलता र विशेषता उल्लेख गर्न लायक छन् । भानुभक्तको कृतिहरूमध्ये सामाजिकता, बौद्धिकता र चिन्तनशीलताका हिसावले सबै  उत्कृष्ट रहेको पाइन्छ । प्रश्नोत्तरमाला भानुभक्तको विचार श्रृङ्खला जस्तै बनाइएको कविता कृति हो भन्न सकिन्छ । 48 अध्यायमा विभाजित 4–4 लाइनमा लेखिएको प्रश्नोत्तरमालामा

श्रीरामको पाऊ नै मुख्य नाउँ हो भने कविता संप्रेषित छन् । श्रीरामका भक्त भानुभक्त आचार्यले वैराग्यले मानिसलाई बन्धनमा पार्छन् र मुक्तिको लागि वाधा दिन्छन् भन्दै नरक र स्वर्गको तुलना गरेर कविताका कवितांशभित्र चर्चा गरेका पाइन्छन् । नरक त आफ्नै गतिविधिले पुर्याउँछन्, स्वर्ग पुग्नु भनेको आफ्नो तृष्णा छोड्न सक्नु हो । कविताको भावार्थमा ‘स्वर्ग’ र ‘नरक’ आफूभित्र नै हुन्छन् उनको ठम्याई र दृष्टि छ । ज्ञान नै सबैथोक हो । मान्छेको मोक्ष हुनु र नहुनुमा यही ज्ञानले नै भूमिका खेल्छन्, भन्ने उनको निष्कर्ष छ । सत् असत्को पहिचान गर्न सक्ने मात्र विवेकशील हुन्छन्; उनी कवितामा व्याख्या गर्छन् । शत्रु–मित्र पनि आफैभित्र रहन्छन् । आफ्नो दशै इन्द्रिय शत्रु पनि हुन्, मित्र पनि हुन् । आदर्श मात्र छैनन् भानुभक्तका प्रश्नोत्तरमालामा व्यावहारिक दृष्टि र विचार पनि संप्रेषित छन् । चारलाइन तल उच्चारण भएका कविता अंशले व्यावहारिक दृष्टि र विचारहरू कविको कस्तो छ स्पष्ट बु‌झ्न सकिन्छ । मान्छे कस्तो रहनुपर्छ, कस्तो रहँदा मान्छेको मुहारमा सुन्दरता खुल्छ ? सन्तोषम् परम सुखम्का हिमायती देखिन्छन् उनी । तृष्णा हुनेहरू नै दरिद्र हुन्छन् । जो सन्तोषले बाँच्न जान्छन् उनीहरू त हुने हुन् धनी भन्छन् उनी । विचारमा विशालता रहनुले नै भानुभक्तको गहनता आँकलन गर्न सकिन्छ । मलाई लाग्छ; भानुभक्त समाजमा चेतना संप्रेषित गर्न रूचाउने व्यावहारिक कवि हुन् । प्रत्येक कविता अंशमा व्यावहारिकता झल्किन्छन् । त्यसैले उनी लेख्छन्, कवितात्मक भावनामा यसरी कविताका हरफहरू ‘जिउँदै म¥याको भनि नाउँ छ कस्को ? उद्यम् विना बित्तछ काल जस्को ।’ कवितामा आफैले प्रश्न गर्छन् र कवितामा आफै जवाफ लेख्छन् अनि यस्तै कवितालाई उनी ‘प्रश्नोत्तरमाला’ को नाम दिन्छन् । उनी ‘प्रश्नोत्तरमाला’ कवितामा लेख्छन्—कामदेवको वशमा रहनेहरू सबैको दृष्टिमा तुच्छ रहन्छन् । हितको उपदेश दिनेहरू त गुरूहरू हुन्; उनको दृष्टिमा अपयश भनेको मृत्युतुल्य हुन्छ । सेवा गर्नेहरू नै शिष्य कहलिन्छन्; जन्मनु भनेको नै मर्नु पनि हो त्यसैले उनी कवितामा लेख्छन् —“संसार हो जन्मनु मर्नु पत्र्या ।” शीलस्वभाव नै मान्छेको आभूषण हो । तीर्थ भनेको शुद्ध मन हो । मानवीय स्वभावलाई उत्कण्ठा दिन र मान्छेमा सत्–निष्ठाका विउ–विजन हुर्काउन **प्रश्नोत्तरमाला**मा भानुभक्त कविले निकै उच्च कोटीका ज्ञान–संज्ञान संप्रेषित गरेका छन् । ‘पापमा अगाडि कहिल्यै नसर्नू ।’, ‘स्वधर्म थामीकन शास्त्र पढ्नु’, ‘सबदेखि सानो म छु भन्नु जुन् हो’ आदि–आदि अमृततूल्य भाव–दृष्टिहरू कवितामा लेखेका छन् ।

सबैजसो कविता–अंशहरूमा व्यावहारिक ज्ञानका चेतना बाँड्न अथक प्रयत्न गरेको देखिन्छ । 'विद्या नभएका मूर्खहरू उनका दृष्टिमा पशुतूल्य हुन्छन् । खत–पापि–निच्का नगिचै नपर्नू सज्जनहरूको कर्तव्य हो उनी कवितामा औंल्याउँछन् । सत्–धर्म नै मानवीय कर्म हो । उनी 'प्रश्नोत्तरमाला' मा व्याख्या गर्छन् । भानुभक्तका कवितामा सत्–ज्ञान व्याप्त रहेको कविता मानिन्छ यो 'प्रश्नोत्तरमाला' । यसरी नै भानुभक्तले नेपाली भाषामा तीन दर्जनभन्दा बढी फुटकर कविता लेखेका पाइन्छन् । उनका फुटकर कविता सबै नै मौलिक रचना मानिन्छन् । आदिकविका फुटकर कविताको मात्र अध्ययन गर्ने हो भने पनि उनको प्रतिभा अहिलेसम्मका कुनै कविसँग तुलना गर्न सकिँदैन। **अमरावती कान्तीपुरी नगरी** शीर्षक कवितामा कविले तीनताकको कान्तीपूर र अहिलेको काठमाण्डु सहरलाई स्वर्गसित तुलना गरेका छन् । बिहानै सड़कमा अप्सराहरू झैं नेपाली नारीहरू मित्रहरू शिरमा गुनकेशरीको फूल लगाई मन्दिरतिर पूजा पाठ गरेको दृश्य वर्णन कविले गरेका छन् । यसबाहेक काठमाण्डौ सहर चारैकोणबाट सुख र समृद्धिले भरिपूर्ण रहेको अनि राजधानी कान्तिपुरलाई स्वर्गको राजधानी अमरावतीसँग र बालाजुलाई स्वर्गको रमणीय स्थलसँग तुलना गर्दै नेपाललाई स्वर्ग र नेपालीलाई देवताको रूपमा उभ्याउनु नै प्रस्तुत कविताको मूल आशय रहेको बुझिन्छ । यसरी नै गिरिधारिको मुद्दा सदरमा पुगेपछि न्यायाधीशलाई लेखेको 'न मृत्यु टर्न्या...' लगायतका कविता कालजयी छन्। 'बिन्ती डिट्ठा–विचारीसँग...' पद्य लेखेर उनले त्यतिबेला पनि चलिरहेको भोलिवादलाई शालीन रूपमा व्यंग्य गरेका पाइन्छ । 'रोज् रोज् दर्शन पाउँछू...' कविता लेखेर कुमारीचोकमा थुनिँदाको पीडालाई सभ्य किसिमले व्यंग्य गरेका देखिन्छ। 'धनी म छैन...' होस् वा गजाधर् सोतीकी घरबुढीलाई ठेगानमा लगाउन बनाएको कविता 'गजाधर् सोतीका घर बुढि...' यी सबै कविका फूटकर कविताहरू कालजयी मानिन्छन्। परिस्थिति हेरेर जुनसुकै विषयलाई तत्काल हृदयस्पर्शी ढंगबाट प्रस्तुत गर्नु उनको विशेषता थियो। नेपाली समाजमा अति अतिलोकप्रिय बनेको 'घाँसी' कवितामा भानुभक्तले आफ्नो साहित्य लेखनको प्रेरणा स्रोत घाँसी जस्तो निम्नवर्गीय तर उच्च सोंच राख्ने पात्रबाट भएको भन्ने भाव व्यक्त भएको पाइन्छ । संस्कृतिको महर्षि वाल्मिकीकृत रामायणलाई सजिलो नेपाली भाषामा उल्था गरी सम्पूर्ण नेपाली समाजलाई शिक्षाको ज्योतिले आलोकित पार्ने कविकृत रामायणको नेपाली भाषा र त्यसको शैली यान्त्रिक अनुवादको जस्तो कृत्रिम नभई प्रायः मौलिक प्रतिभापूर्ण रहेको भेटिन्छ भने उनका शब्दचयन, वाक्य गठन, वाग्धारा, उखान, टुक्का, उक्ति

विन्यास र छन्दयोजनाका साथै कथा-खथा, चरित्र चित्रण, परिवेशको छनौट तथा भाव र चिन्तन आदिका विन्यासमा पर्याप्त मात्रामा मौलिक, सृजनात्मक छाप रहेको पाइन्छ। उनको यो नेपाली रामायण संस्कृत अध्यात्म रामायणको रूपान्तर हो भन्ने थाहा नपाउने सामान्य नेपाली पाठक वा स्रोताका निम्ति यो ग्रन्थ पुरै मौलिक कृतिका रूपमा आस्वादित हुन्छ र यसमा पाइने कथारसको सहज प्रवहले मूल कृति मौलिक कृतिसरह अत्यन्त लोकप्रिय रहेको छ। यस रामायणमा बानुभक्तको उनका देश, समाज तथा युगको नेपाली बिम्व वा प्रतिबिम्ब प्रशस्त मात्रामा रहेको छ। खार गरी यहाँ अँगालिएको संक्षिप्तीकरण र केही मात्रामा थपघट र संयोजनतर्फ उन्मुख चयनले पनि यसलाई मौलिकतातर्फ उन्मुख गराएका छन् भने मूल ध्यात्म रामायणको सात काण्डको विभाजनलाई मात्र लिई मूल कृतिको 65 सर्गको अन्तर्विभाजनलाई छोडिदिनु पनि यस रामायणको मौलकतातर्फको एक सचेत पाइला मानिन्छ। भारतमा विभिन्न भाषी कविहरूले संस्कृत रामांयणकै आधारमा आफ्नो रामायणको रचना गरेका छन्। गोस्वामी, तुलसीदासले बाल्मिकी रामायण, अध्यात्म रामायण अनि पुराणहरूलाई धार बनाएका छन्। वगालका कवि कृतिवासले संस्कृतमा यिनै रामकाव्यहरूलाई आफ्नो रामायणको आधार बनाएका छन्। भानुभक्तले पनि त्यही परम्पराको निर्वाह गर्दै रामानन्दकृत अध्यात्म रामायणाई अघि राख्दा आफ्नो रामायणको रचना गरेका छन्। उनले 43०8 श्लोक, 36 सर्ग अनि 14 थरी छन्दमा लेखिएको द्यात्म रामायणलाई आफ्नै प्रकारले 1319 श्लोकमा समाप्त गरेका छन्। कथाको परिवेश अनि संरचवा पनि आफ्नै प्रकारको छ। भाषा सरल, सहज र प्रवाहमय छ। यिनै विविध विशेषताहरूको कारणले बानुभक्तीय रामायणलाई प्रायः मौलिक महाकाव्यकै रूपमा हेरिने गरिन्छ।

रामायणको प्रणयण गर्दा कविले देखाएको स्वतन्त्रता, कलापक्ष, विचारपक्ष र घटनाहरूको सारसंक्षेप उतार्नुमा कविको मौलिक सृजनशीलता परिलक्षित हुन्छ। भानुभक्तको रामायणमा प्रमुख ध्येय रामको कथालाई इतिवृत्तात्मक र सरस रूपले भन्नु हो। त्यसर्थ हुवहु अनुवाद नभएर धेरै ठाउँमा मूललाई छोट्याइएको वा छाड़िएका नै छन्। यस क्रममा कहीँ कहीँ कवि मूलको शब्द,भाव र आशयलाई आफ्नो मौलिक बुद्धि र रूचिअनुसार परिवर्तित पनि पार्छन्। उनी कुनै प्रसङ्ग, प्रकृतिवर्णन, वादविवाद, प्रेम-विरह-मिलन इत्यादिमा धेरबेर अडदैनन्, खुरूखुरू दुतगतिले अगाड़ि बड्दै जान्छन्। इतिवृत्तलाई टाकटुक पारेर लेखिसिद्धयाउने

ग्रन्थलाई ठूलो आकार दिनबाट बच्ने प्रयासमा कविको ध्याउन्न भए पनि रामगाथालाई सुगठित कथारूप प्रदान गर्नमा तथा त्यसमा रोचकता र मर्मस्पर्शिताको आधारमा गर्नुसक्नु उनको कलात्मक सिद्धहस्तताको परिचायक हो औ उनको मौलिक काव्यकारिताको दसी हो भन्न सकिन्छ। कवि अध्यात्म रामायणका अनुगामी भए पनि प्रकृतिलाई हेर्ने उनको आफ्नै दृष्टि छ र उनी दृष्टि संवेदना र श्रुतिसंवेदना दुवैबाट संवेदित भई दृष्य र ध्वनिको अङ्कन र ध्वनन गर्छन् भन्ने समालोचक डा0 केशवप्रसाद उपाध्यायको मन्तव्य रहेको पाइन्छ।

भानुभक्तको कृतिहरूमध्ये सामाजिकता, बौद्धिकता र चिन्तनशीलताका हिसावले 'प्रश्नोत्तरमाला' लाई पनि उत्कृष्ट रचना मान्न सकिन्छ । उनका रचनाहरू पढेर भन्न सकिन्छ उनी उच्च विचारका भावनाशील कवि हुन् । उनी समाज सुधारमा विश्वास गर्ने कवि हुन् । तत्कालीन समाजका अगुवाहरूले सोच्ने दृष्टि र चिन्तनलाई आधार मानेर यिनले कविता लेखेका देखिन्छ । नेपालीको जातीय विकासको निम्ति, नेपालको भाषालाई सम्वद्र्धन र संरक्षित गर्नका लागि भानुभक्तले आफ्नो काव्य–कृतिबाट अथक प्रयत्न गरेको देखिन्छ ।

यसै गरी उनको **भक्तमाला** भक्तिरसमा ओतप्रोत भएको काव्य हो । समय छँदैमा मानिसले अज्ञानतालाई हटाएर ज्ञानको माध्यमबाट भक्तिमार्गमा लागेर ईश्वरको भजन गर्नु सबै भन्दा ठूलो बुद्धिमानी हुन्छ भन्ने आशयको भाव यस काव्यांशमा रहेको देखिन्छ । प्रस्तुत काव्य पूर्वीय दर्शनका मान्यतामा आधारित आध्यात्मिक काव्य हो । प्रस्तुत काव्यमा पूर्वीय दर्शनका साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त आदिका प्रभाव रहेको पाइन्छ । पूर्वीय दर्शनका कर्म, मोक्ष आदिको प्रसङ्ग र सन्दर्भ विभिन्न परिवेश र परिस्थितिमा आएका छन् । पूर्वीय दर्शनको मान्यता अनुरूपका प्रसङग र सन्दर्भमा जीवन र भौतिकताको क्षण भङ्गुरता, स्वर्ग र नरकको चर्चा, ईश्वरको ध्यान र चिन्तनबाट नै जीवनको सार्थकता आदि कुराको उद्घटान कर्मवाद आदि विविध पक्षहरूको चर्चा काव्यमा भएको देखिन्छ ।

कविको अर्को साहित्य सिर्जना तारापतिका घरमा सासू बुहरी बीचको झगडाले गर्दा **वधूशिक्षा** को जन्म भएको पाइन्छ । यो वधूशिक्षाले तत्कालिन लोकमान्यतालाई दर्शाउने काम गरेको छ । घरमा झगडा हुनु कहिल्यै पनि राम्रो त हुँदै होइन तर पनि पाहुना आएका बेला झगडा हुनु भनेको सासू बुहारीको मात्र नभएर घरकै गोपनीयता भङ्ग हुन जान्छ ।

पति र पत्नी बीचमा साझा समझदारी अवस्य हुनु पर्दछ । एकले अर्काको भावलाई सजिलै बुभ्mन सकेमा मात्र जीवन सफल मार्गमा चल्छ तर यहाँ आदिकविले पतिको धारणलाई बढी महत्व दिनु भएको छ । सबै काम स्थान विशेषमा हुनु पर्दछ भन्ने धारण र निधारमा टिका लगाउनु भन्ने धारणालाई पनि अन्यथाको रूपमा हेर्नु हुन्न । टिका लगाउनु एकातिर हिन्दु संस्कार हो । हिन्दु नारीहरूले विवाहाको दिन दुलाहा द्वारा सिउँदोमा तीन औंलाको चिम्टीले 7 पटक सिन्दुर दान लिन्छन् र विवाह सम्पन्न हुन्छ । यो टिका ऐभाती नारीको पहिचान हो भने अर्को तिर वैज्ञानिक उपलब्धी पनि छ भनिन्छ । सिन्दुरमा पारा बढ्ता हुने र यसले विद्युतीय उर्जालाई नियन्त्रण गर्ने र मर्मस्थललाई बचाउने भन्ने कुराहरू पनि कितावहरूमा पढ्न पाइन्छ । नेपाली समाजमा सासू र बुहारीको सम्बन्ध सौहार्दपूर्ण नभएर, आजको समयमा पनि कटु नै देखिन्छ । नुहाउनु, स्वच्छ हुनु मान्यजनबाट आशीर्वाद लिनु भनेको अवश्य राम्रो काम हो । आदरभावको साथमा घरमूलीबाट मार्गदर्शन लिएर काम गर्नु पनि राम्रो हो । आज पनि हाम्रो धर्मसंस्कारमा मान्य जनमा पाऊ पर्ने काम चलनमा छ । आजको जमानामा पाऊ पर्नु राम्रो मानिदैन तर यो संस्कारबाट हाम्रो समाज मुक्त हुन सकेको छैन । भानुभक्तको यी कविताहरू धैरै आलोचित छन् । यी कवितामा भानुभक्तले आफ्ना धारणामात्र नराखेर त्यस समयमा समाजले(लोकले) अपनाउँदै आएका समाजले मान्यता दिएका कर्महरूको अवलम्बन् गर्नु र कवितामा उतार्नु अस्वभाविक होइन । खुट्टा नढोगाई कन पनि शिष्ट आचारणको अवलम्वन गराउनु, अनुशासित र मर्यादित समाजको सिर्जना गराउनु पनि एउटा साहित्यकारको दायित्व भित्रै पर्दछ ।

यो बधुशिक्षा भानुभक्तले साधारण खानदानको नभएर त्यसवेलाका ख्यातीप्राप्त धन्याढ्यहरूको लागि लेखेको देखिन्छ । जसका घरमा नोकार चाकर राख्न सक्ने क्षमतावानका बुहारी, ती घरमा बुहारीले नै भान्साको काम गर्न पाउनेहरूको लागि मात्र यो बधुशिक्षाका उपरोक्त पंक्तिहरू कार्यन्वयनमा जान सक्छन् । समग्रमा के भन्न सकिन्छ साहित्य समाजको दर्पण हो । समाजमा भएका वा घटेका घटनाहरू नैं साहित्यकारले लेखेका हुन्छन् । **बधुशिक्षा** मा भानुभक्तका अभिव्यक्तिहरू वधूलाई आदर्श नारी वनाउनको लागि जुन प्रयास गरिएको देखिन्छ, यी हरेक काममा वधूलाई अग्रपंक्तिमा उभ्याउन खोजीएको छ । यी मार्गदर्शनहरू अति कठोर छन् र सर्बसाधारणमा व्यवहार मूलक देखिदैनन् ।

समयको गतिसँग समाजको गतिशीलता पनि अघि बढेको हुन्छ । आजको धारणा भनेको समतामूलक समाजको सिर्जना गर्नु हो । यसरी नै भानुभक्तले नारीलाई अति कठोर नियमको परिधिभित्र राख्न चाहेको देखिन्छ । अनुशासित बनाउनु अति राम्रो हो तर अर्कोतिर नारी हाँस्नु समेत नहुने, हाँस्ने नारी वेश्या हुन सक्दछन्, वेश्या नभए पनि एक्लै हाँस्न नहुने अर्को संगी चाहिने संगीसँग हाँस्दा घरको काम नासिने समय व्यर्थमा खेर जाने जस्ता अभिव्यक्ति द्वारा नारीलाई कठोर नियमको परिधिभित्र बाँधिएको देखिन्छ । हाँस्दैमा नारी वेश्या हुन्छे भन्नु, युक्तिसङ्गत देखिदैन । अतः भानुभक्तले सिर्जना गरेका प्रत्येक कृतिहरूले नेपाली समाज लगायत विश्वकै प्राणी हितका निम्ति कतै न कतै केही राम्रो हित चिताएको बुझिन्छ।

## 2.4 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, भानुभक्त आचार्य, नेपाली साहित्यको प्राथमिक कालअन्तर्गत रामभक्ति धाराका मूर्धन्य कवि हुन् । उनले रामायण महाकाव्य, प्रश्नोत्तरमाला, भक्तमाला र बधूशिक्षा लघुकाव्य तथा प्रशस्त फुटकर कविता रचना गरी नेपाली भाषालाई काव्य भाषाका रूपमा विकसित गर्न महत्त्वपूर्ण योगदान दिएका छन् । फलतः नेपाली भाषासहित्यका अन्वेषक र समालोचकहरूले भानुभक्तलाई आदिकविको सम्मान प्रदान गरेका छन् । साहित्य जगत्बाट प्रारम्भ भएको यो अभियानलाई 1998 मा राणा प्रधानमन्त्री जुद्धशमशेरले पनि अनुमोदन गरेका छन् । भानुभक्त नेपाली साहित्यका वाल्मीकि हुन् र रमायाण नेपाली साहित्यको पहिलो महाकाव्य हो । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीव्रो भएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ । भानुभक्तलाई महाकवि देवकोटाले 'शुक्रतारा सुन्दर हाम्रा नेपाली हे प्रथम ध्वनि' भनेर पुकारेका छन् भने महानन्द सापकोटाले 'भानुभक्तलाई आदिकवि भन्नु अरू कविको अनादर होइन' भनेर आदिकविको विवादलाई किनारा लगाइदिएका छन् । भानुभक्त जन्मसिद्ध आशुकवि थिए ।

भानुभक्तका काव्यकृति प्रकाशित गरी प्रचार गर्ने तथा भानुभक्तको जीवनी लेखेर उनलाई चिनाउने प्रथम व्यक्ति मोतीराम भट्ट (वि.सं. 1932–1952) हुन् । त्यसपछि देश विदेशका थुप्रै प्रकाशकहरूले भानुभक्तका काव्यकृति प्रकाशन

गर्न थालेका छन् । नेपालमा प्रजातन्त्रको स्थापना हुनुअघि नै भानुभक्तको रामायण लाखौँ प्रति छापिई नेपालीहरूका घर घरमा पुगेको छ । फलतः धेरै नेपाली रामायण पढेर साक्षर भएका छन् र नेपाली समाजमा साँस्कृतिक एकताको सूत्र बलियो बन्दै गएको छ । भारतीय नेपाली समाजमा भानुभक्तको रामायण जातीय एकताको आधार बनेको छ र यसले नेपाली भाषालाई साहित्यिक भाषाको स्थान दिलाउन सहयोग पुऱ्याएको छ । भानु जन्मस्थलको विकासका निम्ति प्रारम्भिक कार्यहरू थालनी भएको देखिए पनि उक्त क्षेत्रलाई साहित्यिक तीर्थस्थलका रूपमा विकसित गर्नका निम्ति स्थायी योजना भने अझ पनि कार्यान्वयन हुन सकेको छैन । फलतः चुँदी रम्घाको पहिलो साहित्यिक संस्था भानु पुस्तकालय र भानु प्रतिष्ठानको संयुक्त आयोजनामा चुँदी रम्घामा भानु स्मृति सङ्ग्रहालय स्थापना गर्ने उद्देश्यले यो प्रस्ताव निर्माण गरिएको छ । भानुभक्तलाई सम्मान गर्ने परम्परा भारतीय नेपाली समाजबाट प्रारम्भ भएको हो । उनीहरूले उन्नाइसौँ शताब्दीको अन्तिम दशकमा नै भानुभक्तलाई जातीय कविको सम्मान प्रदान गरी जयन्ती मनाउन थालेका छन् र केही समयपछि सालिग स्थापना गर्न थालेका छन् । नेपालमा पनि सात सालको जनक्रन्तिपछि भानुभक्तलाई सम्झन थालिएको छ । यसै क्रमममा भानुभक्तका गाउँलेहरूले 2००8 मा चुँदी रम्घामा भानु पुस्तकालय स्थापना गरी भानुभक्तका दुर्लभ कृतिहरूको संरक्षण प्रारम्भ गरेका छन् भने सोही समयदेखि भानु पुस्तकालय सहायक समितिले काठमाडौंमा कार्यालय स्थापना गरी पुस्तकालयलाई सहयोग गर्न थालेको छ । यिनै समितिहरूको सक्रियतामा चुँदी रम्घामा स्थापनाका निम्ति 2०16 मा भानुभक्तको प्रतिमा निर्माण गरिएको छ तर स्मारक निर्माणमा बिलम्ब हुन गएका कारण उक्त प्रतिमा 2०23 मा मात्र चुँदी रम्घामा स्थापना हुन सकेको छ । काठमाडौंमा भने नेपाली शिक्षा परिषद्को सक्रियातामा 2०11 बाट भानुजयन्ती मनाउन थालिएको छ र 2०16 मा नै भानुभक्तको सालिग स्थापना भएको छ । पृथ्वी राजमार्ग निर्माण भएपछि साहित्यकारहरू चुँदी रम्घा पुग्न थालेका छन् । यसै क्रमममा नेपाली शिक्षा परिषद्को आग्रहमा नेपाल सरकारले 2०32 मा चुँदी रम्घामा भानु स्मृति भवन र अतिथि भवन निर्माण गरेको छ भने उक्त भवनको उद्घाटन र त्यसको व्यवस्थापनका निम्ति कर्मचारीहरूको प्रवन्ध मिलाउने कार्यमा भानु सेवा समिति (भानु प्रतिष्ठानको पूर्वरूप) सक्रिय रहेको छ । चुँदी रम्घाको विकासका निम्ति यही समितिको पहलमा 2०53 मा नेपाल सरकारले भानु जन्मस्थल विकास समिति पनि गठन गरेको छ । भानुभक्त सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

गतिविधिहरूमा समन्वय गर्ने उद्देश्यले २०59 मा भानु सेवा समितिलाई भानु प्रतिष्ठानमा परिवर्तन गरिएपछि यो संस्था काठमाडौमा भानुभक्त अध्ययन केन्द्र स्थापना गरी अन्तराष्ट्रिय सम्पर्कका निम्ति क्रियाशील बन्ने प्रयत्नमा लागेको छ । घाँसीको प्रेरणाले भानुभक्त रामायण लेख्न प्रतिबद्ध भए । मोतीरामको घाँसी र कुवाको सत्यतामाथि इतिहास शिरोमणि बाबुराम आचार्यले प्रश्न नउठाएका होइनन् । तर, व्रतराज आचार्यले रम्घाबाट तीन कोस पश्चिममा पर्ने कुर्लुंगबेसीको कुवा गरिब किसान चुमनारायण पन्थले खनाएको र भानुभक्त ससुराली जाँदा सोही कुवामा भलाकुसारी भएको समेत ठोकुवा गरेका भेटिन्छन् । रामायणको बालकाण्ड 1998 तिर रचेलगत्तै उनले अयोध्याकाण्ड र अरण्यकाण्ड लेखे । 1911 सालमा झ्यालखाना बसेर किष्किन्धाकाण्ड र सुन्दरकाण्ड लेखे । छुटेपछि युद्धकाण्ड र उतरकाण्ड लेखेर रामायण पूरा गरे । यिनले प्रश्नोत्तरमाला, भक्तमाला र वधूशिक्षा पनि रचे । प्रश्नोत्तरमाला शंकराचार्यद्वारा रचित ग्रन्थको अनुवाद हो भने वधुशिक्षा सासूबुहारीको झगडाले रातभर सुत्न नपाएपछि नीतिशिक्षा लेखेका हुन् । अनि, भक्तमाला बुढ्यौलीको भक्तिभाव हो भन्न सकिन्छ।

## 2.5 सार

यस प्रखण्डमा **भानुभक्त आचार्यको जीवन र दर्शन** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

- भानुभक्त आचार्यको जन्मस्थान तनहुँको चुँदी, रम्घा हो। वि असार 1871 .सं. 29 गते पिता धनञ्जय र माता धर्मावतीदेवीको पुत्रको रुपमा उनी जन्मिएका थिए। भानुको हजुरबुबाको नाम श्रीकृष्ण आचार्य हो। उनको शिक्षाको थालनी आफ्नै घरको पिंढी पाठशालामा बाजे श्रीकृष्ण आचार्यबाट भएको थियो।

- भानुभक्त नेपाली साहित्यका वाल्मीकि हुन् र रमायाण नेपाली साहित्यको पहिलो महाकाव्य हो ।

● महानन्द सापकोटाले 'भानुभक्तलाई आदिकवि भन्नु अरू कविको अनादर होइन' भनेर आदिकविको विवादलाई किनारा लगाइदिएका छन् । भानुभक्त जन्मसिद्ध आशुकवि थिए ।

● नेपाली भाषासहित्यका अन्वेषक र समालोचकहरूले भानुभक्तलाई आदिकविको सम्मान प्रदान गरेका छन् । साहित्य जगत्‌बाट प्रारम्भ भएको यो अभियानलाई 1998 मा राणा प्रधानमन्त्री जुद्धशमशेरले पनि अनुमोदन गरेका छन् ।

● भानुभक्तका गाउँलेहरूले 2००8 मा चुँदी रम्घामा भानु पुस्तकालय स्थापना गरी भानुभक्तका दुर्लभ कृतिहरूको संरक्षण प्रारम्भ गरेका छन् भने सोही समयदेखि भानु पुस्तकालय सहायक समितिले काठमाडौंमा कार्यालय स्थापना गरी पुस्तकालयलाई सहयोग गर्न थालेको छ ।

● भानुभक्त सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिहरूमा समन्वय गर्ने उद्देश्यले 2०59 मा भानु सेवा समितिलाई भानु प्रतिष्ठानमा परिवर्तन गरिएपछि यो संस्था काठमाडौमा भानुभक्त अध्ययन केन्द्र स्थापना गरी अन्तराष्ट्रिय सम्पर्कका निम्ति क्रियाशील बन्ने प्रयत्नमा लागेको छ ।

● घाँसीको प्रेरणाले भानुभक्त रामायण लेख्न प्रतिबद्ध भए ।

● रामायणको बालकाण्ड 1998 तिर रचेलगत्तै उनले अयोध्याकाण्ड र अरण्यकाण्ड लेखे । 1911 सालमा झ्यालखाना बसेर किष्किन्धाकाण्ड र सुन्दरकाण्ड लेखे । । गरे पूरा रामायण लेखेर उतरकाण्ड र युद्धकाण्ड छुटेपछि

● **प्रश्नोत्तरमाला** शंकराचार्यद्वारा रचित ग्रन्थको अनुवाद हो भने **वधुशिक्षा** सासूबुहारीको झगडाले रातभर सुत्न नपाएपछि नीतिशिक्षा लेखेका हुन् । अनि, **भक्तमाला** बुढ्यौलीको भक्तिभाव हो । **रामायण** लाई सम्पूर्ण नेपाली समाजलाई एकसूत्रमा बाँध्ने तथा अशिक्षित समाजभित्र शिक्षाको ज्योति आलोकित गर्ने कृतिको रूपमा रहेको पाइन्छ ।

## 2.6 अनुशीलनी

(क) नेपाली साहित्य समाजमा भानुभक्त आचार्यको स्थानको मूल्याङ्कन गर्नुहोस्।

(ख) भानुभक्त आचार्यद्वारा अनुवादित रामायणको मूल्य निर्धारण गर्नुहोस् ।

(ग) भानुभक्त आचार्यद्वारा लिखित फुटकर कविताहरूले समाजलाई दिएका मूलभूत शिक्षामाथि विवेचना गर्नुहोस् ।

(घ) नेपाली समाजमा वधुशिक्षा र भक्तमालाको कृतिगत मूल्याङ्कन गर्नुहोस् ।

(ङ) भानुभक्त आचार्यको आदिकवित्वमाथि प्रकाश पार्नुहोस् ।

## 2.7 अतिरिक्त अध्ययन

ज्ञानमणि नेपाल – **नेपाली साहित्यमा आदिकविको समस्या**

सुमन ढकाल – **कवि भानुभक्त र उनका केही साहित्यिक पक्ष**

भद्रवीर अधिकारी – **नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान**

इन्द्रबहादुर राई – **भानुभक्तीय कृति अध्ययनहरू**

बालचन्द्र शर्मा – **भानुभक्त**

यस अतिरिक्त **भानुभक्त आचार्यको जीवन र दर्शन** - बारेमा अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 2.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्** –

1. भानुभक्त आचार्यको जन्म तथा मृत्यु ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.2.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. भानुभक्त आचार्यको परिवार ।

..........................................................................................................

..........................................................................................................

..............................................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.2.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. भानुभक्त आचार्चको शिक्षा - दिक्षा ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.2.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. भानुभक्त आचार्यको पेशा, सेवा र संलग्नता ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.2.4 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. भानुभक्त आचार्यलाई प्राप्त सम्मान तथा पुरस्कार ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.2.4 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

6. भानुभक्त आचार्यको कृतिगत दर्शन ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**( प्रश्न 6 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 2.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 3, भानुभक्त आचार्यको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता ।

**संरचना**

3.0 उद्देश्य

3.1 परिचय

3.2 भानुभक्त आचार्यको सामान्य परिचय

3.3 भानुभक्त आचार्यको कृतिहरू

3.4 भानुभक्त आचार्यको कृतिमा निहित सामाजिक मूल्य

3.5 भानुभक्त आचार्यको कृतिमा निहित सांस्कृतिक मूल्य

3.6 भानुभक्त आचार्यको कृतिमा निहित मानवीय मूल्य

3.7 भानुभक्त आचार्यको कृतिमा निहित सार्वजनीनता

3.8 उपसंहार

3.9 सार

3.10 अनुशीलनी

3.11 अतिरिक्त अध्ययन

3.12 मूल्यबृद्धिको निम्ति उत्तर

## 3.0 उद्धेश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- भानुभक्त आचार्यको सामान्य परिचय
- भानुभक्त आचार्यको कृतिहरू
- भानुभक्त आचार्यको कृतिमा निहित सामाजिक मूल्यहरूको चर्चा
- भानुभक्त आचार्यको कृतिमा निहित सांस्कृतिक मूल्यहरूको चर्चा

- भानुभक्त आचार्यको कृतिमा निहित मानवीय मूल्यहरूको चर्चा
- भानुभक्त आचार्यको कृतिमा निहित सार्वजनीनताहरूको चर्चा

## 3.1 परिचय

भारतीय नेपाली समाजमा भानुभक्तको रामायण जातीय एकताको आधार बनेको छ र यसले नेपाली भाषालाई साहित्यिक भाषाको स्थान दिलाउन सहयोग पुऱ्याएको छ । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीव्रो भएको छ । नेपालमा प्रजातन्त्रको स्थापना हुनुअघि नै भानुभक्तको रामायण लाखौँ प्रति छापिई नेपालीहरूका घर घरमा पुगेको पाइन्छ । फलतः धेरै नेपाली रामायण पढेर साक्षर भएका छन् र नेपाली समाजमा साँस्कृतिक एकताको सूत्र बलियो बन्दै गएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ । भानु जन्मस्थलको विकासका निम्ति प्रारम्भिक कार्यहरू थालनी भएको देखिए पनि उक्त क्षेत्रलाई साहित्यिक तीर्थस्थलका रूपमा विकसित गर्नका निम्ति स्थायी योजना भने अझ पनि कार्यान्वयन हुन सकेको छैन । फलतः चुँदी रम्घाको पहिलो साहित्यिक संस्था भानु पुस्तकालय र भानु प्रतिष्ठानको संयुक्त आयोजनामा चुँदी रम्घामा भानु स्मृति सङ्ग्रहालय स्थापना गर्ने उद्देश्यले यो प्रस्ताव निर्माण गरिएको छ ।

भानुभक्तलाई सम्मान गर्ने परम्परा भारतीय नेपाली समाजबाट प्रारम्भ भएको हो । उनीहरूले उन्नाइसौँ शताब्दीको अन्तिम दशकमा नै भानुभक्तलाई जातीय कविको सम्मान प्रदान गरी जयन्ती मनाउन थालेका छन् र केही समयपछि सालिग स्थापना गर्न थालेका छन् । नेपालमा पनि सात सालको जनक्रन्तिपछि भानुभक्तलाई सम्झन थालिएको छ ।

घाँसीको प्रेरणाले भानुभक्त रामायण लेख्न प्रतिबद्ध भए । मोतीरामको घाँसी र कुवाको सत्यतामाथि इतिहास शिरोमणि बाबुराम आचार्यले प्रश्न नउठाएका होइनन् । तर, व्रतराज आचार्यले रम्घाबाट तीन कोस पश्चिममा पर्ने कुर्लुंगबेसीको कुवा गरिब किसान चुमनारायण पन्थले खनाएको र भानुभक्त ससुराली जाँदा सोही कुवामा भलाकुसारी भएको समेत ठोकुवा गरेका भेटिन्छन् । रामायणको बालकाण्ड 1998 तिर रचेलगत्तै उनले अयोध्याकाण्ड र अरण्यकाण्ड लेखे । 1911 सालमा झ्यालखाना बसेर किष्किन्धाकाण्ड र सुन्दरकाण्ड लेखे । छुटेपछि युद्धकाण्ड र उतरकाण्ड लेखेर रामायण पूरा गरे । यिनले

प्रश्नोत्तरमाला, भक्तमाला र वधूशिक्षा पनि रचे । प्रश्नोत्तरमाला शंकराचार्यद्वारा रचित ग्रन्थको अनुवाद हो भने वधुशिक्षा सासूबुहारीको झगडाले रातभर सुत्न नपाएपछि नीतिशिक्षा लेखेका हुन् । अनि, भक्तमाला बुढ्यौलीको भक्तिभाव हो । यसै क्रमममा भानुभक्तका गाउँलेहरूले 2००8 मा चुँदी रम्घामा भानु पुस्तकालय स्थापना गरी भानुभक्तका दुर्लभ कृतिहरूको संरक्षण प्रारम्भ गरेका छन् भने सोही समयदेखि भानु पुस्तकालय सहायक समितिले काठमाडौंमा कार्यालय स्थापना गरी पुस्तकालयलाई सहयोग गर्न थालेको छ । यिनै समितिहरूको सक्रियतामा चुँदी रम्घामा स्थापनाका निम्ति 2०16 मा भानुभक्तको प्रतिमा निर्माण गरिएको छ तर स्मारक निर्माणमा बिलम्ब हुन गएका कारण उक्त प्रतिमा 2०23 मा मात्र चुँदी रम्घामा स्थापना हुन सकेको छ । काठमाडौंमा भने नेपाली शिक्षा परिषद्को सक्रियातामा 2०11 बाट भानुजयन्ती मनाउन थालिएको छ र 2०16 मा नै भानुभक्तको सालिग स्थापना भएको छ ।

पृथ्वी राजमार्ग निर्माण भएपछि साहित्यकारहरू चुँदी रम्घा पुग्न थालेका छन् । यसै क्रमममा नेपाली शिक्षा परिषद्को आग्रहमा नेपाल सरकारले 2०32 मा चुँदी रम्घामा भानु स्मृति भवन र अतिथि भवन निर्माण गरेको छ भने उक्त भवनको उद्घाटन र त्यसको व्यवस्थापनका निम्ति कर्मचारीहरूको प्रवन्ध मिलाउने कार्यमा भानु सेवा समिति (भानु प्रतिष्ठानको पूर्वरूप) सक्रिय रहेको छ । चुँदी रम्घाको विकासका निम्ति यही समितिको पहलमा 2०53 मा नेपाल सरकारले भानु जन्मस्थल विकास समिति पनि गठन गरेको छ । भानुभक्त सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिहरूमा समन्वय गर्ने उद्देश्यले 2०59 मा भानु सेवा समितिलाई भानु प्रतिष्ठानमा परिवर्तन गरिएपछि यो संस्था काठमाडौमा भानुभक्त अध्ययन केन्द्र स्थापना गरी अन्तराष्ट्रिय सम्पर्कका निम्ति क्रियाशील बन्ने प्रयत्नमा लागेको छ ।

## 3.2 भानुभक्त आचार्यको सामान्य परिचय –

पिता धनञ्जय र माता धर्मावतीदेवीको पुत्रको रुपमा भानुभक्त आचार्यको जन्म वि. सं. 1871 29 गतेको दिन नेपालको तनहुँ जिल्लाको चुँदी, रम्घा भन्ने गाउँमा भएको थियो । नेपाली साहित्य समाजको अनेक थरीले सेवा पुर्याएपछि अन्तमा रामगीता कृतिको निर्माणपछि अर्थात् 1925 साल असोज 6 गते कालज्वरोको कारणले उनले आफ्ना भौतिक आँखा चिम्ले ।

उनको हजुरबुबाको नाम श्रीकृष्ण आचार्य हो। नेपाली साहित्यमा आदिकविको श्रेय प्राप्त मूर्धन्य कवि भानुभक्तले "आचार्य कुल परम्परा" को परिचयबारे भन्नु पर्दा नेपालमा भएका व्राह्मणहरूको थर कोही योग्यताको आधारमा छन्, कोही दजेनी आधारमा छन् र प्रायःजसो स्थान विशेषको आधारमा पाइन्छन्। आचार्य भनेको मन्त्र सुनाउने वा वेद पढाउने गुरु, वैदिक यज्ञ आदिको अध्यक्ष वा संस्कृत विद्यातर्फको उच्च उपाधि हो। थरमा आचार्य भनिए पनि नेपालमा दुई प्रकारका गोत्र भएका आचार्य छन्- कौडिन्य गोत्रीय आचार्य र गर्ग गोत्रीय आचार्यझ् भानुभक्त कौडिन्य गोत्रीय, त्रि्रवर, यजुवेदीय उपाध्याय व्राह्मण हुन्। त्यसैले उनले आफ्ना बाजे श्रीकृष्णको परिचय दिँदा 'उच्च कुलका आर्यवंशी' भनेका छन्। यसैगरी उनको व्रतवन्ध, विवाहबारे भन्नु पर्दा भानुभक्तको व्रतवन्ध सात वर्षको उमेरमा 1878 मा भएको थियो। बाजे श्रीकृष्ण आचार्यले गायत्री मन्त्र दिएका थिए। व्रतवन्धपछि उनले बाजेसँग आफ्नै घरको पिंढी पाठशालामा कौमदी, रुद्री र वेद पढ्न थालेका थिए। यसपछि 1886 मा बाजेसँग काशीवास गर्न जाँदा कोश, व्याकरण र साहित्यका साथै ज्योतिषसमेत अध्ययन गरेका थिए। काशीवास जानुभन्दा डेढ वर्षअघि विवाह गरेकी श्रीमती चन्द्रकान्ताको स्व्वर्गरोहण भएकाले 1886 मा पुनः मानुङ गाउँको विद्याधर खनालकी छोरी चन्द्रकलादेवीसँग उनले दोस्रो विवाह गरेका थिए। काशीबाट फर्केपछि 1890 देखि भानुभक्तले गृहस्थी जीवन सुरु गरेका थिए। यसैबीच, मानुङ गाउँमा ससुराली जाने सर्न्दर्भमा बुर्लुङ वेसी, वुल्दीखोला किनारामा विश्राम गर्दा घाँसी चामुनारायण पन्तसँग भानुभक्तको भेट भएको थियो। महाकवि लक्ष्मीप्रसाद देवकोटाले लक्ष्मी निबन्ध सङ्ग्रहमा लेखेका छन्- 'भानुभक्त ढुङ्गाको तकियामा सुतेर व्युझिदा फूलको हृदय भेट्टाए। घाँसीमा उनको परमेश्वर बोल्यो। सच्चा नेपाली हृदयलाई ब्युझाइदियो र सुन्दर देशमा बोलाएर लग्यो।' उनको शिक्षाको थालनी आफ्नै घरको पिंढी पाठशालामा बाजे श्रीकृष्ण आचार्यबाट भएको थियो। पछि बाजेको काशीवास हुँदा उनी वनारस गएर संस्कृत व्याकरण र साहित्य अध्ययन गरेको पाइन्छ। पोखराको गुरुकुलमा भानुभक्तले ज्योतिष शास्त्र अध्ययन गरेका र पौराणिक साहित्यको अध्ययनका निम्ति उनी वाग्लुङका वद्रिनाथ पन्तसँगको संयोगबाट प्राप्त गरेका थिए । उनका बाबु पाल्पा मालमा खरदार थिए । खरदार पदमा रहँदा हिसाब कितावमा फरक परेकोले बाबुको मृत्यु पछि भानुभक्तलाई 1906 सालतिर हिसाव फस्र्योट गर्ने अड्डाले समात्यो र 5 महिनासम्म नजरबन्दमा राख्यो भन्ने कुरा एकदेवजीले लेख्नुभएको छ तर

नरेन्द्रराज प्रसाईद्वारा लेखेको एक लेखमा भानुभक्तले 37 वर्षको उमेरमा आफै सरकारी जागिर खाएका थिए । उनी सम्पूर्ण नेपाली समाजका शीर हुन । नेपाल लगायत विश्वभरि कै नेपाली समाज बाहेक अन्य जातिका कवि भानुभक्त आचार्यलाई भक्तिभाव र सम्मानको श्रेय प्राप्त भएको देखिन्छ । उनकै नाउँमा विभिन्न साहित्यिक पुरस्कार, बाटा घाटा, चोक, स्कूल, साहित्य संस्थान इत्यादि पनि स्थापित गरी कविलाई दिनरात स्मरण गरिएका तथ्यहरू लछेप्रै पाइन्छ । मोतीराम भट्टले 1948 सालमा भानुभक्त आचार्यलाई आदिकवि लेखे, तर उनले लेखेको त्यो 'आदिकवि' त्यतिसारो चलेन । 1997 सालमा जुद्धशमशेर राणाले 'भानुभक्तलाई आदिकवि भने पनि हुन्छ' भन्ने हुकुम दिएपछि मात्र तमामको जिभ्रोमा भानुभक्त आदिकवि हुन थाले ।

## 3.3 भानुभक्त आचार्यको कृतिहरू

नेपाली साहित्य जगतमा आदिकवि भनेर चिनिने भानुभक्तका चर्चित पुस्तकहरुमा रामायण (191०), प्रश्नोत्तरमाला (191०), भक्तमाला (1921), बधुशिक्षा (1919), रामगीता 1)925। छन् आदि ( भानुभक्तका रचनाहरू पढेर भन्न सकिन्छ उनी उच्च विचारका भावनाशील कवि हुन् । उनी समाज सुधारमा विश्वास गर्ने कवि हुन् । तत्कालीन समाजका अगुवाहरूले सोच्ने दृष्टि र चिन्तनलाई आधार मानेर यिनले कविता लेखे । नेपालीको जातीय विकासको निम्ति, नेपालको भाषालाई सम्वद्र्धन र संरक्षित गर्नका लागि भानुभक्तले आफ्नो काव्य–कृतिबाट अथक प्रयत्न गरेको देखिन्छ।

## 3.4 भानुभक्त आचार्यको कृतिमा निहित सामाजिक मूल्य –

साहित्य लेखन भनेको सचेत, संवेदनशील मनको अभिव्यक्तिपूर्ण लेखाइ हो । अझ काव्य–लेखन त उत्कृष्ट लेखाई र बौद्धिक संरचना  मानिन्छ । समाज वृत्तका लागि, देशको अवस्था स्थितिको लागि र मानव जातिका लागि भावनात्मक संवेग पोख्ने दृष्टि पनि साहित्य हो । भानुभक्तले सोचेका र कवितामा लेखेका कुराहरूले पनि जीवन र जगतका कुराहरू कसरी तरङ्गित हुन्छन् सो को प्रमाण बोल्छन् । लोककै हित गर्ने भावनासहित साहित्यमा प्रवेश गरेका भानुभक्त, लोक कल्याणकारी कार्य नै साहित्य हो सम्झेर कविता लेख्दै आएका भानुभक्तका सबै कवितामा लोकको भलो गर्ने भावना मुखरित छन् ।

भानुभक्त समग्रमा अध्यात्म चेत बोकेका कवि हुनाका साथै सामाजिक व्यङ्ग्यकार कवि पनि हुन् । यिनी बेथितिका विरोधी छन् । प्रशासनका कर्मचारीहरूले व्यवहारमा देखाउने भोलिवादका यिनी कट्टर विरोधी छन् । अर्थलोलुपहरूका यिनी विरोधी, सामाजिक सचेतना व्याप्त त्यसताकाका चेतनशील युवा भानुभक्तमा संस्कारयुक्त भावना र विचारहरू रहनु आश्चर्यका विषय मान्नु हुँदैन । आफूले भोगेको, देखेको र नराम्रो सम्झेको यथार्थलाई उनी नलुकाइकन व्यङ्ग्य कथेर कवितामा सरल ढङ्गले आफ्नो विचार पोख्दछन् । सरल भाषाका धनी कवि भानुभक्तका कवितामा तत्कालीन समाजका लागि उपयुक्त विचार दर्शन व्याप्त छन् । भानुभक्तको चर्चा गर्दा भन्न सकिन्छ उनले नेपाली साहित्य र भाषामा एउटा सुन्दर उल्लेखयोग्य गन्तव्य दिए । यहाँ भानुभक्तको चेतनशीलता, विचारमा देखिने उच्चता, सामाजिक भावनामा पोख्दै आएको काव्यात्मक ऊर्जाशीलता र विशेषता उल्लेख गर्न लायक छन् । भानुभक्तको कृतिहरूमध्ये सामाजिकता, बौद्धिकता र चिन्तनशीलताका हिसावले सबै उत्कृष्ट रहेको पाइन्छ । प्रश्नोत्तरमाला भानुभक्तको विचार श्रृङ्खला जस्तै बनाइएको कविता कृति हो भन्न सकिन्छ । 48 अध्यायमा विभाजित 4–4 लाइनमा लेखिएको प्रश्नोत्तरमालामा श्रीरामको पाऊ नै मुख्य नाउँ हो भने कविता संप्रेषित छन् । श्रीरामका भक्त भानुभक्त आचार्यले वैराग्यले मानिसलाई बन्धनमा पार्छन् र मुक्तिको लागि वाधा दिन्छन् भन्दै नरक र स्वर्गको तुलना गरेर कविताका कवितांशभित्र चर्चा गरेका पाइन्छन् । नरक त आफ्नै गतिविधिले पुर्याउँछन्, स्वर्ग पुग्नु भनेको आफ्नो तृष्णा छोड्न सक्नु हो । कविताको भावार्थमा 'स्वर्ग' र 'नरक' आफूभित्र नै हुन्छन् उनको ठम्याई र दृष्टि छ । ज्ञान नै सबैथोक हो । मान्छेको मोक्ष हुनु र नहुनुमा यही ज्ञानले नै भूमिका खेल्छन्, भन्ने उनको निष्कर्ष छ । सत् असत्को पहिचान गर्न सक्ने मात्र विवेकशील हुन्छन्; उनी कवितामा व्याख्या गर्छन् । शत्रु–मित्र पनि आफैभित्र रहन्छन् । आफ्नो दशै इन्द्रिय शत्रु पनि हुन्, मित्र पनि हुन् । आदर्श मात्र छैनन् भानुभक्तका प्रश्नोत्तरमालामा व्यावहारिक दृष्टि र विचार पनि संप्रेषित छन् । चारलाइन तल उच्चारण भएका कविता अंशले व्यावहारिक दृष्टि र विचारहरू कविको कस्तो छ स्पष्ट बुझ्न सकिन्छ । मान्छे कस्तो रहनुपर्छ, कस्तो रहँदा मान्छेको मुहारमा सुन्दरता खुल्छ ? सन्तोषम् परम सुखम्का हिमायती देखिन्छन् उनी । तृष्णा हुनेहरू नै दरिद्र हुन्छन् । जो सन्तोषले बाँच्न जान्छन् उनीहरू त हुने हुन् धनी भन्छन् उनी । विचारमा विशालता रहनुले नै भानुभक्तको गहनता आँकलन गर्न सकिन्छ । भानुभक्त समाजमा चेतना संप्रेषित गर्न रूचाउने व्यावहारिक कवि हुन् । मानवीय स्वभावलाई उत्कण्ठा दिन र मान्छेमा सत्–निष्ठाका विउ–विजन हुर्काउन 'प्रश्नोत्तरमाला' मा भानुभक्त कविले निकै उच्च कोटीका ज्ञान–संज्ञान संप्रेषित गरेका छन् । 'पापमा अगाडि कहिल्यै नसर्नू ।', 'स्वधर्म थामीकन शास्त्र पढ्नु', 'सबदेखि सानो म छु भन्नु जुन् हो' आदि–आदि अमृततूल्य भाव–दृष्टिहरू कवितामा लेखेका छन् । यसरी नै 'अमरावती कान्तीपुरी' नगरी

शीर्षक कवितामा कविले तीनताकको कान्तीपूर र अहिलेको काठमाण्डु सहरलाई स्वर्गसित तुलना गरेका छन् । बिहानै सड़कमा अप्सराहरू झैं नेपाली नारीहरू मित्रहरू शिरमा गुनकेशरीको फूल लगाई मन्दिरतिर पूजा पाठ गरेको दृश्य वर्णन कविले गरेका छन् । यसबाहेक काठमाण्डौ सहर चारैकोणबाट सुख र समृद्धिले भरिपूर्ण रहेको अनि राजधानी कान्तिपुरलाई स्वर्गको राजधानी अमरावतीसँग र बालाजुलाई स्वर्गको रमणीय स्थलसँग तुलना गर्दै नेपाललाई स्वर्ग र नेपालीलाई देवताको रूपमा उभ्याउनु नै प्रस्तुत कविताको मूल आशय रहेको बुझिन्छ । यसरी नै गिरिधारिको मुद्दा सदरमा पुगेपछि न्यायाधीशलाई लेखेको 'न मृत्यु टर्न्या...' लगायतका कविता कालजयी छन्। 'बिन्ती डिट्ठा–विचारीसँग...' पद्य लेखेर उनले त्यतिबेला पनि चलिरहेको भोलिवादलाई शालीन रूपमा व्यंग्य गरेका पाइन्छ । 'रोज् रोज् दर्शन पाउँछू...' कविता लेखेर कुमारीचोकमा थुनिँदाको पीडालाई सभ्य किसिमले व्यंग्य गरेका देखिन्छ। 'धनी म छैन...' होस् वा गजाधर् सोतीकी घरबुढीलाई ठेगानमा लगाउन बनाएको कविता 'गजाधर् सोतीका घर बुढि...' यी सबै कविका फूटकर कविताहरू कालजयी मानिन्छन्। परिस्थिति हेरेर जुनसुकै विषयलाई तत्काल हृदयस्पर्शी ढंगबाट प्रस्तुत गर्नु उनको विशेषता थियो। नेपाली समाजमा अति अतिलोकप्रिय बनेको 'घाँसी' कवितामा भानुभक्तले आफ्नो साहित्य लेखनको प्रेरणा स्रोत घाँसी जस्तो निम्नवर्गीय तर उच्च सोंच राख्ने पात्रबाट भएको भन्ने भाव व्यक्त भएको पाइन्छ ।

यसै गरी उनको 'भक्तमाला' भक्तिरसमा ओतप्रोत भएको काव्य हो । समय छँदैमा मानिसले अज्ञानतालाई हटाएर ज्ञानको माध्यमबाट भक्तिमार्गमा लागेर ईश्वरको भजन गर्नु सबै भन्दा ठूलो बुद्धिमानी हुन्छ भन्ने आशयको भाव यस काव्यांशमा रहेको देखिन्छ । प्रस्तुत काव्य पूर्वीय दर्शनका मान्यतामा आधारित आध्यात्मिक काव्य हो । प्रस्तुत काव्यमा पूर्वीय दर्शनका साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त आदिका प्रभाव रहेको पाइन्छ । पूर्वीय दर्शनका कर्म, मोक्ष आदिको प्रसङ्ग र सन्दर्भ विभिन्न परिवेश र परिस्थितिमा आएका छन् । पूर्वीय दर्शनको मान्यता अनुरूपका प्रसङग र सन्दर्भमा जीवन र भौतिकताको क्षण भङ्गुरता, स्वर्ग र नरकको चर्चा, ईश्वरको ध्यान र चिन्तनबाट नै जीवनको सार्थकता आदि कुराको उद्‌घटान कर्मवाद आदि विविध पक्षहरूको चर्चा काव्यमा भएको देखिन्छ ।

कविको अर्को साहित्य सिर्जना तारापतिका घरमा सासू बुहरी बीचको झगडाले गर्दा वधूशिक्षा को जन्म भएको पाइन्छ । यो वधूशिक्षाले तत्कालिन लोकमान्यतालाई दर्शाउने काम गरेको छ । घरमा झगडा हुनु कहिल्यै पनि राम्रो

त हुँदै होइन तर पनि पाहुना आएका बेला झगडा हुनु भनेको सासू बुहारीको मात्र नभएर घरकै गोपनीयता भङ्ग हुन जान्छ ।

पति र पत्नी बीचमा साझा समझदारी अवस्य हुनु पर्दछ । एकले अर्काको भावलाई सजिलै बुभ्mन सकेमा मात्र जीवन सफल मार्गमा चल्छ तर यहाँ आदिकविले पतिको धारणलाई बढी महत्व दिनु भएको छ । सबै काम स्थान विशेषमा हुनु पर्दछ भन्ने धारण र निधारमा टिका लगाउनु भन्ने धारणालाई पनि अन्यथाको रूपमा हेर्नु हुन्न । टिका लगाउनु एकातिर हिन्दु संस्कार हो । हिन्दु नारीहरूले विवाहाको दिन दुलाहा द्वारा सिउँदोमा तीन औंलाको चिम्टीले 7 पटक सिन्दुर दान लिन्छन् र विवाह सम्पन्न हुन्छ । यो टिका ऐभाती नारीको पहिचान हो भने अर्को तिर वैज्ञानिक उपलब्धी पनि छ भनिन्छ । सिन्दुरमा पारा बढ्ता हुने र यसले विद्युतीय उर्जालाई नियन्त्रण गर्ने र मर्मस्थललाई बचाउने भन्ने कुराहरू पनि कितावहरूमा पढ्न पाइन्छ । नेपाली समाजमा सासू र बुहारीको सम्बन्ध सौहार्दपूर्ण नभएर, आजको समयमा पनि कटु नै देखिन्छ । नुहाउनु, स्वच्छ हुनु मान्यजनबाट आशीर्वाद लिनु भनेको अवश्य राम्रो काम हो । आदरभावको साथमा घरमूलीबाट मार्गदर्शन लिएर काम गर्नु पनि राम्रो हो । आज पनि हाम्रो धर्मसंस्कारमा मान्य जनमा पाऊ पर्ने काम चलनमा छ । आजको जमानामा पाऊ पर्नु राम्रो मानिदैन तर यो संस्कारबाट हाम्रो समाज मुक्त हुन सकेको छैन । भानुभक्तको यी कविताहरू धैरै आलोचित छन् । यी कवितामा भानुभक्तले आफ्ना धारणामात्र नराखेर त्यस समयमा समाजले(लोकले) अपनाउँदै आएका समाजले मान्यता दिएका कर्महरूको अवलम्बन् गर्नु र कवितामा उतार्नु अस्वभाविक होइन । खुट्टा नढोगाई कन पनि शिष्ट आचारणको अवलम्वन गराउनु, अनुशासित र मर्यादित समाजको सिर्जना गराउनु पनि एउटा साहित्यकारको दायित्व भित्रै पर्दछ ।

यो बधुशिक्षा भानुभक्तले साधारण खानदानको नभएर त्यसवेलाका ख्यातीप्राप्त धन्याढ्यहरूको लागि लेखेको देखिन्छ । जसका घरमा नोकार चाकर राख्न सक्ने क्षमतावानका बुहारी, ती घरमा बुहारीले नै भान्साको काम गर्न पाउनेहरूको लागि मात्र यो बधुशिक्षाका उपरोक्त पंक्तिहरू कार्यन्वयनमा जान सक्छन् । समग्रमा के भन्न सकिन्छ साहित्य समाजको दर्पण हो । समाजमा भएका वा घटेका घटनाहरू नैं साहित्यकारले लेखेका हुन्छन् । बधुशिक्षा मा भानुभक्तका अभिव्यक्तिहरू वधूलाई आदर्श नारी वनाउनको लागि जुन प्रयास गरिएको

देखिन्छ, यी हरेक काममा वधूलाई अग्रपंक्तिमा उभ्याउन खोजीएको छ । यी मार्गदर्शनहरू अति कठोर छन् र सर्बसाधारणमा व्यवहार मूलक देखिदैनन् । समयको गतिसँग समाजको गतिशीलता पनि अघि बढेको हुन्छ । आजको धारणा भनेको समतामूलक समाजको सिर्जना गर्नु हो । यसरी नै भानुभक्तले नारीलाई अति कठोर नियमको परिधिभित्र राख्न चाहेको देखिन्छ । अनुशासित बनाउनु अति राम्रो हो तर अर्कोतिर नारी हाँस्नु समेत नहुने, हाँस्ने नारी वेश्या हुन सक्दछन्, वेश्या नभए पनि एक्लै हाँस्न नहुने अर्को संगी चाहिने संगीसँग हाँस्दा घरको काम नासिने समय व्यर्थमा खेर जाने जस्ता अभिव्यक्ति द्वारा नारीलाई कठोर नियमको परिधिभित्र बाँधिएको देखिन्छ । हाँस्दैमा नारी वेश्या हुन्छे भन्नु, युक्तिसङ्गत देखिदैन । अतः भानुभक्तले सिर्जना गरेका प्रत्येक कृतिहरूले नेपाली समाज लगायत विश्वकै प्राणी हितका निम्ति कतै न कतै केही राम्रो हित चिताएको बुझिन्छ।

उनको नेपाली 'रामायण' संस्कृत अध्यात्म रामायणको रूपान्तर हो भन्ने थाहा नपाउने सामान्य नेपाली पाठक वा स्रोताका निम्ति यो ग्रन्थ पुरै मौलिक कृतिका रूपमा आस्वादित हुन्छ र यसमा पाइने कथारसको सहज प्रवहले मूल कृति मौलिक कृतिसरह अत्यन्त लोकप्रिय रहेको छ। यस रामायणमा बानुभक्तको उनका देश ,समाज तथा युगको नेपाली बिम्व वा प्रतिबिम्ब प्रशस्त मात्रामा रहेको छ। भारतमा विभिन्न भाषी कविहरूले संस्कृत रामांयणकै आधारमा आफ्नो रामायणको रचना गरेका छन्। गोस्वामी ,तुलसीदासले बाल्मिकी रामायण ,अध्यात्म रामायण अनि पुराणहरूलाई धार बनाएका छन्। वगालका कवि कृतिवासले संस्कृतमा यिनै रामकाव्यहरूलाई आफ्नो रामायणको आधार बनाएका छन्। भानुभक्तले पनि त्यही परम्पराको निर्वाह गर्दै रामानन्दकृत अध्यात्म रामायणाई अघि राख्दा आफ्नो रामायणको रचना गरेका छन्। भाषा सरल ,सहज र प्रवाहमय छ। यिनै विविध विशेषताहरूको कारणले बानुभक्तीय रामायणलाई प्रायः मौलिक महाकाव्यकै रूपमा हेरिने गरिन्छ।

रामायणको प्रणयण गर्दा कविले देखाएको स्वतन्त्रता, कलापक्ष, विचारपक्ष र घटनाहरूको सारसंक्षेप उतार्नुमा कविको मौलिक सृजनशीलता परिलक्षित हुन्छ। भानुभक्तको रामायणमा प्रमुख ध्येय रामको कथालाई इतिवृत्तात्मक र सरस रूपले भन्नु हो। त्यसर्थ हुवहु अनुवाद नभएर धेरै ठाउँमा मूललाई छोट्याइएको वा छाड़िएका नै छन्। यस क्रममा कहीँ कहीँ कवि मूलको शब्द,भाव र आशयलाई आफ्नो मौलिक बुद्धि र रूचिअनुसार परिवर्तित पनि पार्छन्। उनी कुनै प्रसङ्ग, प्रकृतिवर्णन, वादविवाद, प्रेम-विरह-मिलन इत्यादिमा धेरबेर अडदैनन्, खुरूखुरू

Notes

द्रुतगतिले अगाड़ि बड्दै जान्छन्। इतिवृत्तलाई टाकटुक पारेर लेखिसिद्धयाउने ग्रन्थलाई ठूलो आकार दिनबाट बच्ने प्रयासमा कविको ध्याउन्न भए पनि रामगाथालाई सुगठित कथारूप प्रदान गर्नमा तथा त्यसमा रोचकता र मर्मस्पर्शिताको आधारमा गर्नुसक्नु उनको कलात्मक सिद्धहस्तताको परिचायक हो औ उनको मौलिक काव्यकारिताको दसी हो भन्न सकिन्छ। कवि अध्यात्म रामायणका अनुगामी भए पनि प्रकृतिलाई हेर्ने उनको आफ्नै दृष्टि छ र उनी दृष्टि संवेदना र श्रुतिसंवेदना दुवैबाट संवेदित भई दृष्य र ध्वनिको अङ्कन र ध्वनन गर्छन् भन्ने समालोचक डा0 केशवप्रसाद उपाध्यायको मन्तव्य रहेको पाइन्छ। भानुभक्तको कृतिहरूमध्ये सामाजिकता, बौद्धिकता र चिन्तनशीलताका हिसावले 'प्रश्नोत्तरमाला' लाई पनि उत्कृष्ट रचना मान्न सकिन्छ । उनका रचनाहरू पढेर भन्न सकिन्छ उनी उच्च विचारका भावनाशील कवि हुन् । उनी समाज सुधारमा विश्वास गर्ने कवि हुन् । तत्कालीन समाजका अगुवाहरूले सोच्ने दृष्टि र चिन्तनलाई आधार मानेर यिनले कविता लेखेका देखिन्छ । नेपालीको जातीय विकासको निम्ति, नेपालको भाषालाई सम्वद्र्धन र संरक्षित गर्नका लागि भानुभक्तले आफ्नो काव्य–कृतिबाट अथक प्रयत्न गरेको देखिन्छ ।

## 3.5 भानुभक्त आचार्यको कृतिमा निहित सांस्कृतिक मूल्य -

नेपाली साहित्यको प्रारम्भिक काल 1896)–1940 (का सर्वश्रेष्ठ कवि हुन् भानुभक्त आचार्य जो नेपाली भाषाको आदि कविका रूपमा सम्मानित छन् । उनी यसरी सम्मानित हुनुमा मूलतः सरल, सहज र श्रुति मधुर शैलीमा नेपाली भाषामा कविता लेखनको आधारभूमि तयार पार्ने पहिलो स्रष्टा भएर नै हो । हुन त उनको आदि कविको पदवीमा विवाद नभएको होइन । त्यस बेलाको अशिक्षित, संकीर्ण र अज्ञानताको तुवाँलोले ढाकिएको नेपाली समाजमा भानुभक्त साँच्चिकै "भानु" भएर उदाएका थिए । संस्कृतको बहुल प्रयोग नभएको चोखो नेपाली भाषामा लेखिएको भानुभक्त रामायण हातमा लिएर । छोटै समयमा उनी निरक्षर नेपालीका घर घरमा पसे, नेपाली जनजिब्रोमा बसे । देशकालको सीमालाई नाघेर आज उनी विश्वभरी छरिएर बसेका नेपालीहरूमाझ अत्यन्त सम्मानित आदिकविको रूपमा उपस्थित छन् । नेपाली जनतालाई भावनात्मक रूपमा

निकट तुल्याउने उनको योगदान सदैव अविस्मरणिय रहनेछ । घनञ्जय आचार्य र धर्मावतिका एकल पुत्रका रूपमा वि गण्डकी गते 29 महिनाको असार 1871 .सं. । हो भएको जन्म भानुभक्तको गाँउमा रम्घा चुँदी जिल्लाको तनहूँ अञ्चल घनञ्जय आचार्यले सूर्यको उपासना गर्दा छोरा जन्मिएकाले सूर्यभक्तको आशीर्वादका रूपमा उनलाई भानुभक्त अथवा सूर्यका भक्त भनिएको पाइन्छ । अक्षरारम्भको सुरुवाती समयदेखि नै पढाइ लेखाइमा निकै चलाख देखिँदा उनलाई हुने विरुवाको चिल्लो पात भनिन्थ्यो । भानुभक्तले हजुर बाबा श्री कृष्ण आचार्यबाट प्रारम्भिक शिक्षा प्राप्त गरी उच्च शिक्षाको निमित्त काशी वाराणशीको गुरुकुलमा सामेल भए । बाल्यावस्थामा चाखिलो भई लुटपुटिएका र विद्याको ज्योति समेत हजुर बाबाबाट नै पाएकाले आफ्नो परिचय दिँदा उनी म “श्री कृष्ण आचार्यको नाति हुँ” भनी परिचय दिन्थे । हजुर बाबाबाट प्रभावित र अनुशासित भएका भानुभक्त कालान्तरमा विश्व साहित्यको क्षेत्रमा परिचित हुँदै नेपाल राष्ट्रका राष्ट्रिय विभूति र आदि कविका रूपमा स्थापित भए । धर्म, दर्शन, अध्यात्म, पुराण ज्योतिष, कर्मकाण्डका विषयमा ज्ञान पाएका उनले अध्यात्म रामायण, बाल्मीकि रामायण लगायत अन्य रामायण, रामचरित मानस, गीता, महाभारत आदिका अध्ययनमा संस्कृत भाषाको ज्ञान र गुढ अर्थलाई अधिकांश नेपालीले नबुभ्mने हुनाले नेपाली भाषामा नै कविता लेख्ने प्रण गरेर संस्कृतमा लेखिएका कृतिहरूलाई नेपाली भाषामा उल्था गरे ।

संस्कृतमा बहुचर्चित दुई रामायण बाल्मिकि रामायण, आध्यात्म रामायणमा भानुभक्तले नेपाली भाषामा अनुवाद गरेका आध्यात्म रामायणमा भगवान् रामको र वाल्मिकि रामायणमा मानव रामको वर्णन छ । भाषागत दृष्टिमा भानुभक्तभन्दा पहिलेका पद्य कविहरू सुवानन्द दास, राधा लल्लभ अज्र्याल, शक्तिबल्लभ आदिका कृतिको तुलनामा भानुभक्तीय रामायण निकै उच्च कोटीको मानिएको छ । त्यसमा पहिलोपल्ट नेपाली भाषाको सरल र सरस स्वाद चाख्न पाइन्छ । त्यसैले साना साना झुपडीदेखि दरबारसम्म उक्त रामायण रुचीपूर्वक पढ्न थालियो । निरक्षर व्यक्तिहरूले समेत श्रुति परम्पराबाट मुखाग्र गरे । नेपाली समाजका विभिन्न उत्सव र संस्कारमा रामायणका श्लोकको जुहारी नै चल्थ्यो । मृत्यु संस्कारमा समेत “राम नाम सत्य हो” भन्ने भावनाले स्थान पायो । रामायण पढ्न नै धेरैले अक्षर जान्न रुचाए । नेपाली परिवेश र बोलचाल अनुकूलको भाव त्यहाँ पाइन्छ । राम कथालाई नेपाली संस्कृति र परम्पराअनुसार हृदय स्पर्श हुने

गरी प्रस्तुत गरिएको छ । त्यसमा क्लिष्टताको गन्ध कतै आउँदैन । राष्ट्रिय सन्दर्भमा टुक्राटुक्रा र बाइसे चौबिसे राज्यमा विभाजित राष्ट्रलाई एउटै मालामा एकिकृत गर्ने थालनी पृथ्वी नारायण शाहले पूरा गरेझैँ भानुभक्तले नेपाली भाषाको माध्यमबाट विभिन्न जातिमा छरिएका नेपालीलाई एकिकृत गरेर नेपाली जातिको पहिचान र परिचय दिए ।

अध्यात्म रामायणलाई नेपाली भाषामा अनुवाद गरिएको भानुभक्तीय रामायण भनी नाक खुम्चाए पनि उक्त कृति पूरापूर अनुवाद मात्र नभई मौलिक ग्रन्थका केही श्लोक र पाठलाई केही छाँटकाँट गरी मूल ग्रन्थको भावना चाँहि पूरै समेटिएको कृति हो । उक्त सरल सुबोध नेपाली कृतिले सुषुप्त अवस्थामा रहेका नेपाली जनजीवनलाई झकझकाएर भक्तिमार्गमा लाग्न आस्थावान र कर्मयोगी बन्न प्रेरणादायी भूमिका खेलेको देखिन्छ । कुनै कुनै राष्ट्र भाषाविवादमा फसेर टुक्रिएका, छिन्नभिन्न भएका, गृहयुद्धमा पिल्सिएका यथार्थता इतिहासमा उल्लेख पाइन्छन् । तर भानुभक्तकै देनले नेपालमा त्यो स्थिति देखापरेन, बल्झिएन । यदाकदा कुनै भेगमा जातीयता, भाषाको विषयमा सामान्य विवाद भए पनि राष्ट्रभाषाको रूपमा नेपाली भाषाको महiव र मान्यताका बारेमा कुनै मतभेद छैन। भानुभक्त रामायणको पहिलो श्लोक नै "लोकको गरौँ हित भनी" भन्ने वाक्याशबाट शुरु भएको छ । यसबाट समाज र राष्ट्रप्रतिको दायित्व बोध उनमा प्रबल रूपमा रहेको कुरा प्रस्ट गर्दछ । नैतिक मूल्य र मान्यतामा आधारित आदर्श समाजको आदर्श समाज सेवा कर्तव्यबोध र उत्तरदायित्वले ओतप्रोत भएको भावना व्यक्त हुन्छ रामायणमा । लोक हितका सन्दर्भमा सबल पक्ष नै त्यही हो । समाजलाई आदर्शोन्मुख गराउने भानुभक्त प्रेरक तiव थिए । हुन पनि भानुभक्तका बारेमा जति किताब लेखिए त्यसमा उनलाई प्रायः प्रेरक व्यक्तित्वकै चर्चामा राखिएको छ, त्यसैलाई नै लोकको हितको प्रसङ्गमा राख्न सकिन्छ । नेपाली साहित्यको प्राथमिक कालमा सुगौली सन्धिका कारण तत्कालीन नेपाली समाज भौगोलिक र मानसिक रूपमा खुम्चिएको थियो । त्यसको समाधानको निमित्त देशका जनतालाई एकत्रित गराई देशको संगठन सुदृढ र सक्रिय बनाउन रामायणको ठूलो देन रहेको तथ्यलाई विद्वत वर्गले मनन गरेकै छन् ।

विषयगत ज्ञान र विशेषताको चर्चा गर्दा पद्यमय कविताको माध्यमबाट वर्णन गर्न सक्ने कला र क्षमतामा उनी दख्खल थिए । तनहुँ जिल्लाको गाँउबाट शहर आँउदा काठमाडौँको बालाजु देखेर त्यहाँको सुन्दरताको वर्णन गर्नु कान्तिपुरका

नरनारीमा रीस राग छलकपट नभएको अनुमान गरी इन्द्र महाराजको अमरावती नगरमा तुलना गर्नु, मानिसले मानिसलाई अमानवीय, तुच्छ, निकृष्ट व्यवहार गर्ने मनस्थितिकी गजाधर सोतीकी बुढीलाई लक्ष्य गरी लेखिएको श्लोक, उमेर ढल्की सकेका पाल्पाका एक पुरुषसुब्बाले विहे गर्न खोज्दा उनलाई "उल्लु" सम्बोधनले कविताबाटै सम्झाउनु, प्रशासनिक अवस्थामा देखिएका विकृतिहरूमा कर्मचारीलाई उँडुस उपिँयासँग तुलना गर्नु भानुभक्तको समाज र राष्ट्रप्रतिको चिन्तन नै हो ।

भानुभक्तका अन्यफुटकर कवितामा व्यङ्ग चेतना प्रबल रूपमा रहेको पाइन्छ । प्रशासनिक अङ्गमा "भोलि" भन्दै आलेटाले गर्ने प्रवृत्ति र अन्यायको विरुद्ध व्यङ्गात्मक झटारो हान्दै लामखुट्टे, उपियाँ, उँडुसको साथमा उनीहरूकै नाच हेर्दछु भन्नु, भित्री तहमा भ्रष्टाचारीलाई सङ्क्रामक किरासँग तुलना उनले गरेका छन् । "कि ता सक्दिन भन्नु कि त छिनिदिनु क्यान भन्छन् यी भोलि " भनी सरकारी कार्य प्रणाली प्रति असन्तोष व्यक्त गर्दै छिटो छरितोको सुशासन चलाउन सुझाव दिएका छन् । घनञ्जय आचार्य पाल्पा अड्डामा कार्यरत हुँदा आर्थिक हिनामिना गरेको आरोप र हिसाब फछर्यौट गर्न नसक्दा कार्यभारबाट मुक्त हुन परेको र उनलाई लागेको आरोपको छिनोफानो नहुँदासम्म कारागारमा नै रहनुपर्दा कारागारका कैदीहरूलाई रेखदेख र उनिहरूको सन्चो विसन्चोको बयानलिँदा भानुभक्तले तत्काल मौखिक जवाफ दिएका बखतको श्लोक हो ।

भानुजयन्ती नेपालका मौफसलका जिल्लाहरूमा र काठमाडौँका सबै शिक्षण संस्थामा रामायणको पाठ गर्नुका साथै भानुभक्त माथि केन्द्रित भएर विभिन्न लेखरचना प्रकाशित भएको देखिएको छ साथै नेपाल बाहिर सिकिम, आशाम, दार्जिलिङ, बर्मा, भुटान, आदिमा अद्भुत सांस्कृतिक रूपमा मनाइएको पाइन्छ। भानुभक्तको योगदान र महिमाको विशेष कदर हँुदाहुँदै कुनै कार्यकालमा भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा, पृथ्वीनारायण शाह आदिका सालिक तोड्ने ध्वंसात्मक प्रवृत्ति फैलिएका थिए । यस्ता अनैतिक अभद्र व्यवहार गर्ने प्रति चाँहि, कठै विचरा भानुभक्त । जान्छ कुँढिन मन उर्लिइ भावना भन्ने !! भानुजयन्तीको उपलक्ष्यमा भानुभक्तका बारेमा जेजति सकारात्मक कुराहरू प्रकाशमा आँउछन् सिधासाधा जनतालाई दुःख दिन झुलाउन नहुने र न्याय प्रशासन छिटो छरितो शुद्ध हुनको निमित्त मिश्रित सन्देश "कि त छिनिदिनु भन्ने वाक्यांश बाट दर्शाएका छन् । उनका कृतिहरूमा धार्मिक, न्यायिक, कर्तव्यपरायण, आदर्शमय नैतिकवान, समाज निर्माण गर्ने कला र प्राज्ञिक अनुशासनका पुट पाइन्छ ।

विसन्चोको बयान लिँदा भानुभक्तले तत्काल मौखिक जवाफ दिएका बखतको श्लोक हो । भानुभक्तका विभिन्न कृतिलाई नेपालका विविध जातिले आ–आफ्नो भाषामा र हिन्दी, बङ्गला, आसामी मैथिली आदि भाषामा अनुवाद गरेका छन् । साथै डाजयरा .ज आचार्य, डापण्डित प्रयागराज ., राधिका प्रधान समेतले अङ्ग्रेजी भाषामा समेत आंशिक उल्था गरेका छन् । समग्रमा भन्न सकिन्छ उनका कृतिहरूमा निहित सांस्कृतिक महत्तवका कुराहरूले विश्व नेपाली समाजलाई एकजुटता गराउनमा अहम योगदान पुर्याएको पाइन्छ ।

## 3.6 भानुभक्त आचार्यको कृतिमा निहित मानवीय मूल्य

मानवीय मूल्यहरूको आधारमा भानुभक्त आचार्यका कृतिहरूलाई केलाउँदा पनि पृथ्वीनारायण शाहले तयार गरेको एउटा सिङ्गो नेपालमा बसोबास गर्ने विभिन्न जातका भाषा एउटै रूपमा भाषाको राष्ट्रिय र जातीय एउटै भाषीहरूलाई- यो थियो दिनु भाषा साझाकाम भानुभक्तले नै पूरा गरेका पाइन्छ। रामायणको माध्यमद्वारा उनले नेपाली भाषाको मिठास रस सबैलाई चखाएर नेपाली समाजलाई नयाँ आलोक दिएका थिए। सामाजिक र नैतिक पक्षका प्रवल पक्षधर र आध्यात्मिक चिन्तनका धुरन्धर कवि भानुभक्त आचार्यले तत्कालीन दुःखी नेपाली जनमानसको हृदयमा रामायणको माध्यमद्वारा भक्ति भाव सञ्चारित गरेको खुशी तुल्याउँदै उनीहरूलाई मानवीय, व्यक्तिगत, पारिवारिक, सामाजिक कर्तव्यबोध गराउने र नेपाली भाषामा सरल, सहज र माधुर्यताको प्राण भर्ने उद्देश्य राखेको पाइन्छ। छन्दको मिठास भरेर भगवान श्री रामको अवतार लीलालाई सजिलोसँग बुझाउँदै साथै नेपाली जनमानसमा भाषिक, सांस्कृतिक चेतनाको शंखघोष गर्दै वेदान्ती आध्यात्मिक दर्शनतिर सबैलाई प्रेरित गरेको पाइन्छ। यसैले भानुभक्तीय ‘रामायाण’ नेपाली समाजको कल्याणकारी, सांस्कृतिक, भाषिक, साहित्यिक निधि हुन्। नेपाली भाषामा रामायणले जस्तो कृतिजन साधारणले बुझ्ने सरल ढंगमा सर्वप्रथम भानुभक्तले नै लेखेको हुनाले उनलाई सरल नेपाली भाषाका जनक एवं आदिकवि मानिन्छन्।

नेपाली भाषासाहित्यमा भानुभक्त आचार्यले निकै ठुलो योगदान गरेका छन् । जसको परिणाम स्वरूप उनलाई आदिकविको सम्मान प्राप्त भएको छ ।

राष्ट्रभाषा नेपालीका प्रमुख प्रचारक बनेर साहित्यका माध्यमबाट नेपाली जनजीवनका आस्था, विश्वास र व्यवहारिक पक्षलाई समेट्दै यिनले देश र समाजमा नेपाली भाषाप्रतिको प्रेममा बढावा दिएका छन् । संस्कृत भाषा र पुराणको वर्चस्व भएको तत्कालीन समयमा नेपाली भाषालाई छुट्टै पहिचान र मौलिकतामा हिँडाउने कामको लागि मर्यादा पुरुषोत्तम श्रीरामको महिमालाई आधार बनाएर भाषिक र आध्यात्मिक जगत्मा मौलिक पहिचान स्थापित गराउन भानुभक्तले ठुलो चुनौतीको सामना गर्नु परेको थियो । साहित्यिक रचनाका माध्यमबाट समाजमा धर्म, दर्शन, संस्कृति, सभ्यता, नैतिकता, आदर्शता, प्रेम र सत्यताको पाठ सिकाउनु भानुभक्तको योगदान हो । भौतिक उन्नति र विकासका नाममा समाज र परिवारमा भित्रिएका विभिन्न विकृतिलाई भातृप्रेम, पतिपत्नी प्रेम, पुत्रप्रेम, कर्तव्यपरायणता, प्रजावत्सल, आज्ञाकारीता, विनयशीलता स्वामीभक्तिका माध्यमबाट परिवर्तन गराउने ध्येय राखेर रामायण जस्तो महाकाव्यात्मक ओज, गुण, गरिमा र संरचनायुक्त कृतिको रचना गर्नु अर्को ठुलो योगदान हो । भाषा, साहित्य, संस्कृति, सभ्यता, धर्म, दर्शन हाम्रा चिनारी हुन् । नेपाली भाषालाई सामान्य र तुच्छ ठान्ने तत्कालीन पण्डितहरूका विपक्षीमा जनपक्ष लिएर देवभाषा संस्कृतमा मात्र होइन नेपाली भाषामा र संस्कृत भाषाका पुराण मात्र नभइ तिनको नेपालीकरण गरी नेपाली राष्ट्रभाषाको काव्यात्मक जग बसालेर त्यसको गुणात्मक उचाइ हाँसिल गर्नु भानुभक्तको नेपाली भाषा र साहित्यप्रतिको योगदान हो भने त्यही युग अनुसारको प्रगतिशीलता पनि हो । एकै पल्ट भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, परम्परा, चरित्र, पितृप्रेम, भातृप्रेम, कर्तव्य, देशप्रेम, जनवात्सल्य जस्ता समग्र विषयमा समन्वय एवम् समष्टि भाव भित्र्याएर नेपाली राष्ट्रियतामा पु¥याएको योगदान स्वरूप यिनलाई नेपालका राष्ट्रिय विभूतिजस्तो गरिमामय सम्मान प्राप्त छ । भानुभक्त प्रदत्त नेपाली भाषाका कारण संसारभरीका नेपालीभाषीहरूका बिच भाषिक एकता कायम हुन सकेको छ । त्यही भानुभक्तीय रामायणको आत्मामा बसेको नेपाली भाषाले नै उनलाई अमर बनायो । भानुभक्तलाई नेपाली भाषाका प्रथम आदिकवि मानिएको छ । यो उनको उपाधि या विशेषण मात्र नभएर उनको समकालीन नेपाली कविताकै साङ्केतिक नाम हो । जनताको दिललाई नछोएसम्म र त्यसको स्पन्दनसँग नमिसिएसम्म कविताले आफ्नो अस्तित्व प्रमाणित गर्न सक्दैन भन्ने कुरा भानुभक्तले त्यहाँ देखाइ दिएका छन् । भानुभक्त पूर्वका कविहरूले टुटेफुटेका अभिव्यक्तिमा कविता रचेका र सीमित परिधि ओगटेकाले तिनले कविताको

सग्लो अनुहार प्रस्तुत गर्न सकेका थिएनन् । त्यस बेलामा केवल भानुभक्तले नै कविताको वास्तविक पहिचान गराएका थिए । त्यसैले उनी नेपाली भाषसाहित्यका आदिकवि हुन् । कविताको वास्तविक मर्म बुझेर लेखे कवि भानुभक्त नै हुन् । त्यसैले भानुभक्त नै आदिकवि हुन् । मोतीरामले भानुभक्तलाई दिएको आदिकवित्वको उपाधिले त्यति धेरै चर्चा पाएको थिएन वि मा 1997 .सं. उनको राखेपछि धारणा मान्नुपर्ने आदिकवि भानुभक्तलाई जुद्धशमशेरले द्वारा ज्ञवाली सूर्यविक्रम । भयो चम्किलो निकै आदिकवि सम्पादित भानुभक्त स्मारक ग्रन्थ लाई रामायण अध्यात्म ः छ यस्तो भनाइ जुद्धशमशेरको मा (1997) भानुभक्त कवि फैलाउने रामरस उतारी गरी श्लोकबद्ध भाषामा नेपाली सरल भानुभक्त मात्र ।यसपछि हुन्छ पनि भने हुन् आदिकवि भाषाका नेपाली आचार्य आफ । हुन् बनेका आदिकवि आधिकारिक ूलाई पाश्चात्य चेतनाका आधिकारिक विद्वान् प्रमाणित गर्न खोज्नेहरू उत्तरआधुनिकता र प्रगतिशीलका नाममा सिधासाधा लेखक र पाठकका दिमागमा काल्पनिक वितण्डा मच्चाइ रहेका छन् । भानुभक्तलाई विवादमा तान्नेहरू उनको वधूशिक्षालाई विवादको विषय मान्ने गर्दछन् । वधूशिक्षामा तत्कालीन समयका नारीलाई भानुभक्तले उपदेश दिएका छन् । समाजपरक समालोचनाका जन्मदाता हिपोलाइट टेनका आधारमा हेर्ने हो भने वधूशिक्षाका आधारमा भानुभक्तलाई गाली गर्न मिल्दैन किनभने कुनै पनि साहित्यकार र साहित्यको समालोचना वा समीक्षा गर्दा जाति, युग र पर्यावरण लाई आधार मानेर लेख्नु पर्दछ । यी तिन कुराको हेक्का नगरीकन कुनै साहित्य र साहित्यकारको मूल्याङ्कन गरियो भने त्यो सही हुँदैन नाइन्साफि हुन्छ । यदि कसैले समालोचना गर्छ र स्थापित सिद्धान्त बेगर कृति र कृतिकारको आलोचना गर्दछ भने त्यो सही समालोचना नभई केवल मनको बह मात्र हो । सिद्धान्त बिनाका मनका बह वैज्ञानिक हुँदैनन् । आदिकवि भानुभक्त आचार्यलाई नेपाली साहित्यको उपजीव्यका रूपमा प्रयोग गरिएको छ । नेपाली कविता साहित्यको रामभक्तिधारा अन्तगर्त रहेर काव्य सिर्जना गर्ने कवि आचार्य उत्तरवर्ती साहित्यकारहरूका लागि उपजीव्य रूपमा देखिएका छन् । नेपाली समाजमा उनका कृतिहरू मानवमूल्यका दृष्टिले पनि त्यतिकै सम्मानयोग्य ठहरिएका पाइन्छन् ।

## 3.7 भानुभक्त आचार्यको कृतिमा निहित सार्वजनीनता

भानुभक्तलाई आधुनिक नेपाली सहित्यमा विभिन्न विधामा विषयवस्तुका रूपमा पनि प्रयोग गरिएको पाइन्छ । उनको लेखनको आफ्नै सार्वजनीन विशिष्टता रहेको पाइन्छ । उनकै लेखनबाट आजसम्म असङ्ख्यौ साहित्यानुरागीहरूले प्रोत्साहित बनेर भाषा साहित्यको सेवामा समर्पित रहेका लछेप्रै दृष्टान्तहरू पाइन्छन् । उनलाई उपजीव्यका रूपमा पहिलो पटक प्रयोग समालोचना विधामा गरिएको छ र यही विधामा भानुभक्त सम्बन्धी धेरै लेखिएको छ । कविता विधामा सर्वप्रथम महाकवि देवकोटाले वि उपजीव्य भानुभक्तलाई कवितामा घाँसी सालमा 1995 सं. नेपाली दिँदै संज्ञा को ध्वनि प्रथम भानुभक्तलाई देवकोटाले यसमा । छ बनाइएको छन् चिनाएका रूपमा शुक्रताराका सुन्दर साहित्यको। कविता विधाका साथै देवकोटाले उनलाई निबन्ध विधामा पनि उपजीव्य रूपमा ग्रहण गरेका छन् । वि शीर्षकको पुरुष सर्वश्रेष्ठ इतिहासमा साहित्यको नेपाली सालमा २००२ .सं. उल्लेख रूपमा व्यक्तिका सर्वश्रेष्ठ साहित्यमा नेपाली भानुभक्तलाई लेखेर निबन्ध नाट्यसम्म्र । छ गरिएको◌ाट बालकृष्ण समले नेपाली नाट्य विधामा भानुभक्तलाई उपजीव्य रूपमा ग्रहण गरेका छन् । वि भानुभक्त भक्त सालमा २००० .सं. पार्ने प्रकाश रूपमा कथात्मक जीवनीमाथि भानुभक्तको लेखेर नाटक शीर्षकको नाटकीय समले बालकृष्ण रूपमा भानुभक्तका भक्त । छ गरिएको कार्य मञ् अभिनयसहितचमा उभ्याइ दिएपछि २००2 साल भाद्र 22 गतेका दिन गौरीशङ्कर नाट्य समुदायले यसको मञ्चन गरेको थियो । यस नाटकमा उनले भानुभक्तलाई आदर्श युगपुरुषका रूपमा उभ्याउने काम गरेका छन् ।

हास्यव्याङ्ग्यात्मक निबन्धकार भैरव अर्यालले पनि वि सालमा २०22.सं. न कान्तिपुरी अमरावतीगरी शीर्षकको निबन्ध लेखेर भानुभक्तलाई उपजीव्य रूपमा ग्रहण गर्दै भानुभक्त सम्बन्धी सम्मान व्यक्त गरेका छन् । उपजीव्यका रूपमा ग्रहण गरी भानुभक्त सम्बन्धी चलचित्र बनाएर नेपाली साहित्यकार र नेपाली राष्ट्रिय विभूतिप्रति सम्मान जनाउँदै यादव खरेलले भानुभक्त शीर्षकको चलचित्र बनाए । भानुभक्त धेरै नेपाली साहित्यकारका उपजीव्यका रूपमा प्रयोग भएका छन् । प्रत्येक वर्ष देशभित्र र बाहिर भानुजयन्तीको अवसरमा भानुभक्त

सम्बन्धी सयौं कविता लेखिन्छन् र प्रकाशन पनि हुन्छन् तिनको कुनै शोधखोज गरिएको छैन । ती सबै कृतिका रूपमा आएको खण्डमा भानुभक्त उपजीव्य परम्परा बृहत् देखिने छ । समालोचना विधामा र अनुसन्धानको परम्परामा पनि भानुभक्तीय स्रोत सङ्ख्यात्मक रूपमा अगाडि देखिन्छ ।

आदिकवि कवि भानुभक्त आचार्यले नेपाली कविताको क्षेत्रमा दिएका कृतिहरू सङ्ख्यात्मक रूपमा कमी भए पनि गुणात्मक रूपमा भने उत्कृष्ट छन् । तीन दर्जन भन्दा बढी फुटकर कविता तीन वटा खण्डकाव्य र एउटा महाकाव्यका आधारमा उनका काव्यात्मक प्रवृत्तिहरूलाई निम्न बुँदामा समेटिएको छ ।

आदिकवि भानुभक्त आचार्यका कृतिहरूको सामान्य रूपमा अध्ययन गर्दा उनका कवितामा विभिन्न विषयलाई आधार मानेर कविताको रचना भएको छ । मूल रूपमा रामभक्ति धारामा केन्द्रित भएर काव्य रचना गरे पनि धार्मिक विषयवस्तु भन्दा भिन्न विषयलाई पनि कवितामा स्थान दिएर विषयगत विविधता प्रवृत्ति अपनाएका हुन् । नेपाली माटो, हावापानी, प्रकृति चित्रण, देशप्रेम तथा राष्ट्रभक्ति, नैतिक आचरण, सामाजिक विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य, भोलिवाद, आध्यात्मिक तथा दार्शनिक विषयवस्तु उनका कविताका विषयवस्तु हुन् ।

कवि भानुभक्तका बालाजु वर्णन र कान्तिपुरी नगरी कवितामा उनको देशप्रेम तथा राष्ट्रभक्ति प्रस्तुत भएको छ । आफ्नो देशलाई पृथ्वीभरीकै स्वर्गका रूपमा वर्णन गरेर राष्ट्रको सौन्दर्य व्यक्त गर्नु देशप्रेम तथा राष्ट्रभक्ति हो । स्वराष्ट्रको गौरवमय गाथाको अभिव्यक्तिमा उच्च देशभक्तिको भावना प्रबल रूपमा व्यञ्जित यस कवितामा नेपाललाई प्राकृतिक सौन्दर्यको खानीका रूपमा व्यक्त गर्दै कविले विश्वका सुन्दर सहर भन्दा केही कम नभएको आशय प्रस्तुत गरेका छन् ।

कवि भानुभक्त आचार्यले आफ्ना कवितामा नेपाली प्रकृतिको मनोरम चित्रण गरेका छन् । उनका बालाजु वर्णन, कान्तिपुरी नगरी र रामायण महाकाव्यमा प्रकृतिको तन्मय वर्णन रहेको छ । नेपाली खोला, नाला, हावा, पानी, वनजङ्गल, ढुङ्गा, माटो आदिलाई कवि आचार्यले चित्रण गरेका छन् । रामायणका राम वनगमन, अरण्यकाण्ड र अन्य थुप्रै स्थानमा नेपाली प्रकृतिको चित्रण पाउन सकिन्छ ।

कवि भानुभक्त आचार्य मूलतः रामभक्ति धाराका केन्दीय प्रतिभा भए पनि त्यसैमा जोडिएर नीति चेतना प्रखर रूपमा देखिएको छ । नीति चेतना मूल रूपमा वधूशिक्षा र प्रश्नोत्तरीमालामा कृतिमा अभिव्यक्त भए पनि अंशतः उनका सबै रचनामा नैतिक मूल्य मान्यताहरू अभिव्यञ्जित भएका छन् । पूर्वीय संस्कृति र सभ्यताका पक्षपाती कवि आचार्यले कुनै न कुनै रूपले कृषिहरूले झै कवितामा निर्देशनात्मक उपदेश व्यक्त गरेका छन् । मनुष्यले आफ्नो जीवनमा अवलम्बन गर्नुपर्ने चरित्र, स्वभाव, आचरण, व्यवहार तथा सामाजिक क्रियाकलापमा देखाउनु पर्ने उदारता, सरलता र तरलतालाई कविताको नैतिक चेतनामा चित्रण गरेका छन्। कवि भानुभक्त आचार्य सामाजिक विषयको प्रयोग गरेर काव्य रचना गर्ने प्रथम नेपाली कवि हुन् । उनी भन्दा पूर्वका कविहरूले केवल शासक स्तुति तथा ईश्वर भक्तिलाई मात्र कविताको भाव वा विषयवस्तु बनाएका थिए भने कवि आचार्यले नेपाली समाजमा रहेका सासू बुहारीका झगडा, खानपान, बिहे व्रतबन्ध, झगडिया डिठ्ठा, विचारी आदिलाई कविताको विषयवस्तु बनाइ साहित्य र समाजलाई जोड्ने काम गरेका छन् । भानुभक्त आचार्यले सामाजिक विषयका कविता लेख्नु तत्कालीन समयमा सामाजिक अनीति, अनियति, अकर्मण्यता र कलहमाथि आक्रमण गरी तिनमा सुधार ल्याउनु थियो । कवि भानुभक्त आचार्यका कवितामा हास्यव्यङ्ग्यको समेत प्रयोग पाइन्छ । सामाजिक तथा प्रशासनिक विकृतिहरूको चित्रण गर्ने सन्दर्भमा हास्यव्यङ्ग्यको प्रयोग भएको छ । भानुभक्तले आफूले भोगेका पीडा र रमाइला क्षणलाई व्यङ्ग्य र हास्यमा व्यक्त गरेका छन् । अड्डा अदालतको भोलिवाद र अन्य क्षणमा रचेका कवितामा उनले हास्यव्यङ्ग्यको प्रयोग गरेका छन् ।

यसरी नै आदिकवि भानुभक्तका कविता कृतिमा संस्कृत साहित्य विभिन्न रसको प्रयोग पाइन्छ । भक्ति रसका रसर कविता सिर्जना गर्ने कवि आचार्यका कविता कृतिमा श्रृङ्गार, वीर, करुण, रौद्र, हास्य, शान्त आदि शास्त्रीय रसहरू पनि आएका छन् । उनका कृतिमा अंशतः विविध रसहरूको प्रयोग भए पनि मूलतः करुण, शान्त र हास्य नै देखिन्छ । कवि भानुभक्त आचार्यका थुप्रै विशेषता मध्ये क्षिप्रसिर्जनशीलता पनि एक हो । उनका जीवनका केही क्षणमा कविताको बाढी नै आएको देखिन्छ । तत्काल घटेका घटनाहरूमा झटपट कविता सिर्जना गर्न सक्ने उनको स्वभाव कतिपय कवितामा देखिएको छ । पाँच महिना जेलमा रहँदा रामायण जस्तो उच्चकोटिको महाकाव्य रचना गरेर कवि आचार्यले

क्षिप्रसिर्जनशीलताको परिचय दिएका छन् । डिठ्ठा विचारीसँगको बिन्ती, मित्र तारापतिको घरमा लेखिएको वधूशिक्षा आदि कवितामा आँसु लेखन तथा क्षिप्रसिर्जनशीलता पाइन्छ ।

कवि भानुभक्त आचार्य शुद्ध नेपाली भाषाको प्रयोग गर्ने राष्ट्रिय कवि हुन् । उनी भन्दा पूर्ववर्ती कविहरू ले शुद्ध नेपाली भाषाको प्रयोग गर्न सकेका छैनन् । नेपाली कवितामा संस्कृत, हिन्दी, कुमाउनी र ब्रज मिश्रित नेपाली भाषाको वर्चस्व भएको अवस्था कवि भानुभक्त त्यस दोषबाट मुक्त भै नेपाली भाषाको प्रयोग गर्ने कवि हुन् । उनको भाषा प्रयोग सरल, सरस र बोधगम्य हुनुका साथै अत्यन्त आकर्षक र प्रभावकारी पनि रहेको छ । कवि भानुभक्त आचार्य प्राथमिक कालीन नेपाली कविता परम्परामा शास्त्रीय वार्णिक छन्दका कुशल प्रयोक्ता हुन् । उनले आफ्ना कविता कृतिमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, शिखरीणि, स्रग्धरा, वशन्ततिलका, वंशस्थ, इन्द्रवज्रा र मालिनी आदि छन्दको निकै राम्रो प्रयोग पाइन्छ । छन्दको विविधता भएपनि शार्दूदविक्रीडित छन्द नै कवि आचार्यको प्रमुख हो । यसले उनलाई लोकप्रिय पनि बनाएको छ ।

## 3.8 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, नेपाली समाज भानभक्त आचार्यद्वारा लिखित रामायण नै पढेर साक्षर भएका पाइन्छन् र नेपाली समाजमा साँस्कृतिक एकताको सूत्र बलियो बन्दै पनि गएको देखिन्छ । भारतीय नेपाली समाजमा भानुभक्तको रामायण जातीय एकताको आधार बनेको छ र यसले नेपाली भाषालाई साहित्यिक भाषाको स्थान दिलाउन सहयोग पुऱ्याएको छ । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीव्रो भएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ ।

भानुभक्तलाई सम्मान गर्ने परम्परा भारतीय नेपाली समाजबाट प्रारम्भ भएको हो । उनीहरूले उन्नाइसौँ शताब्दीको अन्तिम दशकमा नै भानुभक्तलाई जातीय कविको सम्मान प्रदान गरी जयन्ती मनाउन थालेका छन् र केही समयपछि सालिग स्थापना गर्न थालेका छन् । नेपालमा पनि सात सालको जनक्रन्तिपछि भानुभक्तलाई सम्झन थालिएको छ ।

उनी सम्पूर्ण नेपाली समाजका शीर हुन । नेपाल लगायत विश्वभरि कै नेपाली समाज बाहेक अन्य जातिका कवि भानुभक्त आचार्यलाई भक्तिभाव र सम्मानको

श्रेय प्राप्त भएको देखिन्छ । उनकै नाउँमा विभिन्न साहित्यिक पुरस्कार, बाटा घाटा, चोक, स्कूल, साहित्य संस्थान इत्यादि पनि स्थापित गरी कविलाई दिनरात स्मरण गरिएका तथ्यहरू लछेप्रै पाइन्छ । मोतीराम भट्टले 1948 सालमा भानुभक्त आचार्यलाई आदिकवि लेखे, तर उनले लेखेको त्यो 'आदिकवि' त्यतिसारो चलेन । 1997 सालमा जुद्धशमशेर राणाले 'भानुभक्तलाई आदिकवि भने पनि हुन्छ' भन्ने हुकुम दिएपछि मात्र तमामको जिभ्रोमा भानुभक्त आदिकवि हुन थाले ।

## 3.9 सार

यस प्रखण्डमा **भानुभक्त आचार्यको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

- धेरै नेपाली रामायण पढेर साक्षर भएका छन् र नेपाली समाजमा साँस्कृतिक एकताको सूत्र बलियो बन्दै गएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ ।

भानुभक्तलाई सम्मान गर्ने परम्परा भारतीय नेपाली समाजबाट प्रारम्भ भएको हो।

- नेपाली साहित्य जगतमा आदिकवि भनेर चिनिने भानुभक्तका चर्चित पुस्तकहरुमा रामायण, प्रश्नोत्तरमाला, भक्तमाला, बधुशिक्षा, र रामगीता आदि रहेका पाइन्छन् ।

- साहित्य लेखन भनेको सचेत, संवेदनशील मनको अभिव्यक्तिपूर्ण लेखाइ हो । अझ काव्य–लेखन त उत्कृष्ट लेखाई र बौद्धिक संरचना मानिन्छ । समाज वृत्तका लागि, देशको अवस्था स्थितिको लागि र मानव जातिका लागि भावनात्मक संवेग पोख्ने दृष्टि पनि साहित्य हो ।

- विचारमा विशालता रहनुले नै भानुभक्तको गहनता आँकलन गर्न सकिन्छ ।

- भानुभक्त समाजमा चेतना संप्रेषित गर्न रूचाउने व्यावहारिक कवि हुन् । मानवीय स्वभावलाई उत्कण्ठा दिन र मान्छेमा सत्–निष्ठाका विउ–विजन हुर्काउन 'प्रश्नोत्तरमाला' मा भानुभक्त कविले निकै उच्च कोटीका ज्ञान–संज्ञान संप्रेषित गरेका छन् ।

Notes

•कविको अर्को साहित्य सिर्जना तारापतिका घरमा सासू बुहरी बीचको झगडाले गर्दा वधूशिक्षा को जन्म भएको  पाइन्छ । यो वधूशिक्षाले तत्कालिन लोकमान्यतालाई दर्शाउने काम गरेको छ ।

•भानुभक्तको कृतिहरूमध्ये सामाजिकता, बौद्धिकता र चिन्तनशीलताका हिसावले 'प्रश्नोत्तरमाला' लाई पनि उत्कृष्ट रचना मान्न सकिन्छ ।

•देशकालको सीमालाई नाघेर आज उनी विश्वभरी छरिएर बसेका नेपालीहरूमाझ अत्यन्त सम्मानित आदिकविको रूपमा उपस्थित छन् । नेपाली जनतालाई भावनात्मक रूपमा निकट तुल्याउने उनको योगदान सदैव अविस्मरणिय रहनेछ ।

•संस्कृत भाषा र पुराणको वर्चस्व भएको तत्कालीन समयमा नेपाली भाषालाई छुट्टै पहिचान र मौलिकतामा हिँडाउने कामको लागि मर्यादा पुरुषोत्तम श्रीरामको महिमालाई आधार बनाएर भाषिक र आध्यात्मिक जगत्मा मौलिक पहिचान स्थापित गराउन भानुभक्तले ठुलो चुनौतीको सामना गर्नु परेको थियो ।

•साहित्यिक रचनाका माध्यमबाट समाजमा धर्म, दर्शन, संस्कृति, सभ्यता, नैतिकता, आदर्शता, प्रेम र सत्यताको पाठ सिकाउनु भानुभक्तको योगदान हो ।

•वि शीर्षकको पुरुष सर्वश्रेष्ठ इतिहासमा साहित्यको नेपाली सालमा २००२ .सं. साहि नेपाली भानुभक्तलाई लेखेर निबन्धत्यमा सर्वश्रेष्ठ व्यक्तिका रूपमा उल्लेख गरिएको छ ।

•नाट्यसम्म्राट बालकृष्ण समले नेपाली नाट्य विधामा भानुभक्तलाई उपजीव्य रूपमा ग्रहण गरेका छन् ।

## 3.10 अनुशीलनी

(क) भानुभक्त आचार्यको सामान्य परिचय दिएर उनको कृतिहरूबारे विवेचना गर्नुहोस् ।

(ख) भानुभक्त आचार्यका कृतिहरूमा निहित सामाजिक मूल्य निर्धारण गर्नुहोस् ।

(ग) भानुभक्त आचार्यका कृतिहरूमा निहित सांस्कृतिक मूल्य निर्धारण गर्नुहोस् ।

(घ) मानवीय मूल्यहरूको आधारमा भानुभक्त आचार्यका कृतिहरूका समीक्षा गर्नुहोस् ।

(ङ) भानुभक्त आचार्यको कृतिमा निहित सार्वजनीनताबारे विवेचना गर्नुहोस् ।

## 3.11 अतिरिक्त अध्ययन

दयाराम श्रेष्ठ – **प्रारम्भिक कालको नेपाली साहित्यःइतिहास र परम्परा**

ताना शर्मा – **भानुभक्तदेखि तेस्रो आयामसम्म**

बालचन्द्र शर्मा – **भानुभक्त**

इन्द्रबहादुर राई – **भानुभक्तीय कृति अध्ययनहरू**

भानुभक्त ग्रन्थावली – **पारसमणि प्रधान**

भद्रवीर अधिकारी – **नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान**

ज्ञानमणि नेपाल – **नेपाली साहित्यमा आदिकविको समस्या**

सुमन ढकाल – **कवि भानुभक्त र उनका केही साहित्यिक पक्ष**

यस अतिरिक्त **भानुभक्त आचार्यको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता** - बारेमा अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 3.12 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

1. भानुभक्त आचार्यको सामान्य परिचय ।

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. भानुभक्त आचार्यका कृतिहरू ।

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

Notes

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. भानुभक्त आचार्यको कृतिमा निहित सामाजिक मूल्य ।

..................................................................................................

..................................................................................................

..................................................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.4 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. भानुभक्त आचार्यको कृतिमा निहित सांस्कृतिक मूल्य ।

..................................................................................................

..................................................................................................

..................................................................................................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.5 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. भानुभक्त आचार्यको कृतिमा निहित मानवीय मूल्य ।

..................................................................................................

..................................................................................................

..................................................................................................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.6 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

6. भानुभक्त आचार्यको कृतिमा निहित सार्वजनीनता ।

..................................................................................................

..................................................................................................

..................................................................................................

**( प्रश्न 6 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 3.7 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ–4,भानुभक्त आचार्यको विशेष साहित्यिक योगदान ।

**संरचना**

4.0 उद्देश्य

4.1 परिचय

4.2 भानुभक्त आचार्यको साहित्यिक यात्रा

4.3 भानुभक्त आचार्यको साहित्यिक योगदान

4.3.1 कविको रूपमा

4.3.2 अन्यान्य क्षेत्रमा

4.4 उपसंहार

4.5 सार

4.6 अनुशीलनी

4.7 अतिरिक्त अध्ययन

4.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 4.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- नेपाली भाषा साहित्यिको सेवकको रूपमा भानुभक्त आचार्य
- नेपाली भाषा साहित्यको विकाक परम्परामा भानुभक्त आचार्यको योगदान
- नेपाली कविता लेखनमा सर्वप्रिय कविको रूपमा
- अन्यान्य क्षेत्रमा भानुभक्तले पुर्याएको योगदानको चर्चा

## 4.1 परिचय

'कविताको मर्म जानेर भाषा पद्य लेख्ने प्रथम कवि हुन्' भनेर मोतीरामले आदिकवि किटे पनि त्यसको पुष्टि इतिहास शिरोमणि बाबुरामले यसरी गरेका छन्, 'यिनको रामायण काव्यमा लालित्य, सरलता र विचारको मौलिकताले भरिएकाले हाम्रा भाषाका आदिकवि भनेर यिनलाई नै कान्छी औँलामा गन्न सकिन्छ ।' भानुभक्तलाई महाकवि देवकोटाले 'शुक्रतारा सुन्दर हाम्रा नेपाली हे प्रथम ध्वनि' भनेर पुकारेका छन् भने महानन्द सापकोटाले 'भानुभक्तलाई आदिकवि भन्नु अरू कविको अनादर होइन' भनेर आदिकविको विवादलाई किनारा लगाइदिएका छन् । नेपालीमा पहिलो महाकाव्य लेखेकाले भानुको निधनको 23 वर्षपछि अर्थात् 1948 सालमा मोतीराम भट्टले कवि भानुभक्ताचार्यको जीवन चरित्र छपाए । रामायणको बालकाण्ड 1998 तिर रचेलगत्तै उनले अयोध्याकाण्ड र अरण्यकाण्ड लेखे । 1911 सालमा झ्यालखाना बसेर किष्किन्धाकाण्ड र सुन्दरकाण्ड लेखे । छुटेपछि युद्धकाण्ड र उतरकाण्ड लेखेर रामायण पूरा गरे । यिनले प्रश्नोत्तरमाला, भक्तमाला र वधूशिक्षा पनि रचे । प्रश्नोत्तरमाला शंकराचार्यद्वारा रचित ग्रन्थको अनुवाद हो भने वधुशिक्षा सासूबुहारीको झगडाले रातभर सुत्न नपाएपछि नीतिशिक्षा लेखेका हुन् । अनि, भक्तमाला बुढ्यौलीको भक्तिभाव हो । भानुदय रम्घाबाट भए पनि दार्जीलिङको आकाशमा आलोकित हुन पुग्यो । सन् 1982 मा भाग्यमणि प्रधानले कालेबुङमा रामायण मात्र भित्र्याएको होइन, बरू चौबाटोमा श्लोक पाठ गरे । सर्वप्रथम मोतीरामले सन् 1891 मा काशीमा छपाएको जीवनचरित्रको दोस्रो संस्करण नेपाली साहित्य सम्मेलनले सन् 1927 मा प्रकाशित गऱ्यो । सन् 1954 मा दार्जीलिङमा भानुका हनुमान सूर्यविक्रम ज्ञवालीले रामायण छपाए । त्यसै गरी 1997 सालमा भानुस्मारक ग्रन्थ पनि प्रकाशित भयो । 2००6 सालमा चौरस्तामा पहिलो सालिक ठ्डयाइयो भने 2००3 सालमा मोतीचन्द्र प्रधानको अध्यक्षतामा भानु जयन्ती मनाइयो । सूर्यविक्रमले भट्याएको जातीय कविको नारालाई पारसमणि र धरणिधरले द्यौसी भन्दै विद्यालयमा घोकाएका थिए भन्ने जानकारी पाइन्छ । दार्जीलिङको यो होस्टेलाई गोपाल पाँडेले 2०1० सालमा जयन्ती र 2०16 सालमा सालिक नेपाली शिक्षा परिषद्को नाममा हैँसे भनेका थिए । यिनको रामायण अंग्रेजी, बंगाली, आसामी, मैथिलमा अनूदित पाइन्छन् । सिक्किम र बंगालमा राज्यस्तरमा बिदा दिएर अगस्ट महिनाभर जयन्ती मनाएर रामायणमय बनाइन्छ ।

Notes

वास्तवमा भानुभक्त नेपाली साहित्यका वाल्मीकि हुन् र रमायाण नेपाली साहित्यको पहिलो महाकाव्य हो । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीव्रो भएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ । भानुभक्त जन्मसिद्ध आशुकवि थिए । घाँसीको प्रेरणाले रामायण लेख्न प्रतिबद्ध भए । मोतीरामको घाँसी र कुवाको सत्यतामाथि इतिहास शिरोमणि बाबुराम आचार्यले प्रश्न नउठाएका होइनन् । तर, व्रतराज आचार्यले रम्घाबाट तीन कोस पश्चिममा पर्ने कुर्लुंगबेसीको कुवा गरिब किसान चुमनारायण पन्थले खनाएको र भानुभक्त ससुराली जाँदा सोही कुवामा भलाकुसारी भएको समेत ठोकुवा गरेका भेटिन्छन् ।

## 4.2 भानुभक्त आचार्यको साहित्यिक यात्रा

आदिकवि भानुभक्त आचार्यले अध्यात्म रामायणको नेपालीमा अनुवाद गरे। यसमा छायाँनुवाद, भावानुवाद सबै छ र यो मौलिकतावादको पनि अनुपम उदाहरण भएकाले भानुभक्तको रामायणलाई कृत, विरचित, लिखितको दर्जामा राख्न सकिन्छ। यसै मेसोमा प्रा हालै पनि आचार्यले जयराज .डा.'भानुभक्त आचार्यको रामायण, नेपाली र अंग्रेजीमा'पुस्तक निकालेका छन्। अर्थात् उनले नेपाली भाषा साहित्यका आदिकविलाई अंग्रेजीमा बोलाएर आधुनिक युगको मागलाई सम्बोधन गर्दै पुरानो र नयाँ पुस्ताबीच सम्बन्ध सेतु कायम गरेका छन्। नयाँ पुस्ताका लागि यो अमर कोसेली हो।

भगवान शिवले पार्वतीलाई रामगाथा सुनाएपछि त्यसको आधा पार्वतीले, चौथाइ ब्रह्माले बुझेको र नारदको जिज्ञासामा यो लौकिक जनजीवनमा फिँजिएको सन्दर्भलाई भानुभक्तको रामायणमा यसरी व्यक्त भएको छ ःआधा पार्वति जान्दछिन् म त सबै चौथाइ पो जान्दछू, गीता पाठ गरेर नाश न हुन्या पाप् छैन यो मान्दछू श्र हेर्दा बनाएर प्रासंगिक कुरालाई यही ।(1.17)ुतिस्मृति परम्पराकोे हाम्रो समाजमा रामायण सुनेर कति सम्झियो, कति बुझियो र कति अरुलाई पुनः भन्न सकियो – सोच्नेका लागि यो निकै गहकिलो विषय हुन सक्छ। बाल्मीकि रामायणमा त अझै चौबीस हजार श्लोक छन्। अब हामी विचार गरौँ– यो विशाल ज्ञानचक्रबाट संक्षेपीकरण हुँदै आदिकवि भानुभक्त आचार्यको रामायणसम्म

आइपुग्दा पनि ग्रन्थको आकार यति ठूलो छ। यसबाट पाउने भाव, रस, पे्ररणा, सन्देशको त मापन हुनसक्ने कुरै भएन।

हिजो संस्कृत भाषामा लेखिएको रामायणलाई नेपाली भाषामा ल्याउँदा भानुभक्तले त्यतिबेलाको समाजबाट कम खप्की खाएका थिएनन्। संस्कृत भाषालाई मात्र सामाजिक प्रगतिको आधार मान्ने तात्कालीन समाजलाई एउटा ठूलै मुक्का थियो भानुभक्तको रामायण। यस हिसाबले नेपालमा मात्र होइन, कतिपय हिन्द–एसियाली संस्कार अपनाउने देश समाजमा पनि त्यहाँको भाषामा रामायण आउँदा ठूलो हलचल पैदा भएको थियो। आज आएर रामायण कुनै देश वा जाति विशेषको पेवा भएको छैन। सामाजिक सुधारका लागि बनेका विश्वका उत्कृष्ट कथानक दर्शनहरूमध्ये भानुभक्तको रामायण पनि एक जीवन्त ग्रन्थ बनेको छ। रामायणलगायत अन्य रचनाहरूले भानुभक्तलाई सामाजिक सुधारका एक प्रबल अभियन्ताका रूपमा द¥याएको छ।

भारतका प्रसिद्ध फिल्म निर्माता रामानन्द सागरले रामायणलाई एउटा जीवन्त कथानक धाराबाहिक चलचित्रका रूपमा प्रस्तुत गरे, जुन एसियामा मात्र होइन, विश्वका अन्य महादेशमा पनि उत्तिकै सराहनीय र लोकप्रिय भयो। रामायणको कथानक लोकप्रियता नै यसलाई विभिन्न भाषामा उतार्नुपर्ने अपरिहार्यता हो। तीन वर्षअघि असार 29 गते दार्जिलिङ्को चौरस्ता चोकमा आदिकवि भानुभक्तको 2०2 वर्षगाँठका अवसरमा भारतका महामहिम राष्ट्रपति प्रणव मुखर्जी, पश्चिम बंगालका गभर्नर के एन त्रिपाठी र मुख्यमन्त्री ममता बनर्जीले एक भव्य समारोहबीच आदिकविप्रति पुष्पमाला अर्पण गरेर भानुभक्तलाई यस क्षेत्रकै महानतम कविको रूपमा स्वीकार गरिएको प्रतीत हुने दृश्य गुगल अभिलेखमा रहेको छ। नेपालको राष्ट्रिय गान पनि बजेको सो समारोहमा पाठकहरूद्वारा भानुका कविताहरूको लयबद्ध गायन भई वातावरण गुञ्जायमान भएको थियो। त्यहाँ उपस्थित धेरैजसो नारीहरू परम्परागत नेपाली चौबन्दी चोलोमा सजिएका थिए भने पुरुषहरू दौरासुरुवाल र टोपीमा। पश्चिम बंगाल सरकारले सरकारी तवरबाटै भानुभक्तको 2०2 औँ जन्मजयन्ती मनाउने निर्णय गरेको थियो।

राष्ट्रपति प्रणव मुखर्जीद्वारा माल्यार्पण गरिएको भानुको सालिकको आधारस्तम्भमा नेपाली जातीय कवि रामायणका रचयिता भानुभक्त आचार्य र 1871 संवत जन्म) (1925 संवत मृत्युभनेर लेखिएको छ। यही जानकारी बंगाली भाषामा पनि छ। यो

अभिलेख साँच्चै नै श्रद्धापूर्ण देखिन्छ। सिक्किमका हालका मुख्यमन्त्री प्रेमसिंह तामाङले पनि २०76 जेठ 13 गते नेपाली भाषामा शपथ लिएर नेपाली भाषाका आदिकवि भानुभक्तलाई राज्यस्तरबाट सम्मान दिए। यहाँ यो प्रसंग उठाउनुको मतलब हो रामायणसँगै भानुभक्तको हिन्द क्षेत्रबाट स्वीकार्यता।

अहिलेका युवाका लागि भानुभक्तीय रामायण लयबद्ध गरी गायन गर्ने एक त समय छैन, दोस्रो यसमा लयात्मकता सिकाउने व्यक्तिहरूको पनि अति पातलो उपस्थिति छ। यति हुँदाहुँदै पनि रामायण के हो र कस्तो छ भन्ने कुरा पछिल्लो पुस्तालाई बुझाउने कर्तव्य पनि अघिल्लो पुस्ताकै हो। फेरि आजभन्दा करिब पौने दुई सय वर्षअघि लेखिएको रामायणको भाषा कतिपय स्थानमा आजका पुस्तालाई अथ्र्याउनु पर्ने पनि हुनसक्छ। आजको प्रतिस्पर्धी युगमा अंग्रेजी एउटा निर्विकल्प अन्तर्राष्ट्रिय भाषाको रूपमा सर्वस्वीकार्य भइसकेको अवस्था छ। नेपालीभाषी नयाँपुस्ता र गैरनेपालीभाषी सबैलाई चित्तबुझ्ने खालको एउटा अर्थपूर्ण उपज भानुभक्तको अंग्रेजी रामायण विश्वमञ्चमा आउनु एउटा युगान्तकारी कदम मान्न सकिन्छ। रामायण भित्रकोरामगीता आफैँमा अति जटिल लेखन हो। त्यहाँ भक्ति वेदान्त, पूर्वीय दर्शन र मोक्षका कुराहरू छन्। यो विषय बुझ्नलाई उच्चस्तरीय दिमागी क्षमता चाहिन्छ। यसमा प्रयुक्त पदावलीलाई अंग्रेजीमा ल्याउन चानचुने योग्यता र बौद्धिकताले पुग्दैन। लेखक जयराज आचार्यले यस किताबको भूमिकाको सुरु भई ‘कविता अनुवादमा हराउँछ’ भनेका छन्। लय हराउला, आरोह–अवरोह हराउला, केही हदसम्म सांस्कृतिक कौमार्य हराउला– यी सबै कुरा हुँदाहुँदै पनि भानुभक्तीय भाषिक तथा भावात्मक सतीत्वमाथि आँच नआउने गरी अंग्रेजीका सशक्त पण्डितका रूपमा जयराजजी प्रस्तुत भएका छन्।

## 4.3 भानुभक्त आचार्यको साहित्यिक योगदान

### 4.3.1 कविको रूपमा –

भानुभक्त आचार्य प्राथमिक काल र्सव कविहरूमध्ये नेपाली का (1940-1826) कवि श्रेष्ठ हुन् । उनीलाई भक्तिधारा ठुला नेपालका सवभन्दा का(1940-1873) मानि पनि कविन्छ । जो कोही व्यक्तिले धैरै विद्या आर्जन गरेर मात्र ऊ विद्वान्को रूपमा सुपरिचित हुनका लागि आफूले अध्ययन गरेको कुनै विधा अर्थात् आफुले अध्ययन गरेको कुनै विधाको मार्फत जो कोही व्यक्तिको मानसपटलमा छुने गरी

Notes

सरल सहज भाषामा अभिव्यक्त गरेका शब्द पाच्य हुन्छ अनि मात्र त्यस्ता व्यक्ति विद्वान्को दर्जामा गणना हुन्छ ।

यस्तो विद्लतम व्यक्तिहरू मध्ये एक थिए । आचार्य भानुभक्त आदिकवि-साहित्यको नेपाली सम्पूर्ण आचार्यले भानुभक्त चिनिने रूपमा कविका भाषाभक्त । छ आएको चिनिँदै भनेर आदिकवि उहाँलाई नै हुनाले गरेका प्रतिनिधित्व वि आचार्यको धर्मावतीदेवी माता तथा धनञ्जय पिता मा 29 असार को 1871.सं. भानुभक्तले जन्मिएका बेसीमाथि जिल्लाको तनहुँ रूपमा पुत्ररत्नको कोखबाट बाजे उनका । थिए पाएका मौका हुर्कने वातावरणमा साहित्यिक उमेरदेखि सानै ब भने थिए पण्डित धुरन्धर संस्कृतका आचार्य श्रीकृष्णुबा धनञ्जय आचार्य खरदार पदमा जागिर खाएकाले अन्यत्र जिल्लामा पनि गएर काम गर्नुपर्ने हुँदा भानुभक्त आचार्यको बाल्यकाल बाजे श्रीकृष्ण आचार्यका साथ जीवन व्यतित गरेका थिए । त्यसैबेला बाजे श्रीकृष्ण आचार्य काशी जाँदा भानुभक्त आचार्यलाई पनि साथ लिएर गएका थिए । काशीमा 5 राम्ररी भानुभक्तले वर्षबसेकाले 6/ घर भानुभक्तलाई पश्चात् भए मृत्यु बाजेको आफ्नो नै काशीमा । पाए गर्न अध्ययन । थियो तुल्याएको बाध्य फर्कन उनका बाजेको मत्यू भएकाले ब्याकरण साहित्य पूर्ण रूपमा शिक्षा हासिल गर्न सकेनन् । यिनीमा बाजेको अभाव खड्कियो । 12 वर्षो उमेरमा भानुभक्त ज्योतिष पढ्न ज्योतिषका गएका थिए । बाजेको धार्मिक र पारमार्थिक चरित्रको प्रभाव उनमा बालककालदेखि नै परेको थियो । काशीको बसाइ पश्चात् उनमा साहित्यिक लेखनप्रति अनुराग जाग्यो । फलतः उनले सानैदेखि पद्यरचना गर्ने प्रेरणा प्राप्त गरेका थिए । कविता लेख्ने क्रममा आफ्नो बाजेको सम्झना बढी आइरहेको हुँदा आफू श्रीकृष्ण बाजे भएपछि (कवि) दिएका यसरी माध्यमबाट कविताका परिचय आफ्नो दिएर प्राद्यान्यता आचार्यलाई थिए -

पहाडको अति बेस देश तनहुँमा श्रीकृष्ण ब्राम्हण थिया

खुब उच्चाकुल आर्यवंशी हुन गै सत्कर्ममा मनदिया

इन्को नाति म भानुभक्त हुँ यो जानिचिन्हि लिया ।

नेपाली साहित्यिमा भानुभक्त आचार्य आदिकवि हुन् ।

उनीभन्दा अगाडि कविहरू नभएका होइनन् । यद्यपि, किन भानुभक्त आचार्यलाई नै आदिकवीको उपनाम दिइयो त – भन्ने विचार र प्रश्नहरू यदाकदा गुन्जने गरेको छ । त्यसताक इन्दिरस, बसन्त शर्मा, यदुनाथ पोख्रेल, सुवासचन्द आदि कविहरूमध्ये भानुभक्त आचार्यलाई नै आदिकवीको उपनाम दिनुको औचित्य के होला – भनी नेपाली साहित्यका विद्यार्थीहरूमा बारम्बार प्रश्न उठ्ने गरेको छ । तर्सथ, यसको समाधानका लागि आदिकवीको तात्पर्यता र औचित्यतालाई बुझनु अति आवश्यक हुन्छ । भानुभक्त भन्दा पूर्वका कविहरूले प्रस्फुटन गरेका कविता सरल नभएको, बुझन नसक्ने, ठेट नेपाली शब्दको प्रयोग नभएको, अस्पष्ट, अन्य भाषाको प्राधान्य रहेको हुनाले नै आदिकविको उपनाम दिन नसकेको तर भानुभक्तका कवितामा ठेट नेपाली शब्दको प्रयोग, शब्दहरू सरल, सहज थिए । त्यस्तै, साहित्यिक स्तर मर्यादा र गरिमासहित नेपाली भाषाको प्रतिष्ठान गरे । उनी स्वार्थरहित राष्ट्रवादी कविका रूपमा स्थापित छन् । यिनै विविध गुणहरूले गर्दा नै भानुभक्त आचार्यले अध्यात्मक रामायणको बालकाण्डको नेपालीमा अनुवाद गरिसकेका थिए । तसर्थ, नेपालको इतिहासमा सम्पूर्ण नेपाली भएर देखा पर्ने कवि भानुभक्त आचार्य नै हुन् । नेपाली भाषाको अद्वितीय रूपमा पाइने बोलीचालीको मिठास, सरलता र स्वभाविकताले गर्दा सबैका आत्मियता र ममता जगायो । उनले लेखेको रामायण घर आँगन र चाडपर्वमा गाउन थालियो । संस्कृतको रामायण महाकाव्यलाई आधार बनाए तापनि प्रशस्त मौलिकतासाथ प्रस्तुत गरे । नेपाली भाषाको प्रचारप्रसारमा विशिष्ट योगदान पुर्याधएको र नेपाली भाषालाई गरिमामय स्थान प्रदान गर्ने भानुभक्त आचार्य नेपाली साहित्यका प्राथमिककालका बिर्सनै नसकिने प्रतिभा हुन् ।

वि1 .स.891 सालमा एक दिन भानुभक्त आचार्य घाममा हिड्दै गर्दा थकित भएर एक खोलाको तिरमा आराम गरी बसे । भुसुक्क निदाएर उठ्दा खोलाको नजिकै एउटा घासी घास काटिरहेका भानुभक्तले देखे । उनले किन घास काट्नु भो भनेर सोध्दा घासीले जवाफ दिए "घास बेचेर आएको पैसाले एउटा कुवा खनाई धर्म कमाउछु" । यस्तो कुरा सुनेर भानुभक्त आचार्य अचम्मित भए । तत्कालै एउटा कविता कोरे -

भर्जन्म घाँसतिर मन्दिइ धन् कमायो ।

नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो ।।

घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो ।

मो भानुभक्त धनि भैकन आज यस्तो ।।

भानुभक्तका बुबा धनञ्जय आचार्य त्यसताक माल अड्डामा जागिरे रहेका र बुबा जागिरे भएको बखतमा हिसाबकिताब नमिलेकाले र वि मृत्यु बुबाको मा 19०9 .सं. महिना पाँच चोकमा कुमारी आचार्यलाई भानुभक्त सट्टामा बुबाको भएकाले अयोध्याकाण्ड जेलमा । छन् जनाएका भट्टले मोतीराम कुरा बस्नुपरेको नजरबन्द, किस्किन्धाकाण्ड र सुन्दरकाण्डको रचना गरे । त्यस पश्चात् नजर बन्दबाट मुक्ति पाएर काठमाडौँमा नै उनले युद्धकाण्ड र उत्तरकाण्ड तयार पारी वि 191० .सं. । गरे पूरा सबै कार्य लेखन रामायणको सालमा

भानुभक्त जेल परकै बेलामा आफ्ना छोराको व्रतबन्धमा जानका लागि प्रशासनसँग विन्ति

गरी कविता यसरी लेखेका थिए ः

बिन्ती डिट्ठा विचारीसित

म कति गरू चुप रहन्छन् नबोली

बोल्छन् ता ख्याल् गर्याब झै

अनि पछि दिनदिन् भन्दछन् भोलिभोलि ।

जुनसुकै समय र बिषयबस्तुमा कविता लेख्न सक्ने भानुभक्तले सासाना श्लोक, छोटो कविता

र लामा कविता लेखेका छन् । विशेष गरेर इश्वर र अध्यात्मिक दर्शन र नीति उपदेशका कुराहरू यिनका कवितामा पाइन्छ ।

भानुभक्त आचार्यका प्रश्नोत्तरी, भक्तमाला, रामगीता आदि अन्य कृतिहरू प्रसिद्ध छन् । त्यस्तै गरी एकै रातमा सासूबुहारीको कलहलाई देखेर 33 पद्यको बधूशिक्षा लेखेकाले नै महाकवि लक्ष्मीप्रसाद देवकोटाले भानुभक्तलाई नेपाली साहित्यका सर्वश्रेष्ठ पुरूष भनेका छन् । उनले वि लिइएका खण्डकाब्यबाट श्लोकको 48 प्रश्नोत्तरमा लेखेको मा191०.स.

/चार संवादशैलीमा मिलाई जोडि आर्धश्लोक बीचमा बीचचार हरफमा 13 श्लोक छन् । श्लोक संस्कृत वर्णमात्रिक छन्दका ढाँचामा लेखिएको छ ।

कुन धर्म हो स्वर्ग पुर्याफयिदिन्या

तेस्तो अहिंसा छ बुझेर लीन्या

जागा कउन् हो कसरी उ जान्या

जा सत्।। गर्न्या विवेक छ असत्को-

प्रश्नोत्तर कविताको मुख्य सन्देश नै नीति चेतनाको प्रवाह गर्नु हो भने यस कवितामार्फ भानुभक्तले दर्शन चेतना प्रस्तुत गरेका छन् । मानव भएपछि नैतिक र चरित्रवान बन्नुपर्छ भन्ने सन्देश कवितामा उल्लेख गरेका छन् ।

पढेलेखेका मान्छे उज्यालो हो भने अनपढ मान्छे अध्यारो हुन्, पढमर्ूख हुन्, पशु सरह हुन् । विद्याले आफ्नो जन्मदिने आमाले जस्तै सुख दिन्छ । विद्यामा जति खर्च गरे पनि सकिदैन । बरू बढ्दै जाने छ । तर्सथ, मानव जीवनमा विद्याको महत्व अपरिहार्य छ भन्छन् कवि - भानुभक्त यसरी -

माता सरी सुख दिन्या कुन चिज छ जान्नु

विद्यै छ त्यस्तो अरू कौन खोज्नू ।

भानुभक्तलाई हास्यब्यङ्ग्य चेतना भएको कविको रूपमा पनि लिइन्छ । अन्याय नसहने र अन्याय परेमा प्रतिरोध गर्न समेत पछि नपर्ने भाव कवितामा पोखेका छन् । यदि कसैले अन्याय सहन छ र प्रतिवाद गर्दैन भने त्यो ब्यक्तिलाई लाटोको संज्ञा दिएका छन् । समाजमा देखिएको ब्यतिथिलाई तिखो ब्याङ्ग्य प्रहार गर्न पनि अग्रसर नै देखिन्छ –

”रोज् रोज् दर्शन पाउँछु चरणको, ताप् छैन मनमा कछु

रात् भर् नाच् पनि हेर्छु खर्च नगरी, ठूला चयन्मा म छु

लामखुट्टे उपियाँ उदुस् यी सँगी छन् इन्कै लहडमा बसी

लामखुट्टेहरू गाउँछन् यी उपियाँ नाच्छन् म हेर्छु बसी” ।

अन्तत, भानुभक्त ज्वरो आई थला परे । निकै नै लामो समय ज्वरो आएको हुँदा उनी सिकिस्त भए । त्यसबेला उनले रामगीताको पद्यानुवाद गरे ।। वि मा1925.स. यद्यपि । गयो हुन मृत्यु आचार्यको भानुभक्त सतीघाटमा तनहुँको, भानुभक्तको मृत्यू भएको आज 2०1 वर्षभइसक्यो तर उहाँ हामी सामू नरहे तापनि उहाँले छोडेर गएका कृतिहरू जीवित छन् । प्रत्येक नेपालीले भानुभक्तलाई ठूलो सम्मान र श्रद्धासुमन दिँदै आएका छन् र दिई नै रहनेछन् ।

## 4.3.2 अन्यान्य क्षेत्रमा –

विद्धान पण्डित हजुरबुबा श्रीकृष्ण आचार्यबाट अक्षराम्भ गरेका भानुभक्तलाई अमरकोशका तीनैकाण्ड, लघुकौमुदीलगायतका व्याकरण ग्रन्थहरुको स्वअध्यन गर्न लगाइएको थियो । कलिलो उमेरमानै संस्कृत भाषामा राम्रो दख्खल बनाएका भानुभक्तले 18 वर्षको कलिलो उमेरमा नै साहित्य सृजनाको यात्रा प्रारम्भ गरेका थिए । भानुभक्तले संस्कृत भाषामा लेखिएको रामायणलाई सरल नेपाली बोलीचालीको भाषामा उल्था गरेका थिए । उनले रामायण लेखेपछि नै हरेक नेपालीको घरघरमा रामायण पढ्न थालियो । रामायणसँगै उनका कयौं साहित्यिक कृतिहरु लोकप्रिय हुन गए । अर्कि◌ितर उनको जीवनमा घाँसीले दिएको शिक्षा उनको लागि मात्र नभएर सबै मानिसको लागि प्रेरणाको स्रोत नै बन्न पुग्यो । मानिस मरेपछि पनि भावी पुस्ताले सम्झिराख्ने गरी केही उल्लेखनीय कामहरु गर्नुपर्छ भन्ने नै घाँसीको जीवनको मुख्य शिक्षा थियो । गरिब किसान परिवारमा जन्मिएको घाँसी कुवा खन्नको लागि घाँस काटेर बेच्ने गर्दथ्यो । मानिस मरेर गए पनि केही अजरअम्बर काम गर्नुपर्छ भन्ने नै उसको जीवनको सार थियो । सामाजिक हित र समाज सेवामा जुट्नुपर्छ भन्ने सोच त्यससमयदेखि समाजमा रहेको  पाइन्छ । घाँसीकै प्रेरणा पाएर भानुभक्त आजसम्म पनि नेपाली साहित्य क्षेत्रमा अजरअमर नै रहेका छन् । आज भन्दा दुई शताव्दी अगाडि आएको त्यो सोँच र भानुभक्तको जीवनमा आएको रुपान्तरण आजको पुस्ताको लागि पनि त्यत्तिकै प्रेरक काम हो । गाउँघरमा विद्यालय वा पाठशाला नभएको समयमा पनि मेहनतका साथ अध्ययन गरेर भानुभक्त आदिकवि बनेका थिए । त्यससमय पूरा अशिक्षाको अन्धकारमा रुमल्लिरहेको समयमा भानुभक्तले ज्ञानको ज्योति दिनु निकै सकारात्मक प्रयास थियो । जुन सधैको लागि प्रेरणा भएर रहने छ ।

नेपाली भाषामा रामायण नभएको बेला नेपालभरि पुराणहरू नै पढिन्थ्यो । त्यस बेला संस्कृतका पुस्तक पढ्न सबैलाई अनुमति पनि थिएन । भानुभक्तको

रामायण आएपछि सबैका घरघरमा रामायण राखिन थालियो । वास्तवमा त्यसपछि नै नारीपुरुष र जातजाति सबैले समान रूपमा पढ्ने अवसर पाए । अनि बिहेबारीदेखि पुराणसम्ममा पनि भानुभक्तकै रामायण गाउन थालियो । त्यसैले रात दुई गुना र दिन चार गुनाले भानुभक्तको रामायणले नेपाली बस्ने देशदेशान्तरमा प्रसिद्धि कमाउन थाल्यो । भानुभक्त आचार्यलाई संसारभरिका नेपाली जातिले मानसपिताका रूपमा ग्रहण गरेका छन् । अनि नेपालमा भन्दा धेरै भारतमा भानुगाथा गाइन्छ । भारतको पनि दार्जिलिङ जिल्ला र सिक्किम राज्यले भानुजयन्तीलाई पर्वकै रूपमा मनाउने गर्छ । त्यस भेकमा भानुजयन्तीका दिन प्रायः सबैले दौरासुरुवाल र गुन्यूचोलो लगाएका हुन्छन् । त्यस दिन नर्सिङ्गा, ट्याम्को दमाहा र झ्याम्टाले त्यस ठाउँ गुन्जिएको हुन्छ । वास्तवमा त्यहाँ अति नै भव्य रूपमा यिनको जयजयकार गरिन्छ । कतिसम्म भने त्यता लागेको भानुजयन्तीको बेठीको आवाज नेपालमा पनि सुनिन्छ । त्यताका नेपाली गोरखालीका लागि भानुजयन्ती दसैँभन्दा पनि ठूलो चाड मानिन्छ । वास्तवमा दार्जिलिङमा भानुजयन्ती मनाउन थालेपछि मात्र नेपालमा पनि भानुजयन्ती मनाउने परम्पराको थालनी भएको हो । भानुभक्तका रचनाहरू नेपाली भाषामा अग्रणी रूपमा रहेका छन् । उनले आफ्नो वैयक्तिक प्रतिभाका कारणले नै रामायण लेखे । 'अध्यात्म रामायण' अनुवाद भएर पनि यस कृतिलाई भानुभक्तले मौलिक रूपमा प्रस्तुत गरे । भानुभक्तअघिका नेपाली कविले नेपाली भाषासाहित्यलाई यति सहज, सरल र मौलिक रूपबाट प्रस्तुत गर्न सकेका थिएनन् । त्यसैले भानुभक्तकृत पहिलो भाषासाहित्यको नेपाली नै लाई"रामायण" । भनियो महाकाव्य

पृथ्वीनारायण शाहले नेपाल राष्ट्रको एकीकरण गरे । भानुभक्तले सांस्कृतिक रूपमा नेपाली भाषालाई एउटै मालामा गाँसेर भाषीय एकीकरण गरे । भानुभक्तप्रदत्त नेपाली भाषाका कारण संसारभरिका नेपाली भाषीहरूबीच भाषिक एकता कायम हुन सकेको छ ।

भानुभक्तले रामायणको बालकाण्ड समेत 7 काण्ड, प्रश्नोत्तर लघुकाव्य, भक्तमाला, वधूशिक्षा र रामगीतानामक कृतिहरू नेपाली भाषासाहित्यको मन्दिरमा चढाए । साथै उनका फुटकर कविताहरूको बिटोले पनि नेपाली भाषासाहित्य धन्य भएको छ । उनका अरू धेरै कृतिहरू हुँदाहुँदै पनि भानुभक्तलाई रामायणले नै अमर पार्‍यो । अनि त्यही रामायणले नेपाली भाषालाई समेत लोकप्रिय बनायो । वास्तवमा रामायणको आत्मामा बसेको नेपाली

भाषासाहित्य नै पनि अमर बन्यो । सृष्टिको अमरताले पनि स्रष्टालाई अमर पाऱ्यो । नेपाली भाषासाहित्यको अमरत्वका साथमा भानुभक्त आचार्यको अमरत्व सदार्सवदाका लागि गाँसियो । भानुभक्त आचार्य नेपाली साहित्यका प्राथमिक कालका प्रतिनिधि कवि हुन् । उनी वाल्मीकि रामायणका अनुवादका रुपमा प्रख्यात छन् । मोतिराम भट्टले उनलाई पहिलो पटक नेपाली भाषाका आदिकवि उपाधि दिएका थिए । उनले प्रश्नोत्तर वि1910 .स., भक्तमाला वि(1910) .सं., वधूशिक्षा लगा (1919.सं.वि)यतका कृतिहरु लेखेका छन् । उनका पाण्डुलिपिलाई संग्रह गरेर मोतिराम भट्टले पुस्तकालयमा प्रकाशित गरेपछि उनी नेपाली साहित्यमा चिनिएका हुन् । नेपाली बाङ्ग्मयका ज्योति भानुभक्त आचार्य राणाकालिन संकटपूण र अस्थिर वातावरणभित्र रामको आदर्श सृष्टि गर्ने एक मार्गदर्शक हुन् । मनुष्य जीवन र सम्पूर्ण संसारका प्रतिक रागीवन र मृत्युका प्रतिक रामको राजमहलबाट वनबास यात्रा लोकहितका निम्ति जस्तो पनि काम गर्नुपर्छ भन्ने आदर्श उनले प्रचार गरे । नेपाली जगतमा एकैपल्ट भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, परम्परा, चरित्र, मर्यादा, पितृप्रेम, भातृत्व, दाम्पत्य, कर्तव्य, देशप्रेम, जनवात्सल्य जस्ता समग्र विषयको समन्वय एवं समष्टि भाव प्रदान गरेर भानुभक्तले आदिकवि तथा नेपालको राष्ट्रिय विभूति जस्ता सम्मान पाएका हुन् ।

कवि भानुभक्तको जीवन चरित्र वि.सं. 1948 मा प्रकाशित गरेर पहिलोपल्ट भानुभक्तलाई तनहुँ चुँदीबाट झिकिएर बाहिर निकाल्ने काम गरे मोतिराम भट्टले । अनि मात्र त्यस बेलाको नेपाल (काठमाडौं उपत्यका) र वरपर रामायणका श्लोकसाग भानुभक्त गाइन थाले । सुब्बा होमनाथ, केदारनाथ, सर्वहितैषी कम्पनी, बाबु माधवप्रसाद देखि बम्बै पुस्तक भण्डारसम्म प्रकाशकहरुले कतै सातकाण्ड त आठकाण्डका रुपमा कतै भानुभक्तका रामायण, भक्तमाला र बधुशिक्षा आदि नामबाट प्रकाशन गरेर भानुभक्तलाई अझ व्यापक बनाए ।

भानुभक्तले 37 वर्षको उमेरमा सरकारी जागिर पाए । तर हाकिमले दुई वर्षमा नै उनको जागिर खोसे । त्यसपछि उनलाई रकम हिनामिना गरेको अभियोगमा कुमारी चोकमा थुनियो । उनका लागि जेलयात्रा वरदान वन्यो । उनले त्यहाँ पाँच महिना कैदी हुदाँ रामायणको अयोध्या, अरण्य,श्रीकिष्किन्धा र सुन्दर काण्डको पद्य अनुवाद सके । नेपाल राष्ट रहेसम्म भानुभक्त अमर रहनेछन् । लेखनाथ पौडेलको त्यो घोषणा आजसम्म सार्थक छ । नेपाली समाजप्रति आदिकवि भानुभक्तको देन सम्झिने गोपाल पाँडे, नेपाली साहित्यमा भानुभक्तको स्थान

खोज्ने कृष्णप्रसाद ज्ञवाली, भानुभक्तको काव्य साधनामा अलमलिने गणेश भण्डारी, भानुभक्तको परिचय दिने ज्योति उपाध्याय, आदिकवि भानुभक्त र उनको साहित्यिक साधनको पृष्ठभूमि पहिल्याउने प्रो. ढुण्डीराज भण्डारी, भानुभक्तलाई नेपालीहरुमा भाषात्मक एकता स्थापित गर्ने श्रेय दिने राजेश्वर देवकोटा, भानुभक्तको गाउँः अतितको सम्झनाभित्र राख्ने रामचन्द्र न्यौपाने, दुई जोईको पोईः भानुभक्त निक्रयोल गर्ने काशीनाथ तमोट, कवि भानुभक्त र उनका दृष्टिमा नारी उभ्याईदिने राजेन्द्र सुवेदी, भानुभक्तको कान्तिपुर र आजको काठमाडौको तुलना गर्ने केशवराज पिँडाली, भानुको भावना बुझ्ने मुक्तिप्रसाद आचार्य, भानुभक्त विद्रोही र रुढिवाढी भावनाको समन्वय गराउने देवेन्द्रराज उपाध्याय, भानुभक्त रामायणबारे लेखिएका केही कुरा खोतल्ने रामदेव ठाकुर र नेपाली साहित्यका प्रज्वलित ज्योति आदिकवि भानुभक्त भन्दै मदन थापाहरु जस्ता धेरै पात्रहरु आएका छन् । भानुभक्त आचार्यलाई संसारभरिका नेपाली जातिले मानसपिताकारुपमा ग्रहण गरेका छन् । नेपालमा मात्र नभएर भारतको दार्जलिङ्ग र सिक्किम राज्यले भानुजयन्तिलाई ठूलो पर्वकोरुपमा मानेका छन् ।

भानुभक्तमा केवल साहित्यिक ज्ञान मात्र थिएन, ज्योतिषशास्त्रमा पनि उनको राम्रै पहुँच देखिन्छ । उनका फुटकर कवितामा लेखिएको आफ्नो जन्मकुण्डलीस्थित लग्न, ग्रहस्थान, भाव, नवांश, स्वगृहीग्रह तथा घटी पला विपलाको प्रदर्शनले यो पुष्टि गर्दछ । सामान्य लेखपढका मान्छे मानिसलाई तिथि, वार, नक्षत्र आदिको जानकारी भए पनि ग्रहस्थान, नवांश, स्वगृही–परगृही, द्वादशभाव, ग्रहमैत्री जस्ता प्राविधिक पक्षको गणना ज्योतिषको राम्रो अध्ययन नगरी बताउन सकिन्न । त्यस्तै एक मित्रले दाङबाट पठाएको चिठिमा आयूको विचार गर्ने प्रश्न सोधिएकाले पनि उनि पनि ज्योतिषी थिए भन्ने प्रमाण पाईन्छ । फुटकर कवितामा लेखिएको पाशाको दाउ र पाशा खेलेको प्रसंगले दुरतक्रिडामा पनि उनको ज्ञान भएको देखिन्छ । हालसम्म पनि उत्कृष्ट उपचार पद्धतिका रुपमा परिचित आयूर्वेद उपचारविधि र औषधिनिर्माण प्रक्रियाका सम्बन्धमा आदिकविको रचना पढ्दा उनी कुशल वैद्य भएको हुनुपर्छ । भैषज्यरत्नावली, चरकसंहिता आदिमा वर्णित औषधि निर्माण र प्रयोगविधिमा आधारित उनका पद्यहरुले उनको वैद्यत्व प्रमाणित गर्छ । 'ई नेपाल सरि पूण्य भूमि त अहो देखिन मैले कतै' भन्ने हरफबाट आदिकविको राष्ट्रप्रेम हदैसम्म झल्किएकाले भानुभक्त वास्तविक नेपाली कवि भएको थाहा पाइन्छ ।

## 4.4 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, भानुभक्तलाई सम्मान गर्ने परम्परा भारतीय नेपाली समाजबाट प्रारम्भ भएको हो । उनीहरूले उन्नाइसौँ शताब्दीको अन्तिम दशकमा नै भानुभक्तलाई जातीय कविको सम्मान प्रदान गरी जयन्ती मनाउन थालेका छन् र केही समयपछि सालिग स्थापना गर्न थालेका छन् । नेपालमा पनि सात सालको जनक्रन्तिपछि भानुभक्तलाई सम्झन थालिएको छ । उनी सम्पूर्ण नेपाली समाजका शीर हुन । नेपाली समाज भानभक्त आचार्यद्वारा लिखित रामायण नै पढेर साक्षर भएका पाइन्छन् र नेपाली समाजमा साँस्कृतिक एकताको सूत्र बलियो बन्दै पनि गएको देखिन्छ । भारतीय नेपाली समाजमा भानुभक्तको रामायण जातीय एकताको आधार बनेको छ र यसले नेपाली भाषालाई साहित्यिक भाषाको स्थान दिलाउन सहयोग पुर्‍याएको छ । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीब्रो भएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ ।

## 4.5 सार

यस प्रखण्डमा **भानुभक्त आचार्यको विशेष साहित्यिक योगदान** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

- ‘कविताको मर्म जानेर भाषा पद्य लेख्ने प्रथम कवि हुन्’ भनेर मोतीरामले आदिकवि किटे पनि त्यसको पुष्टि इतिहास शिरोमणि बाबुराममले यसरी गरेका छन्, ‘यिनको रामायण काव्यमा लालित्य, सरलता र विचारको मौलिकताले भरिएकाले हाम्रा भाषाका आदिकवि भनेर यिनलाई नै कान्छी औँलामा गन्न सकिन्छ ।’

- नेपालीमा पहिलो महाकाव्य लेखेकाले भानुको निधनको 23 वर्षपछि अर्थात् 1948 सालमा मोतीराम भट्टले कवि भानुभक्ताचार्यको जीवन चरित्र छपाए ।

- रामायणको बालकाण्ड 1998 तिर रचेलगत्तै उनले अयोध्याकाण्ड र अरण्यकाण्ड लेखे । 1911 सालमा झ्यालखाना बसेर किष्किन्धाकाण्ड र सुन्दरकाण्ड लेखे ।

वास्तवमा भानुभक्त नेपाली साहित्यका वाल्मीकि हुन् र रमायाण नेपाली साहित्यको पहिलो महाकाव्य हो ।

● आदिकवि भानुभक्त आचार्यले अध्यात्म रामायणको नेपालीमा अनुवाद गरे। यसमा छायाँनुवाद, भावानुवाद सबै छ र यो मौलिकतावादको पनि अनुपम उदाहरण भएकाले भानुभक्तको रामायणलाई कृत, विरचित, लिखितको दर्जामा राख्न सकिन्छ।

● भानुभक्त आचार्य प्राथमिक काल र्सव कविहरूमध्ये नेपाली का (1940-1826) कवि श्रेष्ठ हुन् । उनीलाई भक्तिधारा (1940-1873) का सवभन्दा नेपालका ठुला कवि पनि मानिन्छ ।

● नेपाली भाषामा रामायण नभएको बेला नेपालभरि पुराणहरू नै पढिन्थ्यो । त्यस बेला संस्कृतका पुस्तक पढ्न सबैलाई अनुमति पनि थिएन । भानुभक्तको रामायण आएपछि सबैका घरघरमा रामायण राखिन थालियो ।

## 4.6 अनुशीलनी

(क) भानुभक्त आचार्यको साहित्यि यात्राबारे विवेचना गर्नुहोस् ।
(ख) भानुभक्त आचार्यको साहित्यिक योगदानबारे चर्चा गर्नुहोस् ।
(ग) कविको रूपमा भानुभक्त आचार्यको मूल्य निर्धारण गर्नुहोस् ।
(घ) विविध क्षेत्रमा पुर्याएको योगदानको चर्चा गर्दै नेपाली समाजमा भानुभक्त आचार्यको स्थान निर्धार्ण गर्नुहोस् ।

## 4.7 अतिरिक्त अध्ययन

भद्रवीर अधिकारी – **नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान**
ज्ञानमणि नेपाल – **नेपाली साहित्यमा आदिकविको समस्या**
सुमन ढकाल – **कवि भानुभक्त र उनका केही साहित्यिक पक्ष**
इन्द्रबहादुर राई – **भानुभक्तीय कृति अध्ययनहरू**

यस अतिरिक्त **भानुभक्त आचार्यको विशेष साहित्यिक योगदान** - बारेमा अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

# 4.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

1. भानुभक्त आचार्यको साहित्यिक यात्रा ।

........................................................................................................
........................................................................................................
........................................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. भानुभक्त आचार्यको साहित्यिक योगदान ।

........................................................................................................
........................................................................................................
........................................................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. कविको रूपमा भानुभक्त आचार्य ।

........................................................................................................
........................................................................................................
........................................................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.3.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. भानुभक्त आचार्य अन्यान्य क्षेत्रमा ।

........................................................................................................
........................................................................................................
........................................................................................................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 4.3.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ–5,भानुभक्त आचार्यका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता ।

**संरचना**

5.0 उद्देश्य

5.1 परिचय

5.2 भानुभक्त आचार्यका रचनाहरू

5.3 भानुभक्त आचार्यका रचनाहरूको संरचनात्मक विशेषता

5.4 भानुभक्त आचार्यका रचनाहरूको शैलीगत विशेषता

5.5 उपसंहार

5.6 सार

5.7 अनुशीलनी

5.8 अतिरिक्त अध्ययन

5.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 5.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- भानुभक्त आचार्यका रचनाहरू
- भानुभक्त आचार्यका रचनाहरूको संरचनात्मक विशेषता
- भानुभक्त आचार्यका रचनाहरूको शैलीगत विशेषता

## 5.1 परिचय

नेपालीमा पहिलो महाकाव्य लेखेकाले भानुको निधनको 23 वर्षपछि अर्थात् 1948 सालमा मोतीराम भट्टले कवि भानुभक्ताचार्यको जीवन चरित्र छपाए ।

Notes

'कविताको मर्म जानेर भाषा पद्य लेख्ने प्रथम कवि हुन्' भनेर मोतीरामले आदिकवि किटे पनि त्यसको पुष्टि इतिहास शिरोमणि बाबुरामले यसरी गरेका छन्, 'यिनको रामायण काव्यमा लालित्य, सरलता र विचारको मौलिकताले भरिएकाले हाम्रा भाषाका आदिकवि भनेर यिनलाई नै कान्छी औँलामा गन्न सकिन्छ ।' भानुभक्तलाई महाकवि देवकोटाले 'शुक्रतारा सुन्दर हाम्रा नेपाली हे प्रथम ध्वनि' भनेर पुकारेका छन् भने महानन्द सापकोटाले 'भानुभक्तलाई आदिकवि भन्नु अरू कविको अनादर होइन' भनेर आदिकविको विवादलाई किनारा लगाइदिएका छन् । भानुभक्त आचार्य, नेपाली साहित्यको प्राथमिक कालअन्तर्गत रामभक्ति धाराका मूर्धन्य कवि हुन् । उनले रामायण महाकाव्य, प्रश्नोत्तरमाला, भक्तमाला र बधूशिक्षा लघुकाव्य तथा प्रशस्त फुटकर कविता रचना गरी नेपाली भाषालाई काव्य भाषाका रूपमा विकसित गर्न महत्त्वपूर्ण योगदान दिएका छन् । फलतः नेपाली भाषासहित्यका अन्वेषक र समालोचकहरूले भानुभक्तलाई आदिकविको सम्मान प्रदान गरेका छन् । साहित्य जगत्बाट प्रारम्भ भएको यो अभियानलाई 1998 मा राणा प्रधानमन्त्री जुद्धशमशेरले पनि अनुमोदन गरेका छन् । भानुभक्त नेपाली साहित्यका वाल्मीकि हुन् र रमायाण नेपाली साहित्यको पहिलो महाकाव्य हो । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीव्रो भएको छ ।

भानुभक्त आचार्यको जन्मस्थान तनहुँको चुँदी, रम्घा हो। वि असार 1871 .सं.29 गते पिता धनञ्जय र माता धर्मावतीदेवीको पुत्रको रुपमा उनी जन्मिएका थिए। भानुको हजुरबुबाको नाम श्रीकृष्ण आचार्य हो। उनको शिक्षाको थालनी आफ्नै घरको पिंढी पाठशालामा बाजे श्रीकृष्ण आचार्यबाट भएको थियो। पछि बाजेको काशीवास हुँदा उनी वनारस गएर संस्कृत व्याकरण र साहित्य अध्ययन गरेको पाइन्छ। पोखरामा ज्योतिष विद्यामा पारङ्त भएका अघौर्का त्रिपाठीहरूको नाम प्रसिद्ध थियो। रामायणको बालकाण्ड 1998 तिर रचेपछि लगत्तै उनले अयोध्याकाण्ड र अरण्यकाण्ड लेखे । 1911 सालमा झ्यालखाना बसेर किष्किन्धाकाण्ड र सुन्दरकाण्ड लेखे । लेखेर उतरकाण्ड र युद्धकाण्ड छुटेपछि प्रश्नोत्तरमाला यिनले । गरे पूरा रामायण, भक्तमाला र वधूशिक्षा पनि रचे ।प्रश्नोत्तरमाला शंकराचार्यद्वारा रचित ग्रन्थको अनुवाद हो भने वधुशिक्षा सासूबुहारीको झगडाले रातभर सुत्न नपाएपछि नीतिशिक्षा लेखेका हुन् । अनि,

भक्तमाला बुढ्यौलीको भक्तिभाव हो । भानुदय रम्घाबाट भए पनि दार्जीलिङको आकाशमा आलोकित हुन पुग्यो । सन् 1982 मा भाग्यमणि प्रधानले कालेबुङमा रामायण मात्र भित्र्याएको होइन, बरू चौबाटोमा श्लोक पाठ गरे । सर्वप्रथम मोतीरामले सन् 1891 मा काशीमा छपाएको जीवनचरित्रको दोस्रो संस्करण नेपाली साहित्य सम्मेलनले सन् 1927 मा प्रकाशित गर्‍यो । सन् 1954 मा दार्जीलिङमा भानुका हनुमान सूर्यविक्रम ज्ञवालीले रामायण छपाए । त्यसै गरी 1997 सालमा भानुस्मारक ग्रन्थ पनि प्रकाशित भयो । वास्तवमा भानुभक्त नेपाली साहित्यका वाल्मीकि हुन् र रमायाण नेपाली साहित्यको पहिलो महाकाव्य हो । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीव्रो भएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ । २००6 सालमा चौरस्तामा पहिलो सालिक ठ्डयाइयो भने २००3 सालमा मोतीचन्द्र प्रधानको अध्यक्षतामा भानु जयन्ती मनाइयो । सूर्यविक्रमले भट्याएको जातीय कविको नारालाई पारसमणि र धरणिधरले द्यौसी भन्दै विद्यालयमा घोकाएका थिए भन्ने जानकारी पाइन्छ । दार्जीलिङको यो होस्टेलाई गोपाल पाँडेले २०1० सालमा जयन्ती र २०16 सालमा सालिक नेपाली शिक्षा परिषद्को नाममा हैँसे भनेका थिए । यिनको रामायण अंग्रेजी, बंगाली, आसामी, मैथिलमा अनूदित पाइन्छन् । सिक्किम र बंगालमा राज्यस्तरमा बिदा दिएर अगस्ट महिनाभर जयन्ती मनाएर रामायणमय बनाइन्छ।

## 5.2 भानुभक्त आचार्यका रचनाहरू

आदिकवि भानुभक्त आचार्यले आफू नजरबन्दमा परेका अवसरमा रामायणका अयोध्या, अरण्य, किष्किन्धा र सुन्दर काण्डको रचना गरेका थिए भन्ने जानकारी पाइन्छ । नजरबन्दबाट निस्केपछि उनले युद्धकाण्ड र उत्तर काण्ड लेखेका थिए । यसरी उनले 191० सालतिर सम्पूर्ण रामायणको रचना गरिसकेका थिए । उनका कृतिहरूमा रामायण, बधूशिक्षा, भक्तमाला, प्रश्नोत्तरी, रामगीताको साथै केही फुटकर कविताहरू पनि हामीले अध्ययन गर्न पाएका छौं, जो अति गहन भावना सहित सरल भाषामा लेखिएका देखिन्छन् ।

यसरी नै भानुभक्तले नेपाली भाषामा तीन दर्जनभन्दा बढी फुटकर कविता लेखेका पाइन्छन् । उनका फुटकर कविता सबै नै मौलिक रचना मानिन्छन् । आदिकविका फुटकर कविताको मात्र अध्ययन गर्ने हो भने पनि उनको प्रतिभा

अहिलेसम्मका कुनै कविसँग तुलना गर्न सकिँदैन। कवि भानुभक्त आचार्यको रामायण उनले कहिलेदेखि लेखन शुरू गरे अनि कहिले समाप्त गरे भन्ने कुरामा विद्वानहरू एकंत छैनन्। मोतीराम भट्टअनुसार भानुभक्तले रामायणको लेखन तनहुँमा नै थालेको अनि बालकाण्ड विसं 1898 तिर सिद्धाएको मान्छन् भने नरनाथ आचार्यले अयोध्याकाण्ड किष्किन्धाकाण्ड अनि सुन्दरकाण्ड कुमारीचोकमा पाँच महिनाजति थुनमा परेकोबेला विसं 1911 तिर अनि युद्धकाण्ड र उत्तरकाण्ड थुनाबाट बाहिर आएपछि सोही वर्ष काठमाड़ौंमा नै रचना गरेको कुरा उल्लेख गरेका चन्। मोतीराम बट्टले रामगीताको केही अंश भानुभक्तको जीवनकालको अन्ततिर लेखिएको अनुमान लाएका छन्। यसरी हेर्दा भानुभक्तले सातकाण्ड रामायणको रचना गर्न झण्डै 27 वर्षको समय लिएको बुझिन्छ।

भानुभक्तको रामायणको खोज अनि प्रकाशन गर्ने श्रेय मोतीराम भट्टलाई जान्छ। उनले सर्वप्रथम विसं 1941 मा बालकाण्डको खोज गरी प्रकाशित गराए अनि पछि सं 1944 मा सातै काण्डको प्रकाशन गरी रामायण नेपाली समाजसमश्र प्रस्तुत गरे। यसअघि विसं 1942 मा नै प0 डमरूवल्लभ पोखऱ्यालको अग्रसरतामा बानुभक्तीय सातकाण्डी रामायम प्रकाशित भिसकेको कुरो मोतीराम भट्टले स्वीकारेका छन्। यस प्रकार बानुभक्तको रामायम नेपाली समाज अगाडि ल्याउनमा मोतीराम अनि डमरूवल्लभ दुवैको हात रहेको देखिन्छ।

भानुभक्तीय रामायणको स्रोत संस्कृत अद्यात्म रामायणलाई मानिन्छ। महाकवि बाल्मिकीकृत रामायणकै परम्परामा पछि अनेक रामायणहरूको रचना गरियो, जसमा द्यात्म रामायण, अद्भूत रामायण, अग्निध रामायण, आनन्द रामायम आदि प्रसिद्ध छन्। वेदान्त दर्शनका आधारमा केही भिन्न रूपमा रामभक्तिको प्रतिपादन भएको अध्यात्म रामायणको रबनाकाल सम्भवतः ईश्वीको पन्ध्रौं शताब्दीमा भएको मानिएको छ अनि यसको रचयिता रामानन्द हुन् भनिन्छ। भानुभक्तीय रामायणको नेपाली भाषा र त्यसको शैली यान्त्रिक अनुवादको जस्तो कृत्रिम नभई प्रायः मौलिक प्रतिभाषूर्ण छ र उनका शब्दचयन, वाक्य गठन, वाग्धारा, उखान, टुक्का, उक्ति विन्यास र छन्दयोजनाका साथै कथा-खथा, चरित्र चित्रण, परिवेशको छनौट तथा भाव र चिन्तन आदिका विन्यासमा पर्याप्त मात्रामा मौलिक, सृजनात्मक छाप रहेको छ। यो नेपाली रामायण संस्कृत अध्यात्म रामायणको रूपान्तर हो भन्ने थाहा नपाउने सामान्य नेपाली पाठक वा स्रोताका

निम्ति यो ग्रन्थ पुरै मौलिक कृतिका रूपमा आस्वादित हुन्छ र यसमा पाइने कथारसको सहज प्रवहले मूल कृति मौलिक कृतिसरह अत्यन्त लोकप्रिय रहेको छ। यस रामायणमा बानुभक्तको उनका देश, समाज तथा युगको नेपाली बिम्व वा प्रतिबिम्ब प्रशस्त मात्रामा रहेको छ। खार गरी यहाँ अँगालिएको संक्षिप्तीकरण र केही मात्रामा थपघट र संयोजनतर्फ उन्मुख चयनले पनि यसलाई मौलिकतातर्फ उन्मुख गराएका छन् भने मूल ध्यात्म रामायणको सात काण्डको विभाजनलाई मात्र लिई मूल कृतिको 65 सर्गको अन्तर्विभाजनलाई छोडिदिनु पनि यस रामायणको मौलकतातर्फको एक सचेत पाइला मानिन्छ। भानुभक्तको कृतिहरूमध्ये सामाजिकता, बौद्धिकता र चिन्तनशीलताका हिसावले ‘प्रश्नोत्तरमाला’ लाई पनि उत्कृष्ट रचना मान्न सकिन्छ । उनका रचनाहरू पढेर भन्न सकिन्छ उनी उच्च विचारका भावनाशील कवि हुन् । उनी समाज सुधारमा विश्वास गर्ने कवि हुन् । तत्कालीन समाजका अगुवाहरूले सोच्ने दृष्टि र चिन्तनलाई आधार मानेर यिनले कविता लेखेका देखिन्छ । नेपालीको जातीय विकासको निम्ति, नेपालको भाषालाई सम्वद्र्धन र संरक्षित गर्नका लागि भानुभक्तले आफ्नो काव्य–कृतिबाट अथक प्रयत्न गरेको देखिन्छ । साहित्य लेखन भनेको सचेत, संवेदनशील मनको अभिव्यक्तिपूर्ण लेखाइ हो । अझ काव्य–लेखन त उत्कृष्ट लेखाई र बौद्धिक संरचना मानिन्छ । समाज वृत्तका लागि, देशको अवस्था स्थितिको लागि र मानव जातिका लागि भावनात्मक संवेग पोख्ने दृष्टि पनि साहित्य हो । भानुभक्तको चर्चा गर्दा भन्न सकिन्छ उनले नेपाली साहित्य र भाषामा एउटा सुन्दर उल्लेखयोग्य गन्तव्य दिए । भानुभक्तको चेतनशीलता, विचारमा देखिने उच्चता, सामाजिक भावनामा पोख्दै आएको काव्यात्मक ऊर्जाशीलता र विशेषता उल्लेख गर्न लायक छन् । प्रश्नोत्तरमाला - लाई भानुभक्तको विचार श्रृङ्खला जस्तै बनाइएको कविता कृति हो भन्न सकिन्छ । जसमा संसारमा मानवचोलाले के गर्नु र नगर्नुपर्ने विषयमा ईश्वरसङ्ग अत्यन्त गहन प्रश्नहरू राखिएका र कवि स्वयंले गौणरूपमा त्यसका निराकरण समेत गरेका पाइन्छ ।

यसरी नै उनको अर्को काव्य भक्तमाला पूर्वीय दर्शनका मान्यतामा आधारित आध्यात्मिक काव्य हो । प्रस्तुत काव्यमा पूर्वीय दर्शनका साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त आदिका प्रभाव रहेको पाइन्छ । पूर्वीय दर्शनका कर्म, मोक्ष आदिको प्रसङ्ग र सन्दर्भ विभिन्न परिवेश र परिस्थितिमा आएका छन् । पूर्वीय दर्शनको मान्यता अनुरूपका प्रसङग र सन्दर्भमा जीवन र भौतिकताको क्षण भङ्गुरता, स्वर्ग र नरकको चर्चा, ईश्वरको ध्यान र चिन्तनबाट नै जीवनको

सार्थकता आदि कुराको उद्घटान कर्मवाद आदि विविध पक्षहरूको चर्चा काव्यमा भएको देखिन्छ ।

यस काव्यका प्रत्येक श्लोकमा पूर्वीय दर्शनका मान्यता अनुरूप जीवनमा मानिसले विषय वासनालाई त्यागेर ईश्वरभक्तिमा लाग्नुपर्ने भावलाई ज्यादै रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत काव्यांशमा जीवन के हो? भन्ने मर्मलाई उजागर गर्ने चेष्टा गरिएको छ । मानिसले पृथ्वीमा जन्म लिएपछि सम्पूर्ण आध्यात्मिक गुण, तत्वहरूलाई बिर्सिएर भौतिकताको मोहमा पर्दछ । भौतिकतालाई नै सर्वस्व ठान्दै, त्यसैलाई शाश्वत सत्य मान्दछ । तर पूर्वीय पुराणका अनुसार मानिस आमाको गर्वमा रहदासम्म ईश्वरलाई पुकार गर्दै आफूलाई त्यस नारकीय कुण्डबाट बाहिर निकाली दिएमा वा निस्कन पाएमा आफूल अहोरात्र ईश्वरको भजन गर्ने, ईश्वरलाई सम्झने र आध्यात्मिक मार्गमा लाग्ने प्रतिज्ञा गरेपनि पृथ्वीमा आएपछि सबै कुरालाई बिर्सिएर भौतिकताको मोहका पछि दौडन्छ । विषयवासनाको मोहमा रम्न थाल्दछ । धन सम्पत्तिको मोहमा परेर सम्पूर्ण कुरा बिर्सिएर भौतिकतालाई नै सत्य देख्दछ । दुखलाई सुख र अज्ञानतालाई ज्ञान मान्न पुग्दछ । जब समय समाप्त हुँदै जान्छ, अनि बल्ल होस्, खुल्छ र हतार हतारमा ईश्वरलाई जप्न पुग्दछ । यसरी मानिस भौतिकतामा भुलेर जीवनको शाश्वत पक्षलाई बिर्सिन्छ । अज्ञानतालाई ज्ञानरूपी चक्षुका माध्यबाट हटाएर समयमा नै सीतारामरूपी ईश्वरलाई भज्दै जीवनलाई सार्थक बनाउनु पर्दछ भन्ने आशय कविताको रहेको र पूर्वीय आस्तिक दर्शनको मान्यता अनुरूप नै यसमा पूर्वीय दर्शनको प्रभाव रहेको पाइन्छ । भक्तमाला काव्यमा भौतिकताको वशमा परेर सम्पूर्ण ईश्वरीय कुरा बिर्सिएर जाने हो भने जीवनको साथ कसरी रहन्छ र भोलिका दिनमा यसका दूतहरूले के भन्ला भन्ने पूर्वीय दर्शनको स्वर्ग, नर्क, ईश्वर आदि आशयलाई समेत व्यक्त गरिएको देखिन्छ ।

यसैगरी कविको अर्को महत्तवपूर्ण काव्य वधूशिक्षाले तत्कालिन लोकमान्यतालाई दर्शाउने काम गरेको छ । घरमा झगडा हुनु कहिल्यै पनि राम्रो त हुँदै होइन तर पनि पाहुना आएका बेला झगडा हुनु भनेको सासू बुहारीको मात्र नभएर घरकै गोपनीयता भङ्ग हुन जान्छ । यसको लागि बखत् चुक्नु अगावै घरलाई व्यवस्थित गर्नलाई भानुभक्तले उपदेश सहितको यो पत्र दिएको उल्लेख पनि प्रस्तुत काव्यमा निहित पाइन्छ । नेपाली समाजमा सासू र बुहारीको सम्बन्ध सौहार्दपूर्ण नभएर, आजको समयमा पनि कटु नै देखिन्छ । नुहाउनु, स्वच्छ हुनु मान्यजनबाट आशीर्वाद लिनु भनेको अवश्य राम्रो काम हो । आदरभावको साथमा घरमूलीबाट

मार्गदर्शन लिएर काम गर्नु पनि राम्रो हो । आज पनि हाम्रो धर्मसंस्कारमा मान्य जनमा पाऊ पर्ने काम चलनमा छ । आजको जमानामा पाऊ पर्नु राम्रो मानिदैन तर यो संस्कारबाट हाम्रो समाज मुक्त हुन सकेको छैन । भानुभक्तको यी कविताहरू धेरै आलोचित छन् । यी कवितामा भानुभक्तले आफ्ना धारणामात्र नराखेर त्यस समयमा समाजले(लोकले) अपनाउँदै आएका समाजले मान्यता दिएका कर्महरूको अवलम्बन् गर्नु र कवितामा उतार्नु अस्वभाविक होइन । खुट्टा नढोगाई कन पनि शिष्ट आचारणको अवलम्वन गराउनु, अनुशासित र मर्यादित समाजको सिर्जना गराउनु पनि एउटा साहित्यकारको दायित्व भित्रै पर्दछ । बधुशिक्षा मा भानुभक्तका अभिव्यक्तिहरू वधूलाई आदर्श नारी वनाउनको लागि जुन प्रयास गरिएको देखिन्छ, यी हरेक काममा वधूलाई अग्रपंक्तिमा उभ्याउन खोजीएको छ । यी मार्गदर्शनहरू अति कठोर छन् र सर्बसाधारणमा व्यवहार मूलक देखिदैनन् । समयको गतिसँग समाजको गतिशीलता पनि अघि बढेको हुन्छ । आजको धारणा भनेको समतामूलक समाजको सिर्जना गर्नु हो । नारी पुरुषमा कुनै भेदभाव छैन । प्रकृतिले महिलापुरुषको अनिवार्य जो स्वयम्ले गर्नै पर्ने कार्य बाहेकका काम (समाजले विभाजन गरेका काम) जो कोहीले पनि काम गर्न मिल्छ । हुन त भानुभक्तले लोक कल्याणकारी शिक्षा दिन खोजीएको हो भनेका छन् तर तत्कालिन समयको यथार्थतालाई चित्रण गरेकोमा आजको परिवर्तित समय र समाजमा तुलना गर्दा धेरै फरक देखिनु त्यति असान्दर्भिक होइन ।

## 5.3 भानुभक्त आचार्यका रचनाहरूको संरचनात्मक विशेषता

कवि भानुभक्त आचार्यद्वारा सरल नेपाली नेपाली भाषामा रचिएको रामायण आध्यत्म रामायणको भावनुवाद हो । प्रस्तुत कृति तथा महाकाव्यलाई नेपाली प्राथमिककालीन भक्तधाराको प्रमुख कृति मानिन्छ । यस कृतिको रचनाकाल सन् 1853 भए तापनि प्रकाशन काल भने सन् 1862 मा भएको हो । भानुभक्त कृत रामायणमा जम्मा 223 पृष्टमा अनि 2638 श्लोक छन् ।

संस्कृत भाषामा आध्यात्म रामायण, अद्‌भुत रामायण र आनन्द रामायण गरी तीनवटा रामायण छन् । ती तीनवटा रामायण मध्ये कवि भानुभक्तले आध्यात्म

रामायणलाई सरल, सहज, जनप्रीय भाषामा अनुवाद गरे । 19 औँ शताब्दीतिर उनले यस रामायणलाई शुद्ध र मीठो नेपाली भाषामा अनुवाद गरेकै कारण कवि भानुभक्त आदिकवि नामले पनि चिनिएका हुन् । हुन त नेपाली साहित्यमा भानुभक्त पूर्व पनि नेपाली भाषामा रामायण नलेखिएका होइनन् । रघुनाथ भट्ट, वीरशाली पन्त आदि कविहरूले भानुभक्त भन्दा पूर्वै नेपाली भाषामा रामकथालाई लिएर रामायण लेखेका पाउँछौ । तथापि उनीहरूका रामायण भन्दा कवि भानुभक्त आचार्यलिखित रामायण साँचो भक्तिरस र मौलिक रूपमा लेखिएको कारण आज पनि उनी नेपाली समाजमा जीवित र प्रीय छन् ।

मोतीराम भट्टद्वारा प्रकाशित गरिएको भानुभक्तकृत **रामायण** जम्मा सात काण्डमा रचिएको छ । ती हुन् - बालकाण्ड, अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड, युद्धकाण्ड र उत्तरकाण्ड । उपर्युक्त काण्डहरू मध्ये रामायणको सुन्दरकाण्ड रमणीय, महिमायुक्त र आहालदकारी बनेका छन् । यस काण्डमा जम्मा 154 श्लोक छन् । रावणले माता सीतालाई हरण गरेर लङ्कामा लगेपछि राम र रावण माझ युद्ध हुनभन्दा पूर्वको रमाइलो कथा यस काण्डमा वर्णित छ । शार्दुलवीकडित छन्दमा लेखिएको प्रस्तुत काण्डको रचना कवि भानुभक्तले सन् 1851 मा आफु कुमारीचोकमा थुनुवा हुँदा झ्यालकानामै लेखेका हुन् । मूलतः एधाह्र बर्ष लाएर सम्पूर्ण रामायण लेखिसिद्याउने कवि भानुभक्तको रामायण सुन्दरकाण्डमा रामका परमभक्त तथा दुत हनुमानले औंठी लिएर सीतालाई भेट्न गएको, सीतालाई भेटेपछि सीताको सुसमाचार मधुवन आएर भगवान् रामलाई सुनाएको कथा छ । यस काण्डमा हनुमान लङ्कामा जादाँ सुरसा राक्षसले आहार सम्झी हनुमानलाई खान खोजेको, खान कोज्दा हनुमानले चालीस कोसको शरीर बनाएको, सीताजीलाई भेटे पछि माता सीताले हनुमानलाई फलफुल खाएर जाउ भनेको, हनुमानले भगवान् रामकहाँ तपाइको सुखसन्देश नपुगाइ केही नखाने वाचा गरेको, रामकहाँ आउदा बाटोमा सिंहिका राक्षसले दुख दिएको र हनुमानले दुई लात दिएर ठहरै मारेको, केही अगाडी आउँदा लङ्कामा वरिपरि फलफुल पाकेको देखेको, त्यही बसेर रातभरी खाएको, पछि लङ्केनीले देखेको र हनुमानले उसलाई पनि हिर्काएर खुन छदाको, यो देखेर लङ्केनीले रावणको मरण आएको सम्झिएको, लङ्केनी वा मन्दोदरीले नै हनुमानलाई माता सीता अशोक बाटिकामा छ भन्ने खबर दिएको, त्यहाँ जादा वरिपरि राक्षसनीहरूले पहरा दिएको , माता सीता रूखको फेदमा राम नाम जपेर भोकै र

केश नकोरी बसेकी, हनुमान आएको देखेर पहिला नचिनेको र राम नाम भएको औंठी देखाउदा सीता खुसीले पागल भएको, यस खैलाबैला सुनी रावण त्यहाँ आएको, हनुमान चाहिँ रूपधारण गरेर पातमा लुकेको, यससमय रावणले सीतालाई रामबारे दुर्वाच्य बोलेको, व्यर्थैमा योवण फालेको, फकाएको, यो सुनेर सीता रूखको हाँगामा झुण्डिन खोजेको, झुण्डिन खोज्दा झटपट्ट आई हनुमानले राजा दशरथ र रामको बारेमा सबै बताएको, बानरसित कसरी मित्रता लाउनसक्छ भनी नपताएको, पछि राम नाम भएको औँठी दिदा सीतालाई विश्वास भएको, हनुमानले सीतालाई आफ्नो विश्वरूर देखाउँदा झन् खुसी भएको, हनुमानले आफुलाई औंधी भोक लागेको सुनाएपछि सीताजीको हुकुमबमोजिम बधैंचानै मासी मैदान बनाएको, यो खबर राक्षसनीले रावणलाई सुनाएको, रावणले हनुमानलाई ब्रह्मपासोमा समाएको, त्यसपछि मन्त्रीसभामा हनुमानलाई लगेको, यस समय हनुमानले रावणलाई ऋषि पुलस्त्यजिको नाती ब्रह्माण भएर निच काम गर्नु सुहाउँदैन भनेको, ब्रहम भनेको राम हो र सीताजीको शरणमा पर भनेको, यस कुरा सुनेर रावण रीसले चुर भएको, हनुमानलाई काटी टुक्रा बनाउने आदेश दिएको, पछि विभीषणले यो दुत हो भनी मार्न नदिएको, त्यपछि तेल-धिउले मुछेर हनुमानको पुच्छरमा आगो लगाएको, यही पुच्छरको आगोले बिभीषमको घर बाहेक सम्पूर्ण लङ्काको शहर र घरनै भष्म पारेको, त्यसपछि समुन्द्रमा पुच्छरको आगो निभ्याएको, अन्त्यमा सीताजीलाई रघुनाथलाई लिएर आउने वाचा गरेर आकाशमार्ग भएर मधुवनमा आएको, यस कुराले सुग्रीव र अङ्गद्ले हनुमानलाई मधुवनका फलफुल खाने आदेश दिएको, त्यसपछि रामकहाँ गई सबै वृतान्तमा सुनाएको, सीता के, कसतो अवस्थामा बसेको छ ? भन्ने खबर सुनाएको, फर्किने समयमा रावणलाई नभेटी नफर्कने मन भएर आफुले लङ्कालाई ध्वस्त पारेको, यस कुराले भगवान् खुसी भएर हनुमानलाई काखमा शीर राख्र दिएको आदि घटना वर्णित पाइन्छ ।

प्रस्तुत रामायण सुन्दरकाण्डमा कविले दशरथनन्दन श्रीरामचनद्र, पतिव्रत नारी सीता र परमभक्त हनुमानका माध्यम आदर्श नेपाली राज्य, नेपाल अधिराज्यलाई रामराज्यसरह बनाउने उद्देश्य राखेका छन् । अध्यात्मवादमा आबद्ध प्रस्तुत काण्डमा अशोक बाटिकाको प्रकृति चित्रण, हनुमान जस्तो सहृदय मित्र, नैतिक सोच र मन्दोदरी जस्ती ग्रहणीको वर्णन गरिएका पाउँछौं । यस अतिरिक्त प्रस्तुत

सुन्दरकाण्डमा सम्पूर्ण मानवमा राम र हनुमानको जस्तो एकता, मित्रता, सीता जस्ती आदर्श गुण हुनुपर्छ भन्ने सन्देश पनि दिन चाहेका छन् ।

*एक दिन नारद सत्यलोक पुगिगया लोकको गरौं हित भनि*
*ब्रह्मा त्यहि थिया पर्या चरणमा विस्तार बताया पनि*

लोकको हितार्थ नारद सत्यलोक पुगेको प्रसंग उल्लेख गरेर उनले रामायण रचना गरे । रामायण राजतन्त्रको स्रोत संग्रह हो । प्राच्य राजनीतिशास्त्रमा यसको चर्चा छ । राजनीतिक दर्शन, आध्यात्मिक चिन्तन पनि यसभित्र छ । अध्यात्म रामायण, योग वाशिष्ठ रामायण लगायत अन्य रामायण पनि धार्मिक ग्रन्थमा मात्र सीमित नभएर राजनीति, शिक्षा, स्वास्थ्य, प्रकृति र जीव जगतकै सेरोफेरोमा विचरण गर्ने पाठ्य सामग्री भएका ग्रन्थ हुन् ।

एक अर्ब श्लोकको भीमकाय रामायण ब्रह्लोक, स्वर्गलोकमा छ । त्यसैमा रमाएर लोकको हित गर्ने विषयमा नै विचारविमर्श गर्छन् भन्ने अनुमान गरिन्छ । 25 हजार श्लोकको विविध नामको रामायण यो मत्स्र्यलोकमा छ । रामराज्यको विशेषताबारे विज्ञ मानिने वाल्मीकि हुन् वा भानुभक्त मत्र्यलोक खास गरी भारतवर्षमा आदिकविका रुपमा स्थापित भएका छन् । यस्तै रामायणको व्यापक प्रचार भएका अन्य देश र भाषाको पनि वृहतसूची रामायणकोशमा छ । यस्ता रामायणमा फरक फरक दृष्टिकोणद्वारा अध्यात्म दर्शन, राजनीति लगायतका नीतिगत प्रसंगका साथै प्रकृतिकीय सृष्टि संरचनाबारे प्रकाश पारिएको छ । रामलाई मर्यादा पुरुषोत्तम, विष्णुको अवतार, भूभार हर्ने शस्त्रधारी अनेकौं विशेषणद्वारा सम्बोधन गर्दै असत्यमाथि सत्यको विजय नै रामायणको विशेषता मानिएको छ ।

अनुवादित भए पनि उनको रामायणमा काव्यमा हुनु पर्ने तीन गुणहरू जस्तै लालित्य, सरलता तथा विचारको मिठास पाइन्छ। साथै, उनका कवितामा वेदान्ती आध्यात्मिक चेतना, नैतिक र औपदेशिक स्वर तथा सामाजिक हस्यव्यङ्ग्य चेत पनि पाइन्छन्। तसर्थ हामी उनलाई नेपाली भाषाका आदिकवि अर्थात् प्रथम कविका रूपमा स्वीकार्दछौं। रामायणबाहेक उनका रामगीता, भक्तमाला, वधूशिक्षा र प्रश्नोत्तरी कृतिहरू पनि छन्। उनले अनुवाद गरेको 'रामायण' महाकाव्यमा उल्लिखित कर्तव्य परायण राम, पति परायणा सीता, भातृत्व प्रेमी लक्ष्मणजस्ता पात्रहरूले नेपाली समाजलाई पितृ भक्ति, पति भक्ति र भातृ भक्तिको आदर्श पाठ सिकाएको पाइन्छ। त्यस्तै, अको कृति 'वधूशिक्षा'ले नारीमा हुनुप र्ने आदर्शलाई उच्च मूल्याङ्कन गर्दै उनीहरु घरका लक्षिन भएकाले उत्ताउलो

नबनी सुवासिलो भई समाजमा नारीहरूले गौरवमय इतिहास जोगाइराख्नु पर्छ भन्ने भावना व्यक्त गरेका छन्। यसलाई आधुनिक चस्माले भन्दा तत्कालीन अवस्थालाई समीक्षा गर्नुपर्दछ किनभने त्यतिखेर बढी हाँस्दा नारी जातिलाई उत्ताउलो मानिन्थ्यो र आज पनि हाम्रो समाजमा हाँस्नुलाई राम्रो मान्न सकिन्छ तर उत्ताउलिएर हाँस्नुलाई राम्रो मानिँदैन। उनले आफ्नो 'प्रश्नोत्तरी' नामक कृतिमार्फत् हामीलाई हाम्रो जीवनको हितको लागि अत्यन्तै मीठा र गुलिया सन्देश प्रवाह गरेका छन्। त्यसैगरी, उनीद्वारा लिखित 'भक्तमाला' र 'रामगीता' कृतिले हामीलाई हामीभित्र भएको स्वार्थी भावलाई हटाएर वैराग्य भाव उत्पन्न गराउँदै शान्तिका लागि नैतिक र आध्यात्मिक चेतनाको चिराग बाल्दछन्। निचोडमा भन्दा भानुभक्त आचार्यका उपर्युक्त कृतिहरूले हामीलाई आध्यात्मिक, जातीय, राष्ट्रिय एवं भावनात्मक परिपोषसमेत प्रदान गर्दछन्। साथै उनका अन्य फुटकर रचना पनि ज्यादै महत्त्वपूर्ण मानिन्छन्। यी फुटकर कविताले उनलाई आँशुकवि र हाँस्यव्यङ्ग्य कविका रूपमा पनि प्रतिष्ठित गरेको पाइन्छ। जसरी पृथ्वीनारायण शाहले टुक्रिएको नेपाललाई एकीकरण गरेर विशाल राष्ट्र बनाए त्यसरी नै कवि भानुभक्तले छरिएर रहेको नेपाली भाषालाई एकीकरण गरे। साहित्यका माध्यमबाट लोकहित गर्दै सहज रूपमा समाज सुधारको सुरिलो स्वर सुसेल्दै आफ्ना भावना पस्किएका छन्। यसरी नेपाली भाषा साहित्यलाई साहित्यका माध्यमबाट समस्त जनताको हृदयलाई स्र्पर्श गरेका भानुभक्त आचार्यको देहान्त वि.सं.1925 मा भएको हो। उनी यस संसारमा नभए पनि नेपाली भाषाप्रति अगाध माया अपूर्व सेवा गरेबापत नेपाली साहित्य संसारले उनलाई कहिल्यै विसर्ने छैन। किनभने आधुनिक नेपाली भाषाको जति विकास भएको भए पनि सुरुमा नेपाली असर चिनाउने र नेपाली भाषाको बाणीमा पहिलो प्राण भर्ने गुरु भानुभक्त आचार्यको ऋणबाट नेपाल र नेपाली कहिल्यै मुक्त हुन सक्दैन।

## 5.4 भानुभक्त आचार्यका रचनाहरूको शैलीगत विशेषता

भानुभक्तले विशेष गरी रामायणमार्फत् टुक्रिएको, क्षतविक्षत र आहत नेपाली मुटुको एकीकरण गरे, भाषिक, सामाजिक, साँस्कृतिक र भावनात्मक एकीकरण

गरे । भानुभक्त प्रदत्त नेपाली भाषाका कारण संसारभरीका नेपालीहरूका बिच भाषिक एकता कायम हुन सकेको छ । चाप्लुसी र खुसामद गर्न नजान्ने उनले अड्डाका कर्मचारीको भोलि भोलि भन्ने प्रवृत्तिको कवितामै यसरी वर्णन गरेका छन्|

बिन्ती डिट्ठा बिचारीसित कति म गरुँ चुप् रहन्छन् नबोली ।
बोल्छन् ता ख्याल् गया झैँ अनिपछि दिनदिन् भन्दछन् भोलि–भोलि ।
की ता सक्तीनँ भन्नू कि तब छिनिदिनू क्यान भन्छन् यि भोलि
भोली भोली हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली ।।

नेपाली भाषा साहित्यको उत्पत्ति, उत्थान र विकासमा आदिकवि भानुभक्तको विशेष योगदान रहेको छ । उनका सबै कवितामा संगीतको अविच्छिन्नता मौलिक आस्वाद पनि उत्तिकै अनुभव गर्न सकिन्छ । नेपाली कविताको सिङ्गो प्राथमिक कालको प्रतिनिधित्व गर्ने कवि आचार्य कालज्वरले ग्रस्त भै 54 वर्षको उमेरमा वि.सं. 1925 असोज 6 गतेका दिन एकमात्र छोरा रमानाथ आचार्य र पत्नी रेवतीदेवी आचार्यलाई छोडेर सदासदाका लागि यस भौतिक संसारबाट बिदा भए पनि नेपाली भाषा साहित्यका अनुरागीहरूका माझ उनी कहिल्यै नअस्ताउने भानु भएर चम्किरहेका छन् ।

एकै पल्ट भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, परम्परा, चरित्र, पितृप्रेम, भातृप्रेम, कर्तव्य, देशप्रेम, जनवात्सल्य जस्ता समग्र विषयमा समन्वय एवम् समष्टि भाव भित्र्याएर नेपाली राष्ट्रियतामा पु¥याएको योगदान स्वरूप यिनलाई नेपालका राष्ट्रिय विभूतिजस्तो गरिमामय सम्मान प्राप्त छ । भानुभक्त प्रदत्त नेपाली भाषाका कारण संसारभरीका नेपालीभाषीहरूका बिच भाषिक एकता कायम हुन सकेको छ । त्यही भानुभक्तीय रामायणको आत्मामा बसेको नेपाली भाषाले नै उनलाई अमर बनायो । साहित्यिक रचनाका माध्यमबाट समाजमा धर्म, दर्शन, संस्कृति, सभ्यता, नैतिकता, आदर्शता, प्रेम र सत्यताको पाठ सिकाउनु भानुभक्तको योगदान हो । भौतिक उन्नति र विकासका नाममा समाज र परिवारमा भित्रिएका विभिन्न विकृतिलाई भातृप्रेम, पतिपत्नी प्रेम, पुत्रप्रेम, कर्तव्यपरायणता, प्रजावत्सल, आज्ञाकारीता, विनयशीलता स्वामीभक्तिका माध्यमबाट परिवर्तन गराउने ध्येय राखेर रामायण जस्तो महाकाव्यात्मक ओज, गुण, गरिमा र संरचनायुक्त कृतिको रचना गर्नु अर्को ठुलो योगदान हो । भाषा, साहित्य, संस्कृति, सभ्यता, धर्म, दर्शन हाम्रा चिनारी हुन् । नेपाली भाषालाई सामान्य र तुच्छ ठान्ने तत्कालीन पण्डितहरूका विपक्षीमा जनपक्ष लिएर देवभाषा संस्कृतमा मात्र होइन नेपाली भाषामा र संस्कृत भाषाका पुराण मात्र नभइ तिनको नेपालीकरण गरी नेपाली

राष्ट्रभाषाको काव्यात्मक जग बसालेर त्यसको गुणात्मक उचाइ हाँसिल गर्नु भानुभक्तको नेपाली भाषा र साहित्यप्रतिको योगदान हो भने त्यही युग अनुसारको प्रगतिशीलता पनि हो ।

भानुभक्तलाई नेपाली भाषाका प्रथम आदिकवि मानिएको छ । यो उनको उपाधि या विशेषण मात्र नभएर उनको समकालीन नेपाली कविताकै साङ्केतिक नाम हो । जनताको दिललाई नछोएसम्म र त्यसको स्पन्दनसँग नमिसिएसम्म कविताले आफ्नो अस्तित्व प्रमाणित गर्न सक्दैन भन्ने कुरा भानुभक्तले त्यहाँ देखाइ दिएका छन् । भानुभक्त पूर्वका कविहरूले टुटेफुटेका अभिव्यक्तिमा कविता रचेका र सीमित परिधि ओगटेकाले तिनले कविताको सग्लो अनुहार प्रस्तुत गर्न सकेका थिएनन् । त्यस बेलामा केवल भानुभक्तले नै कविताको वास्तविक पहिचान गराएका थिए । त्यसैले उनी नेपाली भाषसाहित्यका आदिकवि हुन् । कविताको वास्तविक मर्म बुझेर लेख्ने कवि भानुभक्त नै हुन् । यसपछि मात्र भानुभक्त आधिकारिक आदिकवि बनेका हुन् । आफूलाई पाश्चात्य चेतनाका आधिकारिक विद्वान् प्रमाणित गर्न खोज्नेहरू उत्तरआधुनिकता र प्रगतिशीलका नाममा सिधासाधा लेखक र पाठकका दिमागमा काल्पनिक वितण्डा मच्चाइ रहेका छन् । भानुभक्तलाई विवादमा तान्नेहरू उनको वधूशिक्षालाई विवादको विषय मान्ने गर्दछन् । वधूशिक्षामा तत्कालीन समयका नारीलाई भानुभक्तले उपदेश दिएका छन् । समाजपरक समालोचनाका जन्मदाता हिपोलाइट टेनका आधारमा हेर्ने हो भने वधूशिक्षाका आधारमा भानुभक्तलाई गाली गर्न मिल्दैन किनभने कुनै पनि साहित्यकार र साहित्यको समालोचना वा समीक्षा गर्दा जाति, युग र पर्यावरण लाई आधार मानेर लेख्नु पर्दछ । यी तिन कुराको हेक्का नगरीकन कुनै साहित्य र साहित्यकारको मूल्याङ्कन गरियो भने त्यो सही हुँदैन नाइन्साफि हुन्छ । यदि कसैले समालोचना गर्छ र स्थापित सिद्धान्त बेगर कृति र कृतिकारको आलोचना गर्दछ भने त्यो सही समालोचना नभई केवल मनको बह मात्र हो । सिद्धान्त बिनाका मनका बह वैज्ञानिक हुँदैनन् । आदिकवि भानुभक्त आचार्यलाई नेपाली साहित्यको उपजीव्यका रूपमा प्रयोग गरिएको छ । त्यसैले भानुभक्त नै आदिकवि हुन् । मोतीरामले भानुभक्तलाई दिएको आदिकवित्वको उपाधिले त्यति धेरै चर्चा पाएको थिएन वि.सं. 1997 मा जुद्धशमशेरले भानुभक्तलाई आदिकवि मान्नुपर्ने धारणा राखेपछि उनको आदिकवि निकै चम्किलो भयो । सूर्यविक्रम ज्ञवाली द्वारा सम्पादित भानुभक्त स्मारक ग्रन्थ (1997) मा जुद्धशमशेरको भनाइ यस्तो छ ः अध्यात्म रामायण लाई सरल नेपाली

भाषामा श्लोकबद्ध गरी उतारी रामरस फैलाउने कवि भानुभक्त आचार्य नेपाली भाषाका आदिकवि हुन् भने पनि हुन्छ ।

नेपाली कविता साहित्यको रामभक्तिधारा अन्तगर्त रहेर काव्य सिर्जना गर्ने कवि आचार्य उत्तरवर्ती साहित्यकारहरूका लागि उपजीव्य रूपमा देखिएका छन् । आधुनिक नेपाली सहित्यमा भानुभक्तलाई विभिन्न विधामा विषयवस्तुका रूपमा पनि प्रयोग गरिएको छ । उनलाई उपजीव्यका रूपमा पहिलो पटक प्रयोग समालोचना विधामा गरिएको छ र यही विधामा भानुभक्त सम्बन्धी धेरै लेखिएको छ । कविता विधामा सर्वप्रथम महाकवि देवकोटाले वि.सं 1995 सालमा घाँसी कवितामा भानुभक्तलाई उपजीव्य बनाइएको छ । यसमा देवकोटाले भानुभक्तलाई प्रथम ध्वनि को संज्ञा दिँदै नेपाली साहित्यको सुन्दर शुक्रताराका रूपमा चिनाएका छन् । कविता विधाका साथै देवकोटाले उनलाई निबन्ध विधामा पनि उपजीव्य रूपमा ग्रहण गरेका छन् । वि.सं. 2००2 सालमा नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष शीर्षकको निबन्ध लेखेर भानुभक्तलाई नेपाली साहित्यमा सर्वश्रेष्ठ व्यक्तिका रूपमा उल्लेख गरिएको छ । नाट्यसम्म्राट बालकृष्ण समले नेपाली नाट्य विधामा भानुभक्तलाई उपजीव्य रूपमा ग्रहण गरेका छन् । वि.सं. 2००० सालमा भक्त भानुभक्त शीर्षकको नाटक लेखेर भानुभक्तको जीवनीमाथि कथात्मक रूपमा प्रकाश पार्ने कार्य गरिएको छ । भक्त भानुभक्तका रूपमा बालकृष्ण समले नाटकीय अभिनयसहित मञ्चमा उभ्याइ दिएपछि 2००2 साल भाद्र 22 गतेका दिन गौरीशङ्कर नाट्य समुदायले यसको मञ्चन गरेको थियो । यस नाटकमा उनले भानुभक्तलाई आदर्श युगपुरुषका रूपमा उभ्याउने काम गरेका छन् । हास्यव्याङ्ग्यात्मक निबन्धकार भैरव अर्यालले पनि वि.सं.2०22 सालमा अमरावती कान्तिपुरी नगरी शीर्षकको निबन्ध लेखेर भानुभक्तलाई उपजीव्य रूपमा ग्रहण गर्दै भानुभक्त सम्बन्धी सम्मान व्यक्त गरेका छन् । उपजीव्यका रूपमा ग्रहण गरी भानुभक्त सम्बन्धी चलचित्र बनाएर नेपाली साहित्यकार र नेपाली राष्ट्रिय विभूतिप्रति सम्मान जनाउँदै यादव खरेलले भानुभक्त शीर्षकको चलचित्र बनाए । भानुभक्त धेरै नेपाली साहित्यकारका उपजीव्यका रूपमा प्रयोग भएका छन् । प्रत्येक वर्ष देशभित्र र बाहिर भानुजयन्तीको अवसरमा भानुभक्त सम्बन्धी सयौं कविता लेखिन्छन् र प्रकाशन पनि हुन्छन् तिनको कुनै शोधखोज गरिएको छैन । ती सबै कृतिका रूपमा आएको खण्डमा भानुभक्त उपजीव्य

परम्परा बृहत् देखिने छ । समालोचना विधामा र अनुसन्धानको परम्परामा पनि भानुभक्तीय स्रोत सङ्ख्यात्मक रूपमा अगाडि देखिन्छ ।

आदिकवि कवि भानुभक्त आचार्यले नेपाली कविताको क्षेत्रमा दिएका कृतिहरू सङ्ख्यात्मक रूपमा कमी भए पनि गुणात्मक रूपमा भने उत्कृष्ट छन् । तीन दर्जन भन्दा बढी फुटकर कविता तीन वटा खण्डकाव्य र एउटा महाकाव्यका आधारमा उनका काव्यका शैलीगत प्रवृत्तिहरूलाई निम्न बुँदामा समेटिएको छ ।

विषयगत विविधता - आदिकवि भानुभक्त आचार्यका कृतिहरूको सामान्य रूपमा अध्ययन गर्दा उनका कवितामा विभिन्न विषयलाई आधार मानेर कविताको रचना भएको छ । मूल रूपमा रामभक्ति धारामा केन्द्रित भएर काव्य रचना गरे पनि धार्मिक विषयवस्तु भन्दा भिन्न विषयलाई पनि कवितामा स्थान दिएर विषयगत विविधता प्रवृत्ति अपनाएका हुन् । नेपाली माटो, हावापानी, प्रकृति चित्रण, देशप्रेम तथा राष्ट्रभक्ति, नैतिक आचरण, सामाजिक विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य, भोलिवाद, आध्यात्मिक तथा दार्शनिक विषयवस्तु उनका कविताका विषयवस्तु हुन् ।

सामाजिकता - कवि भानुभक्त आचार्य सामाजिक विषयको प्रयोग गरेर काव्य रचना गर्ने प्रथम नेपाली कवि हुन् । उनी भन्दा पूर्वका कविहरूले केवल शासक स्तुति तथा ईश्वर भक्तिलाई मात्र कविताको भाव वा विषयवस्तु बनाएका थिए भने कवि आचार्यले नेपाली समाजमा रहेका सासू बुहारीका झगडा, खानपान, बिहे व्रतबन्ध, झगडिया डिठ्ठा, विचारी आदिलाई कविताको विषयवस्तु बनाइ साहित्य र समाजलाई जोड्ने काम गरेका छन् । भानुभक्त आचार्यले सामाजिक विषयका कविता लेख्नु तत्कालीन समयमा सामाजिक अनीति, अनियति, अकर्मण्यता र कलहमाथि आक्रमण गरी तिनमा सुधार ल्याउनु थियो ।

हास्यव्यङ्ग्यात्मकता - कवि भानुभक्त आचार्यका कवितामा हास्यव्यङ्ग्यको समेत प्रयोग पाइन्छ । सामाजिक तथा प्रशासनिक विकृतिहरूको चित्रण गर्ने सन्दर्भमा हास्यव्यङ्ग्यको प्रयोग भएको छ । भानुभक्तले आफूले भोगेका पीडा र रमाइला क्षणलाई व्यङ्ग्य र हास्यमा व्यक्त गरेका छन् । अड्डा अदालतको भोलिवाद र अन्य क्षणमा रचेका कवितामा उनले हास्यव्यङ्ग्यको प्रयोग गरेका छन् । छ रसको विविधता आदिकवि भानुभक्तका कविता कृतिमा संस्कृत साहित्य विभिन्न रसको प्रयोग पाइन्छ । भक्ति रसका रसर कविता सिर्जना गर्ने कवि आचार्यका कविता कृतिमा श्रृङ्गार, वीर, करुण, रौद्र, हास्य, शान्त आदि शास्त्रीय रसहरू पनि आएका छन् । उनका कृतिमा अंशतः विविध रसहरूको

प्रयोग भए पनि मूलतः करुण, शान्त र हास्य नै देखिन्छ । ज क्षिप्रसिर्जनशीलता कवि भानुभक्त आचार्यका थुप्रै विशेषता मध्ये क्षिप्रसिर्जनशीलता पनि एक हो । उनका जीवनका केही क्षणमा कविताको बाढी नै आएको देखिन्छ । तत्काल घटेका घटनाहरूमा झटपट कविता सिर्जना गर्न सक्ने उनको स्वभाव कतिपय कवितामा देखिएको छ । पाँच महिना जेलमा रहँदा रामायण जस्तो उच्चकोटिको महाकाव्य रचना गरेर कवि आचार्यले क्षिप्रसिर्जनशीलताको परिचय दिएका छन् । डिठ्ठा विचारीसँगको बिन्ती, मित्र तारापतिको घरमा लेखिएको वधूशिक्षा आदि कवितामा आँसु लेखन तथा क्षिप्रसिर्जनशीलता पाइन्छ ।

भाषिक विशिष्टता - कवि भानुभक्त आचार्य शुद्ध नेपाली भाषाको प्रयोग गर्ने राष्ट्रिय कवि  हुन् । उनी भन्दा पूर्ववर्ती कविहरू ले शुद्ध नेपाली भाषाको प्रयोग गर्न सकेका छैनन् । नेपाली कवितामा संस्कृत, हिन्दी, कुमाउनी र ब्रज मिश्रित नेपाली भाषाको वर्चस्व भएको अवस्था कवि भानुभक्त त्यस दोषबाट मुक्त भै नेपाली भाषाको प्रयोग गर्ने कवि हुन् । उनको भाषा प्रयोग सरल, सरस र बोधगम्य हुनुका साथै अत्यन्त आकर्षक र प्रभावकारी पनि रहेको छ । ञ छन्दगत विविधता कवि भानुभक्त आचार्य प्राथमिक कालीन नेपाली कविता परम्परामा शास्त्रीय वार्णिक छन्दका कुशल प्रयोक्ता हुन् । उनले आफ्ना कविता कृतिमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, शिखरीणि, स्रग्धरा, वशन्ततिलका, वंशस्थ, इन्द्रवज्रा र मालिनी आदि छन्दको निकै राम्रो प्रयोग पाइन्छ । छन्दको विविधता भएपनि शार्दूदविक्रीडित छन्द नै कवि आचार्यको प्रमुख हो । यसले उनलाई लोकप्रिय पनि बनाएको छ ।

देशप्रेम तथा राष्ट्रभक्ति - कवि भानुभक्तका बालाजु वर्णन र कान्तिपुरी नगरी कवितामा उनको देशप्रेम तथा राष्टूभक्ति प्रस्तुत भएको छ । आफ्नो देशलाई पृथ्वीभरीकै स्वर्गका रूपमा वर्णन गरेर राष्ट्रको सौन्दर्य व्यक्त गर्नु देशप्रेम तथा राष्ट्रभक्ति हो । स्वराष्ट्रको गौरवमय गाथाको अभिव्यक्तिमा उच्च देशभक्तिको भावना प्रबल रूपमा व्यञ्जित यस कवितामा नेपाललाई प्राकृतिक सौन्दर्यको खानीका रूपमा व्यक्त गर्दै कविले विश्वका सुन्दर सहर भन्दा केही कम नभएको आशय प्रस्तुत गरेका छन् ।

प्रकृतिको चित्रण - कवि भानुभक्त आचार्यले आफ्ना कवितामा नेपाली प्रकृतिको मनोरम चित्रण गरेका छन् । उनका बालाजु वर्णन, कान्तिपुरी नगरी र रामायण महाकाव्यमा प्रकृतिको तन्मय वर्णन रहेको छ । नेपाली खोला, नाला, हावा, पानी, वनजङ्गल, ढुङ्गा, माटो आदिलाई कवि आचार्यले चित्रण गरेका छन् । रामायणका

राम वनगमन, अरण्यकाण्ड र अन्य थुप्रै स्थानमा नेपाली प्रकृतिको चित्रण पाउन सकिन्छ ।

नीति चेतना - कवि भानुभक्त आचार्य मूलतः रामभक्ति धाराका केन्दीय प्रतिभा भए पनि त्यसैमा जोडिएर नीति चेतना प्रखर रूपमा देखिएको छ । नीति चेतना मूल रूपमा वधूशिक्षा र प्रश्नोत्तरीमालामा कृतिमा अभिव्यक्त भए पनि अंशतः उनका सबै रचनामा नैतिक मूल्य मान्यताहरू अभिव्यञ्जित भएका छन् । पूर्वीय संस्कृति र सभ्यताका पक्षपाती कवि आचार्यले कुनै न कुनै रूपले कृषिहरूले झै कवितामा निर्देशनात्मक उपदेश व्यक्त गरेका छन् । मनुष्यले आफ्नो जीवनमा अवलम्बन गर्नुपर्ने चरित्र, स्वभाव, आचरण, व्यवहार तथा सामाजिक क्रियाकलापमा देखाउनु पर्ने उदारता, सरलता र तरलतालाई कविताको नैतिक चेतनामा चित्रण गरेका छन् ।

समग्रमा भानुभक्तको रामायण संस्कृतिको अध्यात्म रामायणको अनुवाद भए पनि यहाँ विचारलाई वा आख्यानलाई मात्र भाषान्तरमा उतार्ने गरिएको छैन । रामकथाको सीमाङ्कन र कथानकका सङ्गठन अध्यात्म रामायणले गरेको भए तापनि भाषा र लयबाट नै उनले आफ्नो अभिव्यक्ति कौशलको प्रदर्शन गरेका छन् । अध्यात्म रामायमको कथ्य र कथाक्रमलाई उनले आफ्नो भाषाको बाग्धारा र लयमा ढालेका छन् । त्यसैले भानुभक्त अनुवाद रूपान्तर नरहेर निर्माता पनि हुन् आएका छन् । काव्य भाषाका निर्माता । भानूभक्तबाट नेपाली भाषाले अभिव्यक्ति पायो भाषाको सहज अभिव्यञ्जना र लयोक साङ्गीतिक प्रवाहले गर्दा उनले मौलिक रचना र अनुदित कृतिमा कुनै अन्तर पाइँदैन । यसरी भानुभक्तबाट नेपाली भाषाले काव्य भाषाको पहिलो ध्वनि पाएको पुष्टि हुन्छ, तर उनी नेपाली भाषाका शिल्पी थिएनन् । आफू कारिगर बनेर भाषालाई उनले अलङ्कार आदिले सजाउने वर्यर्थ प्रयास गरेका छैनन्, कल्पना र बिम्बका नयाँ नयाँ बुट्टा भरेर चमत्कार सृष्टि गर्नेतिर पनि उनले रूचि लिएका छैनन् । न त आडम्बरकै भाषा पहिराएर कवितालाई शास्त्रीयताको बोझिलो भारी बोकाएका छन् । वास्तवमा भानुभक्तके नेपाली भाषालाई साह्है नैसर्गिक र साह्है सहज रूपम डोर्याएका छन् । नदीका आफ्नै सहज प्रवाहले छालको रूपा किनारलाई छुन आए झैं अथवा आफ्नै गतिमा नदीले धार बद्लेर नयाँ नयाँ आकार ग्रहण गरे झैं भानुभक्तको भाषाले पनि आफ्नो स्वाभाविक गतिमा काव्यको विभिन्न शैली र रूप पाउँदै आएको छ र नेपाली वाग्धाराको आफ्नै फाकीलाई पाउन सर्मथ भएको छ । यस अर्थमा भानुभक्त नेपाली भाषाका स्रष्टा हुन् आएका छन ।

Notes

भानुभक्तीय रामायण र उनका अन्य कृतिहरूमा शब्द प्रयोगले दृष्टिले हेर्दा थोरबहुत संस्कृत तत्सम शब्दहरू पाइन्छन् भने केही अरबी-फारसी भाषागत आगुन्तुक शब्दहरूको प्रयोग पनि हुन गएको पाइन्छ । तापनि अत्याधिक मात्रामा विशुद्ध नेपाली भाषाको तद्भव शब्दहरूकै प्रयोगको बाहुल्यता पनि रहेकाले उनका सबै कृति सिर्जनाहरू सर्वप्रिय हुन गएको हो । रामायण बाहेक उनका अन्य कृतिहरूमा प्रयोग भएका त्यस्ता केही संस्कृत तत्सम शब्द र अरबी – फारसी भाषाका आगुन्तुक शब्दहरू पनि उनको शब्दशय्या, पदरचना वा शब्द संयोजन शक्तिका विशिष्ट कलाकौशलले गर्दा ती बहुल तद्भव नेपाली शब्दका हारमा मिल्दो गरी जडिई कवितात्मक रूपमा प्रयुक्त भएको पाइन्छ ।

## 5.5 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने ,भानुभक्त आचार्यको जन्मस्थान तनहुँको चुँदी, रम्घा हो। वि असार 1871 .सं.29 गते पिता धनञ्जय र माता धर्मावतीदेवीको पुत्रको रुपमा उनी जन्मिएका थिए। भानुको हजुरबुबाको नाम श्रीकृष्ण आचार्य हो। उनको शिक्षाको थालनी आफ्नै घरको पिंढी पाठशालामा बाजे श्रीकृष्ण आचार्यबाट भएको थियो। पछि बाजेको काशीवास हुँदा उनी वनारस गएर संस्कृत व्याकरण र साहित्य अध्ययन गरेको पाइन्छ। पोखरामा ज्योतिष विद्यामा पारङ्त भएका अघौर्का त्रिपाठीहरूको नाम प्रसिद्ध थियो। रामायणको बालकाण्ड 1998 तिर रचेपछि लगत्तै उनले अयोध्याकाण्ड र अरण्यकाण्ड लेखे । 1911 सालमा झ्यालखाना बसेर किष्किन्धाकाण्ड र सुन्दरकाण्ड लेखे । र युद्धकाण्ड छुटेपछि प्रश्नोत्तरमाला यिनले । गरे पूरा रामायण लेखेर उतरकाण्ड, भक्तमाला र वधूशिक्षा पनि रचे ।प्रश्नोत्तरमाला शंकराचार्यद्वारा रचित ग्रन्थको अनुवाद हो भने वधुशिक्षा सासूबुहारीको झगडाले रातभर सुत्न नपाएपछि नीतिशिक्षा लेखेका हुन् । अनि, भक्तमाला बुढ्यौलीको भक्तिभाव हो । भानुदय रम्घाबाट भए पनि दार्जीलिङको आकाशमा आलोकित हुन पुग्यो । सन् 1982 मा भाग्यमणि प्रधानले कालेबुङमा रामायण मात्र भित्र्याएको होइन, बरू चौबाटोमा श्लोक पाठ गरे । सर्वप्रथम मोतीरामले सन् 1891 मा काशीमा छपाएको जीवनचरित्रको दोस्रो संस्करण नेपाली साहित्य सम्मेलनले सन् 1927 मा प्रकाशित गऱ्यो । सन् 1954 मा दार्जीलिङमा भानुका हनुमान सूर्यविक्रम ज्ञवालीले रामायण छपाए । त्यसै गरी 1997 सालमा भानुस्मारक ग्रन्थ पनि प्रकाशित भयो । 2००6 सालमा चौरस्तामा पहिलो सालिक ठ्डयाइयो भने 2००3 सालमा मोतीचन्द्र प्रधानको अध्यक्षतामा भानु जयन्ती मनाइयो । सूर्यविक्रमले भट्याएको जातीय कविको नारालाई

पारसमणि र धरणिधरले द्यौसी भन्दै विद्यालयमा घोकाएका थिए भन्ने जानकारी पाइन्छ । दार्जीलिङको यो होस्टेलाई गोपाल पाँडेले 2०1० सालमा जयन्ती र 2०16 सालमा सालिक नेपाली शिक्षा परिषद्को नाममा हैँसे भनेका थिए । यिनको रामायण अंग्रेजी, बंगाली, आसामी, मैथिलमा अनूदित पाइन्छन् । सिक्किम र बंगालमा राज्यस्तरमा बिदा दिएर अगस्ट महिनाभर जयन्ती मनाएर रामायणमय बनाइन्छ । वास्तवमा भानुभक्त नेपाली साहित्यका वाल्मीकि हुन् र रमायाण नेपाली साहित्यको पहिलो महाकाव्य हो । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीव्रो भएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ ।

## 5.6 सार

यस प्रखण्डमा **भानुभक्त आचार्यका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

• भानुभक्तलाई सम्मान गर्ने परम्परा भारतीय नेपाली समाजबाट प्रारम्भ भएको हो । उनीहरूले उन्नाइसौँ शताब्दीको अन्तिम दशकमा नै भानुभक्तलाई जातीय कविको सम्मान प्रदान गरी जयन्ती मनाउन थालेका छन् र केही समयपछि सालिग स्थापना गर्न थालेका छन् ।

• नेपालमा पनि सात सालको जनक्रन्तिपछि भानुभक्तलाई सम्झन थालिएको छ । उनी सम्पूर्ण नेपाली समाजका शीर हुन । नेपाली समाज भानभक्त आचार्यद्वारा लिखित रामायण नै पढेर साक्षर भएका पाइन्छन् र नेपाली समाजमा साँस्कृतिक एकताको सूत्र बलियो बन्दै पनि गएको देखिन्छ ।

• भारतीय नेपाली समाजमा भानुभक्तको रामायण जातीय एकताको आधार बनेको छ र यसले नेपाली भाषालाई साहित्यिक भाषाको स्थान दिलाउन सहयोग पुर्‍याएको छ । नेपाली भाषामा भानुभक्तको योगदान ठूलो रहेको पाइन्छ । आज नेपाली भाषा समस्त नेपालीको जनजीव्रो भएको छ । जहाँ नेपाली पुगेका छन् त्यहाँसम्म यो भाषा मौलाउँदै गएको छ ।

•'कविताको मर्म जानेर भाषा पद्य लेख्ने प्रथम कवि हुन्' भनेर मोतीरामले आदिकवि किटे पनि त्यसको पुष्टि इतिहास शिरोमणि बाबुरामले यसरी गरेका

छन्, 'यिनको रामायण काव्यमा लालित्य, सरलता र विचारको मौलिकताले भरिएकाले हाम्रा भाषाका आदिकवि भनेर यिनलाई नै कान्छी औँलामा गन्न सकिन्छ ।'

●नेपालीमा पहिलो महाकाव्य लेखेकाले भानुको निधनको 23 वर्षपछि अर्थात् 1948 सालमा मोतीराम भट्टले कवि भानुभक्ताचार्यको जीवन चरित्र छपाए ।

● रामायणको बालकाण्ड 1998 तिर रचेलगत्तै उनले अयोध्याकाण्ड र अरण्यकाण्ड लेखे । 1911 सालमा झ्यालखाना बसेर किष्किन्धाकाण्ड र सुन्दरकाण्ड लेखे ।

● आदिकवि भानुभक्त आचार्यले अध्यात्म रामायणको नेपालीमा अनुवाद गरे। यसमा छायाँनुवाद, भावानुवाद सबै छ र यो मौलिकतावादको पनि अनुपम उदाहरण भएकाले भानुभक्तको रामायणलाई कृत, विरचित, लिखितको दर्जामा राख्न सकिन्छ।

● महाकवि बाल्मिकीकृत रामायणकै परम्परामा पछि अनेक रामायणहरूको रचना गरियो, जसमा द्यात्म रामायण, अद्‌भूत रामायण, अग्निध रामायण, आनन्द रामायम आदि प्रसिद्ध छन्।

● प्रश्नोत्तरमाला - लाई भानुभक्तको विचार श्रृङ्खला जस्तै बनाइएको कविता कृति हो भन्न सकिन्छ । जसमा संसारमा मानवचोलाले के गर्नु र नगर्नुपर्ने विषयमा ईश्वरसङ्ग अत्यन्त गहन प्रश्नहरू राखिएका र कवि स्वयंले गौणरूपमा त्यसका निराकरण समेत गरेका पाइन्छ ।

● यसरी नै उनको अर्को काव्य भक्तमाला पूर्वीय दर्शनका मान्यतामा आधारित आध्यात्मिक काव्य हो । प्रस्तुत काव्यमा पूर्वीय दर्शनका साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त आदिका प्रभाव रहेको पाइन्छ ।

भानुभक्त कृत रामायणमा जम्मा 223 पृष्टमा अनि 2638 श्लोक छन् ।

● मोतीराम भट्टद्वारा प्रकाशित गरिएको भानुभक्तकृत **रामायण** जम्मा सात काण्डमा रचिएको छ । ती हुन् - बालकाण्ड, अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड, युद्धकाण्ड र उत्तरकाण्ड ।

## 5.7 अनुशीलनी

(क) भानुभक्त आचार्यद्वारा संस्कृतबाट नेपालीमा अनुवाद गरिएको रामायणको संरचनात्मक विश्लेषण गर्नुहोस् ।

(ख) भक्तमालाको शैलीगत विवेचना गर्नुहोस् ।

(ग) प्राथमिक कालीन श्रेष्ठ कविको रूपमा भानुभक्त आचार्यको मूल्य निर्धारण गर्नुहोस् ।

(घ) भानुभक्त आचार्यका कविताहरूले समाजलाई दिएका नीतिगत शिक्षाबारे विवेचना गर्नुहोस् ।

## 5.8 अतिरिक्त अध्ययन

भद्रवीर अधिकारी – **नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान**

ज्ञानमणि नेपाल – **नेपाली साहित्यमा आदिकविको समस्या**

सुमन ढकाल – **कवि भानुभक्त र उनका केही साहित्यिक पक्ष**

इन्द्रबहादुर राई – **भानुभक्तीय कृति अध्ययनहरू**

भानुभक्त ग्रन्थावली – **पारसमणि प्रधान**

यस अतिरिक्त **भानुभक्त आचार्यका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता** - बारेमा अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 5.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्** –

1. भानुभक्त आचार्यका रचनाहरू ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 5.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. भानुभक्त आचार्यका रचनाहरूको संरचनात्मक विशेषता ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 5.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. भानुभक्त आचार्यका रचनाहरूको शैलीगत विशेषता ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 5.4 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ–6, नेपाली साहित्यका अमर साहित्यकार ज्ञानदिल दासका कृतिबारे विशेष अध्ययन ।

**संरचना**


6.0 उद्देश्य

6.1 परिचय

6.2 ज्ञानदिल दासको साहित्यिक परिचय

6.3 ज्ञानदिल दासका साहित्यिक कृतिहरू

6.3.1 टुङ्ना भजन काव्य

6.3.2 उदयलहरी

6.3.3 निर्गुण भजन

6.4 उपसंहार

6.5 सार

6.6 अनुशीलनी

6.7 मूल्यबृद्धिको निम्ति उत्तर


## 6.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- ज्ञानदिल दासको साहित्यिक परिचय
- ज्ञानदिल दासका साहित्यिक कृतिहरू
- टुङ्ना भजन काव्य
- निर्गुण भजन

## 6.1 परिचय

Notes

नेपाली कविताको प्राथमिक काल दुईवटा धारामा बगेको पाइन्छ । ती हुन् – वीरधारा र भक्तिधारा । भक्तिघारा अझ तीनवटा उप – धारामा वगेका छन् – रामभक्ति धारा, कृष्णभक्ति धारा र निर्गुण भक्तिधारा । यही निर्गुण भक्तिधाराका केन्द्रीय कवि हुन् – **ज्ञानदिल दास** । उनी नेपाली कविताको प्राथमिक कालको उत्तराद्‌ध वा दोस्रो चरणतिर देखापरेका जोसमनी सम्प्रदायका सन्त पनि हुन् ।

नेपाल अङ्ग्रेजको युद्धपछि सन् 1816 मा सुगौली सन्धि भयो । यस सन्धिका परिणाम स्वरूप नेपाली कविहरूको मन र लेखन बीर भावनादेखि भक्ति भावतर्फ ढल्किएर गयो । युद्ध र सन्धिले ल्याएको नैराश्यता र पीडाको अभिव्यक्ति स्वरुप ईश्वर प्रति भक्तिभाव देखाउने नेपाली कविहरूले कविता सिर्जना गर्न थाले । धार्मिक ग्रन्थहरु जस्तै वैद, पुराण, महाभारत, रामायण, उपनिषद्‌ आदि कविता सिर्जनाका आधार स्रोतहरु हुन पुगे । ईश्वरको साकार र निराकार दुवै रुपको वर्णन, भाषा परिष्कारमा अभाव, लोकछन्द र शास्त्रीय छन्दमा कविता सिर्जित कविताहरु भक्तिधाराकालका कविताका विशेषताहरु हुन् ।

नेपाली कविताको विकास प्रक्रियामा निर्गुण भक्तिधारा छुट्टै विशेषता रहेको छ । यो धाराको आरम्भ जोसमनी सन्तका रचनाबाट भएको हो । यो धाराका कविहरुले सामाजिक अन्धविश्वासको चर्को विरोध गरेको पाइन्छ । हिन्दू वर्णाश्रम व्यवस्थाप्रति तीक्ष्ण प्रहारमा यस धाराका कविहरुको कलम चलेको पाइन्छ । सन्त कविहरुको मुख्य उद्देश्य जातिगत विभेद, अत्याचार, दुराचारको विरोध र मानवतावादको समर्थन गरी मुक्तिको चाहना राख्नु हो । निर्गुण भक्तिधाराका कविहरुले अद्दश्यमाथि विश्वास गर्दै 'ब्रह्म' वा मनलाई ईश्वरको रुप मानेका छन् । यस धाराका केन्द्रीय प्रतिभा कवि ज्ञानदिलदास हुन् । उनी नेपालको फिक्कल नामक ठाउँबाट भारतको दार्जिलिङ्मा आइबसेका थिए ।

ज्ञानदिल दास जोसमनी धार्मिक - आध्यात्मिक जागरण र अभियानका एक सशक्त सन्तकवि हुन् । उनको जन्म सन् 1821 मा नेपालको इलाम जिल्लाको आमचोक जोरधार (हाल फाकफोक थुम) भन्ने ठाँउमा लामिछाने उपाध्याय ब्राह्मण परिवारमा भएको हो । उनको वाल्यकालको नाम श्रीकृष्ण लामिछाने हो ।

## 6.2 ज्ञानदिल दासको साहित्यिक परिचय –

सन्त कवि ज्ञानदिल दास नेपाली साहित्यका भक्तिधारा अन्तर्गत पर्ने निर्गुण भक्ति धाराका केन्द्रीय कवि हुन् । उनको जन्म वर्तमान इलाम जिल्लाको फिक्कल भन्ने ठाउँमा सन् 1821 मा उपाध्याय ब्राहमण परिवारमा भएको थियो । कवि दासको जन्मको नाम श्रीकृष्ण लामिछाने हो । श्रीकृष्णको प्रारम्भिक शिक्षा दीक्षा घरमा नै गुरुकुलिन पद्धतीबाट भएको थियो । जव उनि पाँचथर नांगीनस्थित जरिङ्गे गाउँमा जोसमनी सन्त गुरु श्यामदिल दासको आश्राममा पुगेर गुरुबाट दिक्षित भए तब उनको नाम ज्ञानदिलदास हुन पुगेको विद्वानहरूको भनाइ छ । यसर्थ कवि दासलाई यो नाम गुरु श्यामदिलदासले दिएका थिए । गुरु श्यामदिलदास जोसमनी सन्त साहित्यका प्रकाण्ड विद्धान थिए ।

नेपाली प्राथमिककालीन भक्तधाराका निर्गुण भक्तिधाराकालीन कवि ज्ञानदिल दासले निर्गुण, निराकार ब्रह्मको साकार रूपलाई आफ्नो कृतिहरूमा व्याख्या गरेर आध्यात्मिकता र ईश्वरभक्ति झल्काएका छन् । उनी जोसमनी सन्त परम्पराका मूख्य , आध्यात्मिक व्यक्ति थिए । यिनले भानुभक्त आचार्य भन्दा अगाडि भक्ति गीतहरू र कविताहरू रचना गरेका थिए । यिनले नेपाली भाषामा व्यंग्य पनि लेखेका थिए । मूलत : संसारलाई झूटो मान्ने, संसारिक राग, द्वेष, भोगविलासको प्रवृत्तिबाट मुक्ति खोज्नुपर्छ, चिन्तन गर्नुपर्छ भन्ने निर्गुण भक्तिधाराको मुख्य विशेषता हो । बेद लगायत पौराणिक ग्रन्थहरूको गहन अध्ययन गरेका कवि दासले दार्जीलिङका पादरी ए टर्नबुललाई शास्त्रार्थमा पराजित गरेर बाइबल जलाएका थिए । आफ्नो जीवनकालमा नेपालमा ज्ञान प्रचार गरेको, विद्रोही कविता रचना गरेको आदि आरोपमा तत्कालिन प्रधानमन्त्री जङ्गबहादुर राणाले ज्ञानदिल दासलाई पक्राऊ गरेर 6 महिना जेलमा राखेका थिए । पछि आरोपमुक्त भएपछि जोसमनी सन्त परम्पराको प्रचार गर्दै यिनी भारतको दार्जीलिङ, सिक्किम र भुटानसम्म पुगेका थिए।

ज्ञानदिलदास तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण - महाभारत आदि जस्ता धर्म - अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन - अनुशिलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् ।

## 6.3 ज्ञानदिल दासका साहित्यिक कृतिहरू –

नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिल दासलाई भेट्छौं । कवि ज्ञानदिलदासको रचनाहरूमा तत्कालिन सामाजिक व्यवस्था, जातीय असमानता, लिंगीय विभेदका विरूद्ध बिद्रोह पाइन्छ । पुरुषले एउटी श्रीमती माथि जतिवटा पनि विवाह गर्न पाउने महिलाले आफ्नो श्रीमान् मरेपनि अर्को विवाह गर्न नपाउने प्रथाको यिनी कट्टर विरोधी थिए। बेद, पुराणको गहन अध्ययन नै नगरी पाखण्डी रूपले कर्मकाण्ड गराउने ब्राहमण प्रथाको उनले ठाडो विरोध गरेका छन् । कवि ज्ञानदिल दासको रचनाहरूमा **उदय लहरी** (सन् 1877) सबैभन्दा प्रसिद्ध र प्रमुख कृति मानिन्छ । यसका अतिरिक्त उनको **झ्याउरे भजन** (सन् 1878), **टुङ्ना भजन** (सन् 1879), **निर्गुण भजन, राम भजन, रागवाणी** आदि कृतिहरू पनि प्रकाशित छन् ।

### 6.3.1 टुङ्ना भजन काव्य –

#### 6.**3**.1.1 टुङ्ना भजन कविताको विश्लेषण -

कवि ज्ञानदिल दासद्वारा लिखित **टुङ्ना भजन** अध्यात्म चेतनामूलक साहित्यिक कृति हो । प्रस्तुत भजन उनको **भजन सङ्ग्रह**मा सङ्ग्रहित छन् । कवि दासको यस भजन सङ्ग्रहमा झ्याउरे लय र तामाङ सेलोको लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू सङ्कलित छन् , जसलाई **झ्याउरे भजन** (सन् 1878) र **टुङ्ना भजन** (सन् 1879) भनिने गरिन्छ । यी कृतिहरूमा जम्मा ६० वटा भजनहरू सङ्कलित छन् ।

तामाङ सेलो लयमा लेखिएको प्रस्तुत **टुङ्ना भजन** कृतिलाई यहाँ निम्न बुँदाहरूमा यसरी अध्ययन गरिएको छ ।

#### 6.**3**.1.2 शीर्षक सार्थकता -

नेपलाको इलामबाट भारतको दार्जिलिङ र पछिबाट सिक्किम आइ बसेका कवि ज्ञानदिल दालको **टुङ्ना भजन** कृतिको शीर्षकमा सार्थकता रहेको पाइन्छ । भजन सङ्ग्रहमा सङ्ग्रहित रहेको यस भजनको शीर्षक टुङ्नी राख्नुको मुख्य उद्देश्य तामाङ सेलोमा लयमा रचिएका कारणले गर्दा हो ।

तामाङ समुदायका मानिसहरू आफ्नो चाढ – पर्व आदिमा बाँसद्वार बनाइएको टुङ्ना नामक बाध्य वाधनका साथ तामाङ सेलो, गीत आदि गाउने गर्छन् । मूलत: कवि दास धर्म प्रचारको क्रममा दार्जिलिङका विभिन्न स्थान र सिक्किमको गेलिङधाम वरिपरिका वासिन्दा, नयाँ बजार, सोरेङ, च्याखुङतिर हिड्दा त्यहाका रैथाने तामाङहरूका संस्कृति र लोक परम्पराबाट प्रभावित भएर यस टुङ्ना भजन कृतिको रचना गरेको हुनाले पनि यसको नाम **टुङ्ना भजन** राखिएको अनुमान गर्न सकिन्छ ।

### 6.**3**.1.3 रचनाकाल वा प्रकाशनकाल -

कवि ज्ञानदिल दासले धर्म प्रचारका क्रममा थुप्रै भजन रचना गरेको मानिन्छ । यस्ता भजनहरू 6० वटा भन्दा धैरै रहेको विद्वानहरूका मत छन् । तर उपलब्ध कृतिहरूका आधारमा कवि दासका तीनवटा प्रमुख भजन सङ्ग्रहहरू मात्र हालसम्म पाइएका छन् ।

ती हुन् – **झ्याउरे भजन** (सन् 1878), **टुङ्ना भजन** (सन् 1879) र **निर्गुण भजन ।** जोसमनी सन्त परम्पराअन्तर्गतका सन्त साहित्य अन्तर्गत पर्ने यी भजनहरूमा नेपाली प्राथमिक कालका भक्तिकाव्यका सगुण र निर्गुण भक्ति धाराका प्रवृत्ति मुखरित भएका पाउँछौं । यसै भक्तिकालाका क्रममा कवि ज्ञानदिल दाल धर्म प्रचारको सिलसितामा नेपालबाट भारतको दार्जिलिङ र सिक्किममा सन् 1878 - 79 तिर आएका थिए । पछि यही वर्षको अन्तरालमा सिक्किमको गेलिङ धाममा बस्दा त्यहाँ उनले **झ्याउरे भजन** र **टुङ्ना भजन**को रचना गरेको मानिन्छ । यसैले प्रस्तुत **टुङ्ना भजन**को रचनाकास सन् 1878 – 1879 बीचमा भएको अनुमान लाउन सकिन्छ ।

### 6.**3**.1.4 विषयवस्तु वा भावविधान –

**भजन सङ्ग्रह**मा सङग्रहित जम्मा 6० वटा भजनहरू मध्ये **टुङ्ना भजन** पनि एउटा हो । मुख्य गरेर यस **भजन सङ्ग्रह**मा झ्याउरे लय र तामाङ सेलो लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन् । त्यसमध्ये प्रस्तुत **टुङ्ना भजन**लाई चाहिँ तामङ सेलो लयमा लेखिएको भजन मात्र सकिन्छ ।

कवि ज्ञानदिल दासको टुङ्ना भजनमा गाउँले बोलीको आत्मीयता पाइन्छ तर भाव भने गहिरो छ । भजन पाठकले पढ्दा सरल र सहज लागे तापनि यस भजनले बोकेको भाव भने अत्यन्तै गरिही प्रकारका छन् । उदाहरण –

***धुनीको छेउ छाउ टक्रयाक टुक्रुक जोगी ज्यान बसेको ।***
***निधारै भरी फुस्रै र धुस्रै खारानी घसेको । 1***
***वंशी बज्यो तितिरी,***
***अनहदको घनघन,***
***कमल् फुल्यो रनबन,***
***भँभराको भनभन,***
***रामजी ! अति ठिक्क पार्यो नी ! ! (2)***

कवि ज्ञानदिल दासको प्रस्तुत भजनमा बाह्य वस्तुको चित्रणमा भन्दा आफ्नै जीवनको आन्तरिक अनुभूतिको सग्लो अभिव्यक्ति दिइएको पाइन्छ । यसर्थ यस टुङ्ना भजनलाई भावप्रधान भजन कृति मान्न सकिन्छ ।

कवि दासको **टुङ्ना भजन**मा आध्यात्मिक वस्तुको शाश्वलतता अनि सांसारिक वस्तुको क्षणभङ्गुरता देखाउँदै मानव स्वभावमा सुधार ल्याउन, धर्म – कर्म गरेर मानव मनलाई पवित्र राख्ने लक्ष्य पाइन्छ । एक त सन्त कविहरूले आफ्ना काव्य रचनाको समय शिल्प – सौन्दर्यतामा भन्दा बढी ध्यान भाव विधानमा दिने गर्छन् । यसैले कवि दासको पनि यस भजनमा शिल्प – सौन्दर्यतामा भन्दा भाव विधान अत्यन्तै गाम्भिर्य बन्न पुगेको छ । यस अतिरिक्त बाह्य वस्तुको चित्रण भन्दा मानव जीवनका आन्तरिक अनुभूतिको सग्लो अभिव्यक्ति प्रस्तुत भजनमा पाइन्छ ।

कवि दासको **झ्याउरे भजन** र **टुङ्ना भजन** आजपर्यन्त पनि गेलिङधाम वरिपरिका वासिन्दा, नयाँ बजार, सोरेङ, च्याखुङतिरका मानिसहरू मुख - मुखै गाउने गर्छन् भन्ने प्रत्यक्षदर्शीहरूको भनाइ छ । उनले सिक्किममा रहँदा - बस्दा सामाजिक सुधार संस्कारको भावना र धर्म प्रचारकै उद्देश्यले भए पनि केही गीत, भजनहरू रचना गरेका थिए । यसबाट सिक्किमेली समाज केही मात्रामा प्रभावित प्रेरित भएको थियो भन्ने अनुमान गर्नसकिन्छ । यसैले ज्ञानदिल दासका काव्य, भजन तथा कृतिहरूलाई पनि सिक्किमेली नेपाली कविताको बीज वा पृष्ठभूमिका रूपमा लिनुपर्ने स्थिति रहेको पाइन्छ ।

### 6.**3**.1.5 उद्देश्य कथन -

कवि ज्ञानदिल दास नेपाली कविता साहित्यका आध्यात्मिक, व्यङ्ग्य तथा बिद्रोही व्यक्ति थिए । उनले भानुभक्त आचार्य भन्दा अगाडि भक्ति गीतहरू र कविताहरू रचना गरेका थिए । कवि दासलाई सन्त काव्य परम्परा तथा नेपाली साहित्यका प्राथमिक कालका एक प्रखर व्यंग्य लेखेका मानिने हुनाले प्रस्तुत **टुङ्ना भजन** कृतिमा पनि कता – कता व्यङ्ग्यको फुवार उठेको पाइन्छ । तथापि प्रस्तुत भजनको मुल उद्देश्य अध्यात्म चेतनालाई प्रस्तुत गर्नु नै हो ।

कवि ज्ञानदिल दास सानैदेखि तीक्ष्ण बुद्धि भएका व्यक्ति थिए । यस्तो दिमाग भएको हुनाले उनले सानैदेखि वेद, पुराण, रामायण, महाभारत आदि जस्ता धार्मिक तथा अध्यात्म चेतनामूलक शास्त्रहरूको गहन – अनुशिलन पनि गरेका मानिन्छ । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् । नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिल दासलाई भेट्छौं । यसर्थ प्रस्तुत **टुङ्ना भजन** कृति लेख्नुको मख्य उद्देश्य नै आफ्नो प्रभावशाली र कुसाग्र बुद्धिका भरमा तत्कालीन जन – मानसमा आध्यत्मिक चेतना बढाउनु हो ।

प्रस्तुत **टुङ्ना भजन** तामङ सेलो लयको अठाह्र हरफ र तीन पदमा संरचित छ । कविले यस भजनमा नेपाली धर्म, संस्कार र संस्कृतिका विविध पक्षबाट सामग्री टिपेर ब्राहमणवादको विरोध गरेका छन् । यो भजनमा सांसारिक वस्तुको नाशवान प्रवृत्ति र त्यसको क्षणभङ्गुरताबारे अवगत गराउँदै आध्यात्मिक प्रवृत्तिको विकास गरी पारलौकिक बन्न प्रेरणा दिने सन्त परम्पराको यो एउटा सफल दृष्टान्त हो । गीतात्मक लयमा रचिएको प्रस्तुत भजन रहस्यवादी बनेको छ । यसमा गाउँले बोलीको आत्मीयता पाइन्छ भने भाव गम्भीर र गहिरो छ । उदाहरण –

***वंशी बज्यो तितिरी,***
***अनहदको घनघन,***
***कमल् फुल्यो रनबन,***
***भँभराको भनभन,***
***रामजी ! अति ठिक्क पार्यो नी ! ! (2)***

सन्त सम्प्रदाय तथा जोसमनीहरू नादपन्थी हुन्छन् । उनीहरू नादको उच्चारण वा अभ्यासले कमलको वासको आनन्दप्राप्त गरेको ठान्छन् । तर कमलको वासनै ब्रह्मज्ञानमा परेपछि जोगीहरू मरणासन्न अवस्तामा पुग्ने गर्छन् । यो सबै ब्राह्मणबादले गर्दा भएको उनले **टुङ्ना भजन**मा ठानेका छन् । साधारण जनता, जोगी र सन्यासीहरू (फकिर) – आदिलाई ठिक्क पारेर ब्राहमणहरूले त्रिशुललाई गंगा तारेको, जोगीहरूलाई खरानी मात्र घस्न लाएको भनी कविले विरोध पनि गरेका छन् । उदाहरणार्थ -

***मार्यो च्याङबा मार्यो,***
***खरानीमा पार्यो,***
***त्रिशुल् गङ्गा तार्यो,***
***चन्द्र सूर्जै नार्यो,***
***कमल फुलमा सार्यो,***
***ब्रह्मज्ञानमा पार्यो,***
***रामजी ! अति ठिक्क पार्यो नी ! ! (1)***

प्रस्तुत भजनमा कवि दासले जोगीको अर्थ योगज्ञाताको रूपमा प्रष्टाउँदै, जसले योग बारे अनभिज्ञ हुन्छन् , उनीहरूका जन्म र जीवन दुवै यस संसारमा निरर्थक बन्दछ भन्ने दार्शनिक विचार पोखेका पाइन्छन् । अत: प्रस्तुत भजनको नेपाली समाजमा भएको विसङ्गति र विकृतिको चित्रण गरेर सामाजिक र धार्मिक सुधार गर्नु नै प्रस्तुत भजनको मूल अभिष्ट रहेको देखिन्छ ।

### 6.**3**.1.6 भाषा **–** शैली -

कवि ज्ञानदिल दासको **टुङ्ना भजन** तामाङ सेलो लयमा लेखिएको भजन कृति हो । यस भजनमा उनले निर्गुण, निराकार ब्रह्मको व्याख्या गरेर आध्यात्मिकता, ज्ञान र ईश्वर भक्तिलाई झल्काएका छन् । संसारिक राग, द्वेष, इर्ष्या, भोग – विलास आदि प्रवृत्तिबाट मानिसहरूलाई मुक्ति गर्ने चाहना राख्दै कवि दासले उक्त भजनमा पारमार्थिक चिन्तनको प्रकट गर्न चाहेका छन् । यसैले प्रस्तुत **टुङ्ना भजन**को भाषा – शैली सरल र सुबोध भए पनि भाव भने गाम्भिर्य छ ।

कवि ज्ञानदिल दासका काव्य, भजन आदि कृतिहरू सरल र ठेट नेपाली भाषाको प्रयोग पाइन्ठन् । उनका प्राय: कृतिहरू सामाजिक, धार्मिक अन्धविश्वास, कुरीति र विसङ्गति आदिप्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको

अभिव्यक्ति, व्यांग्यात्मक र आलोचनात्मक स्वर - शैलीमा रचिएका छन् । यस अतिरिक्त कवि दासका काव्य रचनाहरू नितान्त मौलिक एवम् अभिव्यञ्जनापूर्ण शैलीमा प्रभावकारी ढङ्गले लेखिएका हुन्छन् । यसैले उनलाई सन्त काव्यधाराको एकजना अत्यन्त प्रतिभाशाली र प्रभावशाली तथा चेतनाशील प्रतिनिधि कविको तथा प्रतिष्ठित ब्याक्तिको रुपमा चिनिन्छन् । यही कारणले प्रस्तुत **टुङ्ना भजन** कृतिमा पनि यही अनुरूपका भाषा – शैलीको प्रयोग पाइन्छन् । अत: ठट्यौली शैली र थेगो, रहनी आदिको प्रयोग गरी लेखिएको उक्त भजनमा गाउँले बोली, सरस र सरल भाषाको प्रयोग पाइन्छ ।

### 6.**3**.1.7 छन्द र अलङ्कार विधान -

कवि ज्ञानदिल दासका अधिकांश भजन र श्लोकहरू लोकलयमा संरचित रहेको पाइन्छ । लोक छन्द झ्याउरेलाई कवित्व मर्यादा दिने नेपाली साहित्यका प्रथम कवि पनि सन्तकवि ज्ञानदिल दास नै हुन् । यही कारणले उनको प्रस्तुत **टुङ्ना भजन** कृति नेपाली लोकलय छन्दमा लेखिएको पहिलो भजन वा कृति बन्न पाइन्छ ।

नेपाली लोकलय झ्याउरे छन्द र लामाङ सेलो लयमा लेखिएको **टुङ्ना भजन** कृतिमा जम्मा अठाह (18) हरफहरू छन् । यसमा गीतात्मक लालित्य पाइन्छ भने यस भजनको भाव भने रहस्यवादी छ । उदाहरणको निम्ति निम्न पङ्क्तिलाई लिन सकिन्छ -

***कमल् फुल्यो रनबन,***
***भँभराको भनभन,***
***रामजी ! अति ठिक्क पार्यो नी ! ! (2)***

कवि ज्ञानदिल दासको **टुङ्ना भजन** कृतिमा रहेको अठाह (18) हरफ वा पदमा लालित्य, भाव माधुर्य, रस घनत्व र कल्पनाको सुन्दर संयोजन रहेको पाइन्छन् । धार्मिक, आध्यत्मिक, दार्शनिक, सामाजिक, सांस्कृतिक आदि बिषयवस्तुलाई टिपेर आफ्नो काव्य, भजन आदि सिर्जना गर्नो सन्तकवि ज्ञानदिल दालको उक्त भजनमा विशेष लोक मानसको हृदयलाई अङ्गिकार गर्नो लोक छन्दकै प्रयोग गरेका छन् ।

कवि दासले यस **टुङ्ना भजन** भजनलाई रसिलो, आकर्षक र साङ्गीतिक बनाउन अन्तर अनुप्रास र अन्त्यानुप्रासको लोभलाग्दो तरिकाले समायोजन गरेका छन् । यसरी छन्द र अलङ्कारको अतिरिक्त कविले उक्त भजनमा थेगोको रूपमा 'रामजी '-लाई पुनरावृत्ति गरी भावलाई क्रमिक रूपमा विकास गर्दै लगेको पनि पाइन्छ । यसबाहेक चलन - चल्तीका तत्सम तथा ठेट नेपाली झर्रा शब्द खरानी, फनफन, तितिरी आदिको प्रयोग गरेर भजनलाई अझ कर्णप्रिय, सुमुधुर र मिठास पनि बनाएका छन् ।

## 6.3.2 उदयलहरी –

इलामबाट जोसमनी धर्मको प्रचारको सिलसिलामा उनी दार्जिलिङको रङ्गबुलस्तिथ एक धामको स्थापना गरी लामो समयसम्म बसेका थिए । त्यही क्रममा सन् 1877 सालतिर **उदय लहरी**को रचना गरेका थिए । कवि दासको **टुङ्ना भजन** र **झ्याउरे भजन** कृतिमा जम्मा ६० वटा भजनहरू सङ्कलित छन् । भजन सङ्ग्रहमा झ्याउरे लयमा र तामाङ सेलोको लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन् , यसलाई झ्याउरे र टुङ्गना भजन भन्ने गरिएको छ । **उदयलहरी**ले यिनको साहित्यिक व्यक्तित्वको प्रतिनिधित्व गर्न सफल बनेको छ । यो कृति १०9 श्लोकमा संरचित रहेको छ । अन्य कृति र अन्य सन्त कविहरूको तुलनामा यिनको भाषाशैली रसिलो र सजिलो रहेको पाइन्छ ।

कवि दासको **उदयलहरी** १०9 पध्यमा लेखिएको कृति हो । यो झ्याउरे लयमा लेखिएको छ । दार्जीलिङमा रहँदा लेख्न सुरू गरेको उदय लहरी यात्राको क्रममा सिक्किम पुगेर पूरा गरेका थिए । **उदय लहरी**मा सत्व, रज र तम तीनै गुणको वर्णन पाइन्छ । त्यस बेला समाजमा व्याप्त जातपात, छुवाछुत र पशु बली, हिंसा आदि बारे प्रस्तुत कृतिमा कविले खुलेर विरोध गरेका छन् । उदाहरण -

***धन जन भन्छन् देवीमाई भाक्छन्***
***पशुघात भयो भन्या धर्म कहाँ राष छन्***
***गरिबमारा पशुघात जो कोही गर्छन्***
***नर्क तलाउ भासमा सहजगै पर्छन् ।।11।।***

कवि ज्ञानदिल दासको रचनाहरूमा सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण पाइन्छ । जोसमनी सन्त पर्मपराका अन्य सन्त कवि शशिधर, अखण्ड दिलदाल, आगमदिल दाल आदि सन्द कविहरूका कृतिको तुलनामा कवि ज्ञानदिल कृतिगत भाषा -

शैली रसिलो र सजिलो पनि छ । ज्ञानदिल दासका कृतिहरू सरल र ठेट नेपाली भाषामा सामाजिक, धार्मिक, अन्धविश्वास, कुरीति, ब्राह्मणबाद र विसङ्गति आदि प्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको अभिव्यक्ति व्याङ्गात्मक र आलोचनात्मक स्वर शैलीमा रचिएका छन् ।

कवि ज्ञानदिल दासको काव्य रचनाहरूमा नितान्त मौलिक, सुबोध तथा अभिव्यञ्जनापूर्ण भाषा र शैलीको प्रभावकारी प्रयोग पनि पाइन्छन् । मुख्य गरेर कवि दासले आफ्ना कृतिहरूमा ब्रह्माणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका पाउँछौँ । कवि ज्ञानदिल दासको समयमा समाजमा व्याप्त जातपात, छुवाछुत र पशु बली प्रथा विधामन थियो । यस्ता कुराहरूलाई आफ्नो कविताको माध्यम खुलेर विरोध गर्‌दै ती रचनाद्वारा समाजमा पररिवर्तन गर्न चाहेको कवि ज्ञानदिल दालको **उदय लहरी** काव्यमा प्रतीत हुन्छ । उदाहरणको निम्ति निम्न पङ्क्तिलाई लिन सकिन्छ ।

***ब्राह्मण हुँ भन्या ब्रह्म न चिनन्या ।***
***वैलि बाख्री कता छन् बसि षोजि किन्या ।।***
***छेदन्ने धागड़को पकाइहालुँ रक्ती ।***
***तेस्तै कन भन्नू यमराजको भक्ति ।।***

**उदय लहरी**को मुख्य उद्देश्य ज्ञान, भक्ति र वैराग्यको प्रतिपादन गर्दै ब्रह्मानन्द प्राप्तिको उपाय बताउनु हो । यसमा कविले रजोगुण र तमोगुणमा विजय गरी सतवगुणको उद्‌घाटन गर्नुपर्ने मत व्यक्त गरेका छन् ।

***सत रज तमको महाँ युद्ध भयो***
***सतको अर्जिली तम गुण गयो***
***निसाफी विचारी निसाफ हेरिदेऊ***
***सतगुणी निर्धाको सरण अब लेऊ ।***

कवि ज्ञानदिल दासको **झ्याउरे भजन** 24 पद्यमा झ्याउरे लयमा लेखिएको छ । उक्त चर्चित भजन कवि दासले झ्याउरे लयमा रचेको पाइन्छ । सन्त कवि ज्ञानदिलदासले **झ्याउरे भजन**मा यसरी लेखेका छन् –

***यो रुम्जाटारको कोदाको पीठो निर्गुनको दाउन***
***धर्म र कर्म गुरुङले ग-यो छक्‌ परयो बाहुन ।***

Notes

तर यी भजनले भाव गहिरो बोकेका छन् । यी भजन अहिले पनि उत्तीकै महतवका साथ नेपाल र भारतका विभिन्न स्थानमा भजन टोलीहरुले गाउने गरेका छन् ।

***गौवाके सँगमे तीड विगारे- तीड दुध भै मिले मेरा भाइ***

***धातुके सँगमे पत्थर विगारे- पत्थर धातु भै मिले मेरा भाइ***

***गुरुके सँगमे चेलो विगारे- चेलो गुरु भै मिले मेरा भाइ***

***ज्योतिके सँगमे वर्तन विगारे- वर्तन ज्योति भै मिले मेरा भाइ।***

उक्त हरफहरूमा रसायन विज्ञानको कुरा उठाइएको छ । जसमा एउटा बस्तुले अर्का वस्तुको निषेध गरेर गुणात्मक विकास सहित नयाँ वस्तुको उत्पादन गरेको बुझाईएको छ । गाईले घाँस खान्छ, घाँसको निषेध गर्दछ तर घाँस दुधमा परिणत हुन्छ , धातुले पत्थरको निषेध गर्दछ तर पत्थर धातुमा परिणत हुन्छ । गुरुले चेलालाई गुरुमा परिणत गर्दछ, आगोले दियोको वर्तन जलाउँछ, तर वर्तन ज्योतिमा परिणत हुन्छ भनिएको छ ।

ज्ञानदिलदासले कर्मकाण्ड, हिंसा, घुस, गरिबी र मानिसको पाखण्डीपनप्रति विद्रोह मचाएका छन् । ब्रह्मज्ञानलाई नै ज्ञानहरूमा सर्‌वोत्कृष्ट मान्दथे । ज्योतिषीहरूलाई पनि उनी कर्मकाण्डी ब्राह्मण पुरोहित झैं रुढीवादी संस्कारको पृष्ठपोषक, आडम्बरी, धूर्त र फटाहा मान्दथे । पाखण्डी - फटाहाहरूमा धार्मिक - आध्यात्मिक चेतना वा साँचो ज्ञान हुँदैन भन्ने विश्वास उनको थियो । यी कविता पंक्तिहरूले प्रष्ट पार्दछ –

***ग्रह गोचरको जाप गर भन्छन् ।***
***सुझ– न- बुझ अम्ला मात्रै गन्छन् ।।***
***क्या गर्‌छौ ज्योतिषी हो अभागे तालो ।***
***देख्छौ त भन्छौ नजरमाथि जालो ।।***

ब्रामण भएर ब्रम्ह नचिन्नेहरुकालागि कविले आलोचना गरेको पाइन्छ । उनका कविताले हत्या हिंसा गरेर भाकल पूरा हुन्छ भन्नेहरुलाई चोटिलो ब्याङ्ग प्रहार गरेको भेटिन्छ । धर्मका नाममा पशुवली चढाउनेप्रति उनले यसो भनेका छन्ः

***धन जन भन्छन् देवीमाई भाक्छन्***
***पशुघात भयो भन्या धर्म कहाँ राख्छन्***
***गरिबमारा पशुघात जो कोही गर्छन्***
***नर्क तलाउ भासमा सहज गै पर्छन् ।।11।।***

अर्को उदाहरण –

***देवीमाई पत्थर जो पूजि जान्छन्***
***सतलोक धाममा ती कहाँ जान्छन्***
***धाम चिन सतलोक जमुनाका तीर***
***लोभ पाप छोडी हरीतिर फिर ।।12।।***

ज्ञानदिलदासको यो बुझाई न्यूटनको प्रकृति विज्ञानसँग मेल खान जान्छ । न्यूटनले एउटा प्रथम दैवी प्रेरणाको स्थापना प्रस्तुत गर्दै भनेका थिए - "प्रकृतिको सम्पूर्ण व्यवस्थामा प्रयोजना व्यप्त छ, जसमा हरेक चिज अर्काको निम्ति उत्पादन भएका हुन्छन् , जस्तो विरालाहरू यस कारणले बनाइएका छन् की तिनीहरूले मुसाहरूलाई खाउँन र मुसाहरू यसकारणले बनाइएको छ की विरालाहरूले तिनीहरूलाई खाउँन । समग्र प्रकृति यसकारणले बनेको छ की सृष्टि कर्ताको बुद्धि प्रकाशित होस् ।" त्यसैगरी यिनको रचनामा सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण पाइन्छ । उदाहरण –

***नरुनु उभिएर मेरो चिहान छेउ,***
***म छैन त्यहाँ, म सुत्ने गर्दिन,***
***म बहने गर्दछु बतास सरी बहिरहेको छु,***
***म चमक हुँ पारशमणीको उजेलिरहेको छु,***
***पाक्दै गरेको बालीमा पस्रिने सूर्य प्रकाश हुँ म,***
***शरद ऋतुमा तप्किने स्निग्ध वर्षा हु म,***
***म विनम्र तारा हुँ, रातभरी चम्कि दिन्छु,***
***मेरो चिहन छेउ उभिएर नरुनु म त्यहाँ छैन,***
***साँचो कुरा म मर्दै मरिनँ ।।***

यहाँ कविले निष्ठासाथ जीवनलाई मानव भक्ति र मुलुकको हितार्थ खर्चन सके त्यो मान्छे भौतिक रुपमा सकिएपनि विभिन्न रुपमा चित्रित भइरहन्छ र बाँचिरहन्छ भनेका छन् । यहाँ सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण भेटिन्छ । डा स्वामी . प्रवेश सिक्किम पनि भए उद्देश्यले प्रचारकै धर्म दार्जीलिङबाट चाहिँ प्रपन्नाचार्यले र गीत ज्ञानदिलदासले कवि सन्त गरेका  केही उदयलहरीका अतिरिक्त भजनका विच भन्ने हुन् गरेका रचना सिक्किममा पनि अंशहरू ार प्रकट गरेको पाइन्छ । उनले फरक विचार र फरक शैलीका कवि तथा विलक्षण प्रतिभाका धनी कवि

Notes

ज्ञानदिलदास हुन् भनेका छन् । उनले धर्म र संकृति भन्ने लेखमा नेपाली साहित्यका अमूल्य निधि थिए पनि भनेका छन् ।

कवि ज्ञानदिल दास सिक्किमेली नेपाली साहित्यका पृष्ट पोषक थिए, मार्ग दर्शक थिए, प्रणेता थिए । यिनलाई सिक्किमेली नेपाली साहित्यका आदिकवि पनि मान्न सकिन्छ । विलक्षण प्रतिभाका धनी कवि ज्ञानदिलदास नेपाली साहित्यका अमूल्य निधिका रूपमा परिचित छन् भने उनले सिक्किमेली नेपाली कविता साहित्यको पृष्ठभूमिलाई बलियो आधार प्रदान गरेका छन् । डा उपाध्यायले केशवप्रसाद . भनेका कवीर नेपाली दासलाई ज्ञानदिल छन् । उनको कवित्व प्रतिभा प्रभावशाली र तेजस्वी छ । उनी जोसमनी सन्त परम्पराका महान धर्मगुरू मात्र नभएर नेपाली कविता साहित्यका अमूल्य रत्न तथा सिक्किमेली नेपाली कविता साहित्यका आदिकविका रूपमा स्थापित कवि भनेका छन् ।

नेपाली साहित्यको इतिहासमा भक्तिधाराको निर्गुण भक्ति धाराका केन्द्रीय कवि हुन् ज्ञानदिलदास । यस धाराका कविहरूले निर्गुण, निराकार ब्रह्मको व्याख्या गरेर आध्यात्मिकता र ईश्वरभक्ति झल्काउँछन् । संसारलाई झूटो मान्ने, संसारिक राग, द्वेष, रोचक, भोगविलासको प्रवृत्तिबाट मुक्ति खोज्नुपर्छ, पारमार्थिक चिन्तन गर्नुपर्छ भन्ने निर्गुण भक्तिधाराको मुख्य विशेषता हो । बेद लगायत पौराणिक ग्रन्थहरूको गहन अध्ययन गरेका यिनले दार्जीलिङका पादरी ए. टर्नबुललाई शास्त्रार्थमा पराजित गरेका थिए । यिनले पूर्वी नेपाल तथा भारतको दार्जीलिङ, सिक्किम र भुटान सम्म जोसमनी धर्म सम्प्रदायको प्रचार गरेका थिए । नेपालमा ज्ञान प्रचार गरेको, विद्रोही कविता रचना गरेको आदि आरोपमा तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणाले यिनलाई पक्राऊ गरेर 6 महिना जेलमा राखेका थिए। त्यसपछि जोसमनी सन्त परम्पराको प्रचार गर्दै यिनी भारतको दार्जीलिङ, सिक्किम र भुटानसम्म पुगेका थिए । अन्त्यमा कवि ज्ञानदिल दासको निधन पश्चिम सिक्किमको गेलिङ धाममा सन् 1940 मा भएको थियो । यिनको स्मृतिमा **ज्ञानदिलदास साहित्य पुरस्कार**को स्थापना भएको छ । अत: भारतीय नेपाली काव्यलेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन् ।

## 6.3.3 निर्गुण भजन –

सन्तकविहरूमा सबैभन्दा जेठो कविको रूपमा चिनिएका शशिधरले विशेष गरी गद्यद्वारा अनि ज्ञानदिलदासले पद्यद्वारा नेपाली सन्तसाहित्यको सम्बर्द्धन र

विकासमा महत्त्वपूर्ण काम गरेका छन् । कवि ज्ञानदिलले नेपाली समादमा जोसमनी मतको प्रचार सम्प्रदायको यस तथा प्रसार-विकास गर्ने सिलशिलामा तत्कालिन नेपाली समाजमा देखा परेका सामाजिक विसङ्गति र विकृति, जातिगत छुवाछुतको भाव र विचारमा सङ्कीर्णता तथा धार्मिक आडम्बरप्रति विद्रोह समेत गरेका थिए । सिक्किम र दार्जिलिङका विभिन्न स्थानहरूमा जोसमनी मत प्रसारको क्रममा धेरैवटा सन्त मठ वा धामहरूको स्थापना गरेका थिए । दृष्टान्तको रूपमा गेलिङधाम, रमीधाम, रङबुलधाम आदि मठ वा धामहरूको सगर्व नामोल्लेख गर्न सकिन्छ । नेपालमा लखन थापा र अरू कतिपयले निरङ्कुश र अत्याचारी राणा शासनका अभनेता जङ्गबहादुर राणाको विरुद्धमा गुप्त सङ्गठनहरू खोली जनचेतना फैलाउने प्रयास गरिरहेको समय कवि ज्ञानदिल भने आफ्ना जोसमनी सन्तहरूलाई एकजुट बनाइ धार्मिक आध्यात्मिक-अघि तिब्ररूपमा अभियानलाई प्रसारको-प्रचार सन्तमतको अर्थात् चेतना सम्झेर गतिविधि राजनैतिक र सङ्गठन राजनैतिक विरोधी । थिए बढाइरहेका प पनि उनलाई राणाले जङ्गबहादुरक्रेर 6 महिनासम्म जेलखानामा थुनेर राख्यो । तर उनको अभियान राजनैतिक सत्ता कब्जा गर्नु नभएर जनमानसमा सन्तमत फैलाउनु मात्र रहेको बुझेपछि धर्म प्रचारकै निम्ति उनलाई दार्जिलिङ र सिक्किम प्रवेश गराउने काम भएको जानकारी पाइन्छ ।

सन्त ज्ञानदिल दासले आफ्ना रचनाहरू र मत प्रचारको क्रममा ब्रह्माणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका छन् । सन्तमत प्रचारकै माध्यमबाट उनी नेपाली समाज सुधारको महत् अभियानमा लागेका थिए । उनी तार्किक स्वभावका थिए र उनमा शास्त्रको राम्रो ज्ञान समेत थियो । यसैले एकपल्ट पाद्ररी टर्नबुलसँग धर्म विषयमा निकै गम्भीर तर्क भएको र जो यस तर्कमा पराजित हुन्छ उसको धर्मग्रन्थ जलाइने सर्त राखिएको अनि त्यस तर्कमा पाद्ररी टर्नबुल पराजित भएको उनको बाइबल जलाइएको अनि त्यस दिन जलाइएको बाइबलको खरानीबाट कण्ठी बनाइ आफ्ना सन्तचेलाहरूलाई लगाइदिएका थिए भन्ने घटना निकै लोभलाग्दो र रोचक पनि छ । अर्को घटना अझ यस्तो छ सिक्किममा ब्राह्माणले ब्राह्मणेत्तर साधुहरूको गोड़ा ढोगेमा त्यस ब्राह्माणलाई जातबाटै काड्ने, जातत्यूत गर्ने शासकीय धम्की दिँदा ज्ञानदिल दासले सिङ्गला बजारमा मध्येदिनमा हातमा बिशाल राँको लिएर जात खोज्दै हिँडेका घटनाहरू पनि साह्रै पुरानो भएको छैन । यसप्रकार आफ्नो प्रभावशाली व्यक्तित्व र अनुकरणीय कार्यले तत्कालिन शासक, जाति र समाजका सबै वर्गलाई प्रभाव

पार्न सफल भएका हुनाले उनी चाँडै लोकप्रिय पनि भए । अतः जोसमनी सम्प्रदायलाई प्रभावशाली र प्रभावकारी ढङ्गमा विस्तार गर्ने कार्य ज्ञानदिल दासबाटै भएको तथ्य कसैबाट लुक्ने कुरा होइन ।

भारतीय नेपाली काव्यलेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन् । कवि भानुभक्तका झैं सरस, सहज र चोखो नेपाली भाषामा रचिएका उनका काव्य रचनाहरूले सर्वसाधारणको मनमा छाप बसाउन सक्यो । भानुभक्तका रचनाहरू झैं उनका काव्यरचनाहरू पनि नेपाली समाजका कुनाकाप्चा-, भीरपहारा-, लेक बैँसी-समान र युग एकै प्रतिभाहरू कवि दुवै यी सक्यो। रमाउन-खेल्न-फूल्न सबैतिर सनातनी र हुर्केका-जन्मे स्थितिमा सामाजिक हिन्दु दार्शनिक चेतनाका श्रेष्ठ उत्पादन थिए । तर यतिका समान प्रवृत्तिहरू हुँदाहुँदै पनि दुवै कवि-फलस्वरूप संरचनाको सामाजिक भिन्न-भिन्न विकास मानसिक साधकहरूका देखिने जस्तो विरोधी एकार्काका गरेकाले ग्रहण विश्वास धार्मिक भिन्न-भिन्न पुरोहि प्रभावशाली मतवादकात भएर समाजमा प्रतिष्ठित बने । भानुभक्तले संस्कृतको शास्त्रीय छन्दलाई आत्मसात् गरी काव्य रचना गरे भने ज्ञानदिल दासले नेपाली लोकछन्दलाई आफ्ना काव्यरचनामा प्रयोग गरेका थिए । समाजमुखी साहित्यसिर्जनाका परिप्रेक्ष्यमा हेर्दा सन्तकवि ज्ञानदिल दासलाई कवि भानुभक्तभन्दा धेरै फराकिला र उदात्त प्रकृतिको रहेको भेटिन्छ ।

भारतीय नेपाली कविताको विकासका सन्दर्भमा भानुभक्तीय रामायणको विशेष अवदानलाई महत्त्वपूर्ण मानिन्छ । सामाजिक-साहित्यिक र सांस्कृतिक-रामायण भानुभक्तीय समाजमा नेपाली भारतीय पनि दृष्टिले मूल्यका आध्यात्मिक सर्‍वाधिक चर्चित र प्रसिद्ध रह्यो । तथापि व्यक्तित्वको प्रभावको दृष्टिकोणबाट हेर्दा भने भानुभक्तभन्दा सन्तकवि ज्ञानदिलदास नै अधिक महत्त्वपूर्ण र प्रभावशाली कविको रूपमा देखापर्छन् । भानुभक्तीय काव्यको पृष्टभूमि ज्ञानदिल दासको भन्दा विस्तार र फराकिलो रहेको छ तथापि काव्यगत मौलिकता र युगचेतनाका दृष्टिले भने दुवै कविमा उत्तिकै प्रखर चेतना र सम्भावना गहेको देखिन्छ । काव्यलेखनमा आलोचनात्मक दृष्टि र युग चेतनाका सन्दर्भमा भन्ने हो भने भानुभक्तका तुलनामा ज्ञानदिलदास निकै विद्रोही, प्रगतिशील , यथार्थवादी र आधुनिक चिन्तकका रूपमा देखा पर्छन् । यस प्रकार भारतीय नेपाली कविता लेखनको मिरमिरे कालमा सन्त कविको रूपमा ज्ञानदिलदासले भानुभक्तको

शास्त्रीय आदर्शवादको सापेक्ष आफ्नै युगको नवआदर्श तथा नवीन काव्यिक-भानुभक्तीय । छन् बनेका समेत सफल निकै दिशातर्फ गर्ने स्थापना मानदण्डको प्रसिद्धिको आरोह योगदानको काव्यिक उनको र ज्ञानदिलदास क्रममा अवरोहकै-दुइ यी प्रधानले दिवाकर .डा प्रसङ्गमा यस । देखिन्छ गएको बढ्दै महत्व पनि छन् गरेका यसप्रकार अनुशीलन तुलनात्मक कविको–भानुभक्त सनातन धर्मका अन्धानुयायी र कर्मकाण्डवादी थिए भने ज्ञानदिल सनातनधर्मका आलोचक, कर्मकाण्डवादका विरोधी र धर्मसुधारक थिए । ज्ञानदिलमा एउटा समाजसुधारकमा हुनुपर्ने सत्यनिष्ठा, धैर्य सङ्घर्षशीलता, लगन, उत्साह, बौद्धिकता र पाण्डित्य थियो भने कुशल कविमा हुनुपर्ने रसमयता, सरलता र ध्वन्यात्मकता पनि थियो । जोसमनी मत प्रचार गर्ने प्रसार-क्रममा यिनी दार्जिलिङ र सिक्किमका कुनाकाप्चा-, कमानबस्ती-, हाट नेपाली डुल्दा-घुम्दा क्षेत्रतिर बजार-अधिकांश आफ्ना गरेकाले अध्ययन राम्रो अवस्थाबारे विभिन्न समाजको विसङ्गति-संङ्गति सामाजिक अनुरूप त्यसै पनि काव्यरचनाहरूमा, ढोङ र सङ्कीर्ण मनोवृतिमाथि कोमलकठोर- शब्दहरूमा विरोधभाव जनाएइको भेटिन्छ । समाजमा धर्मका ठेकेदार र हिंसात्मक वृति अप्नाएका विषयवासनामा रातदिन डुबेका तथाकथित पाखण्डी पुरोहित बाहुनबाजेहरूलाई ढ़ाड खुस्किञ्लेल व्यङ्ग्य प्रहार गरेका छन् । कवि ज्ञानदिल दासका काव्यात्मक शैलीमा रचिएका उदयलहरी, झ्याउरे भजन र टुङ्ना भजन रचनाहरूमा त्यस समयको सामाजिक-सांस्कृतिक, राजनैतिकप्रशासनिक-, आर्थिकवैचारिक-, धार्मिक आध्यात्मिक-। पाइन्छ गरिएको अङ्कन पक्षहरूलाई विविध जस्ता

कवि ज्ञानदिल दासले नेपालमै लेख्न सुरु गरेको भएपनि दार्जिलिङको रङ्गबुलमा धामको स्थापना गरि बस्दा सन् 1877 सालतिर लोकछन्दमा एकसय नौ श्लोिकको उदयलहरी रचना गरेको जानकारी पाइन्छ । यी जम्मै श्लोाकहरू लोकलयमा संरचित रहेको पाइन्छ । कर्मकाण्ड, हिंसा, घुस, गरिबी र मानिसको पाखण्डीपनप्रति विद्रोह मचाएका छन् । ज्ञान र भक्तिको निम्ति साधु भएर गृहत्याग गर्नु, तीर्थ जानु आवश्याक छैन, व्यर्थ हो, घरै बसेर पनि चोखो मनले योग साधना गरे ज्ञान पनि रहेर धर्ममा गृहस्थ कुरा सबै यी ।अतः पाइन्छ मुक्ति र भक्ति-दृढ़ प्राप्तिमा ब्राह्मनन्द उनी । थिए पक्षधर विचारका भन्ने सकिन्छ गर्न हासिल वेद । राख्थे विश्वा।स, पुराणको निन्दा पनि गर्दैनथिए तर त्यसको मूलमर्म नबुझीकन अनेक प्रकारका रूढ़ीठग्ने दुनियाँलाई रचेर आडम्बर-, धुत्ने, लुट्ने

Notes

ब्राह्मण पुरोहितहरूप्रति उनको सधैँ विद्रोह भाव थियो ।उनले आफ्ना चेलाहरूलाई भक्तिको मार्गदर्शन गर्दै भक्ति ब्रह्म पक्षबाट साधनाको योग-गर्द उपासना प्राप्तिकोथे । ब्रह्मनन्द प्राप्तिको निमित्त सन्त आध्यात्मिक रहस्यलाई बुझाउन कवि ज्ञानदिल दासले आफ्ना रचनाहरूमा कहिले सामाजिक वृत्तिलाई त कहिले लौकिक उपमानहरूको सहयोग लिएका छन् । दृष्टान्तका निम्ति केही पंक्तिहरू टिपौं-

*1. धन जन भन्छन् देवीमाई भाक्छन्*

*पशुघात भयो भन्या धर्म कहाँ राष छन्*

*गरिपमारा पशुघात जो कोही गर्छन्*

*नर्क तलाउ भासमा सहजगै पर्छन् ।।11।।*

*देवीमाई पत्थर जो पुजि जान्छन्*

*सतलोक धाममा ती कहाँ जान्छन्*

*धाम चिन सतलोक जमुनाका तीर*

*लोभ पाप छोड़ी हरी तिर फीर ।।12।।*

*2। चिनन्या न ब्रह्म भन्या हुँ ब्रह्म.*

*वैलि बाख्री कता छन् बसि षोजि किन्या ।।*

*छेदत्रे धागड़को पकाइहालुँ रक्ती ।*

*तेस्तै कन भन्नू यमराजको भक्ति ।।*

ज्ञानदिलदास हिंसाका विरोधी र अहिंसाका पुजारी थिए । हिंसा गरी मांस भरण गर्ने मानिसहरूलाई अधर्मी होइन तर अज्ञानी ठान्थे । आजको मानव समाजमा छुवाछुत जस्तो घृणित प्रथा हटाउनु पर्छ । मानवमा जातको होइन तर कर्मको मात्र मूल्य र महत्व हुन्छ भन्ने कुरामा विश्वाजस राख्थे । यस काव्यमा अर्न्तचेतना कसिलो संयोजन भएको पाइन्छ । काव्यमा माधुर्य गुण, रस परिपाकका दृष्टिले पनि अब्बल अनि लयात्मक र रसात्मक गुणले ओजपूर्ण भएको पाइन्छ । काव्यमा

प्रयुक्त भाषासरल शैली-,सरस र रसिलो हुनका साथसाथै आलङ्कारिक पनि भएको छ । भाषिक शिल्प उदयलहरीलाई विशेषताले काव्यगत एवम् शैली-गर्न प्रस्तुत सगर्व रूपमा रचनाको प्रतिनिधि र सर्वश्रेष्ठ साहित्यको सन्त जोसमनी प्रधा कुमार .डा साहित्येतिहासकार । सकिन्छनले उदयलहरीलाई नै भारतमा लेखिएको नेपाली काव्य। छन् स्वीकारेका (रचना)कृति प्रथम साहित्यको-

उनको अर्को कृति झ्याउरे भजन झ्याउरे लयको आठ श्लोकमा संरचित छ । कविले यस कवितमा नेपाली धर्म, संस्कार र संस्कृतिका विविध पक्षबाट सामग्री टिपि टिपोट गरेका   छन् । यो भजनमा सांसारिक वस्तुको नाशवान प्रवृत्ति र त्यसको क्षणभङ्गुरताबारे अवगत गराउँदै आध्यात्मिक प्रवृत्तिको विकास गरी पारलौकिक बन्न प्रेरणा दिने सन्त परम्पराको यो एउटा सफल दृष्टान्त हो । सन्त सम्प्रदायमा शक्तिलाई शून्यमा हेरिएको भेटिन्छ । त्यसैले जोगी-फक)सन्यासीि र-प्रचार ज्ञानको आध्यात्मिक पाएको गुरुहरूबाट आफ्ना हरू-( उनीहरूले तथा डुलेको-घुमेको स्थानहरूमा विभिन्न नेपालका पूर्वी गर्दै प्रसार प्रस्तुत । छ पारिएको प्रकाश संक्षेपमा भजनमा यस कार्यकलापबारे विविन्न गरेका गु र भएको नोगिनी परेपछि भड्खला भेडा बीसे नौव भजनमारुले ज्ञान दिएको प्रसङ्ग उल्लेख छ । यसको साथै रुम्जाटारका बाहुनले धर्म र कर्म छोड्दै गएका अनि सन्त सम्प्रदायको प्रभावको फलस्वरूप गुरुङहरूले धर्म ध्यान कर्ममा-यिनै अतः । छ गरिएको उल्लेख प्रसङ्ग परेको छक्क बाहुनहरू र दिएको आध्यात्मिक-धार्मिक, आर्थिक, सामाजिक यस विषयवस्तुलाई सांस्कृतिक-5 भजन प्रस्तुत । छ गरिएको प्रस्तुत भजनमा,5,6 गरी लोक लयमा रचिएको छ । कविले यस भजनलाई रसिलो, आकर्षक र साङ्गीतिक बनाउन अन्तर अनुप्रास र अन्त्यानुप्रासको लोभलाग्दो तरिकाले समायोजन गरेका छन् । थेगोको रूपमा हिराको दर्बार सुन गरिपर्वरलाई पुनरावृत्ति गरी भावलाई क्रमिक रूपमा विकास गर्दै लगेका छन् भने चलनचल्तीका तत्सम तथा नेपाली ठेट  प्रयोग शब्दको (झर्रा) र विसङ्गति भएको समाजमा नेपाली । छन् बनाएका प्रिय कर्ण भजनलाई गरेर  भजनको प्रस्तुत नै गर्नु सुधार धार्मिक र सामाजिक गरेर चित्रण विकृतिकोमूल अभिष्ट रहेको देखिन्छ। यस भजनमा आध्यात्मिक वस्तुको शाश्वलतता अनि सांसारिक वस्तुको क्षणभङ्गुरता देखाउँदै मानव स्वभावमा सुधार ल्याउन धर्म-। छ राखिएको लक्ष्य राख्रे पवित्र मनलाई गरेर कर्म सन्तकविहरूले काव्यरचनाको समय शिल्प बढ़ी भावविधानमा भन्दा सौन्दर्यमा-ध्यान दिएको

Notes

देखिन्छ । कविता र भजनहरूमा बाह्य वस्तुको चित्रणमा भन्दा आफ्नै जीवनको आन्तरिक अनुभूतिको सग्लो अभिव्यक्ति दिइएको पाइन्छ । यसर्थ यी रचनाहरूलाई भावप्रधान मान्न सकिन्छ । समग्रमा हेर्दा नेपाली साहित्यमा सन्तकविहरूले सिर्जना गरेको सन्तसाहित्यको मूल अभिष्ट वा मूलमन्त्रको रुपमा कुनै धर्मविशेषको आदर्शलाई मात्र मान्यता नदिएर सामाजिक समानता र व्यवहारिक उदात्ततालाई यथार्थरूपमा दर्शाउनु नै मुख्य रहेको देखिन्छ ।

## 6.4 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, नेपाली काव्यलेखनमा निर्गुण भक्तिधाराका केन्द्रबिन्दु मानिने जोसमनी सन्तकविहरूमा धिर्जेलदिलदास र शशिधरपछि अगमदिल दास, अखड्दिल दास तथा ज्ञानदिल दास आदि प्रमुख मानिन्छन् । यसका अतिरिक्त यस सम्प्रदायमा आजसम्म परम्परागत रुपले उल्लेख भएका सन्त कविहरूमा श्यामदिलदास, अचलदिल दास, धर्मदिल दास, सतदिल दास, प्रेमदिल दास, धरणीदास, मलदास, मङ्गल दास, कृष्णदास, सन्तदिल दास तथा हरिभक्त, हरिश्चन्द्र, मोक्षमण्डल, निर्वाणान्दअभय .ान्द, सीताराम आदिको नामहरू पनि भेटिन्छ । सन्तलाई हामी साधारणतः श्रद्धासाथ ईश्वर अर्थात् देवताको उपासना गर्ने, सांसारिक विषयहरूमा नअल्झेर धर्मकर्ममा एकचित्त भइ लागेका सज्जन व्यक्तिलाई महात्मा, साधु गर्छौं बुझ्ने रूपमा भक्तको वा सन्यासी-द .डा सन्दर्भमा यस ।िवाकर प्रधानको विचार उल्लेखनीय रहेको देखिन्छ-रहने निरप्रेक्ष विषयवासनाबाट भने हो हेर्नु अर्थमा फराकिलो", सत्कर्म गर्ने र कसैसँग वैरभाव नराख्ने निसङ्ग र निष्काम व्यक्तिलाई सन्त भनिन्छ । सन्तको यो विराट् स्वरूपसाधु किसिमका सबै दृष्टिले यस । हो लक्षण-, महात्मा, भक्त सन्तभित्र पर्दछन् । कालान्तरमा सन्त शब्दको अर्थ निर्गुण केवल भएर सङ्कोच-उपासना ब्रह्मको निराकर शब्द सन्त यसरी । भयो जनाइने अनुयायीलाई धाराका देखिन्छ। भएको रूढ़ अर्थमा भक्तका गर्ने

## 6.5 सार

यस प्रखण्डमा **नेपाली साहित्यका अमर साहित्यकार ज्ञानदिल दासका कृतिबारे विशेष अध्ययन** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

- भारतको सांस्कृतिक वैभव जागृत हुनमा सन्तहरूका साधना र तपश्चर्याले आधारभूत महत्व राखेको पाइन्छ । हिमवत्खण्डको जनजीवनमा व्याप्त उदात्त भावनाका दुइ प्रेरक तत्त्व छन्शास्त्र (1)-, पुराण तथा उच्च ग्रन्थादि, (2-सन्त ( । वाणी

- हिमाली क्षेत्रमा मात्र हेर्नु हो भने 36 वटा जति सन्तमत र सन्तसम्प्रदाय रहेको जानकारी पाइन्छ ।

- यी सबै मत वा सम्प्रदाय निर्गुण पन्थलाई मान्ने निर्गुण भक्तहरूका हुन्छन् । सन्तकाव्यका दृष्टिले नेपालीमा जोसमनी सन्तहरूकै मात्र कविता उपलब्ध छन्। अरूको शोध हुन बाँकी नै छ ।"

- जोसमनी शब्दको व्युत्पत्तिगत अर्थ खोज्ने प्रयासमा ज्योतिर्मणि > जोतिर्मनी > ज्योतिष्मनी > जोस्मनी > जोसमनी भएको बताइएको पाइन्छ भने कतिले जोसमनी कुनै एकजना प्रवर्तकको नाम थियो भनिएको छ ।

- सन्त कविहरूमध्ये ज्ञानदिल दासले जनसाधारणलाई सचेत तुल्याउन आध्यात्मिक जागरणको अभियानमा साहित्यलाई प्रमुख माध्यम बनाए ।

- उत्तर भारतमा सन्त कबीरदासले जसले समाजमा व्यास रुढ़िवाद, जातिगत सङ्कीर्णता, छुवाछुत र धार्मिक आडम्बरको खण्डन गरेर स्वस्थ्य समाजको निर्माणमा वाणीद्वारा सहयोग गरेका थिए , ठीक त्यस्तै सहयोग गरे जोसमनी सन्तहरूले ।

- ज्ञानदिलदास तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण - महाभारत आदि जस्ता धर्म - अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन - अनुशिलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् ।
- कवि ज्ञानदिल दासको रचनाहरूमा **उदय लहरी** (सन् 1877) सबैभन्दा प्रसिद्ध र प्रमुख कृति मानिन्छ । यसका अतिरिक्त उनको **इयाउरे भजन** (सन्

1878), **टुङ्ना भजन** (सन् 1879), **निर्गुण भजन, राम भजन, रागवाणी** आदि कृतिहरू पनि प्रकाशित छन् ।

• ज्ञानदिलदास प्राथमिककालका एक प्रमुख कवि मानिन्छन् । उदयलहरी उनको प्रतिनिधि रचना हो ।

• उदयलहरी काव्यकृतिमा ज्ञानदिलदासले अध्यात्मदर्शनलाई अत्यन्त सरल भाषामा बुझाउने प्रयत्न गरेका छन् ।

• उदयलहरीमा ज्ञानदिलले सत्तवगुणको आर्जन गर्ने र ब्रह्माज्ञान गर्ने आह्वान गरेका छन् । यस गुणको सृष्टिको निमित्त यसका विरोधी दुई गुण र रजस र तमसको निराकरण गर्ने पद्धतिको शिक्षा दिएका छन् ।

• उदयलहरीको भाषा सरल हुनुको साथै आलङ्करिक पनि छ । प्रतीकको प्रयोगले उदयलहरी उत्कृष्ट बनेको देखिन्छ ।

## 6.6 अनुशीलनी

(क) कवि ज्ञानदिलदासको परिचय दिएर भाव, भाषाशैलीका दृष्टिले उदयलहरीको विवेचना गर्नुहोस् ।

(ख) ज्ञानदिलदासको काव्य प्रवृत्तिको चर्चा गर्दै उनको टुङ्गना भजनको विवेचना गर्नुहोस् ।

(ग) ज्ञानदिलदासको सन्त काव्य परम्परामा योगदानको चर्चा गर्दै उदयलहरीको व्यञ्जना वृत्तिको मूल्य निर्धारण गर्नुहोस् ।

## 6.7 अतिरिक्त अध्ययन

जनकलाल शर्मा – **जोसमनी सन्तपरम्परा र साहित्य**

डा. केशवप्रसाद उपाध्याय – **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति**

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – **नेपाली कविताको प्रवृत्ति**

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – **साझा समालोचना**

भानुभक्त ग्रन्थावली – **पारसमणि प्रधान**

यस अतिरिक्त **नेपाली साहित्यका अमर साहित्यकार ज्ञानदिल दासका कृतिबारे विशेष अध्ययन**

- बारेमा अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 6.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

1. ज्ञानदिल दासको साहित्यिक परिचय ।

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 6.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. ज्ञानदिल दासका साहित्यिक कृतिहरू ।

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 6.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. टुङ्ना भजन काव्य ।

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 6.3.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. उदयलहरी ।

.............................................................................................

.............................................................................................

.............................................................................................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 6.3.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. निर्गुण भजन ।

.............................................................................................

.............................................................................................

.............................................................................................

**( प्रश्न 5 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 6.3.3 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ–7,ज्ञानदिल दासको जीवन र दर्शन ।

**संरचना**

7.0 उद्देश्य

7.1 परिचय

7.2 ज्ञानदिल दासको जीवन

7.2.1 जन्म तथा मृत्यु

7.2.2 परिवार

7.2.3 शिक्षा – दिक्षा

7.2.4 पेशा, सेवा तथा संलग्नता

7.2.5 सम्मान तथा पुरस्कार

7.3 ज्ञानदिल दासको कृतिगत दर्शन

7.4 उपसंहार

7.5 सार

7.6 अनुशीलनी

7.7 अतिरिक्त अध्ययन

7.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 7.0 उद्देश्य

यस एकाइको अध्ययन पनि तपाई निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ –

- ज्ञानदिल दासको जीवन
- ज्ञानदिल दासको जन्म तथा मृत्यु
- ज्ञानदिल दासको परिवार
- ज्ञानदिल दासको शिक्षा - दिक्षा
- ज्ञानदिल दासलाई प्राप्त सम्मान तथा पुरस्कार

● ज्ञानदिल दासको कृतिगत दर्शन

## 7.1 परिचय

नेपाली कविता साहित्यको इतिहासमा कवि ज्ञानदिल दास र जोसमनी सन्त परम्पराको आफ्नै स्थान र महत्त्व रहेको छ । नेपाली साहित्येतिहासकारहरूले नेपाली कविता साहित्यको प्राथमिक काललाई वीरकाव्य काल र भक्तिकाव्य कालमा विभाजन गरेको पाइन्छ । भक्तिकाव्यलाई पनि सगुण र निर्गुण भक्तिकाव्यको रूपमा विभाजन गरिएको छ । सगुण भक्ति काव्यअन्तर्गत रामभक्ति र कृष्णभक्ति अनि निर्गुण भक्ति काव्य अन्तर्गत जोसमनी सन्त परम्पराअन्तर्गतका सन्त साहित्यलाई राखिएको छ । कवि ज्ञानदिल दास यही जोसमनी सन्त परम्पराका महत्त्वपूर्ण सन्त थिए र उनको साहित्य सिर्जनाले नेपाली साहित्यमा विशिष्ट स्थान लिएको पाइन्छ । जोसमनी सन्त परम्पराको प्रचार-प्रसार गर्दै विभिन्न ठाउँ पुगेर लोकप्रियता प्राप्त गर्ने सन्त कवि ज्ञानदिल दासले जीवनको पूर्वार्द्ध नेपालमा र उत्तरार्द्ध दार्जीलिङ र सिक्किममा बिताएका थिए । पश्चिम सिक्किमको गेलिङ जहाँ सन्त कवि ज्ञानदिल दास बसेर धर्म प्रचार गरेका थिए आज तीर्थ बनेको छ र गेलिङधामले प्रसिद्ध छ ।

ज्ञानदिल दास जोसमनी धार्मिक-आध्यात्मिक जागरण र अभियानका एक सशक्त सन्तकवि हुन् । उनी तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण-महाभारत आदि जस्ता धर्म-अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन-अनुशीलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् । नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिलदासलाई भेट्छौं । हालसम्म प्राप्त यिनका अध्यात्मचेतनामूलक साहित्यिक कृतिहरूमा उदयलहरी र भजन सङ्ग्रह मुख्य छन्, जसमा ६० वटा भजन छन् । भजन सङ्ग्रहमा झ्याउरे लयमा र तामाङ सेलोको लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन् यसलाई झ्याउरे र टुङ्गना भजन भन्ने गरिएको छ । उदयलहरी-ले यिनको साहित्यिक व्यक्तित्वको प्रतिनिधित्व गर्न सफल बनेको छ । यो कृति १०९ श्लोिकमा संरचित रहेको छ ।

अन्य कृति र अन्य सन्त कविहरूको तुलनामा यिनको भाषाशैली रसिलो र सजिलो पनि छ ।

## 7.2 ज्ञानदिल दासको जीवन

कवि ज्ञानदिलले नेपाली समादमा जोसमनी मतको प्रचार-प्रसार तथा यस सम्प्रदायको विकास गर्ने सिलशिलामा तत्कालिन नेपाली समाजमा देखा परेका सामाजिक विसङ्गति र विकृति, जातिगत छुवाछुतको भाव र विचारमा सङ्कीर्णता तथा धार्मिक आडम्बरप्रति विद्रोह समेत गरेका थिए । सिक्किम र दार्जिलिङका विभिन्न स्थानहरूमा जोसमनी मत प्रसारको क्रममा धैरैवटा सन्त मठ वा धामहरूको स्थापना गरेका थिए । दृष्टान्तको रूपमा गेलिङधाम, रमीधाम, रङबुलधाम आदि मठ वा धामहरूको सगर्व नामोल्लेख गर्न सकिन्छ । नेपालमा लखन थापा र अरू कतिपयले निरङ्कुश र अत्याचारी राणा शासनका अभनेता जङ्गबहादुर राणाको विरुद्धमा गुप्त सङ्गठनहरू खोली जनचेतना फैलाउने प्रयास गरिरहेको समय कवि ज्ञानदिल भने आफ्ना जोसमनी सन्तहरूलाई एकजुट बनाइ धार्मिक-आध्यात्मिक चेतना अर्थात् सन्तमतको प्रचार-प्रसारको अभियानलाई तिब्ररूपमा अघि बढाइरहेका थिए । विरोधी राजनैतिक सङ्गठन र राजनैतिक गतिविधि सम्झेर जङ्गबहादुर राणाले उनलाई पनि पक्रेर 6 महिनासम्म जेलखानामा थुनेर राख्यो । तर उनको अभियान राजनैतिक सत्ता कब्जा गर्नु नभएर जनमानसमा सन्तमत फैलाउनु मात्र रहेको बुझेपछि धर्म प्रचारकै निम्ति उनलाई दार्जिलिङ र सिक्किम प्रवेश गराउने काम भएको जानकारी पाइन्छ । सन्त ज्ञानदिल दासले आफ्ना रचनाहरू र मत प्रचारको क्रममा ब्रह्माणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका छन् । सन्तमत प्रचारकै माध्यमबाट उनी नेपाली समाज सुधारको महत् अभियानमा लागेका थिए । उनी तार्किक स्वभावका थिए र उनमा शास्त्रको राम्रो ज्ञान समेत थियो । यसैले एकपल्ट पाद्ररी टर्नबुलसँग धर्म विषयमा निकै गम्भीर तर्क भएको र जो यस तर्कमा पराजित हुन्छ उसको धर्मग्रन्थ जलाइने सर्त राखिएको अनि त्यस तर्कमा पाद्ररी टर्नबुल पराजित भएको उनको बाइबल जलाइएको अनि त्यस दिन जलाइएको बाइबलको खरानीबाट कण्ठी बनाइ आफ्ना सन्तचेलाहरूलाई लगाइदिएका थिए भन्ने घटना निकै लोभलाग्दो र रोचक पनि छ । अर्को घटना अझ यस्तो छ सिक्किममा ब्राह्माणले ब्राह्मणेत्तर साधुहरूको गोड़ा ढोगेमा त्यस

ब्राह्मणलाई जातबाटै काड्ने, जातत्यूत गर्ने शासकीय धम्की दिँदा ज्ञानदिल दासले सिङ्गला बजारमा मध्येदिनमा हातमा बिशाल राँको लिएर जात खोज्दै हिँडेका घटनाहरू पनि साह्रै पुरानो भएको छैन । यसप्रकार आफ्नो प्रभावशाली व्यक्तित्व र अनुकरणीय कार्यले तत्कालिन शासक, जाति र समाजका सबै वर्गलाई प्रभाव पार्न सफल भएका हुनाले उनी चाँडै लोकप्रिय पनि भए । अतः जोसमनी सम्प्रदायलाई प्रभावशाली र प्रभावकारी ढ़ङ्गमा विस्तार गर्ने कार्य ज्ञानदिल दासबाटै भएको तथ्य कसैबाट लुक्ने कुरा होइन । भारतीय नेपाली काव्यलेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन् । कवि भानुभक्तका झैं सरस, सहज र चोखो नेपाली भाषामा रचिएका उनका काव्य रचनाहरूले सर्वसाधारणको मनमा छाप बसाउन सक्यो । भानुभक्तका रचनाहरू झैं उनका काव्यरचनाहरू पनि नेपाली समाजका कुना-काप्चा, भीर-पहारा, लेक-बेँसी सबैतिर फूल्न-खेल्न-रमाउन सक्यो। यी दुवै कवि प्रतिभाहरू एकै युग र समान सामाजिक स्थितिमा जन्मे-हुर्केका र सनातनी हिन्दु दार्शनिक चेतनाका श्रेष्ठ उत्पादन थिए । तर यतिका समान प्रवृत्तिहरू हुँदाहुँदै पनि दुवै कवि-साधकहरूका मानसिक विकास भिन्न-भिन्न सामाजिक संरचनाको फलस्वरूप भिन्न-भिन्न धार्मिक विश्वास ग्रहण गरेकाले एकार्काका विरोधी जस्तो देखिने मतवादका प्रभावशाली पुरोहित भएर समाजमा प्रतिष्ठित बने । भानुभक्तले संस्कृतको शास्त्रीय छन्दलाई आत्मसात् गरी काव्य रचना गरे भने ज्ञानदिल दासले नेपाली लोकछन्दलाई आफ्ना काव्यरचनामा प्रयोग गरेका थिए । समाजमुखी साहित्यसिर्जनाका परिप्रेक्ष्यमा हेर्दा सन्तकवि ज्ञानदिल दासलाई कवि भानुभक्तभन्दा धेरै फराकिला र उदात्त प्रकृतिको रहेको भेटिन्छ । भारतीय नेपाली कविताको विकासका सन्दर्भमा भानुभक्तीय रामायणको विशेष अवदानलाई महत्त्वपूर्ण मानिन्छ । सामाजिक-सांस्कृतिक र साहित्यिक-आध्यात्मिक मूल्यका दृष्टिले पनि भारतीय नेपाली समाजमा भानुभक्तीय रामायण सर्वाधिक चर्चित र प्रसिद्ध रह्यो । तथापि व्यक्तित्वको प्रभावको दृष्टिकोणबाट हेर्दा भने भानुभक्तभन्दा सन्तकवि ज्ञानदिलदास नै अधिक महत्त्वपूर्ण र प्रभावशाली कविको रूपमा देखापर्छन् ।

कवि ज्ञानदिल दास प्राथमिक कालीन नेपाली कविता साहित्यका एक प्रतिभाशाली कवि हुन् । उनको जीवन सङ्घर्षमय छ । उनले अनेकौं यातना र विरोधको सामना गर्नु परे पनि प्रत्येकपल्ट उनी विजय बनेको इतिहास पाइन्छ । जङ्गबहादुर राणाले उनलाई कैद गरे तर पछि ससम्मान छोडे । उनको प्रभावमा आएर रणोदिप

सिंहलगायत धेरै तत्कालीन भारदार, सैनिक र कर्मचारी जोसमनी मतमा दीक्षा लिन अघि आए । एकपल्ट चतरा मठमा एकतृत भएका कविरपंक्तिहरूले जोसमनीहरूलाई मांसहारी भनेर निन्दा गर्दा ज्ञानदिल दासले ''साधु कबीर अगम मै तो हुँ, मांस भिषारीयाँ'' भन्ने भजन देखेर मासुको आध्यात्मिक रहस्यवादी अर्थ खोलेर कबीरहरूलाई निरुत्तर तुल्याएका थिए । भनिन्छ, जोसमनी सन्त अषडदिल दासले मत प्रचारलाई धन कमाउने साधन बनाएका थिए, जसलाई ज्ञानदिल दासले निन्दा रे । पूर्व नेपालको इलाममा धर्म प्रचार गर्दा यिनले ब्राह्मणहरूको आलोचनाको समना गर्नुपऱ्यो । उनी जेलमा पनि परे र दुइ महीनापछि छुटे । दार्जीलिङमा उनलाई इशाईहरूले धपाउने अनेकौं चेष्टा गरे तर उनी विचलित भएनन् उल्टो पादरी टर्नबुललाई शास्त्रार्थमा निम्तो दिएर विजय भए अनि बाइबल नै जलाइदिए । पश्चिम सिक्किमको गेलिङमा जेरूङ देवानले उनी बसेको धाम ध्वस्त पारे । देवानलगायत बाहुनहरूले उनलाई गाउँबाट निस्कासित गर्ने, जातिबाट च्यूत गर्ने धम्की समेत दिए । ज्ञानदिल दास अलिकति पनि विचलित भएनन् बरू उल्टो अज्ञानी बाहुनहरूलगायत आम मानिसलाई शिक्षा दिन अनौठो विधिको प्रयोग गरे । सन्त ज्ञानदिलले दिउँसै हातमा विशाल राँको लिएर शिङ्ला बजारमा जात खोज्दै घुमे । यी सबै कार्यले सन्त ज्ञानदिलको व्यक्तित्वको अद्भूत रूपलाई प्रतिबिम्बित गर्दछ । उनको पाण्डित्य, निर्भिकता, आत्मविश्वास, सैद्धान्तिक दृढता, धैर्यता र जनजागरण फैलाउने अमोघ प्रयत्न अविष्मरणीय छ जसले एउटा गौरवपूर्ण इतिहास बोकेको हामी पाउँछौ ।

### 7.2.1 जन्म तथा मृत्यु

कवि ज्ञानदिल दासको जन्म सन् 1821 मा भएको अनि मृत्यु सन् 1883 मा पश्चिम सिक्किमको गेलिङमा भएको जानकारी पाइन्छ ।

### 7.2.2 परिवार

सन्त कवि ज्ञानदिल दास पूर्वी नेपालको इलाम जिल्लाको फिक्कल भन्ने ठाँउमा लामिछाने थर भएको उपाध्याय ब्राह्मण परिवारसित सम्बन्धित थिए ।

### 7.2.3 शिक्षा – दिक्षा

उनले गुरू श्यामदिलबाट जोसमनि मतको दीक्षा पाए । तीक्ष्ण बुद्धि भएका ज्ञानदिलले वेद धर्मशास्त्रहरूको गहन रूपले अध्ययन गरेका थिए । ज्यादै प्रतिभाशाली हुनाले उनले जोसमनी मतको व्यापक रूपमा प्रचार – प्रसार गर्नतिर

लागे । मूलतः उनी निर्भीक, मिष्ठभाषी, ठट्यौली थिए, त्यसैले उनको बोली बचनबाट मानिसहरू प्रभावित पनि भए । उनी सन्त, समाज सुधारक र जोसमनी सम्प्रदायका पुनरूत्थापक थिए ।

## 7.2.4 पेशा, सेवा तथा संलग्नता

भारतीय नेपाली कविता लेखनको मिरमिरे कालमा सन्त कविको रूपमा ज्ञानदिलदासले भानुभक्तको शास्त्रीय आदर्शवादको सापेक्ष आफ्नै युगको नवआदर्श तथा नवीन काव्यिक सफल निकै दिशातर्फ गर्ने स्थापना मानदण्डको-क्रममा अवरोहकै-आरोह प्रसिद्धिको भानुभक्तीय । छन् बनेका समेत । देखिन्छ गएको बढ्दै महत्व पनि योगदानको काव्यिक उनको र ज्ञानदिलदास यी प्रधानले दिवाकर .डा प्रसङ्गमा यस दुइ कविको तुलनात्मक अनुशीलन यसप्रकार गरेका छन् –भानुभक्त सनातन धर्मका अन्धानुयायी र कर्मकाण्डवादी थिए भने ज्ञानदिल सनातनधर्मका आलोचक, कर्मकाण्डवादका विरोधी र धर्मसुधारक थिए । ज्ञानदिलमा एउटा समाजसुधारकमा हुनुपर्ने सत्यनिष्ठा, धैर्य सङ्घर्षशीलता, लगन, उत्साह, बौद्धिकता र पाण्डित्य थियो भने कुशल कविमा हुनुपर्ने रसमयता, सरलता र ध्वन्यात्मकता पनि थियो । जोसमनी मत प्रचार प्रसार-काप्चा-कुना सिक्किमका र दार्जिलिङ यिनी क्रममा गर्ने, कमानबस्ती-, हाट-राम अवस्थाबारे विभिन्न समाजको नेपाली डुल्दा-घुम्दा क्षेत्रतिर बजार्‌रो अध्ययन गरेकाले आफ्ना अधिकांश काव्यरचनाहरूमा पनि त्यसै अनुरूप सामाजिक संङ्गतिविसङ्गति-, ढोङ र सङ्कीर्ण मनोवृतिमाथि कोमल शब्दहरूमा कठोर-वृति हिंसात्मक र ठेकेदार धर्मका समाजमा । भेटिन्छ जनाएइको विरोधभाव प पाखण्डी तथाकथित डुबेका रातदिन विषयवासनामा अप्राएका्ुरोहित बाहुनबाजेहरूलाई ढ़ाड खुस्किञ्जेल व्यङ्ग्य प्रहार गरेका छन् । कवि ज्ञानदिल दासका काव्यात्मक शैलीमा रचिएका उदयलहरी, झ्याउरे भजन र टुङ्ना भजन रचनाहरूमा त्यस समयको सामाजिकसांस्कृतिक-, राजनैतिकप्रशासनिक-, आर्थिकवैचारिक-, धार्मिक विविध जस्ता आध्यात्मिक-पक्षहरूलाई अङ्कन गरिएको पाइन्छ ।कवि ज्ञानदिल दासले नेपालमै लेख्न सुरु गरेको भएपनि दार्जिलिङको रङ्गबुलमा धामको स्थापना गरि बस्दा सन् 1877 सालतिर लोकछन्दमा एकसय नौ श्लोिकको उदयलहरी रचना गरेको जानकारी पाइन्छ ।

### 7.2.5 सम्मान तथा पुरस्कार

नेपाली कविताको प्राथमिक काल दुईवटा धारामा बगेको पाइन्छ । ती हुन् – वीरधारा र भक्तिधारा । भक्तिघारा अझ तीनवटा उप – धारामा वगेका छन् – रामभक्ति धारा, कृष्णभक्ति धारा र निर्गुण भक्तिधारा । यही निर्गुण भक्तिधाराका केन्द्रीय कवि हुन् – **ज्ञानदिल दास** । उनी नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्ध वा दोस्रो चरणतिर देखापरेका जोसमनी सम्प्रदायका सन्त पनि हुन् । सन्त परम्पराका उल्लेख योग्य कविको रूपमा शशिधर, अगमदिलदास, अखडदिलदास र गोविन्ददास प्रभृति सन्तहरूको नाम सगर्व लिइन्छ । यिनीहरूकै हाराहारीमा जोसमनी सन्त सम्प्रदायमा उनको नाउँ अत्यन्तै श्रद्धा र भक्तिका साथ लिएको पाइन्छ ।

## 7.3 ज्ञानदिल दासको कृतिगत दर्शन –

ज्ञानदिलदासका कृतिहरू सरल र ठेट नेपाली भाषामा सामाजिक-धार्मिक अन्धविश्वास , कुरीति र विसङ्गतिप्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको अभिव्यक्ति व्याङ्गात्मक र आलोचनात्मक स्वर-शैलीमा रचिएका छन् । यिनका काव्य रचनाहरू नितान्त मौलिक, सुबोध एवम् अभिव्यञ्जनापूर्ण शैलीमा प्रभावकारी ढङ्गा लेखिएका छन् । यसैले उनलाई सन्त काव्यधाराको एकजना अत्यन्त प्रतिभाशाली र प्रभावशाली तथा चेतनाशील प्रतिनिधि कविको रूपमा प्रतिष्ठित रहेका छन्। शशिधर र अगमदिलदासले विशेषतः हिन्दी मिश्रित सधुक्कडीमा केही पद्य र भजनहरू सिर्जना गरेको पाइन्छ । शशिधरको तुलनामा अगमदिलदासको रचनामा नेपाली भाषाका धेरै शब्दहरू भएको पाइन्छन् सङ्लो नेपाली भाषामा रचना गर्ने सन्त कविहरूमा अखडदिलदास नै पहिलो हुन् । यिनले लेखेको रचनाहरूमध्ये एउटा चार पंक्तिको पद्य प्राप्त भएको छ, यसमा काव्यात्मकता पर्याप्त रहेको पाइन्छ ।

सन्तकविहरूमा सबैभन्दा जेठो कविको रूपमा चिनिएका शशिधरले विशेष गरी गद्यद्वारा अनि ज्ञानदिलदासले पद्यद्वारा नेपाली सन्तसाहित्यको सम्बर्द्धन र विकासमा महत्त्वपूर्ण काम गरेका छन् । भारतीय नेपाली काव्यलेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन् । कवि भानुभक्तका झैं सरस, सहज र चोखो नेपाली भाषामा रचिएका उनका काव्य रचनाहरूले सर्वसाधारणको मनमा छाप बसाउन सक्यो।

भानुभक्तका रचनाहरू झैं उनका काव्यरचनाहरू पनि नेपाली समाजका कुना-काप्चा, भीर-पहारा, लेक-बैँसी सबैतिर फूल्न-खेल्न-रमाउन सक्यो। यी दुवै कवि प्रतिभाहरू एकै युग र समान सामाजिक स्थितिमा जन्मे-हुर्केका र सनातनी हिन्दु दार्शनिक चेतनाका श्रेष्ठ उत्पादन थिए । भानुभक्तीय काव्यको पृष्टभूमि ज्ञानदिल दासको भन्दा विस्तार र फराकिलो रहेको छ तथापि काव्यगत मौलिकता र युगचेतनाका दृष्टिले भने दुवै कविमा उत्तिकै प्रखर चेतना र सम्भावना गहेको देखिन्छ । काव्यलेखनमा आलोचनात्मक दृष्टि र युग चेतनाका सन्दर्भमा भन्ने हो भने भानुभक्तका तुलनामा ज्ञानदिलदास निकै विद्रोही, प्रगतिशील , यथार्थवादी र आधुनिक चिन्तकका रूपमा देखा पर्छन् । यस प्रकार भारतीय नेपाली कविता लेखनको मिरमिरे कालमा सन्त कविको रूपमा ज्ञानदिलदासले भानुभक्तको शास्त्रीय आदर्शवादको सापेक्ष आफ्नै युगको नवआदर्श तथा नवीन काव्यिक-मानदण्डको स्थापना गर्ने दिशातर्फ निकै सफल समेत बनेका छन् । भानुभक्तीय प्रसिद्धिको आरोह-अवरोहकै क्रममा ज्ञानदिलदास र उनको काव्यिक योगदानको पनि महत्व बढ्दै गएको  देखिन्छ । जोसमनी मत प्रचार-प्रसार गर्ने क्रममा यिनी दार्जिलिङ र सिक्किमका कुना-काप्चा, कमान-बस्ती, हाट-बजार क्षेत्रतिर घुम्दा-डुल्दा नेपाली समाजको विभिन्न अवस्थाबारे राम्रो अध्ययन गरेकाले आफ्ना अधिकांश काव्यरचनाहरूमा पनि त्यसै अनुरूप सामाजिक संङ्गति-विसङ्गति, ढोङ र सङ्कीर्ण मनोवृतिमाथि कोमल-कठोर शब्दहरूमा विरोधभाव जनाएइको भेटिन्छ । समाजमा धर्मका ठेकेदार र हिंसात्मक वृति अप्नाएका विषयवासनामा रातदिन डुबेका तथाकथित पाखण्डी पुरोहित बाहुनबाजेहरूलाई ढ़ाड खुस्किन्ञेल व्यङ्ग्य प्रहार गरेका छन् । कवि ज्ञानदिल दासका काव्यात्मक शैलीमा रचिएका उदयलहरी, झ्याउरे भजन र टुङ्ना भजन रचनाहरूमा त्यस समयको सामाजिक-सांस्कृतिक, राजनैतिक-प्रशासनिक, आर्थिक-वैचारिक, धार्मिक-आध्यात्मिक जस्ता विविध पक्षहरूलाई अङ्कन गरिएको पाइन्छ ।

उदय लहरीको मुख्य उद्देश्य ज्ञान, भक्ति र वैराग्यको प्रतिपादन गर्दै ब्रह्मानन्द प्राप्तिको उपाय बताउनु हो । यसमा कविले रजोगुण र तमोगुणमा विजय गरी सत्त्वगुणको उद्घाटन गर्नुपर्ने मत व्यक्त गरेका छन्-

सत रज तमको महाँ जुद्धे भयो

सतको अर्जि ली तम गुण गयो

निसापी विचारी निसाप् हेरिदेऊ

सतगुणी निर्धाको सरन् अब लेऊ ।

धर्म प्रचारको क्रममा उनले सन् 1878-79 तिर गेलिङ धाममा झ्याउरे भजन र टुङ्ना भजनको रचना गरेको मानिन्छ । डा. पुष्प शर्मा लेख्छिन्- ’झ्याउरे भजन र टुङ्ना भजन चाहिँ आजपर्यन्त पनि गेलिङधाम वरिपरिका वासिन्दा, नयाँ बजार, सोरेङ, च्याखुङतिरका मानिसहरू मुख-मुखै गाउने गर्छन् । उनले सिक्किममा रहँदा-बस्दा (सन् 1877-1883) सामाजिक सुधार संस्कारको भावना र धर्म प्रचारकै उद्देश्यले भए पनि केही गीत भजनहरू रचना गरेका थिए भन्ने अनुमान गर्नसकिन्छ र यसबाट सिक्किमेली समाज केही मात्रामा प्रभावित प्रेरित भएको थियो भन्ने अनुमान गर्नसकिन्छ । यसैले ज्ञानदिलदासका रचना-कृतिहरूलाई पनि सिक्किमेली नेपाली कविताको बीज वा पृष्ठभूमिका रूपमा लिनुपर्ने स्थिति रहेको पाइन्छ । ’’ कविका यी दुइ भजनमा उनी समस्त कवित्त्व गुणले सम्पन्न रहस्यवादी कविको रूपमा उपस्थित भएका छन् । डा. केशव प्रसाद उपाध्याय अनुसार नेपाली लोक छन्द झ्याउरेलाई कवित्त्व मर्यादा दिने प्रथम कविनै ज्ञानदिलदास हुन् । डा. उपाध्याय लेख्छन्, ’यी दुवैमा पद् लालित्य, भाव माधुर्य, रस घनत्व र कल्पनाको सुन्दर संयोजन हेर्न र अनुभव गर्नसकिन्छ । झ्याउरे भजन 24 पद्यमा झ्याउरे लयमा लेखिएको छ-

धुनीको छेउ छाउ टक्रयाक टुक्रुक

जोगी ज्यान बसेको

निधारै भरी फुस्रै र धुस्रै

खरानी घसेको ।

यसरी नै टुङ्ना भजन पनि नेपाली लोकलयमा लेखिएको छ । यसमा 18 हरफ छन् । यसमा गीतात्मक लालित्य पाइन्छ भने यो रहस्यवादी छ । यसमा गाउँले बोलीको आत्मीयता पाइन्छ तर भाव भने गहिरो पाइन्छ-

वंसी बज्यो तिरिरि, अनहद्को छन् छन्

कमल् फुल्यो रन्वन् भमराको भन् भन्

राम जी! जोगी घुम्यो फन् फन् नि ।

कवि ज्ञानदिल दासले लगभग ६० वटा भजनहरू रचना गरेको मानिन्छ । कतिपय प्राप्य छन् र कति अप्राप्य पनि । यसमा अध्ययन् र अनुसन्धान भइरहेका छन् । ज्ञानदिलदास हिंसाका विरोधी र अहिंसाका पुजारी थिए । हिंसा गरी मांस भरण गर्ने मानिसहरूलाई अधर्मी होइन तर अज्ञानी ठान्थे । आजको मानव समाजमा छुवाछुत जस्तो घृणित प्रथा हटाउनु पर्छ । मानवमा जातको होइन तर कर्मको मात्र मूल्य र महत्व हुन्छ भन्ने कुरामा विश्वाजस राख्थे । यस काव्यमा अर्न्तचेतना कसिलो संयोजन भएको पाइन्छ । काव्यमा माधुर्य गुण, रस परिपाकका दृष्टिले पनि अब्बल अनि लयात्मक र रसात्मक गुणले ओजपूर्ण भएको पाइन्छ । काव्यमा प्रयुक्त भाषा-शैली सरल,सरस र रसिलो हुनका साथसाथै आलङ्कारिक पनि भएको छ । भाषिक शिल्प-शैली एवम् काव्यगत विशेषताले उदयलहरीलाई जोसमनी सन्त साहित्यको सर्वश्रेष्ठ र प्रतिनिधि रचनाको रूपमा सगर्व प्रस्तुत गर्न सकिन्छ । साहित्येतिहासकार डा. कुमार प्रधानले उदयलहरीलाई नै भारतमा लेखिएको नेपाली काव्य-साहित्यको प्रथम कृति(रचना) स्वीकारेका छन् । ज्ञानदिलदासले ब्रह्मज्ञानलाई नै ज्ञानहरूमा सर्वोत्कृष्ट मान्दथे । ज्योतिषीहरूलाई पनि उनी कर्मकाण्डी ब्राह्मण पुरोहित झैं रूढ़ीवादी संस्कारको पृष्ठपोषक, आडम्बरी, धूर्त र फटाहा जति मात्र मान्दथे ।

ज्ञानदिल दास जातमा होइन तर कर्ममा गहिरो विश्वानस राख्थे । सानो जात-ठूलो जात भनेर कहिल्यै छुवाछुतको भेदभाव राख्दैनथे । समानताको भावले आफू समाजमा निकै लोकप्रिय भएको सन्तोष भाव कवितामा यसप्रकार अभिव्यक्त गरेका छन् –

1.यो रूम्जाटारको कोदाको पीठो-

निर्गुणको दाउन ।

धर्म र कर्म गुरुङले गर्योो-

छक् पर्यो बाहून ।

उनको अर्को कृति झ्याउरे भजन झ्याउरे लयको आठ श्लोकमा संरचित छ । कविले यस कवितमा नेपाली धर्म, संस्कार र संस्कृतिका विविध पक्षबाट सामग्री टिपि टिपोट गरेका छन् । यो भजनमा सांसारिक वस्तुको नाशवान प्रवृत्ति र त्यसको क्षणभङ्गुरताबारे अवगत गराउँदै आध्यात्मिक प्रवृत्तिको विकास गरी पारलौकिक बन्न प्रेरणा दिने सन्त परम्पराको यो एउटा सफल दृष्टान्त हो । सन्त सम्प्रदायमा शक्तिलाई शून्यमा हेरिएको भेटिन्छ । त्यसैले जोगी-सन्यासी(फकिर)-हरू आफ्ना गुरुहरूबाट पाएको आध्यात्मिक ज्ञानको प्रचार-प्रसार गर्दै पूर्वी नेपालका विभिन्न स्थानहरूमा घुमेको-डुलेको तथा उनीहरूले गरेका विविन्न कार्यकलापबारे यस भजनमा संक्षेपमा प्रकाश पारिएको छ । प्रस्तुत भजनमा नौव बीसे भेडा भड्खला परेपछि नोगिनी भएको र गुरुले ज्ञान दिएको प्रसङ्ग उल्लेख छ । यसको साथै रुम्जाटारका बाहुनले धर्म र कर्म छोड्दै गएका अनि सन्त सम्प्रदायको प्रभावको फलस्वरूप गुरुङहरूले धर्म-कर्ममा ध्यान दिएको र बाहुनहरू छक्क परेको प्रसङ्ग उल्लेख गरिएको छ । अतः यिनै धार्मिक-आध्यात्मिक, आर्थिक, सामाजिक-सांस्कृतिक विषयवस्तुलाई यस भजनमा प्रस्तुत गरिएको छ । प्रस्तुत भजन 5,5,6 गरी लोक लयमा रचिएको छ । कविले यस भजनलाई रसिलो, आकर्षक र साङ्गीतिक बनाउन अन्तर अनुप्रास र अन्त्यानुप्रासको लोभलाग्दो तरिकाले समायोजन गरेका छन् । थेगोको रूपमा हिराको दर्बार सुन गरिपर्वरलाई पुनरावृत्ति गरी भावलाई क्रमिक रूपमा विकास गर्दै लगेका छन् भने चलनचल्तीका तत्सम तथा नेपाली ठेट (झर्रा) शब्दको प्रयोग गरेर भजनलाई कर्ण प्रिय बनाएका छन् । नेपाली समाजमा भएको विसङ्गति र विकृतिको चित्रण गरेर सामाजिक र धार्मिक सुधार गर्नु नै प्रस्तुत भजनको मूल अभिष्ट रहेको देखिन्छ। यस भजनमा आध्यात्मिक वस्तुको शाश्वलतता अनि सांसारिक वस्तुको क्षणभङ्गुरता देखाउँदै मानव स्वभावमा सुधार ल्याउन धर्म-कर्म गरेर मनलाई पवित्र राख्ने लक्ष्य राखिएको छ ।

भजन सङ्ग्रहमा सङग्रहित जम्मा 6० वटा भजनहरू मध्ये टुङ्ना भजन पनि एउटा हो । मुख्य गरेर यस भजन सङ्ग्रहमा झ्याउरे लय र तामाङ सेलो लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन् । त्यसमध्ये प्रस्तुत टुङ्ना

Notes

भजनलाई चाहिँ तामङ सेलो लयमा लेखिएको भजन मान्न सकिन्छ । कवि ज्ञानदिल दासको टुङ्ना भजनमा गाउँले बोलीको आत्मीयता पाइन्छ तर भाव भने गहिरो छ । भजन पाठकले पढ्दा सरल र सहज लागे तापनि यस भजनले बोकेको भाव भने अत्यन्तै गरिही प्रकारका छन् । उदाहरण –

धुनीको छेउ छाउ टक्रयाक टुक्रुक जोगी ज्यान बसेको ।
निधारै भरी फुस्रै र धुस्रै खारानी घसेको । 1
वंशी बज्यो तितिरी ,
अनहदको घनघन,
कमल् फुल्यो रनबन ,
भँभराको भनभन,
रामजी ! अति ठिक्क पार्यो नी ! ! (2)

कवि ज्ञानदिल दासको प्रस्तुत भजनमा बाह्य वस्तुको चित्रणमा भन्दा आफ्नै जीवनको आन्तरिक अनुभूतिको सग्लो अभिव्यक्ति दिइएको पाइन्छ । यसर्थ यस टुङ्ना भजनलाई भावप्रधान भजन कृति मान्न सकिन्छ । कवि दासको टुङ्ना भजनमा आध्यात्मिक वस्तुको शाश्वलतता अनि सांसारिक वस्तुको क्षणभङ्गुरता देखाउँदै मानव स्वभावमा सुधार ल्याउन, धर्म – कर्म गरेर मानव मनलाई पवित्र राख्ने लक्ष्य पाइन्छ । एक त सन्त कविहरूले आफ्ना काव्य रचनाको समय शिल्प – सौन्दर्यतामा भन्दा बढी ध्यान भाव विधानमा दिने गर्छन् । यसैले कवि दासको पनि यस भजनमा शिल्प – सौन्दर्यतामा भन्दा भाव विधान अत्यन्तै गाम्भिर्य बन्न पुगेको छ । यस अतिरिक्त बाह्य वस्तुको चित्रण भन्दा मानव जीवनका आन्तरिक अनुभूतिको सग्लो अभिव्यक्ति प्रस्तुत भजनमा पाइन्छ ।

कवि दासको झ्याउरे भजन र टुङ्ना भजन आजपर्यन्त पनि गेलिङधाम वरिपरिका वासिन्दा, नयाँ बजार, सोरेङ, च्याखुङतिरका मानिसहरू मुख - मुखै गाउने गर्छन् भन्ने प्रत्यक्षदर्शीहरूको भनाइ छ । उनले सिक्किममा रहँदा - बस्दा सामाजिक सुधार संस्कारको भावना र धर्म प्रचारकै उद्देश्यले भए पनि केही गीत, भजनहरू रचना गरेका थिए । यसबाट सिक्किमेली समाज केही मात्रामा प्रभावित प्रेरित भएको थियो भन्ने अनुमान गर्नसकिन्छ । यसैले ज्ञानदिल दासका काव्य, भजन तथा कृतिहरूलाई पनि सिक्किमेली नेपाली कविताको बीज वा पृष्ठभूमिका रूपमा लिनुपर्ने स्थिति रहेको पाइन्छ ।

कवि ज्ञानदिल दास नेपाली कविता साहित्यका आध्यात्मिक, व्यङ्ग्य तथा बिद्रोही व्यक्ति थिए । उनले भानुभक्त आचार्य भन्दा अगाडि भक्ति गीतहरू र कविताहरू रचना गरेका थिए । कवि दासलाई सन्त काव्य परम्परा तथा नेपाली साहित्यका प्राथमिक कालका एक प्रखर व्यंग्य लेखेका मानिने हुनाले प्रस्तुत टुङ्ना भजन कृतिमा पनि कता – कता व्यङ्ग्यको फुवार उठेको पाइन्छ । तथापि प्रस्तुत भजनको मुल उद्देश्य अध्यात्म चेतनालाई प्रस्तुत गर्नु नै हो ।

कवि ज्ञानदिल दास सानैदेखि तीक्ष्ण बुद्धि भएका व्यक्ति थिए । यस्तो दिमाग भएको हुनाले उनले सानैदेखि वेद, पुराण, रामायण, महाभारत आदि जस्ता धार्मिक तथा अध्यात्म चेतनामूलक शास्त्रहरूको गहन – अनुशिलन पनि गरेका मानिन्छ । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् । नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिल दासलाई भेट्छौं । यसर्थ प्रस्तुत टुङ्ना भजन कृति लेख्नुको मख्य उद्देश्य नै आफ्नो प्रभावशाली र कुसाग्र बुद्धिका भरमा तत्कालीन जन – मानसमा आध्यत्मिक चेतना बढाउनु हो । प्रस्तुत टुङ्ना भजन तामङ सेलो लयको अठाह्र हरफ र तीन पदमा संरचित छ । कविले यस भजनमा नेपाली धर्म, संस्कार र संस्कृतिका विविध पक्षबाट सामग्री टिपेर ब्राहमणवादको विरोध गरेका छन् । यो भजनमा सांसारिक वस्तुको नाशवान प्रवृत्ति र त्यसको क्षणभङ्गुरताबारे अवगत गराउँदै आध्यात्मिक प्रवृत्तिको विकास गरी पारलौकिक बन्न प्रेरणा दिने सन्त परम्पराको यो एउटा सफल दृष्टान्त हो ।

सन्त सम्प्रदाय तथा जोसमनीहरू नादपन्थी हुन्छन् । उनीहरू नादको उच्चारण वा अभ्यासले कमलको वासको आनन्दप्राप्त गरेको ठान्छन् । तर कमलको वासनै ब्रह्मज्ञानमा परेपछि जोगीहरू मरणासन्न अवस्तामा पुग्ने गर्छन् । यो सबै ब्राह्मणबादले गर्दा भएको उनले टुङ्ना भजनमा ठानेका छन् । कवि दासले जोगीको अर्थ योगज्ञाताको रूपमा प्रष्टाउँदै, जसले योग बारे अनभिज्ञ हुन्छन् , विचार दार्शनिक भन्ने बन्दछ निरर्थक संसारमा यस दुवै जीवन र जन्म उनीहरूका । पाइन्छन् पोखेका अत: प्रस्तुत भजनको नेपाली समाजमा भएको विसङ्गति र विकृतिको चित्रण गरेर सामाजिक र धार्मिक सुधार गर्नु नै प्रस्तुत भजनको मूल अभिष्ट रहेको देखिन्छ ।

## 7.4 उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने, भारतको सांस्कृतिक वैभव जागृत हुनमा सन्तहरूका साधना र तपश्चर्याले आधारभूत महत्व राखेको पाइन्छ । हिमवत्खण्डको जनजीवनमा व्याप्त उदात्त भावनाका दुइ प्रेरक तत्त्व छन् (1)- शास्त्र, पुराण तथा उच्च ग्रन्थादि, (2 । वाणी-सन्त (सन्तलाई हामी साधारणतः श्रद्धासाथ ईश्वर अर्थात् देवताको उपासना गर्ने, सांसारिक विषयहरूमा नअल्झेर धर्मकर्ममा एकचित्त भइ लागेका सज्जन व्यक्तिलाई महात्मा, साधु वा सन्यासी- । गर्छौं बुझ्ने रूपमा भक्तकोनेपाली काव्यलेखनमा निर्गुण भक्तिधाराका केन्द्रबिन्दु मानिने जोसमनी सन्तकविहरूमा धिर्जेलदिलदास र शशिधरपछि अगमदिल दास, अखड्दिल दास तथा ज्ञानदिल दास आदि प्रमुख मानिन्छन् । यसका अतिरिक्त यस सम्प्रदायमा आजसम्म परम्परागत रुपले उल्लेख भएका सन्त कविहरूमा श्यामदिलदास, अचलदिल दास, धर्मदिल दास, सतदिल दास, प्रेमदिल दास, धरणीदास, मलदास, मङ्गल दास, कृष्णदास, सन्तदिल दास तथा हरिभक्त, हरिश्चन्द्र, मोक्षमण्डल, निर्वाणान्दअभयान्द ., सीताराम आदिको नामहरू पनि भेटिन्छ ।

## 7.5 सार

यस प्रखण्डमा **ज्ञानदिल दासको जीवन र दर्शन** - बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ –

- ज्ञानदिलदास तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा रामायण - महाभारत आदि जस्ता धर्म - अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन - अनुशिलनमा लागेका थिए । आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिल दासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन् ।
- कवि ज्ञानदिल दासको रचनाहरूमा **उदय लहरी** (सन् 1877) सबैभन्दा प्रसिद्ध र प्रमुख कृति मानिन्छ । यसका अतिरिक्त उनको **झ्याउरे भजन** (सन् 1878), **टुङ्ना भजन** (सन् 1879), **निर्गुण भजन, राम भजन, रागवाणी** आदि कृतिहरू पनि प्रकाशित छन् ।

• ज्ञानदिलदास प्राथमिककालका एक प्रमुख कवि मानिन्छन् । उदयलहरी उनको प्रतिनिधि रचना हो ।

• उदयलहरी काव्यकृतिमा ज्ञानदिलदासले अध्यात्मदर्शनलाई अत्यन्त सरल भाषामा बुझाउने प्रयत्न गरेका छन् ।

• उदयलहरीमा ज्ञानदिलले सत्तवगुणको आर्जन गर्ने र ब्रह्माज्ञान गर्ने आह्वान गरेका छन् । यस गुणको सृष्टिको निमित्त यसका विरोधी दुई गुण र रजस र तमसको निराकरण गर्ने पद्धतिको शिक्षा दिएका छन् ।

• भारतको सांस्कृतिक वैभव जागृत हुनमा सन्तहरूका साधना र तपश्चर्याले आधारभूत महत्व राखेको पाइन्छ । हिमवत्खण्डको जनजीवनमा व्याप्त उदात्त भावनाका दुइ प्रेरक तत्त्व छन्शास्त्र (1)-, पुराण तथा उच्च ग्रन्थादि, (2-सन्त ( ।वाणी

• हिमाली क्षेत्रमा मात्र हेर्नु हो भने 36 वटा जति सन्तमत र सन्तसम्प्रदाय रहेको जानकारी पाइन्छ ।

• यी सबै मत वा सम्प्रदाय निर्गुण पन्थलाई मान्ने निर्गुण भक्तहरूका हुन्छन् । सन्तकाव्यका द्दष्टिले नेपालीमा जोसमनी सन्तहरूकै मात्र कविता उपलब्ध छन्। अरूको शोध हुन बाँकी नै छ ।"

• जोसमनी शब्दको व्युत्पत्तिगत अर्थ खोज्ने प्रयासमा ज्योतिर्मणि > जोतिर्मनी > ज्योतिष्मनी > जोस्मनी > जोसमनी भएको बताइएको पाइन्छ भने कतिले जोसमनी कुनै एकजना प्रवर्तकको नाम थियो भनिएको छ ।

• ज्ञानदिल दास जातमा होइन तर कर्ममा गहिरो विश्वानस राख्थे । सानो जात- ।राख्दैनथे भेदभाव छुवाछुतको कहिल्यै भनेर जात ठूलो

• उनको अर्को कृति झ्याउरे भजन झ्याउरे लयको आठ श्लोकमा संरचित छ ।

• थेगोको रूपमा हिराको दर्बार सुन गरिपर्वरलाई पुनरावृत्ति गरी भावलाई क्रमिक रूपमा विकास गर्दै लगेका छन् भने चलनचल्तीका तत्सम तथा नेपाली ठेट ।छन् बनाएका प्रिय कर्ण भजनलाई गरेर प्रयोग शब्दको (झर्रा)

## 7.6 अनुशीलनी

(क) कवि ज्ञानदिल दासको जीवनबारे विस्तृत चर्चा गर्नुहोस् ।

(ख) जोसमनी सम्प्रदायको विकासमा ज्ञानदिल दासले पुर्याएको योगदानको विवेचना गर्नुहोस् ।

(ग) ज्ञानदिलदासको कृतिहरूको सम्यक समीक्ष गर्नुहोस् ।

## 7.7 अतिरिक्त अध्ययन

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – **नेपाली कविताको प्रवृत्ति**

कृष्णचन्द्रसिंह प्रधान (सम्पा) – **साझा समालोचना**

भानुभक्त ग्रन्थावली – **पारसमणि प्रधान**

जनकलाल शर्मा – **जोसमनी सन्तपरम्परा र साहित्य**

डा. केशवप्रसाद उपाध्याय – **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति**

यस अतिरिक्त **ज्ञानदिल दासको जीवन र दर्शन** - बारेमा अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 7.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्** –

1. ज्ञानदिल दासको जीवन, जन्म तथा मृत्यु ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**( प्रश्न 1 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 7.2 र 7.2.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. परिवार, शिक्षा – दिक्षा ।

..........................................................................................................

........................................................................................................

........................................................................................................

**( प्रश्न 2 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 7.2.2 र 7.2.3 को परिचय खण्डमा उत्तर खोज्न  सक्नेछन् )**

3. पेशा, सेवा तथा संलग्नता ।

........................................................................................................

........................................................................................................

........................................................................................................

**( प्रश्न 3 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 7.2.6 को परिचय खण्डमा उत्तर खोज्न  सक्नेछन् )**

4. सम्मान तथा पुरस्कार र ज्ञानदिल दासको कृतिगत दर्शन ।

........................................................................................................

........................................................................................................

........................................................................................................

**( प्रश्न 4 को मूल्यवृद्धिको निम्ति विद्यार्थीले 7.2.7 र 7.3 को परिचय खण्डमा उत्तर खोज्न  सक्नेछन् )**